त्रैमासिक बुलेटिन

दर्ता नं.: ३२/२०७५ पाल्पा

# हाम्रो तानसेन

वर्ष २, अंक ४, पूर्णाङ्क ८, २०७६ माघ

## Our Tansen

Quarterly Bulletin

Vol.8 (Feb. 2020)

यस पटक:
**सिद्धार्थ आर्थिक करिडोर विशेष**




तानसेनमा सम्पन्न २०७६ मंसिर १५ र १६ गते सिद्धार्थ आर्थिक करिडोरको भेलामा सहभागी स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रदेश सभासद्हरु लगायत अन्य पाहुनाहरु



प्रकाशक:
**तानसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
तानसेन, पाल्पा, ५ नम्बर प्रदेश, नेपाल

# तस्बिरमा तानसेन



तानसेन बतासेडाँडामा निर्माण हुँदै गरेको सांस्कृतिक डबली निर्माण कार्य निरीक्षण गर्दै प्रदेश नं. ५ का सभासद् नारायणप्रसाद आचार्य, पूर्व सांसद् यादवबहादुर रायमाझी, तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाही र उपप्रमुख लक्ष्मीदेवी पाठक लगायत



तानसेन नगरकार्यपालिकाको छैठौं नगरसभामा सहभागी नगर सभासद्हरू




स्थानीय बजार व्यवस्थापन तथा स्थानीय कानून निर्माण प्रक्रिया सम्बन्धी अन्तरक्रिया कार्यक्रमका सहभागीहरू

# हाम्रो तानसेन । OUR TANSEN

त्रैमासिक बुलेटिन (वर्ष २, अंक ४, पूर्णाङ्क ८, २०७६ माघ) दर्ता नं.: ३२/२०७५ पाल्पा

पाल्पा जिल्ला हुलाक दर्ता नं.: १/२०७६-७७



**प्रकाशक**
तानसेन नगरपालिका, पाल्पा

**संरक्षक**
अशोककुमार शाही
(नगर प्रमुख)

**सल्लाहकार**
लक्ष्मीदेवी पाठक
(उपप्रमुख)
दामोदरप्रसाद घिमिरे
(प्रवक्ता)
डिल्ली राज बेल्बासे
(प्रमुख प्रशासकीय अधिकृत)

**प्रधान सम्पादक**
गोविन्द भट्टराई
(प्रेस सल्लाहकार)

**सम्पादन सहयोग**
लोचनप्रसाद तिमिल्सिना
(वडाअध्यक्ष,तानसेन-१०)
कमल राना
(वडाअध्यक्ष,तानसेन-१४)
कमला भण्डारी
(नगरसभा सदस्य,तानसेन-१३
सुनिता वैंजू श्रेष्ठ
(नगरसभा सदस्य,तानसेन-३)

**व्यवस्थापन सहयोग:**
दीपक विश्वकर्मा (कार्यपालिका सदस्य), विष्णुप्रसाद पौडेल (योजना तथा प्रशासकीय अधिकृत), भरतप्रसाद आचार्य (शाखा अधिकृत)

**कम्प्युटर टाइपः** माया सारु
**कम्प्युटर डिजाइनः** शरण भोछिभोया
**कला निर्देशकः** नारायणकाजी बाँडे
**मुद्रकः** गणेश इन्टरनेशनल, काठमाडौँ

**सम्पर्क ठेगानाः** हाम्रो तानसेन, तानसेन नगरपालिका,पाल्पा
इमेल: hamrotansenbu@gmail.com
सम्पर्क मोबाइलः ९८५७०६०७९९,९८४७३२६७६०


**(हाम्रो तानसेनमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारसँग प्रकाशक र सम्पादकको सहमति अनिवार्य छैन ।)**

# सम्पादकीय



– गोविन्द भट्टराई

## सीमा रक्षा र आर्थिक समृद्धिका लागि स्थानीय सरकार

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा परराष्ट्र मामिला संघीय वा कुनै प्रदेशको मात्र होइन सबै नेपालीको साझा सवाल बन्नु पर्दछ भनेर गण्डकी प्रदेश र प्रदेश नं. ५ मा अवस्थित १६ स्थानीय तहका सरकार संगठित भए । उनीहरू फरक विचारबाट निर्देशित, फरक प्रदेशका भएपनि राष्ट्रियता सबैको एउटै हो भनेर एकजुट भएका हुन् । चर्चामा रहेको नेपालको कालापानी, लिम्पियाधुरा र लिपुलेक लगायतका क्षेत्रमा सीमा अतिक्रमण भएकोमा आफ्नो ध्यानाकर्षण भएको भन्दै बेलहियादेखि पोखरासम्मका १६ स्थानीय तहका प्रमुख उपप्रमुखहरूले तानसेनबाट तत्काल अतिक्रमित भूमि फिर्ता गर्न सरकारको ध्यानाकर्षण गराए । २०७६ मंसिर १५ र १६ गते तानसेनमा जुटेका सिद्धार्थ आर्थिक करिडोर (बेलहियादेखि पोखरा जोड्ने सिद्धार्थ लोकमार्ग सेरोफेरो)मा अवस्थित स्थानीय सरकारले संयुक्त रूपमा जारी गरेको १० बुँदे **तानसेन घोषणा पत्र २०७६** को बुँदा नं ९ मा प्रष्ट भनिएको छ –" नेपालको कालापानी, लिम्पियाधुरा र लिपुलेक लगायतका क्षेत्रमा सीमा अतिक्रमण भएकोमा हाम्रो ध्यानाकर्षण भएको छ । तत्काल अतिक्रमित नेपाली भूमि फिर्ता गराउन सम्वन्धित निकायसँग जोडदार माग गर्दछौँ ।" राष्ट्रियताको मुद्दासँगै उनीहरूले यसक्षेत्रको समग्र विकासको लागि घोषणापत्रमा विभिन्न सवाललाई समेटेका छन् । विकासका सवालमा निर्मम हुनुपर्दछ भन्ने तथ्यमा समेत उनीहरू एकमत भएका छन् ।

सिद्धार्थ लोकमार्गले जोडेका सिद्धार्थ आर्थिक करिडोर क्षेत्रका स्थानीय सरकारहरू, यस क्षेत्रका नागरिकको समुन्नति तथा यसक्षेत्रको समग्र विकासका लागि आर्थिक विकासलाई प्रमुख मुद्दा बनाएर एकआपसमा समन्वय गरी सहकार्यका लागि नयाँ सोच, शैली र दायरामा अगाडि बढ्न सकिन्छ भन्ने कुरामा सहमत भए । पाल्पा तानसेनमा सम्पन्न भेला मार्फत् उनीहरूले संयुक्त प्रयासले ल्याउने परिवर्तन आर्थिक तथा सामाजिक परिवेश अनुसार दीगो र जिम्मेवार समेत हुने कुरामा विश्वास गरेका छन् । एकअर्काले अगाडि सारेका राम्रा र जनहितकारी योजनामा आपसमा सहयोग गर्न उनीहरू प्रतिवद्ध देखिएका हुन् ।

यस क्षेत्रको समग्र उत्थानका लागि साझा प्रयास चाहिन्छ भनेर सोच ल्याउने स्थानीय तह तथा कार्यक्रम आयोजक तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीका शव्दमा –" यस करिडोरका अवसर र चुनौती तथा नागरिकप्रतिको हाम्रो जिम्मेवारीलाई मनन गरी आर्थिक विकासका अवसरहरूको उच्चतम सदुपयोग गर्न प्रतिवद्ध छौं । यस करिडोरमा रहेका हामी स्थानीय सरकारहरूले साँचो समन्वय र सहकार्यमा प्रतिफलको बाँडफाँड पारदर्शीरूपमा स्थानीय नागरिकसम्म पुऱ्याउने प्रतिवद्धता जाहेर गर्दै नेपालको संविधानले परिकल्पना गरेको संघीय स्वरूप र विकासको मर्मलाई आत्मसात् गर्दै सिद्धार्थ आर्थिक करिडोरको विकासका लागि सहकार्य, समन्वय गरेर अगाडि बढ्ने साझा संकल्प गरेका छौँ । "

सिद्धार्थ लोकमार्ग फराकिलो पार्ने काममा आँट गरेर अगुवाई गरेका वालिङ नगरपालिकाका नगरप्रमुख दिलीपप्रताप खाँणले भने झैं २०७४ मा निर्वाचित स्थानीय तहका जनप्रतिनिधिहरूको २ वर्ष बितिसकेको छ । अब नागरिक हितका लागि निर्मम ढंगले निर्णय कार्यान्वयनमा नलागे २ वर्षपछि पश्चाताप शिवाय केही बाँकी रहने छैन । तानसेन घोषणापत्रमा जोड

दिदैं स्थानीय सरकारले उद्घोष गरेका छन्-" सिद्धार्थ लोकमार्ग स्तरोन्नति पश्चात् यसक्षेत्रमा पर्ने सकारात्मक प्रभाव अभिबृद्धिमा जोडदिंदै नकारात्मक असर न्यूनीकरण र प्रभावितहरूका लागि वैकल्पिक अवसर सिर्जना तथा व्यवस्थापनमा हामी एकतावद्ध भएर लाग्ने छौँ । सिद्धार्थ लोकमार्गसँग जोडिएका र सेरोफेरोका पालिकाहरूको आर्थिक विकास मार्फत् समृद्धिका लागि अवसरहरू पहिचान गरी द्विपक्षीय तथा बहुपक्षीय सम्वादको माध्यमबाट निष्कर्षमा पुग्ने छौँ र साझा सवालमा समन्वय र सहकार्यलाई जोड दिने छौँ ।" राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. शंकर शर्माले साझा प्रयास फलदायी हुने बताउनुभयो । त्यसैगरी गण्डकी प्रदेशका प्रादेशिक नीति तथा योजना आयोगका उपाध्यक्ष डा गिरीधारी शर्माले अवधारणापत्र प्रस्तुत गर्दै यदि स्थानीय सरकार जागेनन् भने यो क्षेत्र मरूभूमि बन्न सक्छ भन्नुभएको छ । प्रदेश ५ का प्रादेशिक नीति तथा योजना आयोगका उपाध्यक्ष प्रा. डा. ईश्वर गौतमले समेत यस क्षेत्रको विकासबारे चिन्ता प्रकट गर्नुभयो ।

पछिल्लो समय अन्यत्र बसाइसराइबाट प्रभावित यस क्षेत्रको विकासका लागि स्थानीय अवसर हरूको पहिचान, उपयोग र त्यसको व्यवसायिकरण तथा दीगोपनाको लागि समन्वय समितिको निर्माण, विज्ञ समूह तथा सचिवालयको गठन गरी सञ्जालका निर्णय कार्यान्वयनमा लैजाने प्रतिवद्धता घोषणापत्रमा ब्यक्त गरिए अनुरूप काम शुरू गरिएको छ । साथै विकास साझेदार हरूसँग स्थानीय, प्रदेश र संघीय सरकारको विकास अवधारणाको मर्म आत्मसात् गर्दै यस क्षेत्रको विकासका लागि सार्वजनिक निजी साझेदारी तथा वहुआयामिक ढंगले समन्वय र सहकार्यमा जोड दिने कुरा घोषणापत्रमा उल्लेख छ । सञ्जालको घोषणापत्रमा स्थानीय सरकारको सबलीकरण, शक्ति सन्तुलन तथा समुन्नतिका लागि प्रदेश र संघीय सरकारसँग समन्वय, पैरवी गर्न एकताबद्ध भएर अगाडि बढ्ने कुरा छ । यस क्षेत्रको विकासका लागि अन्तर्पालिकास्तरमा कृषि, पशु, पर्यटन एवम् स्थानीय साधन, स्रोत र कच्चापदार्थमा आधारित तथा घरेलु उद्योगहरूको सम्भाव्यता खोजी र उद्योग सञ्चालन, विकास योजनाहरूको छनौट, परियोजनाको बिस्तृत योजना तयार लगायतका साझा हितका सवालमा राष्ट्रिय योजना आयोग, प्रदेश योजना आयोग लगायत सरोकारवाला निकाय, पक्षसँग समन्वय, सहकार्य गरी यसक्षेत्रको समग्र पूर्वाधार विकासको योजनामा एकरूपता ल्याउने कुरामा समेत जोड दिइएको छ । सन्तुलित तथा दीगो विकासका लागि तथा युवा स्वरोजगार सिर्जनाका लागि निजी क्षेत्रलाई विकासका सवालमा साझेदार बनाउन आवश्यक नीति निर्माण गरिने कुरामा यस क्षेत्रका स्थानीय तह एक मत देखिन्छन् जुन आवश्यक कुरा हो ।

राम्रो काम संघीय वा प्रदेश सरकारले मात्र होइन साना स्थानीय सरकारले पनि शुरू गर्न सक्दछन् भन्ने उदाहरण प्रदेश ४ र ५ मा पर्ने ९ नगरपालिका र गाउँपालिकाले आरम्भ गरेका हुन् । २०७६ मंसिर १५ र १६ गते तानसेनमा सम्पन्न भेलाले सिद्धार्थ आर्थिक करिडोरको समग्र विकासका लागि सञ्जाल निर्माण गर्दै आलोपालो बैठक, सचिवालय र विज्ञ समूह गठनको निर्णय गरेको छ । प्रदेश सभासद्हरू समेत उपस्थित तथा युएनडिपी, युकेएड, ईपिआईको सहयोग साथै द एसिया फाउण्डेशन, हेफर इन्टरनेशनल लगायत संस्थाका प्रतिनिधि सहभागी रहेको कार्यक्रममा प्रदेश ४ र ५ का योजना आयोगका उपाध्यक्षहरू डा गिरिधारी शर्मा र डा ईश्वर गौतम तथा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा शंकर शर्मा, स्थानीय तहका प्रमुख, उपप्रमुख र प्रतिनिधिहरू, सडक डिभिजन कार्यालय पाल्पाका प्रमुख र नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्याल लगायतले प्रस्तुत गरेको अवधारणापत्र, सुझाव र अनुभव आदानप्रदानले सहभागीहरूको ध्यानाकर्षण गराएको थियो । सञ्जालको निर्णय कायान्वयन भएमा यसक्षेत्रबाट तराईतर्फ भएको बसाइसराइ र अन्य सवाल समेत सम्बोधन हुने पक्का छ । सम्वन्धित प्रदेश र संघीय सरकारले स्थानीय सरकारको होस्टेमा हैँसे भने गरिदिनु पर्दछ । यस तर्फ हामी सरोकारवाला सबैको ध्यानाकर्षण गर्दछौं ।

*(प्रधान सम्पादक)*

संरक्षकको कलमबाट

# समग्र विकासका लागि स्थानीय सरकारको साझा प्रयास



– अशोककुमार शाही

हामीले बुझेको तथ्य हो–रूपन्देहीको बेलहिया नाकादेखि पाल्पा, स्याङ्जा हुँदै पोखरा महानगरपालिका जोड्ने सिद्धार्थ लोकमार्ग यस क्षेत्रका नागरिकहरूको जीवनमार्ग हो । यस क्षेत्रका स्थानीय तह र समग्र नागरिकको साझा सवाल बनेको सिद्धार्थ लोकमार्ग सामाजिक, आर्थिक, सांस्कृतिक तथा पर्यटकीय विकासको लागि मूल आधार बन्न सक्ने देखिन्छ । विश्वशान्तिका महानायक गौतम बुद्धको जन्मभूमि लुम्बिनी र पर्यटकीय नगर पोखरालाई जोड्न यस लोकमार्गले महत्वपूर्ण भूमिका खेलेको छ । तानसेन नगरपालिकाको वर्तमान नेतृत्व समेत सिद्धार्थ लोकमार्गसँग जोडिएको सम्भावना, अवसर तथा चुनौतीहरूका बीच यस क्षेत्रको विकासका लागि प्रयासरत रहेको स्मरण गराउँन चाहन्छौँ । संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले आत्मसात गरेअनुसार सबै क्षेत्रको विकास र समुन्नतिबाट मात्र **सुखी नेपाली समृद्ध नेपाल** राष्ट्रिय लक्ष्य प्राप्त हुन सक्दछ भन्ने हाम्रो ठहर छ । सिद्धार्थ लोकमार्गसँग जोडिएका नगर तथा गाउँपालिकाहरूले आआफ्नो क्षेत्रबाट विकास निर्माणका लागि हरसम्भव प्रयास गरेकै छौं यद्यपि पछिल्लोपटक साझा र एकीकृत प्रयासबाट मात्र समुन्नति हासिल गर्न सकिन्छ भन्ने निष्कर्षमा हामी पुगेका छौं ।

सिद्धार्थ लोकमार्गको सेरोफेरोमा रहेका गण्डकी प्रदेश र ५ नं. प्रदेशका हामी गाउँपालिका तथा नगरपालिकाहरूको नेतृत्वलाई यस क्षेत्रको समग्र विकासका लागि खास गरी **पर्यटन, कृषि, सूचना प्रविधि तथा स्वरोजगारमूलक उद्योग**को क्षेत्रमा आपसमा समन्वय र सहकार्य गरी अगाडि बढ्नु पर्ने आवश्यकता महसुस भएको छ । मुलुकको अन्य क्षेत्रको हिसाबले सिद्धार्थ लोकमार्गको सेरोफेरोमा समयअनुसार विकास हुन सकेको छैन । पहाडबाट तराई र सदरमुकामतर्फ बसाइसराइ बढ्दो छ । उत्पादन घटेको छ । ऊर्जाशील युवा जनशक्तिलाई ग्रामीण तहमै विकास निर्माणमा सहभागी गराउन पर्याप्त रोजगारीका अवसरहरू सिर्जना गर्न सकिएको छैन । यो तानसेन नगरपालिकाको मात्र होइन, बेलहियादेखि पोखरासम्म यस लोकमार्गसँग जोडिएका स्थानीय तहहरूको साझा सवाल हो । सिद्धार्थ आर्थिक करिडोरका प्रमुखहरूको सञ्जाल यस क्षेत्रको विकास, समृद्धिका लागि चिन्तन मनन गर्ने साझा थलो बन्ने तथा तराईको विकासबाट पहाडका स्थानीय तह र पहाडको विकासबाट तराईका स्थानीय तहले फाइदा उठाउन सक्ने सेतु बन्ने छ भन्ने हाम्रो विश्वास छ । आपसी सहयोग, समन्वय, सहकार्यद्वारा यस क्षेत्रको समग्र विकास सम्भव छ । मौजूदा सकारात्मक सम्भावनाको जगेर्ना तथा नयाँ सम्भावनाको खोजीमा हामी प्रयासरत रहने छौँ ।

सिद्धार्थ आर्थिक करिडोरको प्रयासबाट यस क्षेत्रका गाउँ तथा नगरपालिकाहरूको समन्वय र सहकार्यमा कृषि, पर्यटन, सूचनाप्रविधि, खनिज, तथा साना स्वरोजगारमूलक उद्योगहरूको स्थापना र विकासमा फड्को मार्न सक्ने देखिन्छ । यसक्षेत्रमा युवा स्वरोजगारको अवसर सिर्जनाका लागि समेत यो सहयोगी बन्नसक्ने छ । सारमा एक आपसमा सहयोग, सद्भाव, रोजगारीको सिर्जना, लोकमार्ग वरिपरि रहेका पर्यटकीय स्थलहरूको पहिचान, प्रवर्द्धन तथा विकासका लागि सञ्जाल सहयोगी बन्न सक्ने देखिन्छ । कृषि उत्पादनलाइ व्यवसायिकरण तथा उत्पादित सामानहरूको बजारीकरणमा समेत नगर तथा गाउँपालिकाहरूले सहजै सहकार्य गर्न सकिने देखिएको छ ।

मुख्यतः नगरपालिका तथा गाउँपालिकाहरूबीच उत्तम अनुभवको आदानप्रदान र अनुकरण, योजनाहरूको पहिचान र कार्यान्वयन साझा प्रयासको एक उद्देश्य हो । त्यसैगरी सिद्धार्थ लोकमार्गलाई आधार मानेर यस क्षेत्रमा सञ्चालन गर्न सकिने **पर्यटन, कृषि, सूचना प्रविधि तथा उद्योग**हरूको पहिचान र सम्भाव्यताको खोजी गर्नु अर्को उद्देश्य रहेको छ । नगरपालिका तथा गाउँपालिकाहरूबीच समन्वयमा गर्न सकिने परियोजनाहरूको पहिचान र छनौटमा जोड दिइने छ भने समन्वय तथा सहकार्यका लागि कार्यदलको गठन तथा समन्वय ब्यक्ति छनौट र विज्ञ समूह गठन गरिने छ ।

२०७६ मंसिर १५ र १६ गते तानसेनमा प्रदेश सभासद्, विभिन्न दातृ निकायका प्रतिनिधि, पत्रकार तथा सिद्धार्थ लोकमार्गसँग जोडिएका स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतहरूसहित अन्य सरोकारवालाहरूको सहभागितामा गण्डकी प्रदेश र प्रदेश नं ५ का प्रादेशिक नीति तथा योजना आयोगका उपाध्यक्ष लगायतको अवधारणापत्र प्रस्तुत भएको थियो । राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा शंकर शर्माले यो करिडोरको महत्वबारे विशेष प्रकाश पार्नु भएको थियो । सहभागी स्थानीय तहबाट उत्कृष्ट सिकाइ र अभ्यासबारे प्रस्तुति गरिएको थियो । विभिन्न महानुभावहरूबाट सुझाव प्राप्त भयो । यी सबै प्रयास यस क्षेत्रको समानुपातिक विकास तथा समुन्नतिका लागि हो । अवसरको उपयोग, लोकमार्गको स्तरोन्नतिका लागि समेत सहकार्य, दवाव सिर्जना गर्दै विकासका लागि प्रदेश र संघीय सरकारसँग हातेमालो गर्दै हामी अगाडि बढ्ने छौं ।

*(नगर प्रमुख, तानसेन नगरपालिका)*

# विषयसूची


| | | | |
|---|---|---|---|
| १ | सीमा रक्षा र आर्थिक समृद्धिका लागि स्थानीय सरकार | सम्पादकीय | १ |
| २ | समग्र विकासका लागि स्थानीय सरकारको साझा प्रयास | अशोककुमार शाही | ३ |
| ३ | सिद्धार्थ आर्थिक करिडोर समृद्धिको एक आधार | लक्ष्मीदेवी पाठक | ५ |
| ४ | विकासका लागि साझा आधार बन्न सक्छ सिद्धार्थ आर्थिक करिडोर | दामोदरप्रसाद घिमिरे | ६ |
| ५ | तानसेन नगरपालिकाका गतिविधि नागरिकमुखी रहेका छन् | डिल्ली राज बेल्बासे | ७ |
| ६ | Siddhartha Economic Corridor: Constraints and the Way Forward* | Dr. Shankar P. Sharma | ९ |
| ७ | सिद्धार्थ आर्थिक करिडोरलाई कसरी चलायमान बनाउने ? | डा. गिरिधारी शर्मा पौडेल | ११ |
| ८ | खोजूँ कहाँ के अरू ? | डिल्लीराज अर्याल | १५ |
| ९ | सिद्धार्थ आर्थिक करिडोर पर्यटन प्रवर्द्धनको बलियो आधार | प्रा.डा.ईश्वर गौतम | १६ |
| १० | तानसेन-१३, छेर्लुङ्का बोटे जातिको अवस्थाको चित्रण, नगरपालिकाको भूमिका र केही सुझाव | झपेन्द्र जी.सी. | २० |
| ११ | योजनावद्ध मेगा प्रोजेक्ट: सिद्धार्थ आर्थिक करिडोर | राजेशकुमार अर्याल | २७ |
| १२ | तानसेनमा युवा लक्षित स्वरोजगार कार्यक्रममा जोड | दीपक विश्वकर्मा | २९ |
| १३ | आर्थिक करिडोरको सन्दर्भमा सिद्धार्थ आर्थिक करिडोर :समृद्धिको भिजन | सन्तोष खनाल | ३१ |
| १४ | पाल्पाली ढाका प्रवर्द्धनमा साझा पहल | पदम न्यौपाने | ३४ |
| १५ | Siddhartha Economic Corridor: a collaborative approach to prosperity | Gopal Prasad Bashyal | ३६ |
| १६ | सिद्धार्थ आर्थिक करिडोर हाम्रो रहर मात्र होइन साझा अभियान हो | रेखीराम राना | ३९ |
| १७ | सिद्धार्थ करिडोरको आर्थिक विकासमा सार्वजनिक निजी साझेदारी उत्तम विकल्प । | प्रकाश पाण्डे | ४२ |
| १८ | तानसेन | खत्री कमल | ४४ |
| १९ | तानसेन नगरपालिकाको आ.व.२०७६/०७७ को अर्धवार्षिक पाइलाहरु | दुर्गाबहादुर थापा | ४५ |
| २० | तानसेन | कृष्णकला भण्डारी कँडेल | ४८ |
| २१ | A Comparative Study of Local Governments Situated in Siddhartha Economic Corridor (SEC) | Bishnu Paudel | ५३ |
| २२ | तानसेनका युवाले सिके विपद् प्रतिकार्य सीप | गुरांस आत्रेय | ५९ |
| २३ | पुरानै स्वरुपमा फर्काउन तानसेनको सडकमा ढुङ्गा बिछ्याइँदै | मिलन विश्वकर्मा | ६० |
| २४ | भियना बसेर मेरो आफ्नो तानसेनलाई सम्झदा | मदन देउराली | ६२ |
| २५ | पाल्पा | महेन्द्र पन्थी | ६४ |
| २६ | सिद्धार्थ आर्थिक करिडोरको समग्र विकास लक्षित स्थानीय तहका प्रमुखहरुको प्रथम भेला तानसेनमा | मधुसुदन घर्ती | ६५ |
| २७ | नागरिक चाहनाअनुसार तानसेन नगरपालिकाले छिंडीबाट बाटो बिस्तार गर्‍यो | भरतप्रसाद आचार्य | ६७ |
| २८ | पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोषका सल्लाहकार कसजू अब सम्झनामा | गोविन्द भट्टराई | ६८ |
| २९ | पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोषको प्रथम साधारणसभा | - | ७० |
| ३० | तानसेन नगर कार्यपालिकाको आर्थिक वर्ष २०७६/०७७ को माघ मसान्त सम्म भएको आम्दानी खर्च विवरण | | ७२ |
| ३१ | पत्रपत्रिकामा तानसेन | | ७३ |
| ३२ | तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्बन्धित केही प्रेस विज्ञप्ति | | ८५ |

# सिद्धार्थ आर्थिक करिडोर समृद्धिको एक आधार



– लक्ष्मीदेवी पाठक

तानसेन नगरपालिकाको अगुवाईमा सुनौलीदेखि पोखरासम्म अर्थात् सिद्धार्थ लोकमार्गसँग जोडिएका १६ स्थानीय तहको नेतृत्वदायी पंक्तिलाई तानसेनमा भेला गराई यसक्षेत्रको विकासका लागि साझा प्रयासको थालनी गर्ने निष्कर्ष निकालिएको छ । सिद्धार्थ राजमार्ग (हाल लोकमार्ग) छेउछाउ रहेका स्थानीय तहका नागरिकको समृद्धिको मूल आधार सिद्धार्थ आर्थिक करिडोर बन्न सक्छ भन्ने निष्कर्षमा २०७६ मंसिर १५ र १६ गते तानसेनमा उपस्थित ती स्थानीय तहका नेतृत्वदायी पंक्ति पुगेको हो ।

प्रदेश सभासद्, सरोकारवाला स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष र प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष लगायत दातृ निकायका प्रतिनिधि समेत सहभागी तानसेन सम्मेलनले दीगो विकासका लागि साझा पहलको थालनी स्वरूप सञ्जाल निर्माण गरेको छ । सिद्धार्थ आर्थिक करिडोरमा पर्ने सबै स्थानीय तहको साझा ध्येय पर्यटन, कृषि, सूचना प्रविधि तथा स्वरोजगारमूलक उद्योगको विकास, परम्परागत सीप संरक्षण गरी यस क्षेत्रका नागरिकको जीवनस्तर उकास्नु हो ।







स्थानीय स्रोत साधनमा आधारित उद्यम व्यवसायबाट उत्पादित सामग्री तथा सेवाबाट तराई र पहाड दुवैलाई फाइदा हुने छ । नागरिक पलायनको बढ्दो क्रमलाई रोक्नका लागि स्थानीय तहमा स्वरोजगार सिर्जना तथा अवसर सिर्जना टड्कारो सवाल हो । यसतर्फ पनि तानसेन सम्मेलनले सबैको ध्यान तानेको छ । तानसेन नगरपालिकाको सन्दर्भमा हाम्रो मुख्य ध्येय नै तानसेनलाई सुन्दर, हराभरा बनाउनु अनि तानसेनबासीको जीवन समृद्ध बनाउनु हो ।

तानसेन जस्तै अन्य स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिको ध्येय पनि नगर तथा गाउँपालिकाबासीलाई खुसी तुल्याउनु नै हो । सिद्धार्थ लोकमार्ग सेरोफेरोमा रहेका स्थानीय तहहरूको एकल प्रयासले मात्र यस क्षेत्रको समृद्धि सम्भव छैन भन्ने तथ्य महसुस गरेर विकासका लागि साझा प्रयासको थालनी स्वरूप सञ्जाल निर्माण गरिएको हो । बसाइसराइ नियन्त्रण, कृषि र पर्यटन क्षेत्रको विकास सबै पालिकाको साझा ध्येय बनेको छ । नागरिकका हितका लागि साझा योजनामा पालिकाहरू लाग्ने टुंगोमा पुगेका छन् । महिला, बालबालिका र जेष्ठ नागरिक लक्षित कार्यक्रम समेत यी पालिकाहरूको साझा प्रयासमा पर्न सके नागरिकले गुन मान्ने छन् । समृद्धिका लागि सिद्धार्थ आर्थिक करिडोर बलियो आधार बन्ने छ भन्ने तानसेनबासीको विश्वास रहेको छ ।

*(उपप्रमुख तथा न्यायिक समिति संयोजक, तानसेन नगरपालिका)*

# विकासका लागि साझा आधार बन्न सक्छ सिद्धार्थ आर्थिक करिडोर



- दामोदरप्रसाद घिमिरे

रूपन्देहीको बेलहिया (सुनौली) हुँदै पाल्पा, स्याङ्जा र कास्की जिल्लालाई जोड्ने तत्कालीन सिद्धार्थ राजमार्ग (हाल लोकमार्ग) ले पश्चिमाञ्चल क्षेत्रका १६ जिल्लालाई प्रत्यक्ष लाभ पुऱ्यायो । त्यतिबेला राजमार्ग बन्दा यसले यस क्षेत्रमा विकासका लागि महत्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने विश्वास थियो तर पछिल्ला दिनमा यो क्षेत्र दिनप्रतिदिन उजाड बन्न पुगेकोमा जनप्रतिनिधि समेत चिन्तित देखिएका छन् । बसाइसराइ पहाडबाट तराईतर्फ बढेको छ भने बाँदर आतंकका कारण गाउँघरमा खेती गर्ने क्रम घटेको छ । यिनै परिवेशलाई मनन गर्दै सिद्धार्थ लोकमार्गसँग जोडिएका पालिकामा कसरी विकास र समृद्धि बढाउन सकिन्छ भनेर तानसेन नगरपालिकाको अग्रसरतामा 'सिद्धार्थ आर्थिक करिडोर'को मुद्दालाई अगाडि बढाइएको हो ।

सिद्धार्थ लोकमार्गसँग जोडिएका पालिकाका नागरिकको समग्र उन्नतिमा केन्द्रित रहेर हामीले सिद्धार्थ आर्थिक करिडोरको अभियान अगाडि बढाएका हौँ भन्ने तथ्य तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाहीले स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्मिलित तानसेन सम्मेलनमा प्रष्ट पार्नु भएको छ । यस क्षेत्रको विकासका लागि सडकले मात्र पुग्दैन, आवश्यक विकासका अन्य पूर्वाधार अर्थात् शिक्षा, स्वास्थ्यका क्षेत्रमा बाटोसँगै समयअनुकूल विकास हुनु आवश्यक छ । यसैगरी यस क्षेत्रमा औद्योगिक विकास आवश्यक छ । सम्भावना भएर पनि कृषिमा आधुनिकीकरण, पशुपालन, फलफूल उत्पादनका कार्यक्रम यस क्षेत्रमा हुनुपर्ने जति हुन सकेन । फलतः अवसरको खोजीमा सिद्धार्थ लोकमार्ग छेउछाउका बस्ती छाडेर तराईतिर झर्ने क्रम सुरू भयो । यहाँबाट परम्परागत सामाजिक, सांस्कृतिक पूँजी समेत पलायन भयो । अब आर्थिक समृद्धिको सवाल समेत जोडेर दीर्घकालीन योजना निर्माण तथा कार्यान्वयन भएमा पक्कै पनि सिद्धार्थ आर्थिक करिडोर यस क्षेत्रका नागरिकको समुन्नतिको दरिलो आधार बन्न सक्छ ।

यहाँ अब विकास हुन्छ भन्ने भरपर्दो आधारशिला खडा भएमा यहाँबाट हुने बसाइसराइ रोकिन्छ त्यसो भएमा तराईको उर्वरभूमि बस्ती बन्नबाट रोक्न सकिन्छ साथै पहाडमा अवसर खोज्दै आउने क्रम बढ्ने छ । इतिहास बोल्छ कि २०२८ साल अगाडि तराईको भन्दा यहाँको जनसंख्या बढी थियो तर सडक निर्माण बसाइसराइको माध्यम मात्र बन्यो यहाँ । भौतिक तथा मानवीय विकासका आधारशिला खडा हुन सकेन । फलतः नागरिकमा यो पहाडमा बाँदर धपाएर किन बस्ने ? भन्ने निरासा बढ्यो । पहाडी क्षेत्रबाट पलायन हुने क्रम झनै बढ्यो भने तराईका भूभागमा जनसंख्याको भार थपियो । यसर्थ सडकसँगै अब शिक्षा, स्वास्थ्य, औद्योगिक पूर्वाधार, परम्परागत संस्कृति जोगाउँदै आधुनिकतातर्फ अग्रसर हुने खालका योजना कार्यान्वयनमा जोड दिनुपर्छ भन्ने महसुस ढिलै भएपनि भएको छ ।

तानसेन नगरपालिकाले अगाडि बढाएको सोचअनुरूप अर्थात् 'सिद्धार्थ लोकमार्ग वरिपरि आर्थिक गतिविधि बढाउन स्थानीय तहले आफैले सक्ने खालका साना-साना औद्योगिक ग्रामहरू स्थापना गर्न सक्नुपर्छ । आधुनिक कृषि प्रणालीको विकाससँगै सडकलाई नै आधार मानेर स्वास्थ्य क्षेत्रको समयोचित पूर्वाधार बनाउन तथा गुणस्तरीय शिक्षाको आधार तय गर्न सकिन्छ । अन्नबालीसँगै फलफूल उत्पादन तथा पशुपालनको लागि उद्यम व्यवसायको सम्भावना उत्तिकै छ । सिद्धार्थ लोकमार्गको सेरोफेरो विशेषतः पहाडी क्षेत्रमा अवसर सिर्जना गर्न स्थानीय, प्रदेश र संघीय तहका सरकारको ध्यान केन्द्रित हुनुपर्दछ तब यस क्षेत्रबाट मानव पलायन प्रवृत्ति निरूत्साहित हुन्छ ।

यसर्थ सामर्थ्य एवम् आवश्यकताअनुसार एकल तथा बहुपक्षीय रूपमा विकास निर्माणको दीर्घकालीन योजना सिद्धार्थ आर्थिक करिडोरका पालिकाहरूको सञ्जालको चासो बनोस् । नभुलौं, सिद्धार्थ आर्थिक करिडोर भनेको पहाडमा बस्नेका लागि मात्र होइन, रूपन्देही र कास्कीमा जुन रूपमा तीव्र गतिमा विकास भइरहेको छ, त्यो स्याङ्जा र पाल्पाका लागि अवसर पनि हो । यसको लक्ष्य हासिल भएमा पहाडबाट तराईले र तराईबाट पहाडले फाइदा लिने कुरा व्यवहारमै साकार हुनसक्छ र यसबाट यसक्षेत्रको समृद्धिमा सहयोग पुग्छ ।

*(प्रवक्ता, तानसेन नगरपालिका)*

# तानसेन नगरपालिकाका गतिविधि नागरिकमुखी रहेका छन्



- डिल्ली राज बेल्बासे

**तानसेन नगरबासीको हित तथा समग्र विकासका दृष्टिकोणले भन्नुपर्दा** दीर्घकालीन सोचका साथ तानसेन नगरपालिकाले विकास गतिविधिहरू अगाडि बढाएको छ । आर्थिक वर्ष २०७६/७७ को अर्द्धवार्षिक अवधिमा वित्तीय प्रगति हेर्दा न्यून छ । नागरिक सुझाव मनन तथा गुनासो सम्बोधनमा ध्यान दिइएको छ भने वित्तीय व्यवस्थापनलाई चुस्त बनाउनका लागि नगर कार्यपालिकाले चासो बढाएको छ । पूर्वाधार तथा मानवीय विकासका पक्षबाट हाम्रा गतिविधि केलाउनु उपयुक्त होला । यहाँ सर्सरी गतिविधि नियाल्ने प्रयास गरिएको छ ।



वातावरणमैत्री बसपार्क निर्माणस्थलमा प्रदेश सभासद् नारायण आचार्य, पूर्व सांसद् यादवबहादुर रायमाझी, नगरप्रमुख, उपप्रमुख लगायत

पूर्वाधार विकास तर्फ भगवती मन्दिर उत्तर गेट हुँदै एनआइसि एसिया बैंकसम्मको सडकमा ढुंगा छाप्ने काम भइरहेको छ भने तानसेन-५ मा हरियाली बसपार्क निर्माणको लागि आवश्यक जग्गा ब्यवस्थापन भएको छ । ठूला तथा नगर गौरवका आयोजनाहरू मध्ये श्रीनगर क्षेत्रको बिग बुद्ध पार्क निर्माणको विस्तृत परियोजनाका लागि आवश्यक प्रक्रिया पूरा हुँदैछ भने रानीघाट दरबार (रानीमहल) क्षेत्रको गुरूयोजना र हृषिकेश एकीकृत विकास योजनाबमोजिम काम अगाडि बढेको अवस्था छ । तानसेनको पर्यटन पवर्द्धन र नागरिकलाई गुणस्तरीय सेवा प्रदानका लागि लक्षित सार्वजनिक निजी साझेदारी (सानिसा) कार्यक्रम मार्फत् कार्यान्वयन गरिने परियोजना (जस्तैः हाइवे रिफ्रेस्मेण्ट, फोहरमैला व्यवस्थापन, श्रीनगर सौन्दर्यीकरण, वातावरणमैत्री बसपार्क आदि) का निमित्त आवश्यक कार्य प्रक्रिया अगाडि बढेको छ । संघ तथा प्रदेश समपूरक तथा विशेष अनुदानतर्फका योजनाहरू अन्तर्गतका सडक कालोपत्रे लगायतका कार्यक्रमहरू कार्यान्वयन भइरहेका छन् । टुँडिखेलस्तरोन्नतिको लागि गुरूयोजना अनुसार खेल मैदान, बाल उद्यान, जेष्ठ नागरिक उद्यानसहितको सौन्दर्यीकरण बहुबर्षीय योजना र सानिसा मार्फत् पाल्पाली ढाकाको स्तरोन्नतिका कार्यक्रमहरू प्राथमिकतामा रहेका छन् । सारमा भन्नुपर्दा अर्द्धवार्षिक अवधिसम्म २३० आयोजना सम्झौता गर्ने लक्ष्य रहेकोमा ३१ आयोजना सम्पन्न भएको, १७५ सम्झौता भएको छ । समग्रमा भन्नुपर्दा हौंसिने अवस्था नभए पनि विभिन्न कारणले गर्दा हाम्रो कार्यप्रगति सन्तोषजनक रहेको छ ।

तानसेनको नगर क्षेत्रमा प्रदेश सरकारको सहयोगमा साँस्कृतिक डवली निर्माण, संघीय सरकारको सहयोगमा सिटीहल निर्माण लगायतका काम भइरहेको छ भने प्रदेश नं ५ सरकारको सहयोगमा रानीमहल जाने सडक कालो पत्रे गर्ने कार्य आगामी असारमसान्तसम्ममा पूरा हुने विश्वास छ । नगरभित्रका अन्य सडक कालोपत्रे गर्ने कार्य प्रारम्भ हुँदैछ । नगरस्तरीय पूर्वाधार आयोजनाहरू र वडास्तरीय आयोजनाहरू समेत कार्यान्वयनकै चरणमा रहेका छन् । तानसेन-७ मा उद्योग ग्रामको लागि उद्योग

वाणिज्य तथा आपूर्ति मन्त्रालय र तानपा बीच सम्झौतापश्चात् रकम उपलब्ध भैसकेको र परियोजना प्रतिवेदन तयारीको काम अगाडि बढेको छ । भूकम्प प्रतिरोधी आवास निर्माणमा संलग्न भवन निर्माणकर्मीहरूलाई तालिम प्रदान गरिएको छ भने नक्शा पासका अभिलेखहरूलाई व्यवस्थित गर्न थालिएको छ । विभिन्न दातृ निकायसँग साझेदारीमा युवा स्वरोजगार कार्यक्रम, कृषिलाई आधुनिकीकरण तथा व्यवसायिकरण कार्यक्रम, तानसेनको पहिचानको रूपमा रहेका परम्परागत पाल्पाली ढाका, करूवा प्रवर्द्धनका कार्यक्रम कार्यान्वयनतर्फ नगर सरकार लागेको छ । नगरपालिकाको जमानीमा बैंक मार्फत् स्वरोजगार सिर्जना तथा आयआर्जनका गतिविधि बृद्धि गर्नका लागि युवा उद्यमीलाई व्यवसायका निम्ती ऋण प्रवाह कार्यलाई निरन्तरता दिइएको छ । विपन्न बोटे बस्ती तथा आर्थिक रूपले विपन्न अन्य समुदायका घरपरिवारलाई खरको छाना विस्थापनको लागि कर्कटपाता वितरण, उज्यालोको लागि सौर्य बत्ती वितरण, गरीब घरपरिवारको जीवनस्तर उकास्न कुखुरापालन, बाख्रापालन, सामूहिक माछापालन, तरकारी खेती लगायतका कार्यक्रमहरू सञ्चालन गरिएको छ । तानसेन नगरपालिकाको अग्रसरता, अन्य दातृ निकाय र संघसंस्थाको सहकार्यमा आर्थिक तथा सामाजिक समृद्धिका लागि सिद्धार्थ लोकमार्ग सेरोफेरोमा रहेका पालिकाहरूबीच एकल वा वहुपक्षीय साझा सवालहरूमा सहकार्य गर्ने सञ्जाल (सिद्धार्थ आर्थिक करिडोर) गठन , तानसेन घोषणा पत्र जारी गरी सचिवालयको समेत व्यवस्था मिलाइएको छ । तानसेनको पर्यटन प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम सम्पन्न भएका छन् र कतिपय अगाडि बढेका छन् । कृषि क्षेत्रतर्फ व्यवसायिक पशुपालन, व्यवसायिक कृषि विकासका कार्यक्रम अगाडि बढाइएको छ । नगरपालिकाको आन्तरिक स्रोत प्रवर्द्धनको लागि करको दायरा बृद्धि तथा अन्य कार्यक्रमहरू भएका छन् ।



उपभोक्ता अधिकार र हितको संरक्षणमा ध्यान दिंदै बजार अनुगमन, सहकारी क्षेत्रको विकासको लागि स्थानीय सहकारी सञ्जाल गठन तथा सघन अनुगमन कार्यक्रम भइरहेका छन् । सामाजिक क्षेत्र विकासतर्फ नागरिक हितलाई ध्यान दिदै विभिन्न कार्यक्रमहरू सञ्चालन भएका छन् । आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न नगरका १७०० घरपरिवारलाई निःशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिइएको छ । आमा सुरक्षा कार्यक्रम, आमा तथा बालबालिकामा हुने कुपोषण न्यूनीकरणका लागि पोषण लक्षित कार्यक्रममा लगानी गरिएको छ । नगरपालिकाले शैक्षिक विकासको लागि नगरपालिकाको शिक्षा ऐन तथा बजेटको व्यवस्था गरी नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया अगाडि बढाएको छ । विद्यालयमा विद्यार्थी दिवा खाजा सहयोग तथा गरीव विद्यार्थीलाई स्कूल पोशाक कार्यक्रम, विद्यालय खेल सामग्री सहयोग कार्यक्रम भएका छन् । जेष्ठ नागरिकका लागि तानसेन-९ मा सामूहिक घर निर्माण भइरहेको छ । युवाहरूलाई रचनात्मक तथा सामाजिक काममा परिचालन गर्न कार्यक्रमहरू गरिएको छ ।

सरसफाइलाई जोड दिदै टोल विकास संस्था प्रोत्साहनसहित सबलीकरण कार्यक्रम तथा नगरको फोहर संकलनका लागि आवश्यक योजना कार्यान्वयन गरिएको छ । प्रविधियुक्त जनशक्ति व्यवस्थापनमा जोड दिइएको छ । लक्षित वर्ग क्षमता विकास कार्यक्रम, कला संस्कृति संरक्षण लगायतका कार्यक्रमहरू कार्यान्वयन गरिएका छन् । न्यायिक समितिको कार्य सम्पादन प्रक्रिया प्रभावकारी बनाउन मेलमिलाप सम्बन्धी आधारभूत तालिम प्रदान गरी अन्य काममा समेत यथाशक्य सहयोग अन्य दातृ निकाय र तानसेन नगरपालिकाबाट समेत भएको छ ।

सरोकारवालाहरूबाट सूचना अधिकारी मार्फत् माग गरिएका सूचनाहरू समयमै उपलब्ध गराउने, तानसेन नगरपालिकाको वेवसाइट, मोबाइल एप, फेसबुक पेज, डिजिटल नोटिस बोर्ड मार्फत् नगरपालिकाका गतिविधिहरूको बारेमा आम नागरिकलाई सुसूचित गराउने काम भएको छ । नगरका गतिविधि, इतिहास, कला, संस्कृति, पर्यटन र विकास अवधारणा लगायतका सामग्री समेटिने **हाम्रो तानसेन** त्रैमासिक बुलेटिन प्रकाशन कार्यलाई निरन्तरता दिइएको छ । **हाम्रो तानसेन**का हरेक अंक विशेष अंकको रूपमा प्रकाशित गरिएका छन् । तानसेन नगरपालिकामा कार्यरत नगर प्रहरीको कार्यलाई व्यवस्थित बनाउन तानसेन नगरपालिकाको नगर प्रहरी ऐन जारी गरिएको छ । तानसेन नगरपालिकासँगै तानसेनबासीको साथ र सहयोगले मात्र तानसेनलाई हराभरा र सुन्दर बनाउन सकिने भएकाले सोही अनुसार सहयोगको अपेक्षा गर्दछौं ।

*(प्रमुख प्रशासकीय अधिकृत)*

# Siddhartha Economic Corridor: Constraints and the Way Forward*



- Dr. Shankar P. Sharma

**Introduction**

Siddhartha corridor is the longest among the north-south corridors of Nepal. It stretches from the border city of Siddharthanagar to Pokhara, the tourism hub and the second largest city in Nepal. It also passes through Butwal, one of the fastest growing city in the country. The Butwal sub-metropolitan municipality has increased in size from 44, 272 to 141, 262 between 1991 and 2011. The corridor also consists of Tansen, an important hill trading town and historical centre. This corridor has 16 designated municipalities including 11 urban municipalities.

**Advantages and Constraints of the Corridor**

This corridor has a special advantage in the area of tourism and trade. It contains two major tourism destinations- Pokhara and Lumbini. Pokhara offers many attractive tourist sites including beautiful lakes, pristine mountains , trekking and hiking areas and adventure sports. Pokhara also offers opportunities for paragliding, rafting, ultralight flight, cycling and so on. Pokhara is also the hub for travelling to some of the other famous tourist destinations like Muktinath, Manang, and Mustang.

Lumbini, the birthplace of Buddha, is another famous tourist attraction in Nepal. The place is well-known for seeing the exact spot of Buddha's birth marked inside a temple. The pool next to the temple is where his mother – Maya Devi - took a bath before delivering the baby. In addition, there are ruins of his father's palace where Buddha spent 29 years as Prince Siddhartha and a historical site called Debdaha, which has been identified as the maternal home of Queen Mayadevi.

In addition to Lumbini, other places of importance associated with the life of Lord Buddha like Kapilvastu, Tilaurakot, Kudan and Debdaha near Lumbini should be developed. In fact, Lumbini should not be developed only as a tourist destination but we should put extra efforts to develop Lumbini as a destination (??). Similarly, additional facilities like sound and light system in Lumbini as a product development effort should be installed and competent tourist guides should be produced to address the shortage of professional guides.

There are several other destinations in the corridor like Rani Mahal, Ridi, Shreenagar Park and many famous religious shrines around Tansen area, which is also called the Darjeeling of Nepal. The tourist destinations are yet to be developed. Tansen and surrounding areas have great potential for developing as hill stations in the corridor.

Syangja, another destination in the corridor is famous for natural and cultural heritages. Sworek Mahapur Maidan, situated at 1600 meters above sea level is one of the best destinations for paragliding. Sirubari, Panchase and other religious temples are equally attractive in Syangja.

All these places are popular for domestic as well as regional and international tourists, but the current tourism traffic between the two is very low. One of the major constraints for the corridor's development is the road condition of Siddhartha highway. Siddhartha highway is narrow, has numerous thin curvy turns, and unpredictable year-round rock slides in some stretches of the road.

The other constraints related to tourism development in the corridor including Lumbini comprise short stay, low expenditure, lack of attractions, lack of awareness, and concerns with pollution and environmental degradation.

Third, Sunauli/Bhairahawa is the major gateway for international trade and Butwal, Bhairahawa, Nawalparasi are becoming industrial hub. Proximity to the Indian border and the function as a break-of-bulk point is the advantage of Siddharthanagar. Butwal is a gateway to the hill hinterland and has evolved as a major centre of trade and service for the hill hinterland. But the competition coming from other growth centres, development of other corridors (east-west and north south like Kaligandaki corridor and other planned roads) could undermine the development of Siddhartha corridor.

**The Way Forward**

Unplanned economic corridors have grown organically in Nepal, mainly north to south in line with historical trade patterns with India, but now increasingly also from east to west driven by improvements in infrastructure. Siddhartha economic corridor is one of them. Transport corridor is key in improving efficiency in the transport and logistics process in the corridor and is also crucial in generating economic activities. The Federal Government has initiated the construction of a rock-shed tunnel for the safety of motorists and pedestrians and will cover 1.3 kilometre of the most dangerous part of the highway, but the widening of the rest of the highway is equally important to enhance the linkage between Pokhara and Bhairahawa to accelerate economic activities. It needs to be widened by pooling resources from Provincial Governments, Federal Government's matching grants, and municipal resources and should be given high priority.

Two new international airports- one in Bhairahawa and the second one in Pokhara are - being built. They will also be instrumental in developing the cities and the entire region. Kali Gandaki corridor which is another road alignment which runs from Sunauli in India to Korala border in China, is also being built by the Federal Government. Increased number of passengers and visitors will help the tourism, trade, entertainment, housing, hotels and restaurants, manufacturing growth and service-based businesses. A separate study needs to be carried out to maximize the potential benefits from these airports. All these transport networks will enable greater accessibility and enhance tourism development in both destinations including the towns and tourism products in between. But for the development of corridor, the Siddhartha transport corridor needs to be upgraded.

Local economic development projects (agriculture, SMEs, tourism etc.), which help not only in creating employment and living conditions but also in enhancing trade and tourism activities. Municipalities have different comparative advantages and may need a separate strategy. Interventions generated from the study of comparative advantages need to be identified, prioritized and implemented to stimulate economic development and create employment opportunities.

Movement of tourists could be increased and their length of stay could be enhanced by developing a few tourism products or destinations, providing entertainment facilities, improving hotel standards, and marketing. These activities will support in attracting broader spectrum of tourists including, Indians from cross-border markets and high end tourists from other countries.

Cooperation among sub-national governments is equally important in many aspects of economy including tourism products. For example, Rani Mahal is not only a local attraction; it is a national heritage. The development of Rani Mahal could significantly enhance the movement of people and help develop economic activities in the entire corridor. Projects which may deserve cooperation among different spheres of government should also be identified, developed and promoted jointly.

The corridor holds a great potential for the region in accelerating economic growth, promoting tourism, expanding trade, generating jobs and reducing poverty, if concerted efforts are made with the collaboration from all spheres of governments.

* I would like to thank Dr. Hiramani Ghimire and Mr. Nar Bahadur Thapa for reviewing and providing thoughtful comments in the earlier version of the article.

**SHANKAR SHARMA,** *former Ambassador of Nepal to the United States has a Ph.D. in economics from the University of Hawaii. He was the Vice-Chairman of the National Planning Commission, Nepal from 2002 to 2006.*

*Before joining the National Planning Commission as a Member in 1997, he worked as a Senior Economic Advisor, Ministry of Finance, Nepal; a Senior Economist in the Institute of Southeast Asian Studies, Singapore; and a Fellow in the East-West Center, Hawaii. He also served as a Professor of Economics at the Centre for Economic Development and Administration, Tribhuvan University. Dr. Sharma also worked as a lead consultant to the Constitution Committee on "Distribution of Natural Resources, Economic Rights and Public Revenue" in helping to draft the new Constitution of Nepal.*

*He also worked as a consultant expert in a number of national and international agencies including the Asian Development Bank, the World Bank, and UNDP. Dr. Sharma was also an editor to ASEAN Economic Bulletin and a consultant editor to Hydrocarbon Asia, both published from Singapore for about seven years. At present he is working as the Team Leader of Economic Policy Incubator Project.*

# सिद्धार्थ आर्थिक करिडोरलाई कसरी चलायमान बनाउने ?



–डा. गिरिधारी शर्मा पौडेल

## १. आर्थिक करिडोर (Economic Corridor)

आर्थिक करिडोर भौगोलिक क्षेत्रमा आर्थिक विकासलाई उत्प्रेरित गर्न डिजाइन गरिएको पूर्वाधारहरूको एकीकृत नेटवर्क हो । सामान्य बुझाइमा आर्थिक करिडोर एक भौगोलिक रूपमा लक्षित विकास पहल हो । यो एक अशल मार्ग पनि हो जसमा मानिसहरू र सामानहरूको ओहोर दोहर गरिन्छ । करिडोरहरू एउटै देश भित्रै वा देशहरू बीच विकास गर्न सकिन्छ । आर्थिक करिडोरको बिकास आन्दोलनले आर्थिक दक्षता बृद्धि गर्न मद्दत गर्दछ । यो अवधारणा सन् १९९० को उत्तरार्द्धमा दक्षिण पूर्वी एसियामा ग्रेटर मेकोङ्ग सबरिजनको विकासको लागि एशियाली विकास बैंक (एडीबी) प्रोजेक्ट मार्फत् लोकप्रिय बन्यो । एडिबीका अधिकारीहरूले सुधारिएको पूर्वाधार र बढ्दो आर्थिक क्रियाकलापबीचको सम्बन्धलाई मान्यता दिएर लगानीलाई केन्द्रित गर्ने निर्णय गरे पश्चात् आर्थिक करिडोरको अवधारणाले बढी मान्यता पायो । एशियाली विकास बैंकले आँफ्ना सदस्य राष्ट्रमा आर्थिक करिडोर बिकास गर्न वार्षिक दुई अरब लगानी गर्दै आएको छ । आर्थिक करिडोरहरू एक्लै खडा हुँदैनन् । यिनीहरूले प्रायः एकीकृत पूर्वाधारहरू, जस्तै राजमार्ग, रेलमार्ग, हवाईमार्ग, बन्दरगाहहरू, शहर वा देशहरू जोड्ने सुविधा प्रदान गर्दछन् । आर्थिक करिडोर विभिन्न बिकास उपायहरूको एक प्याकेज हो जसमा पूर्वाधार विकास, औद्योगीकरण, यातायातसहित आवास, शिक्षा, स्वास्थ्यजस्ता आर्थिक तथा सामाजिक आवश्यकताहरूको पनि ब्यबस्थापन गरिएको हुन्छ । आर्थिक करिडोरका सुविधाहरूले क्षेत्रीय आर्थिक विकासको छनक सिर्जना गर्न र अर्थतन्त्रलाई गतिशील बनाउन मद्दत गर्दछन् ।

## २. बिकास ध्रुब (Growth Pole)

बिकास ध्रुब भन्नाले अत्यधिक नवीन र प्रविधियुक्त उन्नत उद्योगहरू एकै ठाउँमा जम्मा भएको समूहलाई जनाउँदछ जसले यससँग जोडिएका व्यवसाय र उद्योगहरूमा आर्थिक विकासलाई प्रोत्साहित गर्दछ । यो अवधारणा पहिलोपटक फ्रान्सेली अर्थशास्त्री फ्रान्कोइस पेरोक्सले (Francois Perroux) सन् १९४९ मा युद्धग्रस्त फ्रान्सको पुनर्निर्माणको लागि ल्याउनु भएको थियो । उहाँले बिकास ध्रुबको बिकास अमूर्त आर्थिक क्षेत्रमा विकास केन्द्रबिन्दुको रूपमा हुने कल्पना गर्नुभएको थियो । यसको व्याख्या उहाँका चेलाहरूले विशेष गरी जैक बोडेभिलेले (Jacques Boudeville) अमूर्त आर्थिक क्षेत्रको सट्टा भौगोलिक क्षेत्र बिकास ध्रुबको रूपमा बिकास हुने अबधारणा अगाडि सार्नुभयो । विकास ध्रुब सिद्धान्तले आर्थिक विकास वा वृद्धि सम्पूर्ण क्षेत्रमा समान रूपमा हुँदैन । यसको बिकास एक विशिष्ट पोल (वा क्लस्टर) वरपर हुन्छ । उदाहरणको लागि यदि एक ठाउँमा मुख्य उद्योग जस्तै मोटर बनाउने उद्योग स्थापना भयो भने त्यसले फलाम उद्योग, कृषि प्रशोधन उद्योग, इलेक्ट्रोनिक्स र पेट्रो रसायन आदि जस्ता उद्योगहरू सोही क्षेत्रमा आकर्षित गर्दछ र उद्योगहरू थपिदै गएर बिकास ध्रुबको निर्माण गर्द्छन् । यसरी यी उद्योगहरूले अग्र र पृष्ट सम्बन्ध राख्दछन् र उद्योगहरूको वरपरको क्षेत्र एक बिकास ध्रुबको रूपमा बिकसित हुन्छ । बिकास ध्रुब रणनीति २० औं शताब्दीको शुरूदेखि र विशेष गरी दोस्रो विश्वयुद्ध पछि, अन्तर्राष्ट्रियस्तरमा नीति निर्माणको क्षेत्रमा प्रख्याति पाएको थियो । यो अबधारणाले खासगरी सन् १९७० र १९८० को दशकमा प्रख्याति पायो र नेपालमा पनि यसको अभ्यास गरियो ।



## ३. नेपालमा बिकास ध्रुबको अभ्यास (Growth Pole Practice in Nepal)

नेपालले सन् १९७२ अर्थात् बिक्रम सम्बत् २०२९ मा देशका सबै भागमा समन्वयात्मक विकासका लागि क्षेत्रीय विकासको अवधारणा ल्यायो । सन् १९७२ मा नेपाललाई चार (Development Regions) विकास क्षेत्रमा विभाजन गरियोः पूर्वी, मध्य, पश्चिम र सुदूरपश्चिम । सुदूर पश्चिमी विकास क्षेत्र आकारमा धेरै ठूलो भएकोले यसलाई सन् १९८१

मा मध्यपश्चिम र सुदूरपश्चिम गरी २ विकास क्षेत्र बनाएर देशलाई ५ बिकास क्षेत्र अर्थात् ५ बिकास ध्रुबमा बिभाजन गरियो । नेपालको चौथो आवधिक पञ्चबर्षीय योजना सन् १९७१-१९७५ ले बिकास ध्रुबको अबधारणा अगाडि ल्यायो । सन् १९९० को भूमण्डलीकरण पछि बिकास ध्रुबको अबधारणा छायाँमा पर्दै गयो ।

## ४. बिभिन्न देशमा बिकास भएका आर्थिक करिडोर (Economic Corridor Around the World)

४.१ चीनका आर्थिक करिडोरः छिमेकी राष्ट्र चीनले छ वटा बिशाल आर्थिक करिडोर बिकास गरेको छ । उत्तर पश्चिम चीन, मङ्गोलिया, रसिया आर्थिक करिडोर । चीन, एसिया तथा युरोप आर्थिक करिडोर । चीन मध्य तथा पश्चिम एसिया आर्थिक करिडोर । चीन पाकिस्तान आर्थिक करिडोर । चीन, म्यान्मार, बङ्गालादेश र भारत आर्थिक करिडोर । चीन ईन्डोचीन आर्थिक करिडोर । यी आर्थिक करिडोरको समानान्तर सडक, रेल, बिद्युत्को ट्रान्समिसन् लाईन, ग्यास लाईन, पेट्रोलको पाईपलाईन, अप्टिकल फाईबर लाईन आदिको निर्माण गरिएका छन् वा गरिंदैछन । यी आर्थिक करिडोरको दायाँ बायाँ औद्योगिक क्षेत्र, आधुनिक कृषि फार्म, फलफूल फार्म, पशुपक्षी फार्म, जनशक्ति उत्पादन गर्ने तालिम केन्द्र वा महाबिद्यालय, होटेल, रेस्टुरेन्ट र खेलकूदका पूर्वाधार बिकास गरिएका छन् । यी आर्थिक करिडोरहरू चीनको बेल्ट एण्ड रोड ईनिसियटिभ अन्तर्गत बिकास भइरहेका छन् ।

**चीनको बेल्ट एण्ड रोड पहल (ईनिसियटिभ):** बेल्ट एण्ड रोड पहल सन् २०१३ मा चिनियाँ सरकारले अपानाएको बिश्वब्यापी बिकास रणनीति हो । जसमा एसिया युरोप र अफ्रिकाका ७० देशहरू र अन्तर्राष्ट्रिय संस्थाहरू आबद्ध छन् । जनगणतन्त्र चीनका नेता सि जिन पिङ्गले सन् २०१३ मा ईन्डोनेसिया र काजकास्थानको आधिकारिक भ्रमणको बेला यो घोषणा गर्नु भएको हो । यसमा बेल्ट भनेको सडक र रेल यातायाताका लागि भूमिगत मार्गलाई जनाउँछ जसलाई सिल्करोड आर्थिक बेल्ट भनिन्छ । जबकि सडकले समुन्द्री मार्गहरू वा २१ औं शताब्दीको समुन्द्री सिल्क रोडलाई जनाउँछ । सुरुमा वन बेल्ट वन रोड (OBOR)रूपमा अगाडि सारियो । जसलाई रेसमरोड आर्थिक बेल्ट र २१ औं शताब्दीको समुन्द्री सिल्क रोडको रूपमा चिनिन्थ्यो । सन् २०१६ देखि यसलाई बेल्ट एण्ड रोड ईनिसियटियभ (BRI) भनियो । चीन सरकारले यस पहललाई क्षेत्रीय सम्पर्क अभिबृद्धि गर्न र एक उज्वल भबिष्य अँगाल्ने रणनीति भनी परिभाषित गऱ्यो ।

यसमा पूर्वाधार कनेक्टिभिटीका लागि मिलेर काम गरिने, भूपेरिवेष्ठित राष्ट्रहरूलाई ल्याण्डलिंक्ड बनाउनका लागि पारवहनको व्यवस्था देखि पूर्वाधार साझेदारीमा सहयोग गर्ने प्राबधान छन् । कनेक्टिभिटीका लागि यातायात पूर्वाधार निर्माणका साथै हवाई, जलमार्ग तथा स्थल मार्गको विकास गर्ने योजना छ । त्यस्तै मध्ये एसियालाई ककेसस, युरोप, अफ्रिका, दक्षिण तथा दक्षिण पूर्वी एसिया र प्यासिफिक क्षेत्रमा जोडनका लागि यातायात तथा सञ्चार साझेदारीको महत्वलाई समेत जोड दिएको छ । त्यस्तै ऊर्जा पूर्वाधार बिकास, स्वच्छ तथा नवीकरणीय र दीगो ऊर्जा विकाससमासमेत जोड दिएको छ । जनसम्बन्धको विकासलाई साझेदार देशहरूका जनता र समाजलाई नजिक ल्याउन सम्बाद, सांस्कृतिक तथा सभ्यताको साझेदारीका लागि काम गर्ने योजना अगाडि बढाएको छ । जनशक्तिको विकास, शिक्षा, व्यवसायिक तालिमहरूको क्षेत्रमा साझेदारी गर्ने तथा विज्ञान प्रविधि, कला संस्कृति, लोक कला लगायतका क्षेत्रको सम्वर्द्धन गर्ने योजना छ । त्यस्तै संसदहरूबीच सम्बाद, भगिनी प्रान्त तथा राज्यहरू, थिंङ्क ट्यांक, शैक्षिक क्षेत्र, सञ्चार माध्यम तथा नागरिक समाजबीच साझेदारीमासमेत जोड दिएको छ । चीनले यस अन्तर्गत सहभागी राष्ट्रका विद्यार्थीहरूलाई उच्च शिक्षाका लागि सिल्क रोड चीन सरकार छात्रवृत्ति कार्यक्रमलाई अगाडि बढाएको छ । त्यस्तै चीनको एकेडेमी अफ साइन्सले बेल्ट एण्ड रोड मास्टर डिग्री फेलोसिपको घोषणा गरेको छ । साझेदार राष्ट्रका विभिन्न क्षेत्रका प्रतिनिधिहरूलाई चीनमा निम्त्याएर अनुभव आदान प्रदान गरिरहेको छ । त्यस्तै चीनले नेपालसहित २८ देशसँग बेल्ट एण्ड रोड इनर्जी पार्टनरसिप कायम गरेको छ । त्यस्तै नेपालसहित रूस, पाकिस्तान, मंगोलिया, लाओस, साउदी अरब, सिरिया र भियतनामका गुणस्तर मापन विभागहरूले चीनसँग संयुक्त रूपमा बेल्ट एण्ड रोड गुणस्तरसम्बन्धी साझेदारीका लागि संयन्त्र बनाउने योजना अगाडि ल्याएका छन् । चीनको कृषि तथा ग्रामीण मामिला मन्त्रालयसँग कृषि तथा पशुपक्षी विकास मन्त्रालयसहित बंगलादेश, कम्बोडिया, म्यानमार, पाकिस्तान, फिलिपिन्स, थाइल्याण्ड, श्रीलंका लगायतका देशका सम्बन्धित मन्त्रालयले कीटनाशक औषधिको गुणस्तर निर्धारणका क्षेत्रमा संयुक्त काम गर्ने योजना अगाडि बढाएका छन् ।

बेल्ट एण्ड रोड ईनिसियटिभ अन्तर्गत आर्थिक कनेक्टिभिटीमा नेपाल समावेश छ । चीनका इकोनोमिक करिडोर र अन्य उत्प्रेरित आयोजना तथा कनेक्टिभिटी सहयोग अन्तर्गत नेपालको क्रस बोर्डर रेलवेसहित नेपाल चीन ट्रान्स-हिमालय बहुआयामिक कनेक्टिभिटी सञ्जाल प्रस्ताबित छ । निकट भबिष्यमा नेपाल चीन ट्रान्स-हिमालय कनेक्टिभिटी आयोजना अगाडि बढ्ने विश्वास लिइएको छ । यस अन्तर्गत अन्य छनोटमा परेका आयोजनामा चीन-पाकिस्तान आर्थिक करिडोर, चीन म्यान्मार आर्थिक करिडोरसहितका आर्थिक करिडोरहरू समावेश छन् । यसरी छनोटमा रहेका आयोजनामा चीनलाई युरोप र अफ्रिकामा जोड्ने अधिकांश आयोजनाहरू समावेश

छन् । अन्य बहुपक्षीय साझेदारीका आयोजना अन्तर्गत बेल्ट एण्ड इनर्जी पार्टनरसीप, बीआरआई ट्याक्स एडमिनिस्ट्रेसन् मेकानिजम, न्यूज अलाइन्स, स्टडी नेटवर्कसहितका आयोजना छन् । यिनले प्राचीन सिल्क रोड कनेक्टिभिटीलाई अगाडि बढाउने छन् । चीनले बीआरआई अन्तर्गत उच्च गुणस्तरीय साझेदारीलाई अगाडि बढाउँदै विकासमा नयाँ आयाम, पूर्वाधार विकास, आर्थिक साझेदारी, जनसम्बन्धलाई अगाडि बढाउने प्रयास गरेको छ । यसमा सम्मिलित सबै देशहरू साझेदारीका समान हिस्सेदार हुन् जसले खुलापन, पारदर्शिता र सहभागिताको सम्मान गर्छन् भन्ने अबधारणा अगाडि बढाएको छ । यसमा सम्मिलित देशहरूले एक अर्काको सार्वभौमिकता र भौगोलिक अखण्डताको सम्मान गर्दछन र हरेक देशहरूसँग आफ्नो विकासको प्राथमिकतालाई आफ्नो राष्ट्रिय प्राथमिकता र विधायिकीबाट परिभाषित गर्ने अधिकार निहित छ भन्ने कुराको प्रत्याभूति गरिएको छ । यस्तो साझेदारी खुला, हरित र स्वच्छ हुनेछ । चीनले यस्तो साझेदारीमा सहभागी मुलक तथा विश्व बजारमा विभेदकारी नहुने प्रतिवद्धता व्यक्त गर्दै इच्छुक सबै देशहरूलाई बिआरआईमा जोडिनको लागि आब्हान गरेको छ ।

४.२ **भारतका आर्थिक करिडोरः** भारतको पूर्वीभागमा भिजाग चेन्नाई आर्थिक करिडोर विकास गरिएको छ । यो दक्षिणमा चेन्नाई देखि उत्तरपूर्बमा कोलकातासम्मको पूर्वी समुन्द्री तटमा बिस्तार भएको छ । एसियाली विकास बैंकले यस आर्थिक करिडोर विकास गर्न ५०० मिलियन अमेरिकी डलर लगानी गरिरहेको छ । भारतको मुम्बई अहमदाबाद आर्थिक करिडोर अर्को महत्वपूर्ण आर्थिक करिडोर हो । यो निर्माणधीन छ । यस बाहेक भारत सरकारले ४४ वटा आर्थिक करिडोर विकासको तयारी गरेको छ जसको लागि ५०० लाख करोड भारू लगानी गर्ने योजना अगाडि ल्याएको छ ।





४.३ **चीन पाकिस्तान आर्थिक करिडोरः** यो आर्थिक करिडोर पाकिस्तानको हिन्दमहासागरीय समुन्द्री बन्दरगाह (पोर्ट) गोदारबाट चीनको पश्चिमी प्रान्त Xinjiang Province हुँदै मध्य तथा पूर्वी चीन तर्फ लाग्दछ । यो करिब २५०० माईल लामो छ र निर्माणको लागि ६२ अरब अमेरिकी डलरको लागत अनुमान गरिएको छ । यो करिडोरमा सडक, रेल र ऊर्जाको बाटो र बन्दरगाह निर्माण गरिएको छ । यसको निर्माण सन् २०१५ मा सुरू भएको हो र सम्पन्न हुने चरणमा छ । यस आर्थिक करिडोरको निर्माण सम्पन्न भए पश्चात् पाकिस्तानको रूपान्तरणकारी आर्थिक बिकास हुने अपेक्षा गरिएको छ ।

४.४ **अन्य देशका आर्थिक करिडोरः** बङ्गालादेशले दक्षिण पश्चिम क्षेत्रमा आर्थिक करिडोर बिकास गर्ने योजना बनाएको छ । थाईल्याण्डले पूर्वीतटमा आर्थिक करिडोर बिकास गरेको छ । मलेसियामा पाँच प्रादेशिक आर्थिक करिडोर बिकास गरिएका छन् । श्रीलंकामा एमसिसि आर्थिक करिडोर बिकास भइरहेको छ ।

५. **नेपालमा बिकासोन्मुख आर्थिक करिडोरहरूः** नेपालका पाँच ठाउँमा आर्थिक करिडोरहरू स्वतस्फूर्त रूपमा बिकास भएका छन् । महत्वपूर्ण आर्थिक करिडोरहरूमा बिराटनगर ईटहरी आर्थिक करिडोर, बिरगञ्ज सिमरा आर्थिक करिडोर, भैरहवा भूमही बर्दघाट आर्थिक करिडोर, नेपालगञ्ज कोहलपुर आर्थिक करिडोर र धनगढी अत्तरिया आर्थिक करिडोर प्रमुख छन् ।

६. **सिद्धार्थ आर्थिक करिडोरः** मित्रराष्ट्र भारतको सहयोगमा निर्मित सिद्धार्थ लोकमार्ग बिक्रम संबत २०२८ मा सञ्चालनमा आएको हो । सिद्धार्थ लोकमार्ग पोखराबाट भारतीय सीमा सुनौली सम्म १८० किलोमिटर लामो छ । यो अधिक घुमाउरो सडक हो तसर्थ प्रायः बस र ट्रकहरू पोखराबाट नारायणगढ हुँदै पूर्व तथा पश्चिमतिर यात्रा गर्दछन् । हल्का सवारी चालकहरूले मात्र यसको प्रयोग गर्दै आएका छन् ।

**चित्र नं १ः सिद्धार्थ आर्थिक करिडोर**




७. सिद्धार्थ आर्थिक करिडोर छायाँमा पर्नुका मुख्य कारणः सिद्धार्थ लोकमार्ग भारत र नेपालको मध्यपहाडी भागलाई जोड्ने प्रयो जनको लागि निर्माण गरिएको थियो । यसको बिकास आर्थिक करिडोरको रूपमा भएको थिएन । सडकको दायाँ बायाँ आर्थिक

करिडोर हुन चाहिने रेल, हबाईमार्ग, औद्योगिकरणको लागि उद्योगहरूको स्थापना, ऊर्जाको आपूर्ति, सामाजिक बिकासको लागि चाहिने स्कूल, कलेज अस्पताल जस्ता अन्य महत्वपूर्ण पूर्बाधारहरूको बिकास गरिएको थिएन । बिसं २०२८ तिर लोकमार्ग आसपास पहाडमा जनसंख्या बृद्धिदर उच्च थियो तसर्थ युवाहरू रोजगारको खोजीमा गाउँ बाहिर गए र स्थानीय उत्पादन बृद्धि गर्न ऊर्जा दिने सिर्जनशील जनशक्ति स्थानीय तहमा उपलब्ध भएन । सन् १९९० अर्थात् बिसं २०४८ पश्चात् नेपालले खुला अर्थनीति अबलम्बन गऱ्यो जसले गर्दा भारत र चीनबाट हुने आयातसँग सिद्धार्थ लोकमार्ग आसपासका उद्योगहरूले प्रतिस्पर्धा गर्न नसकी बन्द भए । खुला अर्थनीति पश्चात् करिडोरको झिनो उत्पादन शक्ति कमजोर भएर गयो र कमिसन् अर्थतन्त्र मौलाएर गयो । दशकौं लामो द्वन्द्वले देशको उत्पादन शक्ति झन् कमजोर बन्यो र आयातीत सामानले बजार ओगट्यो । ब्यापारघाटा बढ्दै गयो र स्थानीय उत्पादन इकाई बन्द भए । सिद्धार्थ लोकमार्ग आसपासको मध्यम बर्ग बजारतर्फ पलायन भयो र यो बर्गले गाउँको दुबै ज्ञान र स्रोत बजारतर्फ लग्यो । जसको प्रभाब ग्रामीण क्षेत्रमा नकारात्मक रह्यो । ग्रामीण क्षेत्रमा बस्ने र नियमित आम्दानी हुने बर्गको (शिक्षक, कर्मचारी, सुरक्षाकर्मी आदिको) सहरी आकर्षणले ग्रामीण क्षेत्रमा लगानी भएन र ग्रामीण क्षेत्र अत्यन्तै कमजोर रह्यो । उल्टै उनीहरूले गाउँको स्रोत बजारतर्फ लगे यसले गर्दा Siphoning of Resources भयो । सन् १९८० को दशकमा सिद्धार्थ लोकमार्गलाई आधार मानेर दुई अध्ययन भए । यी अध्ययनले सिद्धार्थ लोकमार्गको निर्माणले निम्त्याएको द्यबअपधबकज भाभअतको बारेमा ब्याख्या गरे । (Blaikie, Piers M ., John Cameron and David Seddon . 1977 . The Effects of Roads in West Central Nepal: A Summary . Norwich: University of East Anglia . Blaikie, Piers M ., John Cameron and DavidSeddon . 1980 . Nepal in Crisis: Growth and Stagnation at the Periphery . Oxford: Oxford University Press (Reprinted by Adroit Press, New Delhi, 2001) । यी दुबै अध्ययनले सिद्धार्थ लोकमार्गको निर्माणले परम्परागत आर्थिक उत्पादनका साधनहरू ग्रामीण क्षेत्रमा ध्वस्त हुँदै गएका र कृषिको आधुनिकीकरण हुन नसकेको हुँदा ग्रामीण क्षेत्रमा यसको Backwash भाभअत देखिएको बताएका थिए । त्यस्तै गरी (The Theory of Himalayan Environmental Degradation) पर्वतीय क्षेत्रमा वातावरणीय ह्रास सिद्धान्तको असर पनि यस करिडोरमा उल्लेखनीय रहयो । सन् १९७० र १९८० को दशकमा भारतीय र पश्चिमा बिद्वानहरूले पहाडमा जनसंख्याको बृद्धि र वन फँडानीले वातावरणीय ह्रास भएको सिद्धान्त जबरजस्त प्रतिपादन गरे जसले गर्दा पहाडी क्षेत्रका पूर्बाधार र आर्थिक बिकासमा न्यून लगानी भयो । नेपालको आर्थिक लगानी काठमाडौं लगायतका उपत्यका र तराईमा बढदै गयो । यसलाई प्रतिस्थापन गर्न सन् १९९० को दशकमा Counter Theory of Himalayan Environmental Degradation बिकास गरियो र पुनः पहाडी क्षेत्रमा लगानीको वातावरण बन्यो । नेपालको मध्यपहाडी लोकमार्ग यसको उदाहरण हो । सिद्धार्थ लोकमार्ग नेपालमा सबभन्दा बढी आबास निर्माणले अतिक्रमण भएको लोकमार्ग हो । स्याङजा बजार, गलेङ्ग बजार र पाल्पाको वर्तुङ यसका उदाहरण हुन् । उच्च अतिक्रमणले गर्दा यसको बिस्तार र सुदृढीकरण खर्चिलो देखिनु र सरोकारवाला मौन रहने स्थिति बन्यो । सिद्धार्थ लोकमार्गको निर्माण बिषम पहाडी धरातलमा भएको जस्तै भालू पहाड खण्ड, वालिङ्—गलेङ्ग खण्ड र सिद्धवावा खण्ड । यी खण्डमा लोकमार्गको बिस्तार र सुदृढीकरण कठिन हुनुपनि यस करिडोर छायाँमा पर्नुको एक मुख्य कारण हो ।

८ **सिद्धार्थ आर्थिक करिडोरका चुनौतीः** सिद्धार्थ आर्थिक करिडोरको प्रभाव क्षेत्र साबिकका गण्डकी र धवलागिरी अञ्चल अर्थात् हालको गण्डकी प्रदेश हो । यस प्रदेशमा निमार्णाधीन तलका लोकमार्गसँग यसले प्रतिस्पर्धा गर्नुपर्दछ । मध्यपहाडी लोकमार्ग, कोरला—गैंडाकोट-गण्डकी करिडोर (कालिगण्डकी पश्चिम), मल्याङ्ग्दी, फलेवास-मिर्मि-गल्याङ्-चापाकोट शालिग्राम साँस्कृतिक लोकमार्ग (कालिगण्डकी पूर्ब), प्रस्ताबित भिमाद-डेडगाँउ-दुम्कीबास-त्रिबेणी लोकमार्ग, तानसेन-रामपुर-कावासोतीमार्ग, मदनभण्डारी लोकमार्ग र सडक अतिक्रमण हटाई Right of the way कायम गर्नु । सडक बिस्तार र सुदृढिकरणको लागि चाहिने लगानी पूँजीको ब्यबस्था गर्नु । सडकको दायाँबायाँ आर्थिक गतिबिधि सञ्चालन गर्नु । यस आर्थिक करिडोरका मध्यम बर्गलाई सडकका दायाँबाया आर्थिक गितिबिधि सञ्चालन गर्न आकर्षित गर्नु । कृषिको आधुनिकीकरण गर्नु । कृषि प्रशोधन उद्योग स्थापनाको लागि आबश्यक कच्चा पदार्थको ब्यबस्था गर्नु आदि प्रमुख चुनौती हुन् ।

९. **सिद्धार्थ आर्थिक करिडोरलाई चलायमान बनाउन के गर्ने ?** सिद्धार्थ आर्थिक करिडोरको पुनर्निमाण तथा पूर्ण बिकास गर्न शक्तिशाली सिद्धार्थ आर्थिक करिडोर सरोकार परिषद् गठन गर्ने । गण्डकी प्रदेश र ५ नं प्रदेशका आर्थिक करिडोर क्षेत्रवाट प्रतिनिधिसभा र प्रदेशसभामा प्रतिनिधित्व गर्ने सांसद्, नगरपालिका र गाउँपालिकाका प्रमुख र उपप्रमुख, आर्थिक करिडोरमा पर्ने उद्योग बाणिज्य संघ, उद्योग परिसंघ, र चेम्बर्स अफ कमर्सका अध्यक्ष, नागरिक समाजका प्रतिनिधि, आर्थिक करिडोरका अर्थशास्त्री तथा योजनाबिद्, सरोकार परिषद्का सदस्य मध्येबाट छोटो छरितो कार्यकारी समिति गठन गर्ने । सरोकार परिषद् र कार्यकारी समितिले लोकमार्ग पुनर्निमाण र करिडोरमा औद्योगीकरण गर्न आबश्यक कार्य गर्ने ।

करिडोर क्षेत्रमा आयातीत सामान बेच्ने कमिसनमुखी अर्थतन्त्रबाट उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण हुन जनमत निर्माण गरी आयात प्रतिस्थापनाका काम गर्ने । गण्डकी प्रदेश र ५ नं प्रदेशले सिद्धार्थ लोकमार्ग चारलेनमा स्तरबृद्धि गर्न सहकार्य गरी संघीय सरकारसँग बजेटको लागि अनुरोध गर्ने । सिद्धार्थ लोकमार्गमा पर्ने सबै नगरपालिका र गाउँपालिकाले सडकको दायाँबायाँ Right of the way निर्धारण गरी पुनर्निमाणमा सहजीकरण गर्ने । सबै नगरपालिका र गाउँपालिकाले सिद्धार्थ लोकमार्गलाई लक्षित गरेर कम्तिमा पनि एक पालिका एक उद्योगग्रामको स्थापना गर्ने । सबै नगरपालिका र गाउँपालिकाले भूउपयोग नीति बनाई उद्योगग्राम स्थापना गर्नको लागि आबश्यक कच्चा पदार्थ स्थानीय स्तरमा उत्पादन गर्न पहल गर्ने । कृषिको आधुनिकीकरण गर्न नयाँ प्रबिधि खोज्ने, यान्त्रिकीकरणमा सघाउने, र स्रोत परिचालन गर्ने । चक्लाबन्दी र करार कानून बनाई कृषि आयतनको आकार बढाउने, आधुनिकीकरण र बजारीकरणमा सघाउने । लोकमार्गको दायाँबायाँ ५०० मिटरसम्ममा फलफूलको क्षेत्र बिकास गर्ने । फलफूलमा रूपन्देहीमा लिची र आँप तथा पाल्पा र स्याङ्जा जिल्लामा एभोकाडो लगाउने । ५०१ देखि २,५०० मिटर सम्ममा तरकारी र साना तथा मझौला उद्योग र २,५०० मिटर भन्दा माथि पशुपालन गर्ने जस्ता आर्थिक क्रियाकलापलाई प्रश्रय दिने । लोकमार्ग वरिपरि होटेल तथा रेस्टुरा स्थापना र सञ्चालन गर्ने वातावरण निर्माण गर्ने । भैरहवा आउने पर्यटकलाई पोखरा र पोखरा आउनेलाई भैरहवासम्म आबतजाबत गर्न रोमाञ्चित पहाडी यात्रा प्रर्बद्धन गर्ने । पर्यटनको स्थानीय अर्थतन्त्रसँग अग्र र पृष्ट सम्बन्ध बिकास गर्ने । गण्डकी प्रदेश र ५ नं प्रदेशबीच र यस करिडोरमा पर्ने स्याङ्जा, पाल्पा र रूपन्देहीका पालिकाहरूबीच यस आर्थिक करिडोरलाई चलायमान बनाउन सहकार्य गर्ने । चारवटा अन्तर्राष्ट्रिय बिमानस्थल बीच(निजगढ, काठमाण्डौ, पोखरा, भैरहवा)बृहत्तर आर्थिक क्षेत्र निर्माण गर्ने । सिद्धार्थ आर्थिक करिडोरको अवधारणा सफल बनाउन सरोकारवाला स्थानीय तह र प्रदेश सरकारबीच समेत समन्वयात्मक पहल तानसेन नगरपालिकाले सिद्धार्थ आर्थिक करिडोरका लागि मेयर्स फोरम गठन निम्ती २०७६ मंसिर १५ र १६ गते १६ स्थानीय तहको भेला राखेर सकारात्मक पहल गरेको छ । तानसेन भेलाको घोषणापत्र र निर्णय कार्यान्वयनमा सरोकारवाला सबै लाग्नु पर्दछ । सफलताका लागि सहकार्यको खाँचो छ ।

(उपाध्यक्ष, गण्डकी प्रदेश, नीति तथा योजना आयोग)

कविता

# खोजूँ कहाँ के अरू ?



– डिल्लीराज अर्याल

पाल्पाको महिमा भनेर कसले सक्ला कहाँसम्म खै !
पाल्पाको मुटु तानसेन यसको चर्चा कहाँ गर्नु खै !
पाल्पाका दरबार, मन्दिर, गुफा, पौवा पुराना कतै
रानीघाट र अर्गली नजिकमा छन् खेत, खेती निकै

देख्दामा ह्रषिकेश मन्दिर रिडी, काली मजा आउँछ !
हेर्दामा अझ और्व आश्रम फिरी अर्कै मजा आउँछ !
यौटा मार्ग छ तीरकै अरतुँगा, छेर्लुङ् र राम्दीतिर
अर्को मार्ग समातिए लुहुङको निस्किन्छ भुल्केतिर

मार्गैमार्ग यताउता छ सजिलो हेरिन्छ नौलो कुरा
रानीघाट बताउनेछ बिचमा त्यो प्रेम भर्ने कुरा
उक्ले माथि पुगिन्छ एकछिनमै गुम्हा र बौघातिरै
चेचीकोट कहन्छ तान्त्रिक कथा, डाँडाहरू छन् त्यतै

छन् गाग्री, करूवा, कुटो र हँसिया बन्ने कलाकारिता
झाम्रे, फागु र मारूनी, भजन वा झँगा, पुराना कथा
हेर्ला को श्रम, सीप, जाँगर, कला, सम्पन्नता, सभ्यता
गर्ला स्वागत एउटा सुरूङले खोलेर सम्भाव्यता

राम्रा मन्दिर, ताल, मस्जिद, गुफा, पाखापखेरा, वन
कान्ला, फाँट, गह्रा, बिहार सहजै हर्छन् सबैका मन
पाटी, लेक, गढी, त्रिशूल पहिलो ठूलो छ संसारकै !
'ढोका मूल' बडो कलात्मक यहीँ ठूलो छ मान्छन् सबै

माडी हेर्छु, तिनाउ हेर्छु, नरका बाँच्ने कला हेर्छु म
कालीको जलधार हेर्छु तिनका नाच्ने कला हेर्छु म।
के पाइन्न र छैन यो जमिनमा? ऐश्वर्य, आलोक छ
सारा देश छ यत्तिमै नजरकै साम्ने सबैथोक छ।

कैयौं आश्रम छन् अनेक ऋषिका, किल्ला, गढी, टाकुरा
भाका छन्, लय, गीत छन् मन छुने सङ्गीतका के कुरा,
छन् सिङ्गै इतिहास, पौरख कथा, छन् किम्बदन्तीहरू
मेरो देश यही छ, हेर्छु मनले, खोजूँ कहाँ के अरू?

*(वरिष्ठ साहित्यकार तथा पत्रकार)*

# सिद्धार्थ आर्थिक करिडोर
# पर्यटन प्रवर्द्धनको बलियो आधार



–प्रा.डा.ईश्वर गौतम

**१. विषय प्रवेशः**

प्रदेश नं. ५ को अस्थायी राजधानी रहेको रूपन्देहीको बेलहियादेखि गण्डकी प्रदेशको राजधानी पर्यटकीय नगरी पोखरासम्म फैलिएको १८१ कि. मि. सडक सञ्जालसँग जोडिएका पालिका क्षेत्रलाई सिद्धार्थ आर्थिक करिडोरको रूपमा लिन सकिन्छ । विश्व शान्तिका नायक सिद्धार्थ गौतम वुद्धको नामबाट नामाङ्कित गौतम वुद्धकै जन्मथलोबाट प्रारम्भ भएको यो सडक सन् १९६० को दशकदेखि निर्माण कार्य प्रारम्भ भई सन् १९७० को दशकमा सम्पन्न भएको हो । यसलाई सिद्धार्थ लोकमार्गको नामबाट परिचित गराइएको छ । यो लोकमार्गको आसपासका बस्तीको आर्थिक विकासको मेरूदण्डको रूपमा रहेको हुनाले यो क्षेत्रलाई सिद्धार्थ आर्थिक करिडोर नामाङ्कन गर्नु सान्दर्भिक ठानिन्छ ।

यो क्षेत्रमा अर्थात् सिद्धार्थ लोकमार्गसँग जोडिएका पालिकामा वसोबास गर्ने जनशक्तिको समग्र विकासको एउटा प्रमुख आधार भनेको आर्थिक विकास नै हो । आर्थिक विकासका लागि जनशक्ति विकासको मेरूदण्ड हो । जनशक्तिमा सकारात्मक सोच, सीप, दक्षता र योग्यताले मात्र विकासका आधार खडा गर्न सकिन्छ । यसै सन्दर्भमा सिद्धार्थ करिडोरका आसपासको जनशक्तिलाई सकारात्मक सोचको विकास गराई आफ्नो जन्मस्थल तथा कर्मस्थल प्रति अपनत्व जागरण गराउन र त्यस क्षेत्रको आर्थिक सम्मुन्नतिलाई उपलब्ध साधन तथा स्रोतको यथोचित परिचालनबाट रोजगारीको अवसर सिर्जना गर्न सकेमात्र सिद्धार्थ करिडोरलाई आर्थिक करिडोरको रूपमा रूपान्तरित गर्न सकिन्छ । जसबाट त्यस क्षेत्रको समग्र विकासमा टेवा पुग्ने विश्वास गरिन्छ ।

यसरी यो क्षेत्रमा क्षेत्रीय विकासको साझा जिम्मेवारी यो करिडोर अन्तर्गतका १५ वटै पालिकाको समन्वयमा सिद्धार्थ आर्थिक करिडोरको विकासको साझा अवधारणा निर्धारण गरी समग्र विकासको अवधारणा तयार गर्ने, कार्यान्वयन गर्ने र मुल्याङ्कन गरी समय सापेक्ष सुधार गर्दै जाने अठोटका साथ तानसेन नगरपालिकाको अग्रसरतामा २०७६ मंसिर १५ र १६ गते पालिकाहरूको सम्मेलनबाट साझा सञ्जाल निर्माण भएको छ । आशा गरौं यो सञ्जालको माध्यमबाट सिद्धार्थ आर्थिक करिडोरले अपेक्षित प्रतिफल प्राप्त गर्न सक्नेछ, सकोस्।

**२. सिद्धार्थ आर्थिक करिडोर :**

वेलहियादेखि पोखरा अर्थात् सिद्धार्थ लोकमार्गसँग आवद्ध गण्डकी प्रदेशका पोखरा महानगरपालिका, फेदीखोला गाउँपालिका, पुतलीवजार न.पा., भिरकोट न.पा., वालिङ न.पा. तथा गल्याङ न. पा.समेत ६ वटा पालिका रहेका छन् भने प्रदेश नं. ५ का रम्भा गा.पा., माथागढी गा.पा., वगनासकाली गा.पा., तानसेन न.पा., तिनाउ गा.पा., बुटवल उपमहानगर.पालिका, तिलोत्तमा न.पा.,ओमसतिया गा.पा., सिद्धार्थनगर न.पा., गरी जम्मा ९ वटा पालिका समेत कूल १५ पालिका यो लोकमार्गसँग जोडिएका छन् । तानसेनमा सिद्धार्थ आर्थिक करिडोरका लागि मेयर्स फोरमका लागि आयोजित स्थानीय तहहरूको सम्मेलनमा प्रभावित पालिका भनेर कालीगण्डकी गाउँपालिकालाई समेत सामेल गराइएको थियो ।

**सिद्धार्थ लोकमार्गसँग प्रत्यक्ष जोडिएका पालिकाअनुसार जनसंख्या तथा क्षेत्रफल विवरण**

| क्र.स | पालिकाहरूको नाम | क्षेत्रफल (वर्ग कि.मि.) | जनसंख्या |
|---|---|---|---|
| १ | पोखरा महानगरपालिका | ४६४.२४ | ४,०२,९५५ |
| २ | फेदीखोला गाउँपालिका | ५६.७३ | १४,९२७ |
| ३ | पुतली बजार नगरपालिका | १४६.२ | ४४,८७६ |
| ४ | भीरकोट नगरपालिका | ३४.०० | २५,५८३ |
| ५ | वालिङ नगरपालिका | १३३.८५ | ५१,२४३ |
| ६ | गल्याङ नगरपालिका | १२२.७९ | ३६,९६७ |
| ७ | रम्भा गाउँपालिका | ९४.१२ | २५,१९० |
| ८ | माथागढी गाउँपालिका | २१५.०० | २५,०१८ |
| ९ | वगनासकाली गाउँपालिका | ८४.१६ | २६,९७८ |
| १० | तानसेन नगरपालिका | १०९.७९ | ५७,०४५ |
| ११ | तिनाउ गाउँपालिका | २०२.०० | १९,०८५ |
| १२ | बुटवल उप महानगरपालिका | १०१.०६ | १३८७९२ |
| १३ | तिलोत्तमा नगरपालिका | १२६.२ | १००१४९ |
| १४ | ओमसतिया गाउँपालिका | ४८.०० | ३४१९१ |
| १५ | सिद्धार्थनगर नगरपालिका | ३६.०३ | ६३४९७ |
| | **जम्मा** | **१९७४.१७** | **१०६६९४६** |

यसरी यस करिडोरमा जोडिएका स्थानीय पालिकाहरूको कूल जनसंख्या १०,६६,९४६ रहेको छ । यो जनसंख्या नेपालको कूल जनसंख्याको ४.१३ प्रतिशत रहेको छ । यो करिडोरको आसपासमा रहेका जनसंख्यालाई सोही क्षेत्रमा स्थापित गर्ने र उनीहरूको जीवनस्तरमा सुधार ल्याउनका लागि र बसाइ

सराइ कम गर्नका लागि सोही स्थानमा रोजगारीको अवसर सिर्जना गर्ने उद्देश्यका साथ सञ्जाल निर्माण गर्ने कार्य र सो सञ्जालको नियमित बैठक बसी पालिकाबिच समन्वय गरी आवश्यक व्यवस्था मिलाउनु जरूरी छ । विशेष गरी यो करिडोर आसपासका क्षेत्रको रोजगारीको बढी सम्भावना पर्यटन प्रवर्द्धनबाट हुनसक्ने देखिन्छ । प्रशस्त पर्यटनको सम्भावना बोकेको क्षेत्र यसै करिडोर अन्तर्गत पर्ने भएकाले सवै पालिकाहरूले त्यसतर्फ ध्यान दिन सके आर्थिक सम्मुन्नतिको ढोका खुल्ने वातावरण वन्न सक्दछ ।

### ३. पर्यटन प्रवर्द्धन

सिद्धार्थ लोकमार्ग नेपालमा मात्र नभएर संसारमै परिचित विश्व सम्पदा सूचीमा सूचीकृत रहेको लुम्विनी र अर्को महत्वपूर्ण पर्यटकीयस्थल पोखरालाई जोड्ने महत्वपूर्ण लोकमार्ग हो । एकातर्फ सिद्धार्थ लोकमार्ग अन्तर्गत गौतम वुद्धसँग सम्वन्धित उहाँको जन्मस्थल लुम्विनी, प्राचीन कपिलवस्तु, देवदह (मावली घर), रामग्राम (अस्तु राखिएको ठाउँ), कुदान, निग्लिहवा लगायतका स्थानहरूले पर्यटक आकर्षण गर्दै आएका छन् भनेः अर्कोतर्फ पर्यटकीय नगर पोखरामा रमणीय स्थान फेवा, वेगनास, रूपा आदि विभिन्न ताल तलैयाहरू, माछापुच्छे, अन्नपूर्ण र सारङकोटबाट दश्यावलोकन गर्न सकिने, पातले छाँगो, गुप्तेश्वर महादेव गुफा, महेन्द्र गुफा, विश्वशान्ति स्तुपा, माटेपानी गुम्वा, तालवाराही, भुकाली अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय, विन्ध्यवासिनी मन्दिर आदि अत्यन्तै रमणीय स्थानहरूसमेत रहेका छन् । लुम्विनी र पोखरा जस्ता महत्वपूर्ण ठाउँलाई जोड्ने रूपन्देही, पाल्पा, स्याङजा र कास्की ४ जिल्लामा रहेका अनगिन्ती पर्यटकीय स्थलहरूले पर्यटकहरूलाई क्रमिक रूपमा आकर्षण गर्दै आएको परिप्रेक्ष्यमा पछिल्लो ४-५ वर्ष यता लुम्विनी वा पोखरा आउने पर्यटकहरूको सिद्धार्थ लोकमार्गको वैकल्पिक मार्ग लुम्विनी नारायणघाट हुँदै पोखरा जाने क्रम बढ्दो छ । समयमै सिद्धार्थ लोकमार्गका पालिकाहरूले आआफ्नो पर्यटकीय स्थलको मर्मत, थप संरचना निर्माण र सौन्दर्यतर्फ ध्यान नदिने हो, भने आन्तरिक तथा बाह्य पर्यटक दिन प्रतिदिन घट्दै जाने, त्यस क्षेत्रमा पर्यटन व्यवसाय मार्फत् हुने आय घट्दै जाने र बाध्यतावश त्यहाँबाट बसाइ÷सराइको क्रम बढ्ने र अन्त्यमा भविष्य अन्धकारमय हुन सक्ने प्रवल सम्भावनालाई समयमै सोच्न जरूरी छ ।

सिद्धार्थ लोकमार्गसँग जोडिएका छाङछाङ्दी मन्दिर, सिरूवारी, भीरकोट दरवार, प्याराग्लाइडिङ पञ्चमूल, सिद्धार्थ लोकमार्गसँग जोडिएको स्याङजाको फेदीखोला गाउँपालिका १ सालुडाँडामा रहेको ब्रिटिस गोर्खा सेना कार्यरत नेपाली बहादुरहरूले प्रथम र द्वितीय विश्वयुद्ध लगायत अन्य क्षेत्रीय युद्धमा ज्यान गुमाउनेहरूको जन्मस्थलमा उनीहरूको सम्झनामा करीब ३०० रोपनी जग्गामा निर्माणाधीन स्मारक, त्यस्तै पुतली बजार-१४ मा रहेको नेपालको १०० वटा उत्कृष्ट गन्तव्य भित्र सूचीकृत भएको सातौं चण्डी मन्दिर, गल्याङ न.पा. मा रहेको राम्दीघाट जुन पाल्पा र स्याङजाको सिमानामा पर्दछ । यी विभिन्न स्थान पर्यटकलाई आकर्षित गर्ने  गण्डकी प्रदेशका महत्वपूर्ण ठाउँ मानिन्छन् । त्यस्तै गरी प्रदेश नं.५ मा रहेका पाल्पा तानसेनको रानीघाट दरवार अर्थात् रानीमहल, पाल्पा दरबार संग्रहालय, रणउजीरेश्वरी भगवती मन्दिर, अमरनारायण मन्दिर, श्रीनगर, सिद्धवावा मन्दिर, नुवाकोट, एसियाकै ठूलो त्रिशुल भएको भैरवस्थान मन्दिर,  रूपन्देहीको मणिमुकुण्द पार्क, शंकर नगर वनबाटिका त्यस्तै बुटवल उपमहानगरपालिका -१२ मा रहेको नेपालमा १०० वटा पर्यटकीय गन्तब्यमध्ये सूचीकृत भएको पिस पार्क आदि इत्यादि अनगिन्ती पर्यटकीय स्थल रहेको यो करिडोर धार्मिक, सामाजिक, सांस्कृतिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणबाट निकै महत्वपूर्ण छ ।

माथि उल्लेखित पर्यटकीय स्थलहरू केवल सिद्धार्थ लोकमार्गसँग जोडिएका पालिकाहरूमा रहेका केही स्थान मात्र हुन । यो लोकमार्गको प्रभाव केवल जोडिएको पालिकामा मात्र नभई समग्र प्रदेश नं.५ र गण्डकी प्रदेशमा अन्य पर्यटकीय क्षेत्रहरूमा पनि छ । यसको प्रभाव स्थानविशेष मात्र नभई कला, संस्कृति, मनोरञ्जन तथा धार्मिक आस्था आदि विषय बस्तुसँग पनि छ । हाल विद्यमान रहेका पर्यटकीय स्थानहरूको स्तरोन्नति र अन्य नयाँ-नयाँ Hillside station मा पर्यटनलाई टेवा पुऱ्याउने, स्थानीय जनशक्तिले थप रोजगारीको अवसर प्राप्त गर्ने तथा उद्योग र व्यापारको स्थापना तथा प्रवर्द्धनसमेत हुने गरी तीन तहको सरकारको ध्यान आकर्षण हुन जरूरी छ ।

### ४. पर्यटनको मुख्य आधार सिद्धार्थ लोकमार्गः

कुनै बेला तत्कालीन पश्चिमाञ्चल विकास क्षेत्रको विकासको आधार ठानिएको सिद्धार्थ राजमार्ग (हाल लोकमार्ग) गण्डकी प्रदेश र प्रदेश नं. ५ को पर्यटनको मुख्य पूर्वाधारको रूपमा रहेको छ । त्यसैले यस मार्गलाई समय सापेक्ष मर्मत तथा स्तरोन्नति गर्न नसकेमा पर्यटन प्रवर्द्धन हुन नसक्ने प्रायः निश्चित छ । यो सडकको निर्माण कार्य भारतको आर्थिक एंव प्राविधिक सहयोगमा सन् १९६४ मा प्रारम्भ भै सन् १९७२ मा सम्पन्न भएको हो । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको पाँचवर्षे रणनीतिक योजना (२०७३-२०७८) अनुसार ३ वर्ष भित्र यस लोकमार्गको बुटवल पोखरा खण्डलाई २ डेडिकेटर लेनको बनाउने कार्यक्रम रहेको छ । यस खण्डमा साना-ठूला गरी करीव ३४ वटा पुलहरू रहेका छन् जसमध्ये पाल्पा र स्याङजा जोड्ने राम्दीको पुल ९३ मिटर लम्वाई भएको स्टिल ट्रष्ट किसिमको पुल सबै भन्दा लामो पुल हो । यो भाग भएर बुटवबाट उत्तरतर्फ साना-ठूला गरी करीव ५००० सवारी साधन दैनिक आवत-जावत गर्दछन् । यो लोकमार्ग रूपन्देही जिल्लाको बेलहिया -चिडियाखोला खण्ड २७ कि.मि.,

पाल्पाको चिडिया खोला - राम्दी खण्ड ५९ कि.मि., स्याङ्जाको राम्दी - कुभिण्डे खण्ड ७८ कि.मि. र कास्कीको कुभिण्डे -पृथ्वीचोक सम्म १७ कि.मि. गरी जम्मा १८१ कि.मि., रहेको छ । प्रदेशको हिसावले प्रदेश नं. ५ मा वेलहिया - राम्दी ८६ कि.मि. र गण्डकी प्रदेशमा राम्दी - पोखरा ९५ कि.मि. रहेको छ । सडकको हालको औसत चौडाइ ५.७ मिटर रहेको छ । पाल्पा जिल्लाको चिडिया खोलादेखि दोभान खण्डको बाटो निकै खतरापूर्ण रहेको, ढुङ्गा खसिरहने, सधै पहिरोको त्रास र वार्षिक औसत १०-१५ जनाको ज्यान जाने गरी दुर्घटना भै रहने भएकोले सिद्धबाबा मन्दिरदेखि करीव १२०० मिटरको सुरूङ मार्ग निर्माण कार्यको तयारी भइसकेको छ । तोकिएकै समयावधि भित्र यो लोकमार्गको स्तरोन्नतिको कार्य सम्पन्न हुन सके यस क्षेत्रमा आर्थिक गतिविधिमा आशानुरूप प्रगति हुन सक्नेछ ।

**५. पर्यटन प्रवर्द्धनका पूर्वाधारहरु**

सिद्धार्थ लोकमार्ग आसपासको क्षेत्रमा आर्थिक गतिविधिलाई तीव्र गराउने प्रमुख आधार नै पर्यटन व्यवसाय भएकोले सो व्यवसायलाई सहयोग पुर्‍याउन निम्न पूर्वाधार आवश्यक छन् :

(क) **यातायात-** विश्वको पर्यटन इतिहासलाई हेर्ने हो भने यातायातको विकासमा पर्यटनको विकास निर्भर भएको पाइन्छ । सन् १८३० मा वेलायतको लिभरपुल-म्यानचेष्टरसम्म रेलसेवा सञ्चालन भएपछि त्यहाँको पर्यटन गतिले तीव्रता प्राप्त गर्न सक्यो । त्यसैगरी आधुनिक पर्यटनका गुरू मानिने थोमस कुकले लेसिसस्टर देखि लवरोसम्म ५७० जनालाई भाडाको रेलमा सामुहिक यात्रा गराएर पर्यटन प्रवर्द्धन गर्ने कार्यको प्रचार-प्रसार गराए । त्यसपछि युरोपमा पर्यटनको विकास भएको मानिन्छ । हाम्रो देशमा विशेषगरी गण्डकी र प्रदेश नं ५ को पर्यटन विकासको लागि प्रस्तावित स्याफ्रूबेसी -पोखरा-लुम्विनी रेलमार्गको निर्माण, निर्माणाधीन पोखरा तथा भैरहवाको (गौतमबुद्ध) अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न पश्चात् भैरहवाको पर्यटकलाई पोखरा र पोखराको पर्यटकलाई लुम्विनी पुर्‍याउन सिद्धार्थ लोकमार्गको स्तरोन्नति नै यसको पूर्वाधार हुनसक्छ ।

(ख) **होटल तथा रेष्टुरेण्ट-** पर्यटकीय होटल र रेष्टुरेण्ट अर्थात् उपयुक्त बास तथा खानाको व्यवस्था पनि पर्यटन विकासका लागि पूर्वाधार मानिन्छ ।

(ग) **सञ्चार तथा सुचना प्रविधि-** पर्यटकलाई पर्यटकीय स्थलको बारेमा जानकारी गराउन र उनीहरूका प्रतिक्रिया, सुझावका साथै विभिन्न ठाउँमा सम्पर्कका लागि पनि सञ्चार तथा सूचना प्रविधि पर्यटकीय स्थलमा अति आवश्यक मानिन्छ ।

(घ) **सुरक्षा व्यवस्था-** पर्यटकहरूले आफू सुरक्षित गन्तव्यमा पुगेको अनुभूति गर्न नसके पर्यटन प्रवर्द्धन सम्भव छैन, त्यसैले सुरक्षाको समुचित प्रवन्ध पनि एउटा महत्वपूर्ण पूर्वाधार मानिन्छ ।

(ङ) **सत्कार-** पर्यटकको स्वागत सत्कार पनि एउटा महत्वपूर्ण पूर्वाधार मान्न सकिन्छ । त्यसैले पर्यटकीय स्थलमा पर्यटन गाइड तथा Hospitality को व्यवस्था पनि महत्वपूर्ण पूर्वाधार हो ।

पर्यटकहरु विभिन्न उद्देश्य लिएर घुम्न आउने गर्दछन, नेपालको सन्दर्भमा लुम्विनी र पोखरा निकै चर्चित पर्यटकीय स्थल भएको र यी दुई ठाउँलाई संयोजन गर्ने सिद्धार्थ लोकमार्ग भएको र सो लोकमार्गका आसपासका क्षेत्र पनि पर्यटकीय गन्तव्य भएकोले पर्यटक कुन किसिमका हुन भन्ने कुराको ज्ञान हुनु समेत जरूरी छ । जुन उद्देश्यले पर्यटक आउँछन् उनीहरूलाई सोही अनुसारको स्थान तथा गतिविधिको अवलोकन गराउन सके पर्यटन क्षेत्रको थप विस्तार तथा विकास गर्न सकिन्छ ।

**६. सिद्धार्थ करिडोर क्षेत्रको पर्यटकीय विकासमा चुनौतीः**

सरकारी निकायको तथ्याङ्क बिश्लेषण गर्ने हो भने नेपालमा पर्यटन विकासको क्षेत्र बि.स. २०१३ साल देखि प्राथमिकतामा परेको पाइन्छ । विगतका १४ वटा योजना र हाल प्रकाशित पन्ध्रौं योजनामा समेत पर्यटन क्षेत्र नेपालको आर्थिक विकासको पूर्वाधारको रूपमा स्वीकार गरिएको छ । प्रदेश सरकार तथा स्थानीय सरकारले समेत यो क्षेत्रलाई प्राथमिकतायूक्त क्षेत्रको रूपमा उल्लेख गरेका छन् । झन प्रदेश नं.५ र गण्डकी प्रदेशले त आफ्नो प्रदेशको समृद्धिको प्रमुख आधार नै पर्यटन उद्योगलाई मानेका छन् । विभिन्न तहका सरकारले प्राथमिकतामा राखेता पनि यो क्षेत्रमा चुनौतीहरूको सामना गर्न निकै कठिनाई भइरहेको अवस्था छ । ती चुनौतीलाई समाधान गर्न सके नेपालको आर्थिक मेरूदण्डको प्रमुख आधार पर्यटनलाई "त गतिमा अगाडि बढाउन सकिन्छ, मुख्य चुनौती निम्न छन् ।

(क) पर्यटकीय स्थान तथा गतिविधिको भरपर्दो तथा उपयूक्त प्रचार-प्रसारको माध्यमको अभाव

(ख) पर्यटकीय स्थलको आक्रर्षण बढाउन सर-सफाई तथा सौन्दर्यको कमी

(ग) स्थानीय सामग्री, कला, संस्कृति आदिको यथोचित उत्पादन तथा प्रस्तुतिकरणको कमी

(घ) राजनैतिक हस्तक्षेप

(ङ) पर्यटकीय पूर्वाधार-यातायात, होटल, रेष्टुरेण्ट, सञ्चार तथा सुचना प्रविधि आदिको अपर्याप्तता

(च) पर्यटकीय मार्गमा उपयूक्त शौचालयको अभाव

(छ) जनचेतनाको कमी

(ज) प्रर्यावरणीय सन्तुलन कायम गर्न नसक्नु

(झ) कुशल व्यवस्थापनको अभाव

(ञ) शान्ति सुरक्षाको भरपर्दो व्यवस्था नहुनु

(ट) दक्ष पथप्रदर्शकको अभाव

**७. उपसंहारः**

प्रदेश नं ५ र गण्डकी प्रदेश जोड्ने सिद्धार्थ लोकमार्गको आसपासको क्षेत्रलाई पर्यटकीय गन्तव्यको रूपमा विकास तथा विस्तार गर्नको लागि यो रूटमा पर्ने १५ वटा पालिकाको साझा प्रयासबाट मात्र यहाँको आर्थिक सम्मुन्नतिको आधार खडा हुने हुँदा सबै स्थानीय पालिका साथै संघीय सरकारको सहयोग तथा प्रदेश सरकारको समेत सहभागितामा बेलहिया देखि पोखरासम्मको यात्रामा पर्यटकहरूलाई रमाउने वातावरण र बीचबीचमा रात बिताउन समेत आकर्षण गर्ने उपयूक्त वातावरण सिर्जना गर्ने उद्देश्यले तानसेनमा सम्पन्न पालिकाहरूको सम्मेलनमा १५ वटै स्थानीय तह बीचमा सञ्जाल निर्माण भएको छ । सो सञ्जालले निर्णय गरेअनुरूप सवैभन्दा पहिला सिद्धार्थ लोकमार्गको तत्काल मर्मत संभार र स्तरोन्नतिमा बढी जोडदिने निर्णय समेत गरेको छ । त्यसको कार्यान्वयनमा सवैको चासो रहोस् । स्थानीय अवसरहरूको पहिचान, उपभोग र त्यसको व्यवसायीकरण र दीगोपनाको लागि विज्ञ समुहको सहयोगमा उपयुक्त योजना बनाई कार्यान्वयनमा निरन्तरता दिन आवश्यक छ । साथै साझेदारहरूसँग समेत परामर्श तथा सहयोगको वातावरण तयार गर्नपर्ने अपरिहार्य हुनु, आर्थिक विकासका लागि परियोजना तयार गर्ने, कार्यान्वयन गर्ने र मुल्याङ्कन गरी समय सापेक्ष सुधारका लागि PPP Model बाट कार्य सम्पन्न गर्न सके सो दीगो रहन सक्दछ । राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगबाट तयार गरिएको योजनासँग तालमेल मिलाएमा सम्बद्ध पालिकाहरूको एकीकृत विकासमा टेवा पुग्ने भएकोले सो मार्ग अवलम्बन गर्नु उपयूक्त हुनेछ । युवा रोजगारीको अवसर सिर्जना गरी युवा पलायनलाई घटाउँदै लैजान पनि यो अभियान सार्थक हुने देखिन्छ । तसर्थ सिद्धार्थ करिडोर अन्तर्गतका सवै पालिकाहरूले एक आपसमा हातेमालो गरी आपसी अनुभव तथा गतिविधिहरूको निरन्तर आदान-प्रदान गरी दुवै प्रदेशको समुन्नतिमा सहयोग पुग्ने विश्वास गरिन्छ । यसतर्फ सरोकारवाला सबै लागौं ।

(उपाध्यक्ष, प्रदेश नं ५ , नीति तथा योजना आयोग)

पाठक पत्र

## तानसेनका मेयर साहेवलाई सुझाव

**विषय : नितान्त स्थानीय समस्याबारे (तानसेन नगरपालिका) !**



नारायणप्रसाद कोइराला

**मेयर साहेब,**

तपाई स्थानीय सरकार प्रमुख ! अधिकार छ, साधन स्रोत छ र दलीय बहुमत छ तर किन हुँदैन काम ?

१) तानसेन जस्तो पुरानो पहाडको सहर बजार भित्र ठूला सवारी साधन निर्बाध गुडाउँदा के यहाँको व्यापार बढछ ? पर्यटन प्रवर्द्धन हुन्छ कि प्रदूषण बढछ ?

निजी विद्यालय, कलेज, हस्पिटलका साथै टिप्पर र ठूला बस र अब्यवस्थित साना मोटरको जथाभावी पार्किङ ब्यवस्थित गर्ने काम कसको हो ? यो नगर्दा तानसेन सुन्दर भयो कि कुरूप ? के यसले तपाईँको प्रतिष्ठा बढेको छ ?

२) तानसेनको गहना टुँडिखेलको त्यो बिजोक कसले सम्हाल्ने हो ? त्यो नबनाएर राख्दा जथाभावी गाडी पार्किङ, चना चटपटे, चाउचाउ , गुट्का आदिको फोहरले तपाईँको भोट बढाएको छ र ?

३) बढाउनुपर्ने स्थानमा चुप बस्ने जहाँ पछि गरेपनि हुने स्थानमा विनायोजना डोजर लगाई बाटो बढाउन लगाउने (जति बढाउने हो सम्पन्न हुने गरी योजनाबध्द कार्य गर्न के ले रोकेको छ ?

४) आर्थिक वर्ष सकिन केही महिना बाँकी हुँदा कूल पूँजीगत खर्च न्यून भएको देखिन्छ, के अब पनि असारे बजेट सक्ने गरी नै काम गर्ने हो र ?

भन्नु पर्ने कुरा धेरै छन् तर एक मित्रको नाताले यी कुरा राखेको हुँ । बजारमा हिड्दा तपाईँको साथीको काम भन्दै मलाई समेत भन्न थाले (त्यसैले यो सार्बजनिक अपील गरेको छु ! तपाईँको इच्छाशक्ति भए यही आर्थिक वर्षभित्रै सडकबाहेक अरू काम सम्पन्न हुन सक्छ ! बुझ्ने जान्ने तपाई स्वयम् हुनुहुन्छ !

तपाईँको हितैषी मित्र

# तानसेन-१३, छेर्लुङका बोटे जातिको अवस्थाको चित्रण, नगरपालिकाको भूमिका र केही सुझाव



- झपेन्द्र जी.सी.

**१. विषयप्रवेशः**

नेपाल हिमाल, पहाड, चुरे भावर, भित्री तराई र तराई मिली निर्माण भएको छ । १४७१८१ वर्ग कि.मि.क्षेत्रफल मात्र भएपनि भौगोलिक विविधताका हिसाबले विशाल छ र आफैमा सुन्दर पनि छ । यहाँका १२६ जाति १२३ भाषाभाषी बोल्ने गर्दछन् । तर पनि माध्यम भाषा वा सम्पर्क भाषा नेपाली नै हो । यी १२३ भाषा बोल्ने १२६ जातिले विभिन्न धर्म संस्कारमा आस्था राख्ने हुँदा सबै धर्म संस्कारलाई समान सम्मानभाव प्रकट गर्ने हेतुले नेपाल राज्यलाई धर्म निरपेक्ष राष्ट्र घोषणा गरिएको छ । २०७२ साल आश्विन ३ गते घोषित नेपालको संविधानको अक्षर र भावनालाई कदर गर्दै स्थानीय तहको पुनः संरचना हुँदा ७५३ गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका बनेका छन् । पाल्पा जिल्लामा तानसेन नगरपालिका, रामपुर नगरपालिका, निस्दी गाउँपालिका, पूर्वखोला गाउँपालिका, रम्भा गाउँपालिका, माथागढी गाउँपालिका, तिनाउ गाउँपालिका, रैनादेवी छहरा गाउँपालिका, बगनासकाली गाउँपालिका, रिब्दीकोट गाउँपालिका समेत गरी १० वटा पालिकाहरू निर्माण भई समृद्धि र सामाजिक रूपान्तरणको अभियानमा क्रियाशील छन् । ती मध्ये तानसेन नगरपालिका पाल्पाको सदरमुकाम पनि हो । तानसेन नगरपालिकामा १४ वडाहरू छन् । तानसेनको क्षेत्रफल १०९.८ वर्ग कि.मि. हो र जनसङ्ख्या (राष्ट्रिय जनगणना २०६८ अनुसार) ५०, ४०५ जना छ । जसरी सिङ्गो नेपाल देशमा भौगोलिक र सामाजिक सांस्कृतिक विविधता र बहुलता छ, त्यसै मुताविक तानसेन नगरपालिकामा पनि विविधता र बहुलता छ । विविधता र बहुलता तानसेनको सौन्दर्य र सम्पदा पनि हो । ब्राहमण, क्षत्री, नेवार, मगर, कुमाल विभिन्न सीप पेशासँग सम्बन्धित कालीगढ जातिहरू तथा थकाली, गुरूङ, मुस्लिम, बोटे लगायतका जातिहरूको सुन्दर फूलबारी हो । लामो इतिहास बोकेको पाल्पासँग सेनवंशीय इतिहास छ र पुराना कलाकृति, संस्कृति झल्किने सम्पदाहरू छन् । यसरी नै सुन्दर तानसेन भित्रको सौन्दर्यपूर्ण संस्कृतिले भरिएको एउटा थुँगा हो बोटे जाति । बोटे भाषा, संस्कृति पाल्पा जिल्लाको कालीगण्डकी प्रवहण क्षेत्र तानसेनको छेर्लुङ, रामपुर, हुँगी, दरपुक, दैलातुङ जस्ता गाउँवस्तीमा बोटे जाति रहेका छन् । पाल्पामा बोटे जातिको कुल जनसङ्ख्या कति हो, यसको यथार्थ तथ्याङ्क छैन । तानसेन नगरपालिका- १३ को छेर्लुङमा ५३ घर कुरियामा २९६ बोटे जातिको जनसङ्ख्या रहेको छ । तीमध्ये महिला १७८ र पुरूष ११८ रहेका छन् । यस आलेखमा तानसेन- १३, छेर्लुङको पुच्छारमा बसोबास गर्दै आएका बोटे जातिको सङ्क्षिप्त परिचय दिने कोशिश गरिएको छ ।

**२. बोटे जातिको परिचयः**

२.१ बोटे जाति, माझी जाति, दरै जाति, कुमाल जाति, कुसहर र मुसहर जाति, थारूजाति उस्तै उस्तै देखिन्छन् तर, नेपालमा पहिचानको मुद्दा जोरस्वरले उठेपछि नेपाल सरकारले ६१ जातिलाई जनजाति भनेर घोषणा गरेको छ । बोटे माझी, दरै आदिको मुख्य पेसा, माछा मार्नु, डुँगा चलाउनु, बालुवाबाट सुन चाल्नु नै थियो तर, अहिले त अधिकांश नदीनालाका घाटहरूमा पुलहरू प्रमुख रूपमा झोलुङ्गे पुल र केही पक्की मोटरेबल पुल निर्माण भएपछि उनीहरूको मुख्य पेसा सङ्कटग्रस्त भएको देखिन्छ । मधुसूदन पाण्डेय नेपालका जनजाति पुस्तकको पृ. ७५ मा लेख्छन्- यिनीहरू राज्यका विभिन्न जिल्लामा छरिएर रहेका हुँदा मूल थलो कहाँ हो भनेर किटान गर्न सकिँदैन । चितवनका कुसहर, तराईका माझी, पहाडका बोटे यी सबैको काम डुँगा चलाउनु भएकोले सबै एउटै जाति जस्तो पनि लाग्दछन् तर त्यो होइन । यिनीहरू मूलतः मादी, सेती र काली गण्डकी नदीका किनारामा बसोबास गर्दछन् । झट्ट हेर्दा यिनीहरू दनुवार, दरै र माझी जस्तै देखिन्छन् । यी जाति नदी किनाराका छेउछाउ र पहाडका बेसीहरूमा बसी घट्वारे जीवन व्यतीत गर्ने जाति हो । कसै कसैले यिनीहरूको नाउँ अंग्रेजी भाषा बोट म्यान (Boatman)



बाट बोटे भएको अनुमान गरेका छन् । जनकलाल शर्माले आफ्नो पुस्तकमा लेख्छन्-" बोट अर्थात् रूखको फेंदबाट डुँगा बनाउने र चलाउने हुँदा बोटे भनी अनुमान गरिएको हो । " यिनीहरू अनुहार र शारीरिक बनोटबाट मङ्गोलियनसँग मिल्दो जुल्दो देखिन्छन् । दाह्री जुंगा कम आउने, थेप्चो नाक, होचो कद र हृष्टपुष्ट शरीर भएका हुन्छन् । २०४८ को जनगणना अनुसार बोटेहरूको जनसंख्या ६७१८ (महिला ३३०० र ३४१८ पुरूष) थिए भने २०५८ को जनगणनामा ७९६९ जनसङ्ख्या प्रस्तुत गरिएको छ । उनै पाण्डेयले आफ्नो पुस्तकको पृ. ८७ मा लेख्छन् -नेपालका ६१ जनजाति मध्ये माझी पनि एक हो । माझी जातिको आफ्नै धार्मिक संस्कार र संस्कृति छ । माझीपुत्री मत्स्य गन्धाका सन्तति भएको माझी जातिको दावी छ । हुन पनि १८ पुराणका रचयिता कृष्णद्वैपायन व्यास पराशर ऋषि र मत्स्य गन्धा कुमारीको कोखबाट जन्मिएका पौराणिक ग्रन्थहरूमा लेखिएकोले माझी जातिले यस्तो दावी गर्नु स्वाभाविक नै देखिन्छ । यसरी हेर्दा बोटे माझी जाति आजका बाहुन क्षत्रीका आफन्ती देखिन्छन् । यो जातिको बसोबास क्षेत्र तराईको भित्री मधेस, नारायणी अंचलको प्रायशः सबै जिल्लाका नदी किनारामा, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली, धनकुटा, ओखलढुङ्गा आदि जिल्लाहरूमा रहेको पाइन्छ । यसरी गण्डकी, नदी प्रवाह क्षेत्रमा रही डुँगा चलाउने, माछा मार्ने र सुन केलाउनेहरूलाई बोटे र उही र उस्तै पैसा व्यवसाय अवलम्बन गरिआएका कोशी नदी प्रवाह क्षेत्रमा बसोबास गर्नेलाई माझी भनेर समाजशास्त्री र भाषाशास्त्रीहरूले अध्ययन गरेको देखिन्छ । बोटे र माझीको पेसा व्यवसाय, संस्कार संस्कृति र भाषामा पनि धेरै समानता पाइन्छ । तर स्थान भेदका कारण अथवा भिन्न भिन्न स्थानमा बसोबास भएका कारण केही भिन्नता र अलग पहिचान पनि देखिन्छ । नेपाल सरकारले उस्तै प्रकृति, उस्तै प्रवृत्ति र उस्तै पेसा, व्यवसाय, उस्तै धर्म, संस्कृति र संस्कार अवलम्बन गरिआएका मानव समूहलाई अलग-अलग जातीय पहिचानको मान्यता दिएर ६१ जनजाति बनाएकोमा डा. हर्क गुरूङ जस्ता विद्वान्हरूले आफ्नो असहमति पनि प्रकट गरेको पाइन्छ । जेहोस् वर्तमान परिप्रेक्ष्यमा बोटे र माझीलाई छुट्टै जातिका रूपमा नेपाल सरकारले सूची प्रकाशित गरेको हुँदा यस आलेखमा पाल्पाली बोटेजाति र विशेष गरी तानसेन-१३, पाल्पा, छेर्लुङको बोटे माझी जातिको छोटो परिचय दिने प्रयत्न गरिएको हो । स्मरण रहोस् बोटे होस् वा माझी उनीहरूको आर्थिक अवस्था विपन्न छ, र सामाजिक सांस्कृतिक रूपमा पछाडि छन् । यसर्थ उनीहरूको उत्थान गर्नु आजको आवश्यकता हो ।

२.२ त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाका उपप्राध्यापक हीरामणि शर्मा पौड्यालले पाल्पामा अध्यापनरत रहँदा कुमाल भाषा र बोटे भाषाको विशेष अध्ययनका क्रममा कुमाल र बोटे जातिको भाषाकला, सामाजिक, आर्थिक र सांस्कृतिक जीवन पद्धति माथि गहन अध्ययन गर्नु भएको छ । यी पुस्तकहरू पठनीय र सङ्ग्रहरणीय छन् ।

२.२.१ बोटे किन भनियो भन्ने सन्दर्भमा विद्वान्हरूका बीचमा मतभेद छन् ।



कसैले भन्छन्- उत्तर तिब्बत/ भोटतिरबाट आएका जातिलाई भोटे भन्दाभन्दै जनजिब्रोले बोटे बनाएको हो भन्ने प्रचलन पनि छ । तर त्यो मिल्दैन । किनभने बोटे वा माझीको भाषा थारू समुदायसँग करीब करीब मिल्न जान्छ ।

२.२.२ बोटम्यान Boatman बाट बोटे भएको हो भन्ने टर्नरको भनाइ छ । यो तर्क पनि तथ्यसङ्गत देखिँदैन । किनकि बोटे भन्ने शब्द त नेपाली शब्द नै हो । बुटी, जडिबुटी, बोट आदि शब्द त संस्कृतबाट आएका र बनेका शब्द हुन् ।

२.२.३ विद्वान् डोरबहादुर विष्टले बोटे, माझी र कुशहर भनेका एउटै जाति हुन्, एउटै भाषा बोल्छन् र उस्तै किसिमका जिन्दगी बिताउँछन् भनेर अभिमत दिएका छन् ।

(all are identical bote, Majhi and kushar they speak one language and follow same patterns of life. )

२.४ हीरामणि शर्मा पौड्याल लेख्छन्- बोटे र माझी एउटै जाति भएकोले नै बोटेलाई माझी भनिएको हो । बोटे जातिलाई बुझाउने माझी शब्द संस्कृतको मार्जक शब्दबाट बनेको हुनु सम्भव छ । संस्कृतमा मृज् शुद्धी धातु छ जसको अर्थ शुद्ध पार्नु, चोखो बनाउनु परिमार्जन गर्नु भन्ने हुन्छ । माझी वा बोटेहरूले बालुवा चालेर वा धोएर सुन निकाल्ने काम गर्दछन् जसलाई एक प्रकारले (Filteration) वा शुद्धीकरण नै भन्न सकिन्छ । संस्कृतमा मार्जनकर्तालाई मार्जक भनिन्छ । बोटे वा माझीले बालुवा परिमार्जन गरेर सुन निकाल्ने हुँदा यस कार्यका आधारमा यिनलाई मार्जक > माज्झअ > माझ > माझी

भनिएको पनि हुन सक्छ । बोटे भाषामा बालुवा र बालुवाको थुप्रोलाई सोध (शोध) भनिन्छ । शोधको अर्थ संस्कृतमा शुद्ध पार्नु, शोधन गर्नु वा प्रशोधन गर्नु हुन जान्छ । बालुवा शोध वा शोधन गर्ने कार्य शोध कार्य हो, माझी, मार्जक र शोधकर्ता हो । यसरी माझी शब्दको व्युत्पत्ति भएको देखिन्छ ।

२.४.१ बोटे शब्दको व्युत्पत्तिका सम्बन्धमा चर्चा गर्दा धेरै विद्वान्हरूले लेखेका छन् । सिमल रूखको फेंद (बोट) बाट डुँगा बनाउने र डुँगा चलाउने काम गर्ने पेसा व्यवसायीलाई नै बोटे भनेको देखिन्छ । बोटे शब्द अलिकति हेपेर बोलिने शब्द जस्तो पनि देखिन्छ । किनकि माटाको काम गर्नेलाई माटे, हिलामा काम गर्नेलाई हिले, रिक्सा चलाउनेलाई रिक्सा वा रिक्से भन्ने चलन देखिन्छ । यसै भएर आजकाल यता स्याङ्जा, पाल्पा र गुल्मीतिरका पढालेखा बोटे समुदायले आफूलाई बोटे भनेकोमा आपत्ति जनाउँदै माझी भन्न रूचाएको र माझी जातिबाट सुपरिचित हुन खोजेको छेर्लुङकी दिलकुमारी माझीले यो लेखकलाई बताउनुभयो । सारतः "बोट" बाट बोटे र मार्जनबाट माझी शब्दको व्युत्पत्ति भएको देखिन्छ । बोटे भाषालाई भारोपेली भाषा अन्तर्गत भाषाशास्त्रीहरूले राखेका हुँदा संस्कृत शब्दहरू तद्भव बनेर प्रयोगमा आएको प्रशस्त उदाहरण पनि छन् । त्यसैले बोटबाट नै बोटे बनेको निचोडमा पुग्न सकिने आधार तयार भएको छ ।

**३. पाल्पा जिल्लामा बोटे:-**

३.१ पाल्पा जिल्लाको द्रपुक छेर्लुङ, दैलातुङ (दैलाथुम)हुँगीको असेर्दी, डुम्रिकुना र हुँगी, दर्छा, रामपुर, खालिवन जस्ता कालीगण्डकीको आसपासका गाउँटोल घाटमा बोटे जातिको बसोबास छ । माछा मार्ने, सिमलको बोट (काठ) बाट डुँगा बनाउने र डुँगा चलाउने आदि पेसामा संलग्न हुने पद्धतिकै कारण कालीगण्डकी नदी क्षेत्रमा आवाद जमाएका छन् । यो



जाति अल्पसङ्ख्यक हुनुका साथै आर्थिक सामाजिक रूपमा पछाडि परेको जाति हो । पाल्पा जिल्लाकै कुरा गर्ने हो भने यस बोटेमाझी जातिको जनसङ्ख्या कति हो यकिन छैन । पुनसंरचित राज्यका तीन तहले यस्ता आर्थिक सामाजिक रूपमा पछि परेका जातिहरूको उत्थानका लागि यकिन तथ्याङ्क तयार गरेर उनीहरूको उत्थानका खातिर विशेष योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने हो । तर त्यतातिर ध्यान कमै गएको देखियो । यहाँ सम्म कि स्थानीय तह, प्रदेश तह र राष्ट्रिय योजना आयोगको सचिवालय केन्द्रीय तथ्याङ्क विभाग समेतले पनि बोटे माझी जस्ता जातजातिको पार्श्वचित्र (Profile) तयार गर्दा अन्य जातिको शीर्षकमा घालमेल गरेर राखिदिंदा विकासको मूल प्रवाहबाट यी जाति बंचित हुने स्थिति दस्तावेजहरूको अध्ययनबाट देखियो । यो आलेख तयार गर्न तानसेन-१३, छेर्लुङ निवासी समाजसेवी लीलाराज भट्टराईको अगुवाइमा तानसेन न.पा. १३ अन्तर्गत छेर्लुङका बोटे समुदायको अध्ययन गर्दा दिल कुमारी माझी, फत्तबहादुर माझी ४० वर्ष, मोमबहादुर माझी ३५ वर्ष, मनकुमारी माझी क-५० वर्ष, मन कुमारी माझी ख -३५ वर्ष, लोक बहादुर माझी २७ वर्षसँग विशेष सम्पर्क स्थापित गरी कुराकानी भए । उहाँहरूको भनाइका आधारमा छेर्लुङको बोटे गाउँ र बोटे समुदायलाई केन्द्र बिन्दुमा राखेर बोटे समाजको अवस्थाको चित्रण गरिएको छ ।

**३.२ जनसङ्ख्या** : स्थलगत अध्ययनका आधारमा भन्नुपर्दा यस छेर्लुङमा बोटे जातिको ५३ घरकुरिया रहेका छन् । महिला १७८ र पुरूष ११८ समेत गरी २९६ जनाको जनसङ्ख्या रहेको छ ।

**३.३ शिक्षाको अवस्था:** नर्सरी देखि कक्षा १० सम्म अध्ययनरत बालबालिका ५७ रहेका छन् । एसइइ (SEE) पास नगर्दै बीचमा कक्षा परित्याग गर्ने प्रचलन छ । नयाँ पिढी साक्षर भएपनि पुराना पिढीका महिला पुरूष निरक्षर पनि छन् । हालसम्म यस गाउँमा एसएलसी पास महिला ७ र पुरूष जम्मा ३ जना रहेका छन् । यसरी नै १२ कक्षा (+२) पास महिला २ र पुरूष ३ जना रहेका छन् ।

उच्च शिक्षातर्फ एम.ए (MA) पास गरेकी महिला एक जना मात्र छन् जसको नाम दिल कुमारी माझी हो ।

**३.४ पेसा व्यवसाय:** परम्परागत पेसा डुंगा चलाउने, माछा मार्ने र खेती किसानी गर्ने नै हो । तर मिर्मीमुनि काली थुनेर काली गण्डकीलाई सिधैं दर्पुकमा झारेर विद्युत उत्पादन गर्न थालेपछि छेर्लुङका बोटेमाझी समुदायको पेसा हनन भयो । उत्पादित ऊर्जाले गाउँ सहर झिलीमिली भएर कलकारखाना चल्न थाले भने बोटे समुदायको पेसा खोसिंदा घर झुपडीमा अँध्यारो हुने अवस्था आयो । साथसाथै पुलहरू निर्माण भएपछि सिमलबाट बनेका डुँगाहरू त्यसै खेर गए । बेकामी भए र बोटेहरू

पेसा विहीन भए । तदुपरान्त बोटे समुदायको प्रमुख पेसा कृषि नै बनेको छ । तर जग्गा जमिनको कमीले गर्दा परिवारलाई पाल्ने, धान्ने जति उत्पादन नहुँदा बोटे समुदायले ठूलो समस्या खेपिरहेका छन् । जनताको घर मेयर कार्यक्रम आयोजना गरी बोटेमाझीका आँगनमा पुगेर उनीहरूको कुरा सुनेका तानसेन नगरप्रमुख अशोककुमार शाहीले सोलार बत्ती, जस्ताको छाना र शिक्षा लगायत आयआर्जनका कार्यक्रम कार्यान्वयन थालेको बोटेमाझी अगुवाहरूले बताए । मौजूदा कार्यक्रम बाहेक त्यसबस्तीको समग्र विकासका लागि विशेष योजना अघि बढाउनुपर्ने बोटेमाझी युवाहरूको माग रहेको पाइयो ।

**हालको पेसा :**

हाल कृषि ज्याला मजदुरी बाहेक भारत प्रवासमा रोजगारीका लागि जाने चलन बढेको छ । कृषिमा काम गर्ने ५० जना जति देखिन्छन् । १०४ जना स्थानीय बाटो, पुल, घर निर्माण गर्ने काममा लागेको देखिन्छ । सरकारी जागीरमा र शिक्षक पेसामा १ जना पनि छैनन् । सामान्य डकर्मी, सिकर्मी काम गर्दछन् ।

**जन्मसस्कार :**

बच्चा जन्मिए पछि पहिला छैंटी गरिन्थ्यो । केही वर्ष यता नफापेको भनेर आज भोलि छैंटी गरिंदैन । ११ दिनको दिन न्वारन गरिन्छ । न्वारन गर्दा भान्जाभान्जी ज्वाइँ चेलाले गहुँत दिने, डोरीबाँधिदिने, नाम राखिदिने, दाजुभाइ, इष्टमित्र बोलाएर भोज खुवाउने र चोखिने उम्किने गरिन्छ ।

**बिवाह संस्कार**

बोटे चलन अनुसार मामाको छोरीलाई साली भनिन्छ र सालीलाई बिवाह गर्ने चलन छ । मागेर बिवाह गर्ने चलन छ तर आजभोलि आफैं गर्ने चलन पनि बढेर गएको छ । बिवाह गरेर ल्याए पछि पहिला बुवा आमा, दाजुभाइले टीका लगाई दिन्छन् । दिदीबहिनीले ढोकामा छेक्छन् । दिदीबहिनीलाई दक्षिणा दिएपछि भित्र पसिन्छ । कलश पुजेर भित्र लगेपछि कलश राखेर सिन्दूर हालिन्छ । ३ दिन भित्रमा माइतीको घर ढोगभेट माग्न जाने चलन छ । ढोगभेट माग्न जाने, दिन निधो गर्ने । निधो भएको दिनमा ढोगभेट गरिन्छ । ढोगभेट फर्काइन्छ । दुरान ३ देखि ५ दिनमा जाने गरिन्छ । यसरी विवाह कार्य सम्पन्न गरिन्छ ।

**चाडपर्व र पूजाआजा विधि :**

बोटेहरू मूलतः प्रकृति पूजक हुन् । बोक्सी, धामी, झाँक्री जस्ता प्रथामा अझै पनि उनीहरूको विश्वास छ । दशैं, तिहार, चण्डी, ठूलो एकादशी जस्ता पर्व मान्दछन् । २ वर्षमा एक पटक कुलायन पूजा गरिन्छ । कुलायन पूजा विधि यस्तो छ : ७ दिन पहिले कोदाको जाँड राखिन्छ । ३ जना पुजारी कुलायन गर्नुभन्दा १ दिन अगाडि एक छाकी बस्दछन् । पूजारी बिवाह गरेको हुनुपर्दछ तर दुई बिवाह गरेको व्यक्ति पूजारी हुन मिल्दैन । पूजा कालिगण्डकीमा गरिन्छ । ७ दिन अगाडि राखेको कोदोको जाँडको पूजा गर्ने ठाउँमा नै रक्सी बनाइन्छ र रक्सी चढाइन्छ । खिर पकाएर खिर चढाइन्छ, सेतो बोका काटिन्छ र चढाइन्छ । सेतो कुखुरा काटिन्छ र चढाइन्छ । प्रसाद आफ्नो जातिभन्दा अरूलाई दिइँदैन । खाएको खाने नखाएको खाल्टो खनेर पुरेर छोड्ने चलन रहिआएको छ । अर्को खोला पूजा गर्ने चलन छ । यो ६/६ महिनामा मंसिर र आषाढमा गर्ने गरिन्छ । माघे संक्रान्तिमा वर्षको एकपटक गण्डकीमा गएर पित्र (पितृ) पूजा गरिन्छ । आजभोलि मन्दिरमा पनि पूजा गर्न जाने चलन बढेको छ ।

मूलत : बोटे जाति प्रकृति पूजक भएकाले खोलानाला आदि पूजा गर्दछन् । मुख्य आराध्यदेवता कुलायन र पितृलाई मानिन्छ ।

**सामाजिक राजनीतिक क्षेत्रमा बोटे समुदाय**

राजनीतिमा संलग्नतालाई हेर्दा टोल कमिटीमा ४ जना (२+२ महिला) छन् । वडा कमिटीमा दुई (२) जना रहेको पाइन्छ । नगर कमिटीमा १ जना पनि छैनन् । जिल्ला कमिटीमा अहिलेसम्म पुग्न सकेका छैनन् ।

जनप्रतिनिधि अहिलेसम्म कोही पनि भएको छैन ।

**चाड पर्व र गीतगायन :**

दशैं तिहार, चण्डी, ठूलो एकादशी विशेष पर्व हुन् । झाम्रे गीत गाइन्छ । झाम्रे, फागु, सोरठी आदिमा नाचिन्थ्यो । सोरठी पहिले



थियो भन्थे तर आज भोलि लोप हुँदैछ । झाम्रे, फागु, कहिले काहीँ नाच्ने खेल्ने गरिन्छ तर यो हाम्रो संस्कृति हो या होइन थाहा छैन । अन्य समुदायको सांस्कृतिक अन्तर्घुलनका कारण बोटे संस्कृति पनि नेपाली संस्कृतिको मूल प्रवाह बनेको छ । तर बोटे भाषा र संस्कृतिलाई राज्यले विशेष ध्यान नदिंदा लोप हुने खतरा रहीआएको देखिन्छ ।

**मृत्युसंस्कार (अर्घो संस्कार)**

जब मान्छेको मृत्यु हुन्छ त्यसपछि मृतकलाई आफ्नै घाटमा लगिन्छ । ११ दिनसम्म दिनरात पहिले घाटमा नै बस्ने गरिन्थ्यो तर आजभोलि बिहानदेखि साँझसम्म (दिनमा मात्र) घाटमा बसिन्छ । उतै पकाउने र निस्तै खाने तेल, घ्यु, नुन, केहीपनि छोईदैन । आफ्नो जातभन्दा अरूसँग बोलिंदैन । बिहान अन्न खाने गरिन्छ । साँझ मूला, आलु पोलेर र काँचो केरा खाने

गरिन्छ । ४ दिनमा केरा गाड्ने चलन छ । ११ दिनमा मलामी खुवाउने, चेलिबेटी खुवाउने चलन छ । ११ दिनमै थान मूर्ति बनाइन्छ र चेलीबेटीले थान कुर्ने चलन छ । १२ दिनमा मान्छेलाई सिंगारेर घोडा बनाउने र नचाउने चलन छ । यसलाई अर्घो गर्ने भनिन्छ । १३ दिनमा मूर्तिलाई गंगामा सेलाइन्छ र घर आएर चेलिबेटीलाई दान दक्षिणा गर्ने चलन छ ।

बोटे समुदायमा मृत्यु संस्कारमा गरिने यावत् क्रियाकलाप (किरियाकर्म) लाई अर्घो भन्दछन् । अर्घो शब्द संस्कृत भाषाबाट आएको हो । बोटे समुदायका सदस्यको मृत्यु भएपछि बोटे भाइबन्धु वान्धव मात्र जुटेर लासलाई हरियो बाँसमा कोराले बाँधेर (घारामा बाँधेर) कालीगण्डकीमा लैजान्छन् । नदी किनारामा खाडल खनेर लासलाई उत्तानो पारेर गाडिन्छ । लास गाडेर फर्किने मलामीले बाटामा एक मुठी चामल र पैसा राख्दछन् । त्यसलाई वुर्की भनिन्छ । मलामीहरूले बाटामा धूप लिन्छन् र त्यहीँ काँडा राखेर काँडामा टेकेर घर आउँछन् । प्रेतात्मा अब नफर्कियोस् भन्ने मनसायले यस्तो गरिने विश्वास छ ।

घरपिंडीमा मान्द्रोले बारेर किरियापुत्री बस्दछन् । किरिया पुत्री बोटे बन्धु बान्धव बाहेक अन्य जनसमुदायसँग १३ दिनसम्म बोलचाल गर्दैनन् । लसुन, प्याज, माछामासु, कोदो खान बर्जित छ । किरियापुत्री विहानदेखि साँझसम्म नदीघाटमा बस्ने गर्दछन् । चौथो दिनमा काँचो केरा पकाउनका लागि केरा गाड्ने चलन छ । यस्तो बेलामा विरहस्वरमा अर्घोगीत गाइन्छ– "उखु बान्यो, केरा गाड्यो, चम्पइ पकावइ तोहोरो" नाममा गीत गाउँदै डोको वा सोलीमा अँसुराले ढाकेर केरा पकाउन हालिन्छ । सगोत्री भाइबन्धुले मृतआशौच बार्दछन् । ११ दिनमा घोत चल्छ । बाह्रै दिनमा गङ्गा स्नान गरेपछि मृतकको आकृति (मूर्ति) बनाइन्छ । मूर्तिमा एक हात लामा उँखुका टुक्रा ठड्याइन्छ । लोग्ने मान्छे भए सेतो कपडा र स्वास्नी मान्छे भए फूल बुट्टा सहितको कपडामा बेरेर धान राखिन्छ । एकमाना चामलको जाँडको घैंटो (मटुला) मूर्ति मुनि राखिन्छ । यस्तो मूर्तिलाई जवान भनिन्छ । गाडेको केरा पनि त्यहीँ राखिन्छ । पुजेरी (पुरेत) जुवाइँ चेला वा भाञ्जाभाञ्जी हुने गर्दछन् । पाडो काटिन्छ । पाडाका मासुसित रक्सी आदि खाइन्छ । मलामीहरूलाई खुवाइन्छ । सबैले गोलाकार भएर अर्घोगीत विरह स्वरमा गाउँछन्, नाच्दछन् । यसरी ११ औं दिनको मृत्यु संस्कार सकिन्छ । रोचक प्रसङ्ग के छ भने १२ औं दिनमा मान्छेलाई घोडा बनाएर सिंगारिन्छ । बोटे समुदायका चलनचल्तीका खुँडाखुकुरी, जाबी आदि प्रदर्शन गरिन्छ । किरियापुत्री र मलामी घाटमा जान्छन् । घोडा, कुकुर, स्याल, बाँदरको अभिनय गरिन्छ । मृतकको सम्मान र स्मृतिमा यसरी कारूणिक गीत गाइन्छ र उफ्री उफ्री नाचिन्छ ।

- बाबाजीले दिएको सिमा कन्ये घोंडिया हामी चढी जाउँला बरिलै ।।

- घरमा आएपछि किरियापुत्रीले यसरी गाउँछन्– हामी गएम् पानी किनेर ल्याएम् बाबा/आमाको नाममा पानी चढाएम् । यसरी नै सबैले मूर्तिमा पानी चढाउँछन् । सबै उपस्थित बोटे समुदायले प्रसाद स्वरूप रक्सी खान्छन् र रातभरि अर्घोगीत गाइन्छ ।

**बाह्रौं दिनमा गाइने अर्घो गीतको नमूना**

१. अब त मइँ नाइँ बिसे पाउँके सवइक साथमा
अब मइँ जाइँ मुँउति फिर्ति विरान देशमा
२. एक र सरी वरखी मोरो उराली नाइँ धुनु
मइँ र जिथु देसुवा मुँअइ समझी न रूनु ।
३. सिरिम साल्क पछेउरी मोरो उराली नइँ धोए ।
विरान देश मइँ मरि गेउँ समझी नरोए ।
४. कोकले चरीले मोकइ र खायो हानिदेउ खोयाले ।
मरेर पसी केइ सरिम् छैन बाँधिदेउ चोयाले ।
पातलो गाउँको पातलो चिया भाद्गाउँका दालचिनी
अँधेरी रात कोइ छैन साथ पठाइदेउ लाल्टिन ।

**बलि समर्पण :** तेह्रौं दिनका दिन गङ्गा स्नान पछि किरियापुत्रीहरू घर आउँछन् । मेवा अथवा कुभिण्डोमा दाउराको खुट्टा बनाएर उभ्याइन्छ । यसलाई पाडो भनिन्छ । यो पाडो चेलीबेटीसँग रहेको हुन्छ । किरियापुत्रीको तर्फबाट चेलीबेटीसँग बलिकिन्न मागिन्छ । मोलमोलाइ हुन्छ ।

मोलमोलाइको अर्घो गीतको नमूना

१. जुवाइँचेलाः गोठाला दाइले गोठइ र सान्यो बारीको सुर्कइमा
यतिमा माया राखिदेउ च्याली डोरीको फुर्कइमा
चेलीबेटीः बाबा र जीले दिएको चिनो हामीके तेसइ दिउँला र रूँदइ र घाँस काट्दइ गरी पालेको पाडो केलान हामी दिउँला र
जुवाइँचेलाः पचासभन्दा उपर छैन तैपनि साठी हामीले दिएको मान्दिनउ भने सत्तरिसम्म अत्तोले गर्दा दिएको । गोठाला दाइले.................................
२. चेलीबेटीः बाबारजीको सम्झना भनी साथमा सधँइ राखउँला त्यति र सस्तो मोलमा पाडो हामीले काट्न के दिउँला ।

**मूर्तिविसर्जन :** मूर्ति विसर्जन अन्त्येष्ठिको अन्तिम कर्म हो । मूर्ति सहित सम्पूर्ण किरियाका सामग्री कन्या केटीको शिरमा राखिन्छ । किरिया पुत्री सहित बोटे नरनारी घाटमा जान्छन् ।

**घाटतर्फ जाँदा गाइने विरह पूर्ण विसर्जन गीतको नमूनाः–**

१. दस र बिस निकालिकन एक्लो धनुवाँस
लेखनी भावीले के लेखिदियो सधँइको बनिबास
२. ओतइ गोलार कालिगण्डक् झन् हेठ निरए ।
कि लग्थाइ मोकि आमाक् मायाँ कि लग्थाइ विरए ।
३. आँधी र खोला कतले माछा किनिखाम्ला दामले
किरइ आम्ला निउँर पारि कि आम्ला कामले

४. छोरा र छोरी छोडेर आज म गए देशमा
समझी मलाई नरोई बस्नु म गएँ बिरान देशमा

**द्रष्टव्य :** उर्पयुक्त अर्घो गीत २०३९ सालमा आफ्नी आमाको मृत्यु संस्कारमा छेर्लुङ निवासी नन्दलाल बोटेले गरेको काजकिरियामा प्रत्यक्ष सहभागी भई हिरामणि शर्मा पौडेलले बोटे भाषाको अध्ययन शोध ग्रन्थबाट पृ.२८-३६ बाट साभार गरिएका छन् । स्मरण रहोस् बहुसंस्कृति र संस्कारले सम्पन्न हाम्रो देशमा अनेक संस्कार र संस्कृतिको एउटा नमुना हो यो ।

**बोटे भाषा घरमा बोलिन्छ ?**

बोटे भाषा पुरानो पुस्ताले बोल्ने गर्दछन् तर नयाँ पुस्ता अलमलमा छन् । अन्य समुदायसँग नेपालीमा बोलिन्छ ।

**बोटे भाषाको सम्बन्ध र महत्व**

बोटे जाति र उनीहरूको भाषाको सम्बन्ध नेपाली भाषा र अन्य भाषासँग के कस्तो छ ? त्यसबारे यहाँ केही उदाहरण प्रस्तुत गरिन्छ ।

| बोटे | संस्कृत | नेपाली |
|---|---|---|
| विरार | बिडाल | बिरालो |
| मुस | मूषः/मूषिकः | मूसो |
| मानुस | मनुष्यः | मानिस |
| आगि | अग्निः | आगो |
| सुत | सूत्रः | धागो |
| सुर | सूचिः | सियो |

स्थान भेदका कारण बोटे भाषा र माझी भाषामा अन्तर र समानता

| बोटे | माझी | नेपाली |
|---|---|---|
| दिदि | दादि | दिदी |
| मामा | ममा | मामा |
| मामि | मामै | माइजू |
| पिसा | बाडा | पुसाजु |
| पिसि | बडि | फुपू |

| बोटे | थारू | नेपाली |
|---|---|---|
| जिभ | जिभ् | जिब्रो |
| चिलो | चिल्लर | जम्रो |
| जउनो | जउन | जौ |
| मइँ | मइँ | म |
| माटि | माटि | माटो |

बोटे र कुमाल भाषाबीच समानता र अन्तर

| बोटे | कुमाल | नेपाली |
|---|---|---|
| मोरो | मोर् | मेरो |
| तोरो | तोर् | तेरो |
| अँगुर | अँगुरि | औंलो |
| नाख् | नाख् | नाक |

स्थान भेदका कारण बोटे भाषामा अन्तर र समानता

| छेर्लुङ र दैलातुङ | दरपुक | नेपाली |
|---|---|---|
| भैहि | भँह | आँखीभौं |
| मुजी | पोण्डो | जननेन्द्रिय |
| गुद् | गुदेक् | गिदी |
| औँठ | देवर् | ओंठ |
| जिब्रो | जिम् | जिब्रो |

**सारतः** दरैं, बोटे, कुमाल, कुसहर, मुसहर, माझी तथा थारू भाषाका बीच केही समानता र केही अन्तर देखिन्छन् । यी सबै कुराले यी र यस्तै भाषा समूहका नेपाली जातिहरू प्रारम्भमा एउटै कुलनश्लका थिए भनेर अनुमान गर्न सकिन्छ । जेहोस् नेपाली भाषालाई समृद्ध बनाउनमा यी सबै भाषाले सहयोगी भूमिका निर्वाह गरेका छन् । लोपोन्मुख बोटे भाषा लगायतको संरक्षण गर्नु राज्यको दायित्व भित्र पर्दछ ।

**छेर्लुङका बोटेमाझी समुदायका स्थलगत अध्ययनबाट निम्नलिखित सिकाइ भएको छ –**

१. बोटे समुदायको डुँगा चलाउने प्रमुख पेसाको अन्त्य भएकोले रोजगार विहीन छन् ।
२. बालुवाबाट सुन केलाउने प्रशोधन गर्ने वैज्ञानिक प्रविधि र सीपको अभाव छ ।
३. उनीहरूको शैक्षिकस्तर निकै नाजुक छ ।
४. सामाजिक सांस्कृतिक चेतनाको अभाव छ ।
५. रोजगारी र जीविकोपार्जनको वैकल्पिक व्यवस्था छैन । पुलहरू बने पछि र कालीगण्डकी डाइभर्सन भएपछि वैकल्पिक पेसाको अवसर राज्यले मिलाइदिनु पर्ने थियो त्यो गरेको पाइएन ।
६. बोटे समुदाय जस्ता अल्पसङ्ख्यक समुदायको तथ्याङ्कीय विवरण/पार्श्वचित्र निर्माण गर्दा हचुवाका भरमा अन्य समुदायको शीर्षकमा घालमेल गरिदिंदा बोटे समुदायको यथार्थ तथ्याङ्क समेत सरकारी कागजातमा पाउन सकिएन । यो दुखद पक्ष हो । तथ्याङ्क नै डिलिट भएपछि उत्थानको कुरा त आकाशको फल आँखा तरी मर हुने हो कि ? शंका लाग्छ ।

**बोटे समुदायको उत्थानका लागि राज्य, राजनीतिक दल र अन्य सरोकारवालाले सम्पादन गर्नुपर्ने कामः-**

राज्यको दायित्व छेर्लुङ लगायत अन्य ठाउँमा रहेका बोटे जस्ता

१. अल्पसङ्ख्यक जातीय समुदायको यथार्थ तथ्याङ्क तयार गर्नुपर्दछ ।
२. बोटे समुदायको उत्थानका लागि देहायका काम अविलम्ब गर्नुपर्ने देखिन्छ ।
   २.१ बोटे समुदायको उत्थानका लागि नगरपालिकाले तथ्याङ्कीय आधारमा हाल गरेका बाहेक विशेष कार्यक्रम

सञ्चालन गर्ने ।

२.२ शिक्षा आर्जन गर्ने विशेष व्यवस्था मिलाउने ।

२.३ बोटे समुदायबाट कम्तीमा एकजना शिक्षक बोटे समुदाय भएको स्कूलमा नियुक्त गर्ने व्यवस्था मिलाउने ।

२.४ आर्थिक विकास र रोजगारीका लागि सिकर्मी डकर्मी जस्ता र अन्य विशेष तालिमको व्यवस्था गर्ने ।

२.५ विकासको मूल प्रवाह र राजनीतिक मूल प्रवाहमा ल्याउन विशेष नीतिका साथ कार्यान्वयन गर्ने ।

**दलहरूको दायित्व :** बोटे समुदायबाट भोट मात्र लिने होइन राजनीतिक दलहरूले उनीहरूलाई राजनीतिमा समावेश गर्नु पर्दछ । कम्तीमा वडा जनप्रतिनिधि जस्ता पदबाट उनीहरूलाई राजनीतिमा प्रवेश गराई अगाडि बढाउनु पर्ने देखिन्छ ।

बोटे समुदायको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक उत्थान र प्रगतिका लागि सबै तहका सरकारले विशेष खालको समृद्धिको कार्यक्रम प्रस्तुत गर्न दलहरूले जिम्मेवारीका साथ लाग्नु पर्ने । मिडिया, नागरिक समाज र सामाजिक अभियन्ताहरूले पनि विशेष चासोका साथ बोटे समुदाय जस्ता समुदायको उत्थानका लागि विशेष स्थान दिनुपर्ने देखिन्छ ।

तानसेन नगरपालिका वडा नं. १३ छेर्लुङका बोटे माझी समुदायको सन्दर्भमा गरिएको यो सानो अध्ययन हो । राज्य सरकारले **समृद्ध नेपाल र सुखी नेपाली**को नारा गुँजाइरहेको वर्तमान अवस्थामा अब कुनै क्षेत्र वा टोल वा कुनै समुदाय विकासको मूल प्रवाहबाट वञ्चित रहन मिल्दैन । स्थानीय समुदायको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार नै हो । कुन टोल वा कुन समुदायको आर्थिक र सामाजिक उत्थान र विकास कसरी गर्ने, कहिलेदेखि गर्ने ? यसको योजना स्थानीय सरकारसँग हुनैपर्छ । विकासमा सहभागिताको अहम् महत्त्व रहन्छ । जबसम्म पछाडि परेका वर्गसमुदायलाई विकास कार्यमा सहभागी बनाइँदैन तबसम्म विकास कार्यले गतिलिन पनि सक्दैन र गरेको विकास पनि दीगो (टिकाउ) हुने संकेत देखिँदैन । सबैलाई थाहा छ भौतिक विकास मात्र विकास होइन । त्यसैले सामाजिक विकास र आर्थिक विकासमा स्थानीय सरकारले यथेष्ट ध्यान दिनै पर्छ ।

**तानसेन सरकारको भूमिकाः**

तानसेन नगरपालिका अर्थात् तानसेन सरकारले अल्पसंख्यक बोटे माझी समुदाय र यस क्षेत्रको विकासका लागि विभिन्न कार्यक्रम सम्पन्न गरेको र कतिपय दीर्घकालीन महत्वका योजना अगाडि सारेको पाइन्छ । तानसेन-१३ का वडाअध्यक्ष टुकप्रसाद भट्टराईका अनुसार बोटेमाझीहरूको सम्पूर्ण घरमा खरको छाना फेर्न निःशुल्क जस्तापाता उपलब्ध गराइयो । त्यसैगरी उज्यालो छेर्लुङ कार्यक्रम अन्तर्गत बोटेमाझी बस्तीमा सोलार जडान गरिएको छ । आय आर्जनमा सहयोग पुऱ्याउने उद्देश्यले कुखुराका चल्ला बितरण गरियो भने प्रतिघरपरिवार २ वटाका दरले बीउ बाख्रा बितरण गरिँदैछ । सरसफाइलाई ध्यान दिदै चर्पी निर्माणमा सहयोग गरिएको रहेछ । करेसाबारी तालिम दिने तथा तरकारीका बीउबिजन निःशुल्क उपलब्ध गराइदैं छ । सामूहिक रूपमा माछापालनका लागि आवश्यक सहयोग गरिने योजना रहेछ । तानसेन नगरपालिका, हेफर प्रोजेक्ट नेपाल र यूएनडिपी अन्तर्गत स्थानीय सेवा प्रदायक संस्था रेडा मार्फत् आयआर्जनका विभिन्न कार्यक्रम छेर्लुङमा सञ्चालन गरिएको र निरन्तरता दिइने तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले जानकारी दिनुभयो ।



त्यसैगरी बोटेमाझी बालबालिकालाई स्कूल पोशाक उपलब्ध गराइनुका साथै उनीहरुको पठनपाठन र सामुदायिक गतिविधिमा सहयोगका लागि सामुदायिक परिचालकको व्यवस्था गरिएको कार्यपालिका सदस्य कमला भण्डारीले बताउनुभयो । अल्पसंख्यक बोटेमाझी समुदायको जीवनस्तर अभिबृद्धिका लागि सीपविकास तथा अन्य कार्यक्रमहरू नगरपालिकाको योजनाअनुसार आफूहरूले सहजीकरण गरेको ग्रामीण आर्थिक विकास संघ (रेडा) का कार्यकारी निर्देशक लीलाबहादुर कार्कीले बताउनुभयो । तुलनात्मक रूपमा अझैपनि छेर्लुङका बोटे समुदायको शैक्षिकस्तर निकै नाजुक छ । शैक्षिकस्तर उँचो नबनाइकन अन्य विकास कमजोर नै हुनेछन् । त्यसैले अहिलेसम्म त जे भयो भयो अब त स्थानीय सरकारले हालसम्म गरेका बाहेक विशेष कार्यक्रम छेर्लुङको बोटे समुदायमा लागु गर्नुपर्ने टड्कारो आवश्यकता छ । छेर्लुङको बोटे समुदाय एउटा उदाहरण मात्र हो । यस उदाहरणबाट बगनासकालीले दरपुक र दैलातुङमा ध्यान दिनुपर्ने भयो । उता रम्भाले हुँगी र असेर्दीमा, रामपुरले दर्छा र खालिवनमा त्यस्तै निस्दीले पनि पुट्टार, सेउली घाटतिरको बोटे जातिको उत्थानमा उत्तिकै ध्यान दिनुपर्ने देखिन्छ । लोकतान्त्रिक गणतन्त्रको प्रतिफल अन्तरकुन्तरमा रहेको अल्पसङ्ख्यक जाति, वर्ग, लिङ्ग तह सबैले उपयोग गर्ने पूर्ण अधिकार राख्दछन् । सबैलाई हेक्का भए राम्रो होला । जश पाउने गर्नेहरुले नै हो । जश पाउने काम गर्न सकून् भन्ने शुभेच्छा छ ।

**सन्दर्भ सामग्री**

१. हीरामणि शर्मा पौड्याल- बोटे भाषाको अध्ययन इन्दिरा पौडेल चिदीपानी फुलेवास-२०४२

२. डोरबहादुर विष्ट पिपुल अफ नेपाल, रत्न पुस्तक भण्डार काठमाडौं नेपाल (१९८०)

३. टर्नर- नेपाली डिक्सनेरी, अलाइड् पब्लिसर प्रा.लि. इण्डिया फर्स्ट इन्डियन रिप्रिन्ट (१९८०)

४. मधुसुदन पाण्डेय- नेपालका जनजातिहरू, पैरवी प्रकाशन २०६५

(तानसेन नगरपालिकाका विकास सद्भावना दूत)

# योजनावद्ध मेगा प्रोजेक्ट: सिद्धार्थ आर्थिक करिडोर



– राजेशकुमार अर्याल

सिद्धार्थ राजमार्ग (हाल लोकमार्ग) मध्य नेपालको जीवनमार्ग हो । भारतको सीमा सुनौलीदेखि नेपालको प्रमुख पर्यटकीय सहर पोखरासम्म जोड्ने यसको लम्बाई १८१ किलोमिटर रहेको छ । यो राजमार्ग गण्डकी प्रदेश र प्रदेश नं. ५ को विकासको मेरूदण्ड बनेको छ । राजमार्गले यस आसपासका लाखौं जनताको सामाजिक, आर्थिक, सांस्कृतिक पक्ष उजागर गर्ने अवसर दिएको छ । यसले नेपालका विभिन्न गाउँ र सहर, बस्ती र बजारलाई जोडेको छ । जिल्ला सदरमुकाम, प्रदेश मुकाम र राजधानीसम्म आवतजावत गर्न स्थानीय समुदायलाई सजिलो भएको छ । सहरबजारमा उत्पादित सामग्री गाउँमा मात्र पुगेका छैनन्, गाउँमा उत्पादित कृषि उपज, घरेलु तथा कुटिर उद्योगका उत्पादन बाहिर निकासीका लागि राजमार्गले सहज बनाएको छ । सुनौलीमार्फत् भारत र सिंगो विश्वसँग सडक सञ्जालले जोडेर आवागमनमा सहजता ल्याएको छ ।

**सिद्धार्थ राजमार्ग बन्नु अगाडि**

सिद्धार्थ राजमार्ग बन्नुअघि मानिसहरू गोरेटो, घोडेटो बाटो प्रयोग गर्दथे । पाल्पा जिल्लाको तानसेन, नयाँपाटी, डुम्रे, मस्याम, मरेक, सिस्ने, दोभान, झेर्दी, नुवाकोट, देउराली हुँदै बटौली झर्दथे । कालीगण्डकी तरेर केलादी, रामपुर, बिरकोट, बाकुमगढी, ताहुँ, तानसेन आइपुग्थे । कालीगण्डकीको किनारै किनार पाल्पा बाग्लुङ, मुस्ताङ जाने बाटो प्रचलनमा थियो । सिद्धार्थ राजमार्ग बन्नु अगाडिका यी मुख्य बाटोले नागरिकलाई जोडेको थियो । यी बाटोहरू हुलाक र डोर हिंड्ने बाटा पनि हुन् । राज्यविस्तारको क्रममा गोरखाका सैनिक केलादी घाट तरेर पाल्पा आक्रमण गर्न आएका थिए । १८४० मा बाकुमगढी ताहूँमा भीषण लडाइँ भएको इतिहासमा उल्लेख छ ।

विदेशी लेखक कर्क पेट्रिक (१८११) ले गोरखपुर, बुटवल तानसेन मार्ग पैदल हिंडेर यस क्षेत्रका बारेमा धेरै कुरा लेखेका छन् । विदेशी लेखक हेमिल्टन (१८१९) ले तानसेन, रामपुर देउघाट हुँदै त्रिवेणीको बाटो हुँदै यो भूभागको वर्णन गरेका छन् । १८१४-१६ मा युद्ध भयो । कर्क पेट्रिकले लेखेकै आधारमा नेपाल अंग्रेज युद्धमा अंग्रेजहरूले त्यो बाटोलाई समर मार्गको प्रयोग गरेको देखिन्छ । जुन पुस्तकमा पाल्पा र अर्घाखाँचीका खानी उद्योग, उद्योगबाट उत्पादित हतियारको बारेमा चर्चा गरिएको छ । सरदार भीमबहादुर पाँडेले लेखेको त्यस बखतको नेपाल पुस्तकमा हटियामा काष्ठकलाको शिल्पीहरू ल्याएको, धारा, पार्टी, पौवा बनाउन सक्ने कालीगढ ल्याएर बनाउन लगाएको उल्लेख गरेका छन् । तानसेनको टक्सारमा सिक्का बनाउने र त्यो पैसा गोरखपुरसम्म चल्थ्यो भन्ने प्रमाण भेटिन्छ । पाल्पामा उत्पादित फलामका हतियार अंग्रेजसँगको युद्धमा प्रयोग भएको पाइन्छ । मानिसहरू बटुवाले गाउँमा पानी माग्दा मोही सोध्थे, खान दिन्थे । फलफूल, अर्नी खान दिन्थे । बटुवाहरूप्रति स्थानीय समुदायको माया, स्नेह र प्रेम झल्किन्थ्यो । श्रममा आधारित समुदाय थियो । आफै उत्पादन गर्ने र उपभोग गर्ने चलन बढी थियो । उत्पादन बिक्री वितरण र व्यावसायिक पद्धतिको विकास भइसकेको थिएन । पैदलै हिंडेर मानिसहरूले जीवन धानेका थिए ।

**राजमार्ग बनेपछि**

आधुनिक सडकको सन्दर्भमा नेपालमा त्रिभुवन राजपथ पहिलो र सिद्धार्थ राजमार्ग दोस्रो हो । सिद्धार्थ राजमार्गलाई सुनौली पोखरा राजमार्ग भनिन्थ्यो । राजमार्ग निर्माण गर्दा त्यसबखत हुलाकी मार्गलाई सकभर जोड्न खोजेको देखिन्छ । हुलाकी मार्गमा कर उठाउने जगातहरू थिए । सिद्धार्थ राजमार्ग बनेपछि सुनौली पोखरा बीचमा रहेका ती सबै जगातहरू बिस्थापित भए । हटिया, ढाक्रेबास भाटियो । झारा लगाएर ढुंगा छापिएका बाटो बिरानो बन्दै गए । मानिसहरूले पैदल हिंड्नभन्दा गाडी चढ्ने रहर गर्न थाले ।

मूलभूत रूपमा सिद्धार्थ राजमार्गको निर्माणको उद्देश्य भारतले भर्ती लिन सजिलो र आफ्नो सामान बिक्री गर्न सजिलो बनाउने आधार लिएको देखिन्छ । भारतीय सहयोगमा केन्द्रीय लोकनिर्माण विभाग (Central Public Work Department) को मातहतमा सुनौली पोखरा राजमार्ग निर्माण भएको हो । २०२० (१९६४) सालदेखि २०२८ (१९७२) सालसम्मको अवधिमा यो राजमार्ग बन्यो । १९९९ देखि २००३ सम्म सडक मर्मत भयो । त्यसपछि आवधिक मर्मत भइरहेको छ । सडकको चौडाई ५.५ मिटर ६ मिटर छ । राजमार्ग बन्यो तर डिजाइनमा नेपालीपन मिसिएको छैन । भौगोलिक परिवेश र भूवनोट यथावत् राखिएको छ । मुग्लिङ नारायणगढ खण्ड नखोल्दासम्म यो धेरै ट्राफिक चाप भएको बाटो थियो । काठमाडौँ, पोखरासँग तराई जोड्ने मुख्य मार्ग बनेको थियो । त्रिभुवन विश्वविद्यालयको परीक्षा दिन काठमाडौँ जानेहरूले सुनौली पोखरा मुग्लिङ निस्किएर नदीहरूमा पटेला तरेको स्मरण गर्दछन् ।

बाटो विकासको मेरूदण्ड हो । आर्थिक र सामाजिक विकासका लागि राजमार्ग अपरिहार्य छ । नेपालमा सामाजिक आर्थिक अध्ययनमा आधारित भौतिक विकास कमै मात्रामा देखिन्छ । यद्यपि सिद्धार्थ राजमार्ग बनेपछि आर्थिक क्रियाकलाप राजमार्ग वरिपरि केन्द्रित हुन थाल्यो । पाल्पामा व्यावसायिक तरकारी खेती, स्याङजामा सुन्तला खेती, मस्याममा डोलोमाइट, चुनढुङ्गाको उत्खनन् र परीक्षण भए । पशुपालन विकासका कार्यक्रम आए, पोखरामा दुग्ध प्रशोधन सुरू भयो । पाल्पा र स्याङ्जाका दूध

संकलन गरी पोखरा बिक्री गरियो । तिनाउ हाइड्रो सुरू भयो, जुन हाइड्रोपावर योजनामा पुरानो हो । आँधीखोला हाइड्रो अध्ययन र सञ्चालन राजमार्गकै देन हो । यस्ता धेरै योजना आए, कार्यान्वयन भए । राजमार्ग छेउछाउका बस्तीहरूले राजमार्गबाट लाभ लिन पाए ।

**राजमार्गको वर्तमान अवस्था**

सिद्धार्थ राजमार्ग सडक साँघुरो छ । असंख्य घुम्तीहरू छन् । दुई विपरीत दिशाबाट आउने सवारी साधन नजिकै पुग्दासम्म देख्न सकिन्न । टाढैबाट संकेत दिन लामोलामो हर्न बजाउनुपर्छ । एकातिर चट्टान खस्ने पहरा र अर्कातिर नदीको डरलाग्दो भीर छ । राजमार्ग नामाकरण गरिए तापनि सडकको मापदण्ड पुगेको छैन । सडकभन्दा पुराना बजारहरूले सडकको चौडाईलाई गिज्याइरहेका छन् । सिद्धबाबा खण्डमा खस्ने पहिरो र सडक दुरावस्थाले यो राजमार्गलाई कतिपयले 'मृत्युमार्ग'को नामले सम्बोधन गर्ने गरिरहेका छन् । बाटो सम्झ्यो कि यात्रा गर्ने रहर हराउँछ, गाडी चढ्ने आँट हराउँछ ।

बढी घुमाउरो र साँघुरो रहेकाले यात्रुभन्दा मालबाहक गाडी बढी चल्ने गर्दछन् । पहाडी भूगोल रहेकाले जुन समय पनि सडक शान्त रहन्छ । ठूला सवारी साधनको भार थेग्न सक्ने सडकको क्षमता छैन । चौडा साँघुरो छ । राजमार्गमा बनेका पुलहरूले पनि बढी भारका सवारी साधन थेग्न सक्ने क्षमता राख्दैनन् । मेगा आयोजना सञ्चालनका क्रममा विकल्प समेत नहुँदा कतिपय अवस्थामा जबरजस्ती लोड गाडी चलेका कारण सडक जोखिममा रहेको छ ।

पहिले गाडीको संख्या कम थियो, मनखुशी गाडी चलाउन मिल्थ्यो । अहिले भीडभाड बढेको छ, प्रतिस्पर्धामा गाडी चलाउनुपर्छ । यात्रु चढाउन र ओराल्न हतार गर्ने, तँछाडमछाड गरेर गाडी दौडाउने स्थितिले जोखिम बढेको छ । सडक निर्माणका बेला एकीकृत योजनाको अभावमा गाडी आवतजावत बाहेक अरू पूर्वाधारहरू बन्न सकेनन् । यातायातको विकल्पमा अन्य साधन, सूचना प्रविधि, विद्युत् वा अन्य कुनै सञ्जाल यो राजमार्गसँग नजोडिएकाले आधुनिक विकासका सम्भावनाहरू कमजोर देखिएका छन् ।

**सिद्धार्थ आर्थिक करिडोरको सम्भावना र पहल**

कुनै बेला काठमाडौं उपत्यकापछि बलियो शासन, विविध संस्कृति र आत्मनिर्भर अर्थतन्त्रले परिचित पाल्पाको तानसेन यतिबेला आफ्नो साख बचाउने अभियानमा क्रियाशील छ । तानसेन नगरपालिकाले सिद्धार्थ आर्थिक करिडोर निर्माणको अभियान सुरू गरेर त्यसको छनक दिएको छ । बेलहियादेखि पोखरासम्मका १५ (आमन्त्रित कालीगण्डकी गाउँपालिका समेत १६) स्थानीय तहले एकमतका साथ सिद्धार्थ राजमार्गलाई सिद्धार्थ आर्थिक करिडोरमा रूपान्तरण गर्नुपर्ने निश्कर्षमा पुगेका छन् । तानसेन नगरपालिकाले सिद्धार्थ राजमार्गसँग जोडिएका रूपन्देही, पाल्पा, स्याङ्जा र कास्की जिल्लाका पोखरा महानगरपालिका, बुटवल उपमहानगरपालिकासहित नगरपालिका र गाउँपालिकाका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतसहितको सम्मेलनमार्फत् सिद्धार्थ आर्थिक करिडोर निर्माणको प्रस्ताव पारित गराएको छ । स्थानीय तहहरूले जारी गरेको तानसेन घोषणापत्रले सिद्धार्थ आर्थिक करिडोरका अवसर र चुनौतीलाई मध्येनजर गरी स्थानीय तहहरूले गर्न सक्ने कामहरूलाई अगाडि बढाउने, प्रदेश र संघसँग साझा सवालमा समन्वय सहकार्य गरी अगाडि बढ्ने संकल्प गरेको छ । मेयर फोरम नाम दिएको त्यो भेलाले सिद्धार्थ आर्थिक करिडोर सञ्जाल गठन गरी द्विपक्षीय र बहुपक्षीय छलफल अगाडि बढाउने निर्णय लिएकाले आर्थिक करिडोरको वहस आरम्भ भएको छ ।

आर्थिक करिडोर भौगोलिक क्षेत्रमा आर्थिक विकासलाई उत्प्रेरित गर्न नक्सांकन गरिएको पूर्वाधारहरूको एकीकृत सञ्जाल हो । सामान्य बुझाइमा आर्थिक करिडोर एक भौगोलिक क्षेत्रमा लक्षित विकासको पहल हो । करिडोर एक देशभित्र र विभिन्न देशहरूका बीचमा गर्न सकिन्छ । आर्थिक करिडोर भनेको पूर्वाधारको यस्तो एकीकृत सञ्जाल हो, जसले एउटा भौगोलिक क्षेत्रलाई आर्थिक विकासमा जोड्ने लक्ष्य राखेको हुन्छ । करिडोरहरू देशभित्र र देशबाहिर जोड्नका लागि निर्माण गरिएका हुन्छन् । आर्थिक करिडोरमा राजमार्ग, रेलमार्ग, बन्दरगाह र सहरहरू जोडिन्छन् । करिडोरले उत्पादनको केन्द्र, वस्तु तथा सेवाको माग र आपूर्ति, मूल्य श्रृंखलामा आधारित वस्तुको सेवालाई जोड दिन्छ । सूचना प्रविधिको पछिल्लो विकास, विद्युत, पेट्रोलियम पदार्थ, ग्यासका पाइपलाइन बिस्तार गरी समुदायको आर्थिक विकासमा टेवा दिन्छ ।

राजमार्ग क्षेत्र वरपरका आर्थिक विकासका अध्ययनहरू गर्नु आवश्यक देखिन्छ । त्यो भएको छैन । कृषि, पर्यटन, सूचना प्रविधि, स्वरोजगारमूलक उद्योगहरू स्थापना गर्न सकिन्छ । एक आपसमा सहयोग, सद्भाव मात्र होइन रोजगारीका अवसर सिर्जना गरेर आर्थिक क्रियाकलाप वृद्धि गर्न सकिन्छ । कृषिमा यान्त्रिकीकरण गरी उत्पादित सामग्रीलाई व्यावसायिकीकरण र बजारीकरण गरी नागरिकको आयस्रोत बढाउन सकिन्छ । पर्यटकीय स्थलहरूको पहिचान गर्ने, ऐतिहासिक र पुरातात्विक सम्पदाहरूको संरक्षण गर्ने र पर्यटनमैत्री वातावरण निर्माण गरी देशीविदेशी पर्यटक तान्न सकिन्छ । सडक सञ्जालसँगै सूचना प्रविधिको सञ्जाल बिस्तार गर्न सकिन्छ । सम्भाव्यताका आधारमा सडकका विभिन्न भागमा ठूला उद्योगहरू सञ्चालनको वातावरण बनाउन सकिन्छ । मेगा प्रोजेक्ट डिजाइन, नक्सांकन र निर्माण गर्न सकिन्छ ।

सिद्धार्थ राजमार्गको स्तरोन्नति यतिखेर देशकै प्राथमिकतामा परेको छ । राजमार्ग बिस्तार मात्र होइन, अब आर्थिक क्रियाकलाप वृद्धिको योजना पनि सँगसँगै अगाडि बढ्नुपर्छ । तानसेनले आरम्भ गरेको सिद्धार्थ आर्थिक करिडोर निर्माण अभियान अब सिंगो देशको सपना बन्नुपर्छ । गण्डकी प्रदेश र प्रदेश नं. ५ ले आर्थिक करिडोरलाई प्रदेशकै प्राथमिकताको योजना घोषणा गर्नुपर्छ र संघीय सरकारले आवश्यक परेका ठाउँमा काँध थाप्नु पर्छ । यो अभियानले सार्थकता पाए वास्तवमै यस क्षेत्रकै आर्थिक विकास र समृद्धि हासिल गर्न मद्दत पुग्नेछ ।

(अध्यक्ष, नेपाल पत्रकार महासंघ, पाल्पा)

# तानसेनमा युवा लक्षित स्वरोजगार कार्यक्रममा जोड



– दीपक विश्वकर्मा

निर्वाचन पश्चात् तानसेन नगरपालिकामा जनप्रतिनिधिले नेतृत्व सम्हालेको करीव ३ वर्ष पुग्न लागेको छ । यस बीचमा हामीहरु विभिन्न सामाजिक, भौतिक र आर्थिक विकासलाई जोड्दै नगरका नागरिकहरूको इच्छा, चाहना र समृद्ध तानसेनको परिकल्पनालाई समेत साकार पार्न सघाउने खालका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकतामा राखेर गतिशील रहेको अवस्था छ । तानसेन नगरभित्र भौतिक विकास, सामाजिक विकास र आर्थिक विकासलाई सँगसँगै जोड्ने प्रयत्न गरेका छौं । यसमा आर्थिक विकासको पाटो स्वरोजगारलाई जोड्न खोजिएको हो ।

तानसेन नगरपालिकामा जनप्रतिनिधिले कार्यभार सँभाल्दादेखि नै नगर प्रमुख अशोककुमार शाही लगायत जनप्रतिनिधिले नागरिकलाई आफ्नै माटोमा उत्पादनसँग कसरी जोड्न सकिन्छ भनेर स्वरोजगार कार्यक्रमको परिकल्पना गरेअनुसार आयमूलक कार्यक्रम मार्फत् जोड्न खोजिएको छ । दिनानुदिन उत्पादनशील युवाहरू वैदेशिक श्रम बजारतर्फ पलायन भैरहेको परिवेशमा तानसेन नगर सरकारले नगर क्षेत्रका युवाहरूमा ज्ञान, सीप र क्षमताको सदुपयोग र विकास गर्दै उद्यमशीलता, उत्पादन र रोजगारी अभिबृद्धि गर्ने र विदेशबाट फर्केका युवाहरूलाई विदेशमा आर्जन गरेको सीप तथा व्यावसायिकता र दक्षताको उपयोग गर्दै आफ्नै माटोमा स्वरोजगार र आत्मनिर्भर बनाउन लागिपरेको छ । साथै महिला उद्यमशीलता तथा दलित, अल्पसंख्यक समुदायको सीप र पेशालाई आधुनिकीकरण गरी उत्पादनको माध्यमबाट समृद्ध तानसेनको परिकल्पना साकार पार्न तानसेन नगर क्षेत्र भित्र स्वरोजगार कार्यक्रम लागु गरिएको हो । यस कार्यक्रमले खास गरी युवा, महिला र दलित, अल्पसंख्यक समुदायलाई लक्षित गरी व्यक्तिगत वा समूहगत रोजगारी सिर्जनामार्फत् आय आर्जनमा बृद्धि गर्न व्यावसायिक कृषि, पशुपालन, घरेलु, कुटीर तथा साना उद्योग र परम्परागत सीप सहित विभिन्न शीर्षकहरूमा व्यवसाय गर्न प्रोत्साहन गरिएको छ ।

पहिलो वर्ष अर्थात् आ.व. २०७४/७५ देखि नै नीतिगत निर्णय मार्फत् कार्यक्रम निर्धारण गरियो र आर्थिक वर्ष २०७५/७६ मा कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरियो । साथै कार्यक्रम सञ्चालनको लागि **तानसेन नगरपालिका स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०७५** पारित गरी स्वरोजगार कार्यक्रम शुरूवात गरियो । सुरूवाती वर्ष र यस चालु आ.व.मा गरी वार्षिक ३०० जना युवा तथा लक्षित वर्गलाई स्वरोजगार बनाउने लक्ष्य सहित कार्यक्रम परिकल्पना गरिएता पनि विभिन्न कारणले लक्ष्य पुरा गर्न कठिनाई भएको हुँदा चालु आ.व. मा लक्षित वर्गका कम्तीमा १०० जनालाई स्वरोजगार बनाउने गरी कार्यक्रम अघि बढेको छ । यसको वार्षिक लक्ष्य र परिणामलाई बृद्धि गर्ने गरी आगामी वर्ष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

यस कार्यक्रममा ज्ञान, सीप, जाँगर र व्यावसायिक बन्छु भन्ने सोच भएका युवा, महिला तथा दलित, अल्पसंख्यक समुदायका व्यक्ति वा समूहलाई विना धितो सहुलियत कर्जा प्रवाह गर्ने गरी व्यवस्था मिलाइएको छ । तानसेन नगरपालिका जमानी बस्ने गरी पहिलो चरणमा नेपाल बैंक लि. पाल्पा र तानसेन नगरपालिका बीच सम्झौता भई सहुलियत कर्जा प्रवाह कार्यान्वयन भएको छ ।



व्यावसायिक बन्न र सहुलियत कर्जा प्राप्त गर्न लक्षित वर्गका व्यक्ति वा समूहले वडा कार्यालय मार्फत् आफ्नो व्यावसायिक परियोजना सहित आवेदन दिनुपर्ने हुन्छ । आवेदकहरूको व्यावसायिक परियोजना अध्ययन गरी तानसेन नगरपालिकाले सहुलियत कर्जाका लागि बैंकलाई सिफारिस गर्दछ । सिफारिस भए पश्चात् बैंकले प्रक्रिया पुऱ्याई कर्जा प्रवाह गर्दछ । यसबाट आर्थिक समस्याका कारणले व्यावसायिक बन्ने सोच, ज्ञान, सीप भएकालाई व्यवसाय गर्नबाट रोकिनु नपर्ने विश्वास राखिएको छ ।

तानसेन नगरपालिकामा हालसम्म यस कार्यक्रम मार्फत् स्वरोजगार बन्नका लागि प्राप्त आवेदन विवरण र कर्जा स्वीकृत भई व्यवसाय सुरू गरेकाको विवरण यस प्रकार रहेको छ,:

| वडा नं. | माघ २०७५ को आवेदन | | | जम्मा | भाद्र २०७६ आवेदन | | | जम्मा | कूल जम्मा आवेदन | ऋण स्वीकृत | ऋण लगानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | युवा | दलित | | महिला | युवा | दलित | | | | |
| १ | १ | २ | २ | ५ | २ | १ | ० | ३ | ८ | १ | |
| २ | ३ | ३ | ४ | १० | ८ | १० | ४ | २२ | ३२ | ५ | |
| ३ | ८ | २ | ७ | १७ | ० | २ | २ | ४ | २१ | १ | |
| ४ | ० | १ | ० | १ | ० | ० | ० | ० | १ | ० | |
| ५ | ४ | १० | १ | १५ | ३ | ६ | ४ | १३ | २८ | ४ | |
| ६ | १ | ३ | २ | ६ | ३ | ६ | ९ | १८ | २४ | २ | |
| ७ | २ | ४ | ० | ६ | ६ | १३ | १ | २० | २६ | २ | |
| ८ | ५ | १२ | ५ | २२ | १ | ६ | ५ | १२ | ३४ | ६ | |
| ९ | ७ | २३ | ४ | ३४ | ११ | ३ | ० | १४ | ४८ | ३ | |
| १० | ० | ० | ० | ० | १ | ७ | ९ | १७ | १७ | ० | |
| ११ | ३ | १५ | ० | १८ | ० | ० | ० | ० | १८ | ६ | |
| १२ | ३ | १३ | ० | १६ | २ | ४ | १ | ७ | २३ | १ | |
| १३ | ० | १ | ० | १ | ३ | १५ | १ | १९ | २० | ७ | |
| १४ | १८ | ५७ | ११ | ८६ | ० | ० | ० | ० | ८६ | १ | |
| | ५५ | १४६ | ३६ | २३७ | ४० | ७३ | ३६ | १४९ | ३८६ | ३९ | |

उल्लिखित विवरण २०७६ माघ मसान्तसम्मको हो । तथ्याङ्क/विवरण हेर्दा यस आर्थिक वर्षको दोस्रो चौमासिक सकिंदासम्म पनि लक्ष्य अनुसार कार्यक्रमको गतिमा ढिलाई भएको देखिन्छ । यसलाई के कारणले कर्जा स्वीकृत र प्रवाह हुन कठिनाई भएको हो त्यस समस्याको समधान गरी बाँकी आवेदकहरूलाई प्रक्रियामा लगेर धेरैभन्दा धेरै तानसेनका युवा, महिला र दलित, अल्पसंख्यक नागरिकलाई स्वरोजगार बनाउने र आर्थिक उत्पादनसँग जोड्ने कार्यलाई तीव्रता दिनु पर्दछ । हाम्रा नागरिक आर्थिक उत्पादनसँग जोडिए मात्र समृद्धि सम्भव छ ।

साथै आर्थिक समृद्धिसँग जोड्नका लागि १६ देखि ४० वर्ष उमेर समूहका युवाहरू लक्षित गरी तानसेन नगरपालिका र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को सहकार्यमा नगरका वेरोजगार युवाहरूलाई स्वरोजगार बन्नका लागि उद्यमशीलता सम्बन्धी नवीनतम सोंच, सीप र तत्परताको लागि उत्प्रेरित गरी युवा उद्यमी बन्न स्थानीय साझेदार संस्था ग्रामीण आर्थिक विकास संघ (रेडा) मार्फत् निम्न शीर्षकहरूमा व्यावसायिक तालिम प्रदान गरी उद्यमी बन्न, सहुलियत कर्जा र बजारसँग जोड्ने गरी **युवाहरूका लागि उद्यम विकास** कार्यक्रम सञ्चालन गरिएको छ :

| क्र.सं. | तालिमको नाम | प्रशिक्षार्थी संख्या | तालिम अवधि (दिन) |
|---|---|---|---|
| १ | फूल उत्पादन (पुष्प खेती) व्यावसायिकीकरण | १० | ३० |
| २ | माछा पालन तथा व्यावसायिकीकरण | १० | ३० |
| ३ | किवी, स्ट्रावेरी, एभोकाडो खेती | १० | १५ |
| ४ | स्थानीय डेरी उत्पादनको प्रशोधन | १० | १५ |
| ५ | उच्च मूल्य तरकारी, खेती तथा कृषि वन | ३० | १५ |
| ६ | पाल्पाली ब्रान्डेड ढाकाको लागि उन्नत तालिम | १० | ९० |
| ७ | पाल्पाली ब्रान्डेड करूवाको लागि उन्नत तालिम | १० | ९० |
| ९ | काठको शिल्प, बाँस र माटाको भाँडाको उन्नत तालिम | १० | ९० |

साथै स्वरोजगारलाई नै थप कार्यक्रम मार्फत् विभिन्न सहयोगी संस्थासँग समन्वय र सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिएको छ । तानसेन नगरपालिका र हेफर प्रोजेक्ट नेपालको सहकार्यमा ग्रामीण आर्थिक विकास संघ (रेडा) मार्फत् कृषि तथा पशु उद्यमशीलता परियोजना समेत सञ्चालित छ । सुरुमा तानसेन नगरका ५,८, १०, ११, १२, १३ वडामा सञ्चालित परियोजनाले कृषि तथा पशु उद्यमशीलता र रोजगारीलाई जोड्ने छ । साथै यसै परियोजना मार्फत् नगरका १४ वटै वडाका १६ देखि ४० वर्ष उमेर समूहका युवाहरूले समेत कृषि तथा पशु व्यवसाय गरिरहेका र गर्न योजना बनाएका युवालाई समेत समेट्नेछ ।

माथि उल्लिखित कार्यक्रमहरूको मुख्य उद्देश्य भनेको तानसेन नगरमा रहेका हरेक नागरिकलाई स्वरोजगार बनाई आत्मनिर्भर बनाउने हो । जसले गर्दा **समृद्ध तानसेन, सुखी नगरवासी**को नारालाई पुरा गर्न मद्दत गर्दछ । त्यसतर्फ नगरपालिका क्रियाशील छ । नगरबासीको साथ र सहयोगबाट कार्यक्रम पक्कै सफल हुने छ ।

**(संयोजक, सामाजिक विकास समिति)**

- **कर तिरौं, नगरको विकास निर्माणमा सहभागी बनौं।**
- **नगरपालिकालाई तिर्नु पर्ने सम्पूर्ण कर चुक्ता नगरे कुनै पनि सेवा सुविधा उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन।**
- **कर तिर्नु सबै नगरबासीहरूको कर्तव्य हो, सेवा प्राप्त गर्नु अधिकार हो।**
- **कर तिरौं, सभ्य नागरिक बनौं।**
- **समयमै कर तिरौं, जरिवानाबाट बचौं।**

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

# आर्थिक करिडोरको सन्दर्भमा सिद्धार्थ आर्थिक करिडोर :समृद्धिको भिजन

*(Siddhartha Economic Corridor A Vision for Prosperity)*



- सन्तोष खनाल

**विषय प्रवेश**

आर्थिक विकास र समृद्धि कुनै पनि राष्ट्रको प्रमुख लक्ष्य हो । यो लक्ष्य प्राप्तिको लागि विश्वमा विभिन्न विकासका नमूनाहरू प्रतिपादन भएका छन् । विकास नमूनालाई अनुसरण गर्दै आर्थिक विकासका नीति, योजना कार्यक्रमहरूलाई राष्ट्रहरूले प्राथमिकताका साथ कार्यान्यवन गरिरहेका छन् । भौतिक पूर्वाधारको विकासविना देशको विकासको परिकल्पना गर्न सकिंदैन । शिक्षा, स्वास्थ, जलविद्युत्, सञ्चार, यातायात, सन्तुलित वातावरण आदि पूर्वाधारको विकास नै आर्थिक विकासको सूचक हो । उल्लेखित पूर्वाधारमा यातायातको विकासले बहुआयामिक भूमिका निर्वाह गर्ने भएकोले राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा यातायात सञ्जाल निर्माणलाई विभिन्न मुलकहरूले प्रथामिकता दिने गरेका छन् । राष्ट्रहरूले अन्तर्देशीय सडकसञ्जाललाई मात्र हैन, अन्तर्राष्ट्रिय सडक सञ्जालको बृहत् योजनापनि कार्यान्वयनमा ल्याएका छन् । यसै सन्दर्भमा आर्थिक करिडोर आयोजनाको निर्माण विश्वका विकसित तथा विकासशील राष्ट्रहरूको प्रथामिकतामा परेको पाइन्छ । विश्वको दोस्रो आर्थिक शक्ति राष्ट्र चीनको वि आर आइ योजना यसैको महत्वपूर्ण उदाहरण हो । प्राचीन समयको सिल्क रोड पनि वर्तमानको सडक करिडोरको पुरानो रूप हो । यो लेखमा मुख्य रूपमा आर्थिक, समाजिक दृष्टिकोणबाट आर्थिक करिडोरको पृष्ठभूमिमा तानसेन नगरपालिकाको अगुवाईमा अघि बढाइएको सिद्धार्थ आर्थिक करिडोरको महत्वबारे चर्चा गरिएको छ ।

**आर्थिक करिडोर (Economic Corridor) के हो ?**

आर्थिक करिडोर विकासको समग्र योजनाको एक औजार हो । सामान्यतया आर्थिक करिडोरको सृजना कुनै निश्चित भौगोलिक क्षेत्रको विकासलाई अघि बढाउन गरिएको हुन्छ । जसको माध्यमबाट करिडोरको भूगोल भित्र पर्ने स्थानहरूलाई जोडेर बजारको सिर्जना गरी रोजगारीको अवसरमा वृद्धि गर्दै आर्थिक विकासलाई टेवा पुऱ्याउने साधनको रूपमा प्रयोग गरिन्छ । अर्थशास्त्रीय दृष्टिकोणबाट निश्चित भौगोलिक क्षेत्रमा पर्ने विभिन्न आर्थिक इकाई र पूर्वाधारहरूको एकीकृत जालो हो आर्थिक करिडोर (Economic Corridor)। जसले आर्थिक विकासको सन्दर्भमा उत्प्रेरकको भूमिका निर्वाह गर्दछ । तलका केही परिभाषाले आर्थिक करिडोर के हो भन्ने कुरालाई अझ स्पष्ट पर्दछ ।

*"Economic corridor is a integrative strategy and effective tool that enables industrial proliferation, create job, upgrades infrastructure, aligns infrastructure development with and social agglomerations unifies domestic market and link production center with global values chain. It also decentralizes development away for country's main city and creates market in lagging ....(Asian Development Bank report)*

*"Economic corridor connect economic along a defined geography and region . It provided important connection between economic nodes and hub that are usually entered in urban landscape."*

माथिको परिभाषा आर्थिक दृष्टिकोणबाट स्वीकार गरिएको परिभाषा हो । जसले आर्थिक करिडोरको परिभाषा मात्र होइन यसको भूमिकालाई पनि स्पष्ट पारेको छ । आर्थिक विकास र समृद्धिको लक्ष्य प्राप्तिको लागि आर्थिक करिडोरको महत्वलाई पनि उजागर गर्दछ साथै संघीयताको कार्यान्वयनको चरणमा रहेको मुलुकको लागि सरकारको तल्लो इकाइसम्म विकेन्द्रित विकासको अवधारणालाई आर्थिक करिडोरले आत्मसात् गर्दछ । आर्थिक करिडोर एक मार्ग हो जसले मानिस, वस्तु तथा सेवाको प्रसार हुन जान्छ भने आर्थिक करिडोरको क्षेत्रभित्र हुने विविध उत्पादनको लागि बजारीकरणको अवसर उपलब्ध गराउँछ । कृषि, घरेलु पर्यटकीय वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गरी आर्थिक क्रियाकलपको विस्तार मार्फत् अर्थिक विकासलाई अघि बढाउँछ ।

आर्थिक करिडोरका तीन आयाम छन् । देशभित्र, दुई देशबीच र बहुराष्ट्र बीच । जसले राजमार्ग, रेलमार्ग र सामुद्रिक मार्गलाई एकीकृत रूपमा जोड्ने गर्दछ । सन् १९९८मा एशियाली विकास बैंकले पहिलो पटक आर्थिक करिडोरको अवधारणालाई अगाडि सारेको थियो । एडीबीले Greater Mokong Sub Region Project(GMSP) को रूपमा दक्षिण पूर्वी एशियाली मुलुकहरूलाई समेटेर योजना अघि बढाएको थियो । आर्थिक करिडोरको मुख्यतः चारवटा चरण रहेको छ । **यातायात करिडोर, औद्योगिक करिडोर, व्यापारिक करिडोर र आर्थिक करिडोर** । माथि उल्लेखित चरणहरू एक पछि अर्कासँग चरणबद्धरूपमा प्रयोग हुन्छ । यसै आधारमा हाल विश्वमा यातायात करिडोर, औधोगिक करिडोर, व्यापारिक करिडोर

र आर्थिक करिडोरको आयोजनाहरू प्रचलनमा रहेका छन् । नेपालको सन्दर्भमा कालिगण्डकी करिडोर, कर्णाली करिडोरलाई यातायात करिडोरको उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ । केही समय अघि तानसेन नगरपालिकाको नेतृत्वमा अघि सारिएको सिद्धार्थ करिडोरको अवधारणालाई पनि बृहत आर्थिक करिडोरको अङ्गसँग जोडेर हेर्न सकिन्छ ।

मुलुकको विकास र समृद्धिमा आर्थिक करिडोरले दीगो, महत्वपूर्ण योगदन दिन सक्ने अर्थशास्त्रीहरूको निचोडको कारण नै वर्तमान विश्वमा आर्थिक करिडोरको योजनालाई विभिन्न मुलुकहरूले प्राथमिकतापूर्वक अघि बढाएको उदाहरण हाम्रो सामु छ । छिमेकी मुलुक चीनको बी आर आई प्रोजेक्ट, China- Pakistan Economic corridor(2016), Viskhaptanam- Chenni Industrial Corridor Development Project, Bangladesh-China-Myanmar Economic Corridor आदि । आर्थिक करिडोर बृहत् समष्टिगत आर्थिक विकासको खाका हो जसले मानवीय पूँजी, प्रविधिको अवस्था, पूर्वाधारको विकास गर्दै विकासको दृष्टिबाट पछि परेका भौगोलिक क्षेत्रहरूलाई विकासको मार्ग प्रशस्त गर्दछ ।



## सिद्धार्थ आर्थिक करिडोर (Siddhartha Economic Corridor )

आर्थिक करिडोरको परिभाषा, विविध आयाम र विश्वव्यापी प्रयोगको चर्चाले सिद्धार्थ आर्थिक करिडोरको भिजनको महत्वलाई बुझाउन सहयोग नै गर्छ होला । संविधान जारी भएपछि भएका सबै तहका निर्वाचन पछि बनेका संघीय सरकार, प्रदेश सरकार देखि लोकतन्त्रको आधारभूत अभ्यास गर्ने थलो स्थानीय सरकारहरूले विकासका विभिन्न आयोजनाहरूको सञ्चालन गर्ने, कानून निर्माण गर्ने र समृद्धि र विकासको लागि विविध छलफल बहस गर्ने क्रम देशैभरीका विभिन्न तहका सरकारहरूले गर्दै आएका छन् । यसै बीच लगानी सम्मेलन, ऊर्जा विकास सम्मेलन, पर्यटन सम्मेलन जस्ता कार्यक्रमहरू आयोजना भएका समाचारहरू आइरहका छन् । यसै सन्दर्भमा तानसेन नगरपालिकाको नेतृत्वको पहलमा समृद्ध तानसेनको अभियानलाई सार्थक तुल्याउन केही समय अघि सिद्धार्थ लोकमार्गले समेटने स्थानीय सरकारहरूको प्रमुख, विज्ञहरूको संलग्नतामा सिद्धार्थ आर्थिक करिडोर सम्मेलन सम्पन्न भएको छ । नेपालको महत्वपूर्ण लोकमार्ग मध्ये सिद्धार्थ लोकमार्ग पनि एक हो । सुनौलीदेखि पोखरासम्मको यो लोकमार्ग छिमेकी राष्ट्र भारतको प्राविधिक तथा आर्थिक सहयोगमा सन् १९६४ मा निर्माण सुरू भई सन् १९७२ मा सम्पन्न भएको थियो । दैनिक औसत ४४७१ सवारीसाधनहरू आवजात गर्ने यसै लोकमार्गलाई उपयोग गरी आर्थिक विकाससँग जोड्ने उद्देश्यकासाथ सिद्धार्थ करिडोरको अवधारणा अघि आएको हो । यसै सन्दर्भमा यस आलेखमा यस आयोजनाको उद्देश्य के हो ? यसको आवश्यकता र कार्यान्वयन किन जरूरी छ भन्ने बारेमा छोटो चर्चा गरिएको छ ।

माथिनै उल्लेख गरिएको विकासको औजारको रूपमा प्रयोगमा ल्याइएको आर्थिक करिडोरको संक्षिप्त चर्चाले पनि सिद्धार्थ करिडोरलाई बुझाउन सक्छ । आर्थिक दृष्टिबाट स्वीकार गरिएको आर्थिक करिडोरको बहुआयामिक पक्षबाट हेर्दा सिद्धार्थ आर्थिक करिडोर रूपन्देहीको बेलहियादेखि, पाल्पा, स्याङ्जा र कास्कीको पोखरा जोडने १८१ कि.मी को दायरा भित्र पर्ने स्थानीय पालिकाहरूको एकीकृत आर्थिक सञ्जाल हो । यस क्षेत्र भित्र रहेका पालिकाहरूको विविध आर्थिक आयामहरू (कृषि उत्पादन, उद्योग, सडक पर्यटन..)



क्षेत्रलाई पहिचान गरी यस क्षेत्रको विकासको लागि अघि बढाइएको अभियान हो । दीर्घकालीन विकासको भिजन हो । योजना हो । यस क्षेत्रको विकासका लागि स्थानीय सरकारहरूबीच सहकार्यको माध्यमबाट कृषि, पशुपालन, पर्यटकीय वस्तु आदिको उत्पादनले बजार प्राप्त गर्ने छ भने, स्थानीय साधन स्रोतको बहुउपयोग, घरेलु तथा कुटीर उद्योगको माध्यमबाट रोजगारीको अवसरमा वृद्धि गरी विकासको मार्गमा बढ्न सिद्धार्थ आर्थिक करिडोरले सहयोग गर्ने छ । यस योजनाको माध्यमबाट यस राजमार्ग अन्तर्गतका १६ स्थानीय सरकार मातहतमा रहेका महानगरपालिका, उपमहानगरपालिका , नगरपालिका र गाउँपालिकाको सहभागितामा सिद्धार्थ आर्थिक करिडोरको लक्ष्यलाई सफल बनाउन तानसेनमा स्थानीय सरकारका प्रमुखहरू एकजुट भएर १० बुँदे घोषणापत्र जारी गर्दै अघि बढ्ने प्रतिबद्धता गर्नुले पनि यो आर्थिक अभियानको महत्वलाई बुझ्न सकिन्छ । सिद्धार्थ आर्थिक करिडोरको अभियानले यस क्षेत्रमा पर्ने स्थानीय सरकारहरूको कृषि, पर्यटन, उद्योग,

सडक आदि आर्थिक क्षेत्रसँग सम्बन्धित क्षेत्रहरूको पहिचान गरी यसको उपयोगिता मार्फत् आर्थिक उन्नतिमा सहयोग पुग्ने तथ्यलाई नकार्न सकिदैन । अर्कोतर्फ संघीयताको सफल कार्यान्वयन र वित्तीय संघीयताको सार्थक सफलताको लागि पनि यो अभियानमा फरक फरक आर्थिक संभावना बोकेका स्थानीय सरकारहरू एक ठाउँमा उभिनु र प्रतिबद्धता जनाउनुले तानसेन नगरपालिकाको सौँचलाई सबल बनाउन मद्दत गरेको छ । तानसेन नगरपलिकाले यो अभियानको नेतृत्व गर्नु तानसेनबासीको लागि गौरवको कुरा समेत हो ।

**बृहत्तर आर्थिक अभियान(योजना) को आवश्यकता र मुख्य विषयवस्तु ।**

- नागरिकप्रति स्थानीय सरकारको जिम्मेवारीलाई आत्मसात् गर्दै आर्थिक विकासको उच्चतम सदुपयोग गर्न
- स्थानीय सरकारहरूको साझा प्रतिबद्धता, समन्वय र सहकार्यमा अभियान अघि बढाउन ।
- यस करिडोरको दायराभित्र पर्ने स्थानीय सरकारहरूमा रहेका कृषि, घरेलु तथा कुटीर उद्योग, पर्यटकीय आदि क्षेत्रको उत्पादनहरूको बजारको सृजना गर्ने सहयोग गर्न ।
- सिद्धार्थ राजमार्गको स्तरोन्नति, राम्दी पुलको पुननिर्माण, फराकिलो सडक निर्माण गरी छिमेकी राष्ट्रसँग सहज सडकको पहुँच पुऱ्याउन ।
- यस क्षेत्रमा रहेका पालिकाहरूको आर्थिक विकास र समृद्धिका लागि अवसरहरूको पहिचान गरी पालिकाहरूसँग द्विपक्षीय र बहुपक्षीय अन्तर्क्रियाबाट अघि बढ्न, सहकार्य र समन्वय गर्न ।
- यस क्षेत्रको सन्तुलित तथा दीगो विकास गरी रोजगारी अभिवृद्धि गर्न ।

**अबको गन्तव्य**

सिद्धार्थ आर्थिक करिडोरको योजनाले यस क्षेत्रको विकासको लागि मार्ग तयार पारेको छ । यसको लक्ष्यलाई अघि बढाउनको लागि स्थानीय पालिकाहरूले आ–आफ्नो पालिकाको वार्षिक नीति तथा कार्यक्रमसँग अभियानलाई जोडनु पर्छ । स्थानीय सरकारको आर्थिक क्षेत्रको पहिचान गरी बजारको विस्तार गर्ने तथा साँचो रूपमा सहकार्य, समन्वयको पहलको खाँचो छ । राजनैतिक प्रतिबद्धता अर्को महत्पूर्ण पक्ष हो । अभियानले लक्ष्य राखेको आर्थिक विकास र रोजगारीको सृजना गर्न निजी क्षेत्रको साझेदारी पनि उत्तिकै आवश्यक छ । यो दीर्घकालीन र बहुआयामिक आर्थिक योजना भएकोले यसको बारेमा कोरा र सतही टिप्पणीलेमात्र अभियानलाई सहयोग गर्ने छैन । योजना आर्थिक विषयसँग जोडिएकोले अर्थ विज्ञहरू, समाजशास्त्रीहरू, बुद्धिजीवी लगायतको एक टिम बनाई अध्ययन र अनुसन्धान गरी योजनालाई थप सवलीकरण गर्न आवश्यक छ । यसको लागि तानसेन नगरपालिकाको अगुवाइ आवश्यक छ ।

सिद्धार्थ आर्थिक करिडोरको माध्यमबाट यस क्षेत्रको विकास र समृद्धिमा सहयोग पुग्ने तथ्यलाई नकार्न सकिंदैन । यसको सुरूवात भएको छ । यस अभियानको सफलताको लागि केही वर्ष लाग्न सक्छ किनकि यो दीर्घकालीन विकासको औजार हो । सबभन्दा महत्वपूर्ण यस करिडोरको मेरूदण्डको रूपमा रहेको सिद्धार्थ लोकमार्गको सिद्धबाबा खण्डको अल्पकालीन तथा दीर्घकालीन निर्माण र यस लोकमार्ग अन्तर्गत रहेका ३४ वटा पुलहरूको समयानुकूल मर्मत गर्नुपर्ने देखिन्छ । यसको लक्ष्यलाई सफल बनाउन वर्तमान पालिकाका प्रमुखहरू, राजनैतिक दल, बुद्धिजीवी, विज्ञ समूह, राष्ट्रसेवकहरू र सरोकारावालहरूको सकारात्मक सुझाव र ऐक्यबद्धता आवश्यक छ । यस दीर्घकालीन योजना अन्तर्गतका स्थानीय सरकारको सवलीकरण र समुन्नतिका लागि प्रदेश र संघीय सरकारको सहयोग र साथ पनि आवश्यक छ । सिद्धार्थ आर्थिक करिडोरको भिजन आजको आवश्यकता र भोलिको नेतृत्वको लागि मार्गदर्शन गर्ने योजना भएकोले यो अति महत्वपूर्ण रहेको छ । यो सोचलाई सार्थक बनाउन सरोकारवालाहरूको सक्रियता महत्वपूर्ण पक्ष हो । त्यसतर्फ सरोकारवालाको ध्यान पुगोस् ।

*(उप-प्राध्यापक, अर्थशास्त्र)*



- ❑ विद्यालय, समुदाय र पारिवारमा बालमैत्री वातावरण सिर्जना गरौं।
- ❑ विद्यालयलाई शान्तिक्षेत्र कायम गरौं।
- ❑ बालबालिकाको अधिकतम सिकाइको सुनिश्चितता गरौं।
- ❑ बाल बिबाहलाई निरूत्साहित गरौं।
- ❑ बालमैत्री स्थानीय शासनको अवलम्वन गरौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

# पाल्पाली ढाका प्रवर्द्धनमा साझा पहल



- पदम न्यौपाने

जंगबहादुर राणाकी छोरी डम्मरकुमारी बनारसमा रहदा बंगाली उत्पादन चमुवा ढाकाले उनको मन छोयो र उनले यसलाइ मनपर्ने पहिरनको रूपमा लिइन् । उनको यो पहिरन राणा परिवारका सदस्यहरूमा खुवै प्रयोगमा आयो । यतिमात्र होइन काठमाण्डौमा समेत निकै लोकप्रिय बन्दै गयो ।

पाल्पाका एक युवा गणेशमान महर्जन सन् १९५८ मा बनारसमा तालिमका लागि पुगेका थिए । उनले पनि यो कपडा निकै मन पराए सोच बनाए-पाल्पामा पनि यो कपडा उत्पादन गर्ने । १९६७ मा पाल्पामा उनले यो कपडा उत्पादन शुरू गरे । उनले हाते मेसिनवाट उत्पादन गरिने सो कपडा पाल्पामै उत्पादन सुरू गरी अति आकर्षक कपडाहरू टोपी, पछ्यौरा, ब्लाउज, दौरा सुरुवाल र अन्य उपहारका सामानहरू उत्पादन गरी विक्रीमा ल्याए । यही समयबाट यो कपडा पाल्पाली ढाकाको नामबाट परिचयमा आयो र अहिले नेपालमा यसले राम्रो परिचय बनाएको छ । तत्कालीन राजा महेन्द्रले हरेक सरकारी कर्मचारीले ढाका टोपी लगाउने निर्णय गरी यसलाई झनै प्रख्यात बनाएका थिए ।




(तानसेनमा पाल्पाली ढाकाका सामग्री अवलोकन गर्दै प्रदेश नं. ५ का मुख्यमन्त्री शंकर पोखरेल)

निकै लामो समयसम्म पाल्पामा ढाका कपडा उत्पादन गर्ने कार्यमा निकै तीव्रता आएको थियो । व्यापार व्यवसाय पनि निकै राम्रो थियो । यो पूर्णतः हाते मेसिनबाट उत्पादन गरिने हुनाले उत्पादनमा ढिलाइ हुनुका साथै उत्पादन लागत समेत महँगो हुने गर्दछ । यही अवस्थामा ज्यादा नाफा कमाउने लालसाले भारतवाट आधुनीक मेसिन ल्याई उत्पादन बढाउने कार्यमा केही व्यापारीहरू लागे । यसबाट यो हाते बुनाइ छायाँमा पर्दै जान थाल्यो र आधुनिक मेशिनवाट उत्पादित कपडाको विक्री बढाउन थालियो । यसबाट पाल्पाली ढाका कपडा संकटमा पर्दै गयो र अस्तित्व बचाउन समेत समस्या पर्न थाल्यो । पाल्पाली ढाकाको सक्कली ट्रेडमार्कको अभावमा नक्कली ढाकाले उपभोक्तालाई अन्योलमा पार्‍यो भने सक्कली ढाका संकटमा पर्दै गयो ।

स्वरोजगारी प्रदान गर्ने, घरमै बसेर पनि उत्पादन गर्न सकिने र नेपालीहरूले अत्यन्त मनपराउने पाल्पाली ढाका कपडाको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने आवाज उठ्दै आएको अवस्थामा अहिले यसको प्रवर्द्धनका लागि नयाँ र बृहत् परियोजना सुरू गरिएको छ ।

सार्वजनिक निजी साझेदारी परियोजना अन्तर्गत सुरू गरिएको यो परियोजनामा प्रदेश नं. ५ सरकार, तानसेन नगरपालिका र पाल्पाली ढाका संघको संयुक्त पहलमा युकेएड सीप परियोजनाको सहयोगसमेत रहने गरी प्रारम्भ गरिएको यो पहलले सन् २०२२ सम्म १,५०० रोजगारका आकांक्षीहरूलाई रोजगारी प्रदान गर्ने तथा ढाका उद्योगमा पुनरूत्थान तथा वृद्धिलाई प्रवर्द्धन गर्नको लागि निजी तथा सार्वजनिक क्षेत्रबीचको सहकार्य विस्तार गर्न तथा नक्कल गर्न सकिने नमूना बनाउनको लागि साझेदारहरूको प्रतिवद्धता रहेको छ । २०७६ माघ ३० गते प्रदेश नं. ५ का मुख्यमन्त्री शंकर पोखरेलको समुपस्थितिमा सहयोग सम्बन्धी सहमति भएको छ । उक्त अवसरमा मुख्यमन्त्री पोखरेलले पाल्पाली ढाकाको पहिचान कायम गर्न सरोकारवालाहरूको ध्यानाकर्षण गर्नुभयो ।

यस पहलको सुरुवात ५०० लाभान्वितहरूलाई सीप विकास तालिम प्रदान गरी रोजगारी प्रदान गर्ने १२ महिने नमूना चरणको सुरूवात गरी हुनेछ । इच्छुक कम्पनीहरूलाई काम गर्दागर्दै प्रशिक्षण गर्न सक्ने कार्यक्रमको विकास गर्न सहयोग गर्ने तथा सामूहिक स्वामित्वमा रहेको तालिम केन्द्रको स्थापना गर्न साझेदारहरूले काम गर्नेछन् । त्यसका अतिरिक्त सामग्रीहरूको डिजाइनमा नवीनता भित्र्याउने, ब्रान्डिङ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्रेताहरूसँग मजबुत मूल्य श्रृंखलाको सम्बन्ध स्थापना गर्ने, कम्पनी सुरु गर्ने, विस्तार गर्ने तथा स्वरोजगारीको रूपमा घरमा तान राखी बुन्ने कामको लागि वित्तीय पहुँच प्रदान गर्ने लगायतका काममा पनि साझेदारहरूको प्रतिवद्धता रहेको छ ।

दीगो परियोजनाको रूपमा अगाडि बढाउन प्रदेश ५ सरकारको प्रतिवद्धता र तानसेन नगरपालिकाको संकल्प समेत रहेको यो पहलमा अहिले ढाका उत्पादकहरू पुरानो शाख कायम गर्ने अभियानमा लागेको देखिन्छ ।

यस साझेदारीको माध्यमले ढाका उद्योगमा नेपालीहरूको सीप वृद्धि गर्ने, रोजगारीका अवसरहरूलाई वृद्धि गर्ने, प्रदेशको कलात्मक उद्योगको पुनरूत्थान गर्ने तथा यस क्षेत्रको आर्थिक वृद्धिलाई थप मजबुत बनाउनेछ ।

हालैका वर्षहरूमा धेरैजसो महिलाहरूले नेतृत्व गरेका डिजिटल तथा डिजाइनमा दख्खल राख्ने साना तथा मझौला कम्पनीहरूको वृद्धिले गर्दा परम्परागत कपडाको रूपमा चिनिने ढाकाको बजारले विविधिकरण गर्न सफल भएको देखिएको छ । त्यस्ता कम्पनीहरूले सिर्जनात्मक रूपमा झोला, टाई, पुरुषहरूले खल्तीमा पैसा राख्न बोक्ने साना झोला, आधुनिक कपडा, जुत्ता तथा सजावटका लागि लगाइने अन्य सामग्रीहरू बनाई विविधिकरणलाई यस्ता क्षेत्रमा देखाएका छन् । ढाकाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको पूरा उपयोग गरिएको छैन । हातले बनाएका तथा कलात्मक सामानहरू संसारभर चल्तीमा भए पनि नेपाली ढाका कपडाहरू अन्तर्राष्ट्रिय बजारको पहुँचबाट टाढा छन् । पाल्पाली ढाका उद्योगलाई पुनरूत्थान गर्ने तथा सीपयुक्त नेपाली श्रमिकहरूलाई काममै व्यस्त गराउने तथा नयाँ श्रमिकहरूको पहिचान गर्ने काम प्रदेश नं. ५ सरकार तथा उद्योगका सरोकारवालाहरूको लागि उच्च प्राथमिकताको क्षेत्रमा रहेको छ भन्ने सन्देश समेत तानसेनको कार्यक्रमले दिएको छ ।

यो परियोजनाको सम्झौतामा उल्लेख गरिएको महत्वपूर्ण पक्ष भनेको स्थानीय तहवाट निर्माण गरिने नयाँ तथा सुधारिएको पाठ्यक्रममा ढाका कपडा उत्पादन समेत संलग्न गरिएको पाठ्यक्रमलाई मान्यता दिने तथा त्यसलाई राष्ट्रिय तथा अन्तर ाष्ट्रिय निकायहरूले प्रमाणीकरण गर्ने कार्य र पाठ्यक्रमको स्वीकृतिको लागि पाल्पाली ढाका संघ तथा युकेएडको सीपसँग मिली सहजीकरण गर्ने र पाल्पाली ढाकालाई प्रदेश ५ को विशिष्ट उत्पादनको रूपमा विकसित गर्ने तथा लुम्बिनी र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा बिक्री केन्द्रहरू मार्फत् र सरकारी कार्यक्रम तथा सञ्जाल मार्फत् प्रवर्द्धन गर्ने रहेको तानसेन नगर पालिकाका नगरप्रमुख अशोककुमार शाहीले बताउनुभयो । यसबाट पाल्पाली ढाका कपडाको नेपालमा मात्र नभई अन्तर्राष्ट्रिय बजारमा पहुँच र प्रवर्द्धनमा निकै मद्दत पुग्नेछ ।

परियोजना अन्तर्गत आवद्ध ढाका कपडा उत्पादक कम्पनीहरूको हाल विद्यमान रहेको तालिम पूर्वाधारलाई सुधार गर्ने तथा सामूहिक स्वामित्वमा रहने एक नयाँ तालिम केन्द्रको स्थापना गर्ने, उपकरणहरूको मर्मत गर्ने वा नयाँ थप्ने, नमूना परीक्षणको सुरुवातको लागि तानहरू उपलब्ध गराउने, हालको उत्पादन तथा बजार क्षेत्रलाई विस्तार गर्ने तथा विशेष गरी महिलाहरूलाई आवास, यातायात तथा बालबच्चाको हेरचाहको व्यवस्था समेत मिलाउने लक्ष्य रहेको छ ।

यसैगरी बुन्ने सीप बाहेक अन्तर्क्रिया गर्न चाहिने आवश्यक सीपहरू, आधारभूत वित्तीय साक्षरता, व्यवसायको साक्षरता, डिजाइन तथा बजारीकरण गर्ने सीपहरू लगायत नयाँ र संशोधित पाठ्यक्रम र निर्देशिका तथा विधिहरूको कार्यान्वयन गरिने पाल्पाली ढाका संघकी अध्यक्ष पूर्णमाया महर्जनले बताउनुभयो ।

परियोजनाबाट उत्पादनहरूको डिजाइन गर्ने, आन्तरिक तथा बाह्यबजारसँगका सम्बन्धहरू स्थापित गर्ने, बजारीकरणका नयाँ प्रकृयाहरू अवलम्वन गर्ने, आवश्यक पूँजीमा पहुँच लगायत व्यवसाय व्यवस्थापन तथा विस्तार गर्ने विषयहरूमा कम्पनीका धनी र व्यवस्थापकहरूलाई तालिम समेत सञ्चालन गरिनेछ । परियोजना अन्तर्गत ५०० जनाको लागि स्वरोजगार परीक्षण प्रदान गरी स्वरोजगार बनाउने, १५ सय जनाको लागि विस्तारको चरणको अवसर प्रदान गर्ने लगायत सफल प्रशिक्षार्थीहरूको लागि रोजगारीमा सहज रूपान्तरण गरिने पाल्पाली ढाका संघका सचिव मनोज पौडेलले बताउनुभयो ।

पाल्पाली ढाकाको इतिहास लामो भएपनि सक्कली ढाकाको प्रतीक स्वरूप ट्रेडमार्क समेत दर्ता भएको थिएन । लेबल एसटीईपीको सहयोगमा ट्रेडमार्कसमेत दर्ता हुनेछ । यस कार्यबाट पाल्पाली ढाकाको महत्व बढ्ने ढाका उद्यमी तथा तानसेन-६ का वडा अध्यक्ष सागरमान महर्जनले बताउनुभयो ।

लेबल एसटीईपीले हातले बुन्ने कार्पेट उद्योगमा सन् १९९५ देखि काम गरिरहेको छ भने नेपालमा सन् १९९७ देखि काम गरिरहेको छ । यसले अन्तर्राष्ट्रिय फेयर ट्रेडको मापदण्ड बमोजिम कार्य अवस्था भए नभएको प्रमाणीकरण गर्नुका साथै कार्पेट बुन्ने तथा अन्य श्रमिकहरूको हितको लागि परियोजनाहरूको कार्यान्वयन गर्दछ । यसबाहेक यसले मुख्य क्रेता बजार (अमेरिका तथा युरोप) मा रहेका उपभोक्ताहरूलाई फेयर ट्रेड अभ्यासहरू सुसूचित गर्ने तथा परिचालन गर्ने गर्छ । यस परियोजनाले लेबल एसटीईपीलाई कार्यान्वयन साझेदारको रूपमा सामाजिक मापदण्डहरूको विकास गर्न तथा नेपाली ढाकालाई अन्तर्राष्ट्रिय बजारमा उच्च स्तरको कलात्मक कपडाको रूपमा ब्रान्डिङ तथा बजार प्रवर्द्धन गर्ने लगायत उत्पादनको स्तरोन्नति गर्न उपयोगमा सघाउने पाल्पाली ढाका संघका उपाध्यक्ष हरि रायमाझीले बताउनुभयो ।

पाल्पाको पहिचान बनेको पाल्पाली ढाका कपडा प्रवर्द्धनको यो अभियानले ढाका कपडाको विकास र अन्तर्राष्ट्रियकरण गर्ने मात्र नभई पाल्पाका हरेक गाउँ तथा घरहरूमा यसको उत्पादन प्रभाव पर्ने छ । हरेकको चाहना आर्थिक विकास र समृद्धिको रहेको अवस्थामा स्वरोजगारको माध्यमबाट यो चाहना परिपूर्तिका लागि सहयोगी बन्नेछ । बढ्दो बेरोजगारी समस्यालाइ घरबाटै समाधान गर्न पहल हुनेछ । रोजगारीको अवसरको खोजीले खाली हुँदै गएको ग्रामीण बसोवास र उत्पादन प्रकृयामा सकारात्मक प्रभाव पर्नेछ ।

स्थानीय सरकारको भूमिका परम्परागत विकास प्रणालीमा परिवर्तन ल्याउन सकिएन भने अहिलेको जनता वा मुलुकको चाहना परि पूर्ति हुन सक्दैन यसर्थ, दीगो सोच र प्रभाव सहितको पहल जरूरी छ भन्ने तानसेन नगरपालिकाका प्रमुख अशोक कुमार शाहीको भनाइलाई यही पहलको सान्दर्भिकतामा समेत जोड्न जरूरी देखिन्छ ।

साझेदारी विकास प्रकृयामा एउटा भनाइ उल्लेख गर्ने गरिन्छ, यदी ग्रामीण क्षेत्रको विकास गर्नु छ भने शहरमा प्रारम्भ गरिनु पर्दछ । पाल्पाको सामाजिक आर्थिक विकासको लक्ष्यमा यो पहल उल्लेख्य बन्नेछ । हरेक स्थानीय सरकारले यसप्रकारका कृयाकलापमा साझेदारी र सञ्चालनमा आकांक्षी बन्नु जरूरी छ ।

*(अध्यक्ष, पाल्पाली संगम)*

# Siddhartha Economic Corridor: a collaborative approach to prosperity



- Gopal Prasad Bashyal

**Economic corridor:** Economic corridors connect economic agents along a defined geography and region. They establish links among economic hubs. For this, there is dire need of developing necessary infra-structures and upgrading services and logistics. Improved logistics efficiency is associated with trade expansion, export diversification, investment in productive capacity, economic growth and poverty reduction (Brunner 2013). A trade and transport corridor is a coordinated bundle of transport and logistics infrastructure and services that facilitates trade and transport flows between major centers of spatially separated economic activity. Corridors also play an important role in creating patterns of regional economic development and, ideally, should be managed proactively to enable inclusive growth and market access improvements. The economic corridors are developed among different economic hubs of different countries and of a country.



**The context:** Tansen Municipality was established in 2007 as the third eldest Municipality. Palpa was a very powerful and highly civilized region since Sen dynasty and the only victory Nepal enjoyed during Anglo-Nepal war was at Butwal which was led by Colonel Ujir Singh Thapa from Palpa. Palpa was interestingly chosen by Rana rulers as a powerful administrative centre. Palpa is also taken as a leading district during struggles against Ranas, Panchayat and even in the Maoist riot as the Palpa Darbar was blazed and the insurgents take it as one of the major places of the war. Tansen, the headquarters of Palpa, was declared as the third Municipality of Nepal in 2007 BS. The Tribhuvan Intermediate College, now upgraded as Tribhuvan Multiple Campus, Tansen was established after four years of democracy in 2011 BS. This institution could serve as a leading higher education campus to many students from the western regions of Nepal for decades. Similarly, Tansen served as a trade transit for several decades after the Siddhartha highway was constructed in 2026 BS. Nowadays, Tansen is famous for Palpali Dhaka and bronze Karuwa which are manually produced there. Besides these historical, administrative, political, educational and economic contributions, Tansen and Palpa are significant for productions of ginger, coffee and vegetables, community forest, health services, cultural heritages and also taken as a peaceful destination by tourists.

The Siddhartha highway passes through different economic hubs of western Nepal. The highway was named after the name of Siddhartha Gautam Buddha who was born in Lumbini, only a 15 KM west of the highway, west of Siddharthanagar, a big entry point at Sunauli bordering India and Nepal. There is Butwal Industrial Area on Siddhartha highway at Butwal and Motipur Industrial Area

is under construction, only a 10 KM west of the highway. Similarly, the Churey range of southern Palpa is a huge resource of raw products for cement industries. Similarly, the Galyang, Waling and Syangja Municipalities of Syangja are also growing as vibrant Municipals as their performance and services are highly elaborated by public media. The highway goes to Pokhara, the second most popular touristic destination of Nepal, and a metro city full of industrial and business transactions. There are nine Municipalities and five Rural Municipalities on the Siddhartha highway and all these local governments including both Province governments contribute to the collaborative activities.

**The conference**: Having these remarkable identifications and aiming at regaining its previous position, Tansen Municipality initiated, perhaps the first time in Nepal, and organized a two day conference on developing Siddhartha Economic Corridor (SEC) on December 1-2, 2019. The programme was a milestone on brainstorming on joint efforts of economic development to attain the motto of "prosperous Nepal, happy Nepali." The policy makers and planners of Province No. 5 and Gandaki Province, parliamentarians, chief and deputy chief of Municipalities and Rural Municipalities, officials, development workers and politicians gathered together and discussed the necessity, possibility, challenges and conditions for materializing SEC as one of the major intervention of upgrading people's economic status.

Presenting the conceptual framework of SEC, Ashok Kumar Shahi, Mayor, Tansen, highlighted the necessity of joint efforts and coordination among Province governments, Province and Local governments and Local governments. He proposed to form an expert team representing from both Province governments and local governments connected to the Siddhartha highway. He justified the proposal of this Corridor for ensuring collective efforts to promote possible joint activities, especially promoting tourism, agriculture, information technology and industries from Lumbini to Pokhara.

Dr. Giridhari Sharma Poudel, the Vice-chair, Policy and Planning Commission, Gandaki Province, presented theoretical base of developing economic corridors for establishing relationship between improved infra-structure and economic activities. He showed possibility of dynamic economic activities and establish regional economic hubs. He illustrated the practices of economic corridors in different countries and also referred to ADB for promoting it, and some examples of possible economic corridors in Nepal like Bhairahawa-Parasi-Bardaghat, Nepalgunj-Kohalpur etc. He didn't find any purpose of building Siddhartha highway to promote economic activities. Instead, this region is linked to several other roads like Madan Bhandari highway, Tansen-Rampur-Kawasoti road, Korala-Gandaki corridors. Similarly, the frustrating economic activity on the Siddhartha highway is a big challenge to initiate SEC.

Dr. Ishwar Gautam, Vice-chair, Province Planning Commission, Province No. 5, highlighted the provincial development model and mentioned the infra-structure development at Lumbini, developing Butwal-Bhairahawa a metro city, IT park and innovation centre at Butwal, Siddhababa sector of Siddhartha highway, province hospital at Butwal have been selected as prioritized projects.

**Analysis**: There is no doubt about the necessity of collaboration among different tiers of governments in the federal government system for the successes of economic growth of people. The increasing specialization of products has increased interdependency among entrepreneurs. This is also absolutely true that different geographical regions are rich in some particular resources. The soil, climate and topography influence differently as supportive condition for the production of particular products or barrier for the next products. For example, plain terai is good for cultivation but high hills of Palpa or Syangja are suitable for citrus fruits like lemon or orange. These kinds of projects will promote commercialization of products. Palpali Karuwa and Dhaka clothes are badly affected nowadays. The Karuwa is replaced by Pokhareli karuwa but no Palpali learnt from Pokhareli machine technology of making karuwa. Likewise, the handloom Dhaka cloth is challenged by the extensive sales of machine made Dhaka clothes. In the rapid commercialization of products, the traditional skills are challenged and replaced by machine products. Another case is clay

pots which are replaced by the plastic dishes but they are not aware of making flower vessels instead of water pot. Nepalese clay pots are extinguished whereas Chinese clay pots are expanded all over the world. We are not serious about reforming and reshaping our traditional skills, but, rather forcing them to take another occupation either manual labour or flee to foreign countries to find works. Even at the industrial sectors, there will be collaboration among the industrialists to specify their products. We should reduce dependency upon neighbouring countries or districts or regions but promote interdependency among each other. This will increase public harmony and reduce the unfair competition of self-centred progresses at individual to institutional or government levels. Therefore, the current initiation of developing economic corridor deserves worth-praising.

However, there is not any project explicitly designed keeping the promotion of economic activities at the priority. There are different roads, though some of them are named as corridors, which are mainly constructed for enriching transport access. Some people make jokes of roads which made people easier for migration to lowland terai from hills. This is the biggest challenge of Siddhartha corridor that there are not much economic activities on its sides except at Butwal. Therefore, there are chances of religious, cultural or touristic linkages more than industrial and business transactions. Similarly, the constructions of roads, highways or corridors, are proposed to increase accesses to the people of related political regions. Likewise, the roads, except mid-hill people's highway, are constructed at the sides of rivers or streams. If the road crosses the valleys or small plain lands, people shift there for residence. Therefore, even the small valleys between hills are densely inhabited. For the expansion of industrial or agricultural products, a huge amount of investment and space for manufacturing and sales are crucial for making choices by the investors. Tansen also needs to identify possible areas of collaboration and persuade terai based local governments and Gandaki Province and local governments there. For example, Tansen supports horticulture products to Butwal. What else can be the sectors of collaboration among these targeted areas? This is an ambitious project and needs huge resources. Some people still doubt whether the governments support for this collective effort instead of completing their responsibilities to their particular territories or working areas.

**What next?** Despite of all these grievances, we cannot ignore the benefits of collaborative effort to develop economic corridor. If this is good to implement, the governments should consider and agree on some fundamental steps. For example, the local governments on the Siddhartha highway should promote local investors and Chambers representatives for industrialization of some specific products which the SEC expert team can suggest. Every local government should open an industrial village and specialize in some products. The expansion and maintenance of Siddhartha highway should be on the top priority of all level governments. There should be open communication and planning not to duplicate the programmes by different governments. Similarly, the local governments must promote local traditional skills, cultural heritages, products and equip the local people with current ways of living and occupations. Tansen should also think about making a model corridor among its urban and rural wards or neighbouring Rural Municipality so that it becomes easier to replicate the experiences or models to a larger community as proposed in the Siddhartha Economic Corridor. If these suggestions are turned into practice, the Siddhartha Economic Corridor will be materialized and proved as a significant milestone for the success of the journey of people's prosperity.

**References**

Brunner, H.P. (2013). "What is economic corridor development and what can it achieve in Asia's subregions?" *Econpapers*.

Gautam, I. Dr. (2019). Terminal plan of Province No. 5.

Poudel, G. S. Dr. (2019). Collaboration for developing Siddhartha economic corridor: concept paper.

Shahi, A. K. (2019). Siddhartha Economic Corridor: a concept paper.

(Journalist)

अन्तर्वार्ता

# सिद्धार्थ आर्थिक करिडोर हाम्रो रहर मात्र होइन साझा अभियान हो



**– नगरप्रमुख अशोककुमार शाही**

(सिद्धार्थ लोकमार्ग पश्चिम नेपालको सबैभन्दा महत्वपूर्ण मार्ग हो । वि.स. २०२७/२८ सालतिर सिद्धार्थ (हाल लोकमार्ग)राजमार्ग बन्यो । रूपन्देही, पाल्पा, स्याङ्जा, कास्की जिल्ला सहित तत्कालीन पश्चिमाञ्चल क्षेत्रका १६ जिल्लालाई यो सडकले प्रत्यक्ष/अप्रत्यक्ष लाभ पुऱ्यायो त केहीलाई नोक्सानी पुऱ्यायो होला । झण्डै पाँच दशकअघि तत्काल राजमार्ग बन्दा यस क्षेत्रका नागरिकको विकास र समृद्धिमा यसले महत्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने विश्वास गरिएको थियो । तर सिद्धार्थ राजमार्ग बनेपछि यसले झन् पहाडी जिल्लाहरूलाई उजाड बनाएको यस क्षेत्रका नागरिकहरूको बुझाइ छ । यस क्षेत्रका युवा श्रमशक्ति र दक्ष जनशक्ति पलायन भयो । यहाँको बौद्धिक वर्ग, आर्थिक सामाजिक र सांस्कृतिक पूँजी पलायन भयो । यही निष्कर्षका साथ पश्चिम नेपालकै पुरानो सहरको रूपमा रहेको तानसेन नगरपालिकाले सिद्धार्थ लोकमार्गसँग जोडिएका पालिकामा रहेका नागरिकको समृद्धिका लागि आफ्नै अग्रसरतामा 'सिद्धार्थ आर्थिक करिडोर'को मुद्दालाई अगाडि बढाएको छ । यसै सन्दर्भ पारेर तानसेन नगरपालिकाका प्रमुख **अशोककुमार शाही**सँग पत्रकार रेखीराम रानाले गर्नुभएको विशेष कुराकानी यहाँ प्रस्तुत गरिएको छ -**प्रधान सम्पादक** )



☞ **तानसेन नगरपालिकाले पछिल्लो समय 'सिद्धार्थ आर्थिक करिडोर'लाई प्राथमिकतामा राखेर अगाडि बढ्नुको कारण के होला ?**

✍ सिद्धार्थ राजमार्ग (हाल लोकमार्ग)भन्नाले मात्र सडकको कुरा आयो यतिमात्र होइन, हामीले यस लोकमार्गसँग जोडिएका पालिकाका नागरिकको समग्र उन्नति अर्थात् अहिले हामीले यसलाई सिद्धार्थ आर्थिक करिडोरको अभियानका रूपमा अगाडि सारेका छौं । सरकारले तत्कालीन अवस्थामा आवश्यकता महसुस गरेर राजमार्ग त बनायो तर यो आर्थिक करिडोरको रूपमा अगाडि बढ्न सकेन । बाटो बन्यो तर यसले सोचेअनुसार विकास र समृद्धि दिन सकेन । अर्कोतर्फ भन्नुपर्दा बाटो बन्यो, बाटो बनेपछि केही साना साना गतिबिधि अगाडि बढ्यो । तर उक्त गतिबिधि थामिने खालका दीर्घकालिन पहल हुन सकेन । पूर्वाधार बन्न सकेन । यसमा शिक्षा, स्वास्थ्य क्षेत्रमा बाटोसँगै विकास हुन सकेन । यो भूगोल औद्योगिक क्षेत्रको रूपमा विकास हुन सकेन । कृषिमा आधुनिकीकरण हुन सकेन । यसले नयाँ मानिस र नयाँ सोचलाई कार्यान्वयनमा ल्याउन सकेन । उल्टो यहाँबाट तराईतिर बसाइ सर्ने क्रम सुरू भयो । बसाइ सर्ने क्रमसँगै अग्रपङ्तिका मान्छे, पूँजी र सीप समेत यहाँबाट पलायन भयो । यसले परम्परागत पूँजी समेत ध्वस्त भयो । परम्परागत उत्पादन र जीवनपद्धतिमै असर गऱ्यो । हाम्रो सांस्कृतिक पक्षहरूलाई समेत असर गऱ्यो । त्यसैले सिद्धार्थ करिडोरलाई रिभाइब गर्नुपर्छ भन्ने मनसायबाट हामीले यसलाई 'इनिसिएसन' लिएर अगाडि बढेका छौं । अब सडकको कुराले मात्र पुग्दैन आर्थिक समृद्धिको सवाल समेत जोडिनुपर्ने हाम्रो मनसाय हो ।



**– रेखीराम राना**

☞ **यहाँले 'सिद्धार्थ राजमार्गले यहाँका नागरिकलाई पलायन गर्न मात्र भूमिका खेल्यो भन्न खोज्नुभएको हो ?**

बाटो भएपछि मान्छे रोकिनुपर्ने हो, यही क्षेत्रमा सम्भावना देखेर मान्छेको बसाइसराइ रोकिनुपर्ने हो, यही हो 'जनरल परसेप्सन' । तर त्यसो हुन सकेन । तपाईले हेर्नुभयो भने २०२८ साल अगाडि तराईको भन्दा यहाँको जनसंख्या बढी थियो । जब यहाँ बाटो खुल्यो त्यसपछि नै यहाँबाट तराईतर्फ बसाइ सर्ने क्रम सुरु भयो । पहाडलाई उजाड अनि निराश बनायो । यसले विकासको प्याकेजमै खोट देखाउँछ । त्यसकारण एउटा मुलुक, क्षेत्रको विकास हुन र समृद्धि हासिल गर्न बाटोसँगै 'इन्टिग्रेटेड' रूपमा शिक्षा, स्वास्थ्य, औद्योगिक पूर्वाधार, परम्परागत संस्कृति जोगाउँदै आधुनिकतामा लान सकिएन भन्ने हो । साथै उत्पादन पद्धतिमा सुधार ल्याउँन सकिएन । विगतमा प्याकेजमै विकास गर्ने कुरामा सरकार

मौन देखियो । विगतको विकासमा 'प्लानिङ् प्रोसेस' हेर्ने हो भने काठमाडौं लगायत केही ठूला सहर केन्द्रित भयो । त्यसले सबै मानिसहरू अवसर खोज्दै त्यहाँ जाने क्रम बढ्यो । पहाडका गाउँघरबाट पलायन हुने प्रवृत्ति रोक्न सामूहिक पहल अबको खाँचो हो ।

☞ **त्यसो भए 'सिद्धार्थ आर्थिक करिडोरको अवधारणाले यहाँका नागरिकको जीवनस्तरमा आर्थिक र सामाजिक रूपमा कसरी परिवर्तन ल्याउन सक्छ ?**

✍ अब हामी नयाँ विचार र खाकासँगै अगाडि बढ्नुपर्छ । यो 'सिद्धार्थ लोकमार्ग वा सिद्धार्थ राजमार्ग' वरिपरि आर्थिक गतिविधि बढाउन स्थानीय तहले आफैँले सक्ने खालका साना-साना औद्योगिक ग्रामहरू स्थापना गर्न सक्नुपर्छ । सडक वरिपरिका क्षेत्रलाई आधुनिक कृषि प्रणालीको विकाससँगै जोडेर लैजानुपर्छ । सडकलाई नै आधार मानेर सबै स्थानीय तहमा स्वास्थ्य क्षेत्रको पूर्वाधार बनाउन सकिन्छ । गुणस्तरीय शिक्षाको आधार बनाउन सकिन्छ । अर्को महत्वपूर्ण कुरा के छ भने हामीले पहाडी क्षेत्रमा भएको परम्परागत कृषि प्रणालीलाई व्यवसायिक कृषिमा परिवर्तन गर्न जरूरी छ । निर्वाहमुखी कृषिलाई परिवर्तन गर्न जरूरी छ । पहाडी क्षेत्र भन्ने वित्तिकै हामीले के देख्छौँ भने अन्नवालीसँगै फलफूल उत्पादन तथा पशुपालनको सम्भावना यहाँ छ । स्थानीय कृषि उपजमा आधारित उद्योग बिस्तार गर्नु पर्छ । तराईमा नहुने खेती यहाँ हुनसक्छ । यसलाई व्यावसायिक रूपमा परिवर्तन मात्र गर्नुपर्छ । मानिस जहाँ अवसर हुन्छ, त्यहाँ जान्छ । त्यो अवसर सिर्जना गर्न एउटा व्यक्तिले र एउटा स्थानीय तहले मात्र सक्दैन । सिंगो 'स्टेट'ले कदम चाल्नुपर्छ । त्यसकारण मुलुकको विकासलाई सन्तुलित ढंगबाट अगाडि बढाउने हो भने अहिले देखिन सक्ने सामाजिक समस्यालाई सम्बोधन गर्न र समतामूलक समाज निर्माण गर्न सबैले आफ्नो भूमिका पहिचान गर्नुपर्छ र सोही अनुसार कार्यक्रम तय गर्नुपर्छ । होइन भने हरेक मान्छेले घर छाडेर जाने समस्यालाई कसैले रोक्न सक्दैन । पहाडलाई उजाड हुनबाट रोक्न सबै पक्ष गम्भीर बन्नैपर्छ । विशेषतः तीन तहका सरकारको ध्यान यसतर्फ केन्द्रित हुनु आवश्यक छ ।

☞ **'सिद्धार्थ आर्थिक करिडोरका लागि दीगो र भरपर्दो योजना बनाउन कसले, कुन सरकारले कसरी भूमिका खेल्न सक्छ ? स्थानीय तहले मात्र वा केन्द्र वा प्रदेश/ सरकारले, कसले यसको जिम्मेवारी लिने ?**

सिद्धार्थ आर्थिक करिडोरको अभियान साकार बनाउने काम कुनै एउटा मात्र सरकारले गरेर हुँदैन । यो काम एकल तथा बहुपक्षीय रूपमा पनि अगाडि बढाउन जरूरी छ । स्थानीय सरकारले गर्न सक्ने काम स्थानीय सरकारले नै गर्नुपर्छ । एउटा पालिकाले नसकेका काम बहुपालिकास्तरमा आँटनु पर्छ र त्यसपछि प्रदेशले र प्रदेशले नसकेका काम संघीय सरकारले प्राथमिकता बनाएर गर्नुपर्छ । कृषि, औद्योगिक ग्राम, पशुपालनको क्षेत्रमा स्थानीय तहले काम गर्न सक्ला तर ठूला सडक बनाउने, स्वास्थ्य र शिक्षा क्षेत्रको संरचनाको बारेमा हामीले भन्दा प्रदेश सरकारले भूमिका खेल्न सक्छ । यसबाहेक सुरूङ् मार्ग, हवाई मार्ग, रेल मार्ग, अन्य विकासको काम सङ्घीय सरकारले गर्न सक्छ । यो कसको मातहतमा चल्ने, चलाउने भन्ने होइन । यो त सबैको चासो, सरोकारको विषय हो । अब खास सडककै कुरा गर्ने हो भने त संघीय सरकार मातहत यो सडक पर्छ उसैले आर्थिक करिडोरका कार्यक्रम प्याकेजमै अगाडि बढाओस् भन्ने हो । तर त्यसलाई प्रदेश र स्थानीय सरकारहरूले पनि अपनत्व लिने गरी काम सुरू गर्नुपर्छ । किनभने सिद्धार्थ लोकमार्गले समग्र रूपमा यस क्षेत्रका नागरिकको समृद्धि, उन्नति र प्रगतिको भूमिकामा सहयोग गर्ने भएकाले तीन तहकै सरकारले जिम्मेवारीपूर्वक एकीकृत रूपमा अगाडि बढ्नुपर्छ भन्ने हाम्रो आग्रह रहेको छ ।

☞ **'सिद्धार्थ आर्थिक करिडोर' भनेको एउटा सडक मात्र नहोला, योसँगै रेलमार्ग, द्रुत गतिको ठूला सडकको कुरा र अन्य अवसर सिर्जनाका कुरा पनि जोडिएर आउला नि ?**

✍ हो, तपाईले भनेजस्तै हामीले करिडोर भनेको एउटा पुरानै सडक बनाउने मात्र कुरा गरेका छैनौँ । योसँगै अरू विकल्पहरू अर्थात अवसरहरू पनि अगाडि बढाउनुपर्छ । जस्तै



स्थल मार्ग, रेल मार्ग बनाउनुपर्ने कुरामा हामीले सोच्नुपर्छ । यो मात्र होइन, यहाँको उत्पादन ढुवानी गर्न रोप्वे (रज्जु) मार्गको विषयमा पनि हामीले कुरा गर्न सकिन्छ । यो क्षेत्रमा यति धेरै प्राकृतिक सम्पदाहरू छन्, यसलाई पर्यटकीय सम्भावनाहरूसँग जोड्न सकिन्छ । त्यसका लागि पहिलो प्राथमिकतामा यहाँका पर्यटकीय पूर्वाधारहरूको स्तरोन्नति गरी अन्य पूर्वाधार बढाउनुपर्छ । लोकमार्गसँग हवाई, सडक र रेल मार्गलाई जोड्न सकिन्छ । अर्कोतर्फ हामीले तत्काल लोकमार्ग वरिपरि ५ सय मिटर देखि १ किलोमिटर वरिपरि सघन कृषि कार्यक्रम लैजान जरूरी छ । यो भनेको फलफूल र मौरी पालन लगायतको प्याकेज हो । यसले पहाडी क्षेत्रमा भइरहेको भूक्षय रोक्न सक्छ र अर्कोतर्फ रोजगार पनि सिर्जना गर्छ ।

☞ **सिद्धार्थ लोकमार्गले छुने जिल्लामध्ये रूपन्देही र कास्की अर्थात् पोखराका लागि यो खासै महत्वपूर्ण नहुन सक्छ । बीचमा रहेका स्याङ्जा र पाल्पाका लागि मात्र यो अभियान चाहिएको हो कि ? भन्ने छ नि !**

✍ होइन, यो के बुझ्नु हुँदैन भने यो आर्थिक करिडोर भनेको पहाडमा बस्नेका लागि मात्र होइन, रूपन्देही र कास्कीमा जुन रूपमा तीव्र गतिमा विकास भइरहेको छ, त्यो स्याङ्जा र पाल्पाका लागि अवसर पनि हो । रूपन्देहीको आवश्यकता पाल्पाले र कास्कीको आवश्यकता स्याङ्जाले परिपूर्ति गर्न सक्छन् । त्यसकारण हामीले उनीहरूको मार्केटलाई पूर्ति गर्न सक्छौँ । उनीहरूको मार्केटलाई उपयोग गरेर हामी समृद्ध हुन सक्छौँ । विकास भनेको कहिल्यै पनि एक्लै हिड्न सक्दैन । विकास भनेको 'म्युचुअल' हुन्छ । अहिले हामीले ठीक समयमा यसलाई सुरू गर्‍यौं भने हाम्रा वरिपरि तीव्र गतिमा विकास भईरहेका सहरहरू छन्, यो हाम्रो स्थानका लागि अवसर हुन्छ । यो अवसरले पाल्पा, स्याङ्जाको पनि विकास हुन्छ । अर्को कुरा रूपन्देही र पोखराले अन्य देशबाट कृषि, पशुजन्य बस्तुलगायत अन्य बस्तु आयात गरिरहेको छ । त्यसलाई प्रतिस्थापन गर्न सकिन्छ । किनभने रूपन्देही र कास्कीका मानिस भोकै त बस्दैनन् । अहिले ओपन बोर्डरको कारणले हाम्रो आर्थिक रिसोर्सहरू बाहिर गएको छ, तर पाल्पा र स्याङ्जाका रिसोर्सहरू खेर गईरहेको छ । यसले आयात कम गर्न मद्दत पनि पुग्छ । त्यसकारण 'परस्पर समृद्धि'लाई अगाडि बढाउन सकिन्छ । एउटा स्थानको मात्र विकास हुने होइन कि सबैको विकास भयो भने सबैलाई फाइदा हुन्छ । पहाडबाट तराईले र तराईबाट पहाडले फाइदा लिने कुरा व्यवहारमा साकार हुनसक्छ । अन्तमा देशको फाइदा र यहाँका जनताको समृद्धिमा सहयोग पुग्छ ।

☞ **'सिद्धार्थ आर्थिक करिडोर' अगाडि बढाउन तानसेन सर कारको प्रयासमा तानसेन पाल्पामा १६ (सहभागी १५ र १ आमन्त्रित) वटा स्थानीय तह र विज्ञको एउटा भेला भयो, त्यसबाहेक अरू काम के भएका छन् ?**

हामीले अहिलेसम्म स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, दुई वटा प्रदेशका योजना आयोगका उपाध्यक्ष र अन्य सरोकारवाला संस्था तथा निकायसँगैको एउटा भेला गर्‍यौं । भेलाले **'तानसेन घोषणापत्र'** जारी गर्‍यो । भेलापछि भेलाको निष्कर्ष ५ नं. प्रदेश, गण्डकी प्रदेशको योजना आयोग र मुख्य मन्त्री ज्यूहरूलाई जानकारी गराएका छौँ । त्यसपछि हामीले संघीय र प्रदेशका माननीय जनप्रतिनिधिहरूसँग बसेर एउटा छलफल चलाउने तयारीमा छौँ । अर्को वर्षको बजेट बन्नुअघि हामीले प्रदेश र संघीय सांसदहरूलाई बोलाएर **'सिद्धार्थ आर्थिक करिडोर'**को विषयमा छलफल गर्न लागेका छौँ । तपाईको धारणा के छ भनेर बुझ्छौँ । यसलाई अगाडि बढाउन नीति निर्माताहरूसँग पनि बसेर अगाडि बढिराखेको सन्दर्भ छ । हामीले यो आर्थिक करिडोरको 'कन्सेप्ट' ल्याएपछि दुबै प्रदेश सरकार र संघीय सरकारको समेत ध्यानाकर्षण भएको छ । किनभने नेपालमा अहिले २/४ वटा आर्थिक करिडोर विकास हुने क्रममा छ । अर्को कुरा पहाडमा यतिका सम्भावनाहरू छन् । तर त्यो खेर गइरहेको छ । मेघा सिटीहरू विकास भइरहेको र नजिकै रहेकाले यसलाई हामीले सही समयमा सम्बोधन गर्नुपर्छ भन्ने लागेको छ । ध्यानाकर्षण भएर होला संघीय सरकारले अहिले सिद्धार्थ लोकमार्गको स्तरोन्नति गर्न भनेर ठूलो बजेट विनियोजन गरेको छ ।

☞ **त्यसो भए अर्को आर्थिक वर्षदेखि 'सिद्धार्थ आर्थिक करिडोर 'को काम र कार्यक्रम सुरू हुन्छ ?**

✍ अर्को वर्षदेखि होइन, यो वर्षदेखि नै प्रयासको रूपमा अहिलेदेखि नै सुरू भइसकेको छ । अहिलेदेखि नै सिद्धार्थ आर्थिक करिडोरले छुने स्थानीय तहलाई 'सेन्सेटाइज' गरेको छ । यहाँका स्थानीय तहले पनि कसरी आफ्नो तहबाट काम अगाडि बढाउन सकिन्छ भन्ने सबैलाई गहिरो महसुस भएको छ । जस्तो हिजो एउटा बेला थियो, माथि (केन्द्र सरकार)बाट आएपछि मात्र केही गर्नुपर्छ भन्ने । अहिले सबैले आ–आफ्नो तर्फबाट केही न केही आफैँले पनि गर्न सकिन्छ भन्ने लागेको छ । अर्कोतर्फ स्थानीय तहहरूको बीचमा समेत सहकार्य गरेर अगाडि बढ्न सकिन्छ भन्ने लागेको छ । यो भेला गरेपछि करिडोरले केही न केही जागरूकता ल्याएको छ । छिट्टै वालिङ नगरपालिकाले सञ्जालको बैठक आयोजना गर्दैछ त्यसका निष्कर्ष र तानसेन घोषणापत्रका निष्कर्ष अनुसार अभियानले गति लिने छ ।

**(सम्पादक, नव संवाद साप्ताहिक)**

# सिद्धार्थ करिडोरको आर्थिक विकासमा सार्वजनिक निजी साझेदारी उत्तम विकल्प ।



– प्रकाश पाण्डे

विशेष क्षेत्र त्यस क्षेत्रका आर्थिक विकासका सम्भावनाहरू, उत्पादन, वितरण तथा अनुभवहरू मिल्ने क्षेत्रलाई आर्थिक करिडोरको रूपमा परिभाषित गरेको पाइन्छ । आर्थिक करिडोरहरूले आर्थिक सम्भावनाहरूलाई एक परिभाषित भौगोलिक क्षेत्रसँग जोड्छन् । करिडोरले साना आर्थिक हवहरूको बीचमा महत्वपूर्ण सम्बन्ध स्थापित गर्न सहयोग पुऱ्याउँदछ जुन सामान्यतया शहर वा शहरी परिदृश्य उन्मुख हुने गर्दछ ।

यस सिद्धार्थ आर्थिक करिडोर यस क्षेत्रको विकासका लागि स्थानीय सरकारहरूको अन्तरक्रिया, क्रियाशीलता, सहकार्यमा साझा विकासका मुद्दाहरू र सम्भावनाहरूको उपयोगको लागि एक उत्तम साझा थलो (Plateform) हो । करिडोरले यस क्षेत्रमा कृषिमा उत्पादन तथा व्यवसायिकरण, कृषिमा आधारित उद्योगहरू, दुई प्रमुख पर्यटकीय गन्तव्यहरू (पोखरा र लुम्बिनी) लाई जोड्ने तथा पर्यटनका सम्भावनाहरूको उपयोग मार्फत् उत्पादन तथा रोजगारी सिर्जनाको लागि कार्य गर्न सकिने देखिन्छ । शिक्षा तथा स्वास्थ्य क्षेत्रको हव बनाउन सक्ने अवसरहरू समेत यस करिडोरमा रहेका छन् । स्थानीय सरकारहरूको सहकार्यमा वैदेशिक रोजगारीमा गएका मानिसहरूले भित्र्याउने सीप र रेमिटेन्सको उपयोग अर्को ठूलो सम्भावना हो।

**सन्दर्भ**

स्थानीयतहमा योजनाको पहिचान, प्राथमिकीकरण, बजेट व्यवस्थापन र संरचना चलायमान बनाई जनअपेक्षाहरूको परिपूर्तिका लागि जनप्रतिनिधिहरूले कामकाज सम्हालेको २ बर्ष नाघेको छ । पछिल्ला बर्षहरू चुनाव केन्द्रित हुने हुँदा हाल चलिरहेका कामकाजी बर्षहरूलाई आशलाग्दा बनाउनु पर्ने चुनौती स्थानीय सरकारहरूलाई छ ।

अब स्थानीय सरकारहरूले आर्थिक विकासको गतिलाई जनअपेक्षा पूरा गर्ने गरी परिवर्तनकारी विकासका लागि चलिआएको चलनलाई निरन्तरता दिएर नपुग्ने देखिन्छ । स्थानीय सरकारहरू जनतासँग प्रत्यक्ष रूपमा आमने सामने भई कार्य गर्नुपर्ने सरकारहरू हुन् । जनताका आकांक्षा पोखिने थलो पनि स्थानीय सरकार नै हो । पुरानै पारामा वार्षिक योजना र बजेट प्रक्रियामा बसेर नयाँ परिणाम आउन सजिलो देखिंदैन । जनताका अपेक्षाहरूको सम्बोधनका लागि स्थानीय स्रोत, साधन र सन्दर्भलाई आधार बनाई नयाँ ढंगले सोच्नु अर्थपूर्ण हुनसक्छ ।

स्थानीय सरकारहरूले आर्थिक विकासमा नयाँ तरिकाले सोच्न सके आर्थिक क्रियाकलापहरू बढ्ने तथा रोजगारी सिर्जनातर्फ देखिने र अनुभूति हुने थालनीगर्न सकिन्छ । स्थानीय सरकारहरूका क्रियाकलापहरूलाई गति दिन केही नयाँ अवसरहरूको खोजी तथा अप्ठ्याराहरूको पहिचान र कार्यान्वयनमा ध्यान पुग्न समेत आवश्यक हुन जान्छ ।



### स्थानीय विकासमा स्रोत र साधन समस्या नभई सोच समस्या हो कि ?

स्थानीय विकासमा स्रोत र साधन समस्या नभई सोच समस्या हो कि भन्ने विषयमा मन्थन आवश्यक देखिन्छ । यो विषयलाई मनन गर्नु आवश्यक छ । संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुनेस्रोत र स्थानीय सरकारहरूबाट उठाईने कर मात्र लाई स्रोत र साधनको दायरामा राखेर हामीले जनअपेक्षा अनुसारको परिवर्तन दिन सजिलो छैन । पालिकाहरूको आफ्नो आन्तरिक आम्दानी पनि त्यति बलियो भइसकेको छैन । नगरपालिका तथा गाउँपालिकाहरूमा भएका बैकहरू, सहकारी संस्थाहरूमा थुपारिएको रकम, निजी व्यवसायीहरूसँगको पूँजी र दक्षता तथा विभिन्न क्षेत्रमा विज्ञता हासिल गरेका विज्ञहरू पनि स्थानीय सरकारहरूको विकासको लागि प्रयोग हुने स्रोत र साधन हुन् ।

यी स्रोतहरूको प्रयोग स्थानीय जनताको लागि आवश्यक सेवा प्रवाहमा कसरी प्रयोग गर्न सकिन्छ भन्नेतर्फको सोच नै स्थानीय विकास तर्फको पहिलो कदम हुने छ । स्थानीय सरकारहरूसँग संवैधानिक हिसाबले खुल्ला रहेको अर्को विकल्प भनेको प्रदेश सरकार तथा संघीय सरकारसँगको साझेदारी पनि हो । यसबाट ठूला तथा दीर्घकालीन योजनाहरू अगाडि बढाउन सजिलो हुनेछ । केही ठूला र प्राविधिक रूपले कठिन तथा राष्ट्रिय महत्वका योजनाहरूको कार्यान्वयनका लागि दोश्रो विकल्प सहयोगी हुन सक्ला तर सामान्यतया स्थानीय स्तरका जनताको सेवा प्रवाहमा सहयोग पुग्ने विकास स्थानीय स्तरबाटै सम्भव छ । हेरौं, त्यो कसरी ?

### योजनाको पहिचान, छनौट र प्राथमिकीकरण

स्थानीय सरकारहरूको योजना पहिचान र छनौटदेखि प्राथमिकीकरण प्रक्रियालाई दीर्घकालीन सोच (Vision) लाई परिपूर्ति गर्ने बाटोमा हिडाउन आवश्यक छ। यसका लागि विज्ञहरूको सहयोग लिन सकिन्छ । यसको लागि विभिन्न उपायहरू पनि छन् ।योजना पहिचान छनौट र प्राथमिकीकरण प्राविधिक विषय हुन् । जनताको स्तरबाट पहिचान भएर आएका आयोजनाहरूको प्राथमिकीकरण बिना गरिने विकास प्रयासहरूले निर्दिष्ट लक्ष्यतर्फ उन्मुख गराउँदैन बरू विकासको गतिलाई अल्मल्याउन सक्छ।

वार्षिक बजेटले सम्पन्न गर्न सकिने, स्थानीय स्तरको स्रोत साधनले सम्पन्न गर्न सकिने, प्रदेश तथा केन्द्र सरकारसँगको सहकार्यमा सम्पन्न हुने तथा दातृनिकायसँगको सहकार्यमा सम्पन्न गरिने योजनाहरूको फेहरिस्त प्राविधिक हिसाबले तयार पार्नु गतिलो सुरुवात हुनेछ । यसरी तयार पारिएका योजनाहरू जुनसुकै पार्टीको सरकार आएपनि निरन्तर रहन्छन् र विकासको गति पनि निरन्तर रहन्छ । यसै प्रक्रियाबाट छनोट हुने योजनाहरूलाई निजी क्षेत्रसँगको सहकार्यमा समेत सम्पन्न गर्न सकिन्छ।

### सार्वजनिक निजी साझेदारी उत्तम विकल्प ।

स्थानीय सरकारहरूले प्राथमिकीकरण गरेका योजनाहरूको कार्यान्वयन गर्न सार्वजनिक निजी साझेदारी एउटा उपयुक्त विकल्प हो । निजी क्षेत्रको पूँजी र सीपलाई स्थानीय तहको विकासमा ल्याउनु आजको आवश्यकता पनि हो । निजी क्षेत्रले लगानीका अवसर हरूको खोजी गरिरहेका छन् जुन सार्वजनिक निजी साझेदारीले प्रदान गर्छ । स्थानीय सरकारहरूको विकास प्रयासहरूमा स्रोत र साधनको कमीलाई सार्वजनिक निजी साझेदारीले सजिलै समाधान गर्न सक्छ । स्थानीय सरकारहरूले चाहेमा निजी क्षेत्रसँगको सहकार्यमा ठूला तथा महत्वपूर्ण योजनाहरूको निर्माण, सञ्चालन र व्यवस्थापन गर्न सक्छन् ।

### सार्वजनिक निजी साझेदारी के हो ?

निजी क्षेत्रसँग रहेको पूँजी र सीपलाई विकास प्रक्रियामा सहभागी गराई जनताको सेवा प्रवाहमा प्रभावकारिता ल्याउने योजनाहरू कार्यान्वयन गर्नु सार्वजनिक निजी साझेदारी हो ।यस्तो साझेदारी लामो समयसम्मको (बढीमा ३० बर्ष) लागि गर्न सकिन्छ जसमा लगानी, नाफा र जोखिम स्थानीय सरकार, निजी क्षेत्र बीच बाँडिन्छ । यसरी भएको नाफा स्थानीय सरकारको आम्दानी नै हो । सार्वजनिक निजी साझेदारीमा स्थानीय सरकारले जनतालाई बढी भन्दा बढी सेवा, सुलभ मूल्य र सहज तरिकाले प्रवाह गर्ने शर्तहरू समावेश गरिएका हुन्छन् । सार्वजनिक निजी साझेदारी मोडालिटीमा विकास प्रयास अगाडि बढाउँदा नियमित वार्षिक कार्यक्रम भन्दा कैयौं गुणा बढी लगानी र परियोजनाहरू सहजै सम्पन्न गर्न सकिन्छ ।

### किन हुन सकिरहेको छैन सार्वजनिक निजी साझेदारीमा विकास ?

सार्वजनिक निजी साझेदारी नेपालको सन्दर्भमा नयाँ नभएपनि स्थानीय सरकारको तहमा कार्यान्वयनका लागि भने नयाँ विषयवस्तु हो । । यसलाई आवश्यक पर्ने नीति, ऐन तथा नियमावली विभिन्न स्थानीय निकायहरूले तयार गरिसकेका छन् । केन्द्र सरकारले २०७२ सालमा सार्वजनिक निजी साझेदारी नीति तयार पारेको हो भने आवश्यक ऐन २०७६ मा । केन्द्र, प्रदेश तथा स्थानीय सरकारहरूले सार्वजनिक निजी साझेदारी विकासको मोडेल छ भने पनि व्यवहारमा देखाउन भने सकिरहेको अवस्था छैन । यो मोडेललाई आत्मसात् गरी अगाडि बढाउने तत्परता देखाउन सके यसबाट केही बर्ष मै देखिने गरी आर्थिक विकास गर्न सकिन्छ ।

### करिडोरमा सार्वजनिक निजी साझेदारीमा सम्पन गर्न सकिने योजनाहरू

करिडोरका अधिकांश पालिकाहरूको अमूल्य सम्पत्ति भनेको यहाँको प्राकृतिक भूगोल हो । दुई पर्यटकीय गन्तव्यहरू (पोखरा र लुम्बिनी) लाई जोड्ने सेतुको रुपमा रहेको सिद्धार्थ करिडोरले

मनोरम पहाडहरू, लोभलाग्दो हावापानी र आवश्यक पूर्वाधार दिन सक्छ । करिडोरको आर्थिक विकासमा समन्वय र सहकार्य गर्नको लागि तानसेन नगरपालिकाको आयोजनामा तानसेनमा सम्पन्न भेलाबाट पालिका प्रमुखहरूको सञ्जाल (Mayors' Forum) समेत बनिसकेको छ । पोखरा र भैरहवामा बनिरहेका एयरपोर्टहरूले समेत यस करिडोरका सम्भावनाहरू उजागर गरिरहेका छन् । सञ्जालमा रहेका प्रमुखहरूले आर्थिक विकासको गति अगाडि बढाउँने प्रतिवद्धता समेत जनाइसकेका छन् । यस करिडोरमा निजी क्षेत्रसँगको सहकार्यमा गर्न सकिने योजनाहरू निम्नानुसार हुन सक्छन जसमा निजी क्षेत्रको समेत चासो देखिन्छ :

१. ठूला होटल तथा रिसोर्टहरू
२. अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र
३. सुपर स्पेसालिटी अस्पताल
४. प्राविधिक कलेजहरू
६. अन्तर्राष्ट्रिय स्तरका स्कुलहरू
७. विभिन्न पर्यटन गन्तव्यहरूको विकास संरक्षण र प्रवर्द्धन (पाल्पाको रानीमहल, श्रीनगर, हृषिकेश, सोरेक, राम्दी, भिरकोट दरबार, आँधीखोला, र्‍याफ्टिङ, भालुपहाड आदि)
८ अन्तर्राष्ट्रिय खेल मैदान (गल्फ, क्रिकेट तथा फुटबल, प्यारा ग्लाईडिङ)
९ कृषि फर्म तथा प्रोसेसिङ उद्योगहरू
१०. मिनरल वाटर प्लाण्ट्स
११. उद्योगहरू (सिमेन्ट तथा अन्य यसै क्षेत्रमा प्राप्त कच्चा पदार्थमा आधारित)
१२. अन्य

**अबको बाटो**

सार्वजनिक निजी साझेदारीमा नकारात्मक सोचले गाँजेकै कारण सार्वजनिक निजी साझेदारी प्रयासहरू खुल्न, फुल्न, फल्न र हुर्कन पाएका छैनन् तर नयाँ जोस र जाँगर भएको नेतृत्व र कर्मचारीका लागि भने सार्वजनिक निजी साझेदारी महत्वपूर्ण अवसर हो । विकास गर्ने सोच भएका नेतृत्वका लागि विकासका अवसरहरू स्थानीय सरकारका वरिपरि थिचिएर बसेका छन्, मात्र तिनीहरूको उपयोग गर्न सके अबका केही वर्षमा नै देखिने र अनुभूति गर्न सकिने विकास सम्भव छ । पालिकाहरूको आपसी सहकार्यले सार्वजनिक निजी साझेदारीका लागि अनगिन्ती अवसरहरूको सिर्जना गरिरहेको छ र गर्ने छ । निजी क्षेत्रका लगानीकर्ताहरूलाई आकर्षित गरी परियोजनाहरूको कार्यान्वयन सिद्धार्थ आर्थिक करिडोरको लागि अबको प्रष्ट र उपयुक्त बाटो हो ।यसतर्फ तानसेन लगायत सिद्धार्थ लोकमार्गसँग जोडिएका पालिकाहरूको चासो जाने अपेक्षा गरिएको छ ।

(प्रतिनिधि, ईपिआई नेपाल)

**कविता**

# तानसेन





**- खत्री कमल**

भाषा संस्कृतिले सुशोभित सुधा, सौन्दर्य सम्पन्नता ।
हावा बग्दछ शान्त, मन्द गतिमा, बैशाख फुल्ने लता ।।
विछ्याईकन माघले कुसुमको, माडी दिने सुन्दर ।
यस्तो सुन्दर तानसेन रमणी, अर्को कहाँ पो छ र ?

१

कौडेलेक छ शान उच्च यसको, रम्भा स्वयम् साथ छिन् ।
काली जीवन सार निर्मल सुधा, शोभा दिई बग्दछिन् ।
साना मन्दिर छन् विचित्र छ कला, आफै कला बोल्दछ ।
मैंले बोलिन तानसेन रमणी, माटो स्वयम् बोल्दछ ।

२

शिक्षा, स्वास्थ्य कला र पर्यटनको हो केन्द्र ढाकादिको ।
सिङ्गो यो इतिहास हो मुलुकको, भाषा, कला, शान्तिको ।
आफ्नै पौरखमा फुटाउँछ नयाँ, श्रीबृद्धिको मूल यो ।
रानीघाट सुसेल्छ प्रेम दिलको, हो प्रेमको फूल यो ।।

३

भाषा संस्कृति जातमा विविधता, हुन् पुष्प यौटै लता ।
हाम्रो हो पहिचान एक हुनु यो, हो कर्मको एकता ।।
भन्दै जाग्दछ तानसेन जब यो, हुङ्कारका साथमा ।
खुल्छन् स्रोत हजार पुष्पदिलका, सौगातका साथमा ।।

४

आऊ दूर गएर जन्मघर यो, बिर्सी बसेकाहरू ।
आऊ फर्क सबै बसाइँ सर भो, टाढा सरेकाहरू ।।
आऊ पौरखले सजाउन यहीं, माटो छ मेरो भनी ।
तिम्रै पौरख तानसेन अबको, हो बाटिका चाँदनी ।

*(सर्जक)*

# तानसेन नगरपालिकाको आ.व.२०७६/०७७ को अर्धवार्षिक पाइलाहरु



– दुर्गाबहादुर थापा

**"समृद्ध नगर, आत्मनिर्भर नगरवासी, सफा नगर, सुखी नगरवासी"**भन्ने दीर्घकालीन सोचका साथ तानसेन नगरपालिकाले विकास गतिविधिहरू अगाडि बढाएको छ । चालु वर्षको अर्द्धवार्षिक अवधिमा नगरपालिकाबाट सम्पादित कार्यहरूलाई **हाम्रो तानसेन त्रैमासिक** मार्फत् पाठकहरू समक्ष पस्केका छौं । चालु आर्थिक वर्ष २०७५/०७६ को विनियोजित बजेट रू.१, ०१९, ३६५, ००० मध्ये अर्द्धवार्षिक अवधिसम्म रकम रू. २७४, ९३०, १७९ खर्च भै वित्तीय प्रगति २६.९७ प्रतिशत रहेको छ ।वित्तीय व्यवस्थापनलाई चुस्त बनाउन शून्य पेश्कीको अवधारणालाई कार्यान्वयन गर्दा वित्तीय प्रगति सामान्यतया कमी देखिएता पनि भौतिक प्रगति भने सन्तोषजनक रहेको छ ।

सर्सरी उल्लेख गर्नु पर्दा पूर्वाधार विकासतर्फ यस अवधिमा नगरपालिकाबाट भगवती मन्दिर उत्तर गेट-शीतलपाटी-हुलाकचोक हुँदै एन.आई.सी.एसिया बैंकसम्मको सडकमा व्यवस्थित **ढुङ्गा छपाई गरी सम्पदा क्षेत्र (Heritage Site) सम्वर्द्धन कार्य, ता.न.पा.–५ मा वातावरणमैत्री बसपार्क (Eco-Friendly Bus Park)**निर्माणको लागि जग्गा प्राप्त गरी रूख कटान कार्यप्रक्रिया अगाडि बढेको छ ।

तानसेन नगर गौरवका आयोजनाहरूमा श्रीनगर क्षेत्रको बृहत्तर गुरूयोजनाको आधारमा विग बुद्ध पार्क निर्माणको विस्तृत परियोजना प्रतिवेदन (DPR)तयार गरी बोलपत्र प्रक्रिया अगाडि बढने क्रममा रहेको छ । रानीमहल क्षेत्रको गुरूयोजना र हृषिकेश एकीकृत विकास योजना अनुसार कार्य प्रारम्भ भएको छ ।

नगरको पर्यटन पवर्द्धन र नगरबासीलाई गुणस्तरीय सार्वजनिक सेवा प्रदान गर्न सार्वजनिक निजी साझेदारी (सानिसा) मार्फत् हाइवे रिफ्रेस्मेण्ट, फोहरमैला व्यवस्थापन, श्रीनगर सौन्दर्यीकरण, वातावरणमैत्री बसपार्क र रानीमहल सञ्चालन तथा व्यवस्थापन समेतका पाँचवटा परियोजना कार्यान्वयन प्रक्रिया अघि बढेको छ ।

संघ तथा प्रदेश समपूरक तथा विशेष अनुदानतर्फका योजनाहरूमा गुफाचौर सडक स्तरोन्नति, डाँडाकटेरी-केरवादी-अर्तुङ्गा-कालीगण्डकी करिडोर, नारनडाँडा-वीसडाँडा-अर्चले सापाखुम चण्डिभञ्ज्याङ्ग सडक, कालीगण्डकी-तानसेन-तिनाउ लिंकरोड, तानसेन रिङ्गरोड स्तरोन्नति, नयाँपाटी सारेम सडक कालोपत्रेलगायतका कार्यक्रमहरू कार्यान्वयनमा छन् । भालेबास-छाप -पिपलडाँडा-तिनाउ सडक, पक्लुवा-अम्लिहान सडक, टक्सार-बनदेवी-बतासे-ढुङ्गाखानी सडक, बतासे-कैलाशनगर-श्रीनगर सडक, कैलाशनगर-आँखा अस्पताल-लायन्स धर्मशाला सडक, गैरागाउँ-धुबघाट-रोज रिसोर्ट सडक, दमकडा अपाङ्गमैत्री आवासीय भवन, टुँडिखेलस्तरोन्नतिको लागि गुरूयोजना अनुसार खेल मैदान, बाल उद्यान, जेष्ठ नागरिक उद्यान (Senior Citizen Corner) सहितको सौन्दर्यीकरण बहुबर्षीययोजना र सानिसा मार्फत् ढाकाको स्तरोन्नतिका कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयनमा रहेका छन् ।

योजना कार्यान्वयनतर्फ चालु आ.व. ०७६/७७ को अर्धवार्षिक अवधिसम्म २३० आयोजना सम्झौता गर्ने लक्ष्य रहेकोमा ३१ आयोजना सम्पन्न भएको, १७५ सम्झौता भएको, ३८ लगत इष्टिमेट तयारी भई ९२.६१ प्रतिशत लक्ष्य हासिल भएको छ ।

नगर क्षेत्रमा प्रदेश सरकारको सहयोगमा ता.न.पा. ५ मा साँस्कृतिक डवली निर्माण, संघीय सरकारको सहयोगमा सिटीहल निर्माणमा आवश्यक समन्वय गरिएको छ । प्रदेशकै सहयोगमा रानीमहल जाने सडक कालो पत्रे गर्ने कार्य यसै आर्थिक बर्षमा पूरा हुने अपेक्षा गरिएको छ । होलाङ्गदी-सेतीपोखरी-ढुङ्गाखानी सडक कालोपत्रे गर्ने कार्य प्रारम्भ हुँदैछ । वाँसटारी-अम्लिहान सडक, सेतीपोखरी-गुफाचौर सडक, सीमल रूख-गुम्हा-छेर्लुङ्ग सडक यसै आर्थिक बर्षमा टेण्डर भइ कालोपत्रे गर्ने कार्य अगाडि बढेको छ । नगरस्तरीय पूर्वाधार आयोजनाहरू र वडास्तरीय आयोजनाहरू समेत कार्यान्वयनमा रहेका छन् । ती समयमै सम्पन्न हुने अपेक्षा छ ।

नगरपालिकाको पहलमा संघीय सरकारबाट ता.न.पा. वडा नं. ७ को कुनसरेमा उद्योग ग्रामको घोषणा भई पूर्वाधार निर्माण कार्यको लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र तानपा बीच सम्झौतापश्चात् निर्माण कार्यको लागि रकम रू. ९२ लाख समेत उपलब्ध भैसकेको र विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारीको चरणमा छ ।

भूकम्प प्रतिरोधी आवास निर्माण कार्यलाई प्रभावकारी बनाउन नगरपालिका भित्र दर्ता भएका ७० जना भवन निर्माणकर्मीहरूलाई प्रवलीकरण (Retro Fitting) सम्बन्धी तालिम प्रदान गरिएको छ । नगर क्षेत्र भित्र नक्शा पास भै विगत लामो अवधि देखि रहेको अभिलेखहरूलाई व्यवस्थित गर्न विद्युतीय अभिलेख व्यवस्थापन सूचना प्रणाली (EDMIS) शुरूवात गरिएको छ ।

नगरबासीको आर्थिक समृद्धिको लागि UNDP सँगको साझेदारीमा युवा स्वरोजगार कार्यक्रम, हेफर नेपालसँगको साझेदारीमा कृषिलाई आधुनिकीकरण तथा व्यावसायीकरण कार्यक्रम, तानसेनको पहिचानको रूपमा रहेका परम्परागत पाल्पाली ढाका सम्वर्द्धनका लागि प्रदेश नं. ५ सरकार र युकेएड सीप परियोजनासँग सम्न्वय गरेर विशेष कार्यक्रम सञ्चालन गरिएका छन् । नगरपालिकाको जमानीमा नेपाल बैंक लिमिटेड, पाल्पा मार्फत् ४१३ जना प्रस्तावित उद्यमीमध्ये २५ जना युवा उद्यमीलाई सुलभ कर्जा प्रदान गरिएको छ । अरूलाई छिट्टै प्रदान गरिनेछ ।

नगरपालिकाबाट वडा न. १३ मा रहेका बोटे बस्ती तथा आर्थिक रूपले विपन्न घरपरिवारलाई खरको छाना विस्थापनको लागि कर्कटपाता वितरण, उज्यालोको लागि सौर्य बत्ती वितरण, उनीहरूको जीवनस्तर उकास्न कुखुरापालन, बाख्रापालन, सामूहिक माछापालन, तरकारी खेती लगायतका कार्यक्रमहरू सञ्चालन गरिएको छ । आयमूलक काममा स्थानीय साझेदार संस्था ग्रामीण आर्थिक विकास संघ (रेडा)ले सहकार्य गरेको छ ।

यस नगरपालिकाको अग्रसरता तथा ईपीआई नेपाल/युकेएड, युएनडिपी, द एसिया फाउण्डेशनको सहकार्यमा आर्थिक तथा सामाजिक समृद्धिका लागि सिद्धार्थ लोकमार्ग अन्तर्गत सुनौली देखि पोखरासम्मका पालिकाहरू वीच एकल वा वहुपक्षीय साझा सवालहरूमा सहकार्य गर्न स्थानीय तहहरूको सञ्जाल (सिद्धार्थ आर्थिक करिडोर) गठन भइ संयुक्त तानसेन घोषणा पत्र जारी गरिएको र तानसेन नगरपालिकामा सचिवालयको व्यवस्था मिलाइएको छ । यसका सकारात्मक असरहरू देखापरिसकेका छन् ।

नेपाल भ्रमण वर्ष २०२० तथा **'जाउँ है तानसेन'** कार्यक्रम प्रबर्द्धनको लागि पर्यटन प्रवर्द्धन सामग्री प्रकाशन, नौमती बाजा प्रतियोगिता, पाल्पा पर्यटन सप्ताह कार्यक्रमको घोषणा, ता.न.पा. र पाल्पाली समाज पोखराको साझेदारीमा पोखराको लेकसाइड लगायत विभिन्न स्थानमा डिजिटल बोर्ड राखिएको छ । पाल्पाली समाज पोखराकै अगुवाई र नगरपालिकाको सहकार्यमा पाल्पाली घर (Palpa House) पोखरामा सञ्चालन गर्ने कार्य अगाडि बढेको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिवी मन्त्रालयको सहयोगमा गरीव घर परिवार पहिचान तथा गरिवी परिचय पत्र वितरण गर्ने कार्यक्रम सञ्चालन गरिएको छ ।

कृषि क्षेत्रको विकासको लागि व्यवसायिक पशुपालन, व्यवसायिक कृषि विकास आदि कार्यक्रम अगाडि बढाइएको छ । प्रदेश सरकारको कृषि वन कार्यक्रम तर्फ श्रीनगर क्षेत्रमा १६०० (सोह्र सय) ओखर र गुफाचौर लगायतका स्थानमा विभिन्न प्रजातिका लालिगुराँसको विरूवा रोपण गरिएको छ ।

नगरपालिकाको आन्तरिक स्रोत प्रवर्द्धनको लागि करको दायरा बृद्धि, सम्पूर्ण वडाहरूमा विद्युतीय माध्यमबाट कर संकलन प्रक्रिया र कर सप्ताह कार्यक्रम सञ्चालन गरिएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ १४ वटा वडाहरूबाट प्राप्त भएका ३२ आयोजनाहरूको लागि रकम रू. १ करोड २३ लाख श्रम तथा रोजगार मन्त्रालयमा माग गरिएको छ ।

उपभोक्ता अधिकार र हितको संरक्षणका लागि उपभोग्य सामान र सेवाको गुणस्तरीयता सुनिश्चित गर्न २ चरणमा ९ टोलीबाट बजार अनुगमन कार्य सम्पन्न गरिएको छ । सहकारी क्षेत्रको विकासको लागि स्थानीय सहकारी सञ्जाल गठन तथा सघन अनुगमन कार्य अगाडि बढेको छ ।

नगरपालिकाबाट सामाजिक क्षेत्र विकासतर्फ विभिन्न कार्यक्रमहरू सञ्चालन भएका छन् । आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न नगरका १७०० घरपरिवारलाई निःशुल्क स्वास्थ्य विमा कार्यक्रम मार्फत् दलित, अल्पसंख्यक एवम् सिमान्तकृत नागरिकहरू, महिला स्वास्थ्य स्वयंसेविका र नगर सरसफाइकर्मीहरूलाई सेवा प्रदान गरिएको छ । रातो र निलो परिचय पत्र प्राप्त फरक क्षमता (अपाङ्गता) भएका व्यक्ति तथा तानपा भित्र अन्यत्रबाट आएका दृष्टीविहीन विद्यार्थिहरूलाई समेत निःशुल्क स्वास्थ्य विमा सुविधा प्रदान गरिएको छ । नगरस्तरबाट घरमै पुगी अपाङ्गता परिचय पत्र र जेष्ठ नागरिक परिचय पत्र वितरण गरिएको छ ।

आमा सुरक्षा कार्यक्रम मार्फत्आमा तथा वालवालिकामा हुने कुपोषण न्यूनीकरणका लागिसुत्केरी भएको ३५ दिन भित्र नगरपालिकामा दर्ता हुने सुत्केरी महिलाहरूको लागि पोषण भत्ता प्रदान गरिएको छ ।

स्वास्थ्य शाखा मार्फत् माईक्रोस्कोपिक क्याम्प सञ्चालन गरी क्षयरोगी पहिचान, स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि, परिवार नियोजन तथा प्रजनन स्वास्थ्य कार्यक्रम, मातृ तथा नवजात शिशु कार्यक्रम सञ्चालन गरिएको छ ।

तानसेन नगरपालिका वडा नं. १ मा पर्ने युनाइटेड मिशन अस्पतालको ५०० मिटर वरिपरिको क्षेत्रलाई मदिरा निषेधित क्षेत्र घोषणा गरिएअनुसार निर्णय कार्यान्वयन गरिएको छ ।

विभिन्न वडाहरूबाट फरक क्षमता भएका व्यक्तिहरू र जेष्ठ नागरिकलाई न्यानो कपडा, तथा केही पोषण सामग्री वितरण गरिएको छ । विद्यालयमा विद्यार्थी दिवा खाजा सहयोग तथा गरीव विद्यार्थीलाई स्कूल पोशाक कार्यक्रम, विद्यालय खेल सामग्री सहयोग कार्यक्रम सञ्चालन गरिएको छ । तानपाको वडा नं. ९ दमकडामा जेष्ठ नागरिक सितलु न्यानो घर निर्माण कार्य अगाडि बढाइएको छ ।

नगरपालिकाद्वारा लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानमा

विभिन्न कार्यक्रम सम्पन्न गरिएको छ ।

खेलकूद लक्षित कार्यक्रम सञ्चालन गरी युवाहरूलाई समाज विकासका रचनात्मक काममा परिचालन गर्न तानसेन नगर युवा परिषद् (Tansen Youth Council) द्वारा वडास्तरीय भलिवल प्रतियोगिता लगायतका कार्यक्रमहरू सम्पन्न गरिएको छ । संघ, प्रदेश र स्थानीयस्तरबाट आयोजना गरिएका खेलकूद प्रतियोगिताहरूमा नगरस्तरबाट आवश्यक सहयोग पुऱ्याइएको छ । नेपाली सेनाको समन्वय र पाल्पाका सम्पूर्ण पालिकाहरूको आयोजनामा हाफ म्याराथुन लगायतका कार्यक्रम विशेष सहयोग पुऱ्याइएको छ ।नगरपालिका र जिल्ला प्रहरी कार्यालय, पाल्पाको साझेदारीमा नो ड्रग्स, नो चाइल्ड लेवर, नो ट्राफिकिङ्ग सामाजिक अभियानमूलक कार्यक्रम शुरुवात गरिएको छ ।

नगर प्रवर्द्धनात्मक कार्यक्रम मार्फत् टोल विकास संस्था सबलीकरण, लक्षित वर्ग क्षमता विकास कार्यक्रम, कला संस्कृति संरक्षण लगायतका कार्यक्रमहरू कार्यान्वयन गरिएका छन् । राम्रो काम गरेका टोल विकास संस्थालाई नगद सहित प्रोत्साहित गरिएको छ ।

न्यायिक समितिको कार्य सम्पादन प्रक्रिया प्रभावकारी बनाउन नगरपालिकाका १४ वटै वडाहरूमा मेलमिलाप सेवा केन्द्र स्थापना गरिएको र १४ वटा वडाका ७९ जना मेलमिलापकर्ताहरूलाई मेलमिलाप सम्बन्धी आधारभूत तालिम प्रदान गरी सूचीकृत समेत गरिएको छ ।

शैक्षिक विकासको लागि नगरपालिकाको शिक्षा ऐन तयार गरिएको छ । नगरपालिकाबाट बजेटको व्यवस्था गरी विद्यालय शिक्षक व्यवस्थापन सहयोग, शुद्ध पिउने पानीका लागि विद्यालयहरूमा युरो गार्ड जडान, अतिरिक्त क्रियाकलाप सञ्चालन, आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तहका विद्यालयका १/१ जना महिला शिक्षकलाई सेनेटरी प्याड निर्माण तालिम प्रदान गरिएको छ । नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया अगाडि बढाइएको छ ।

सामाजिक सुरक्षातर्फ पहिलो चौमासिकमा रकम रू. ४ करोड २३ लाख ४ हजार वितरण गरिएको छ । वडा नं. १ देखि १० सम्म गत वर्षदेखि नै बैंक मार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गरिएकोमा चालु आ.व.को तेस्रो चौमासिक भित्र बाँकी वडाहरूमा समेत बैंक मार्फत् भुक्तानी प्रक्रिया अगाडि बढाइँदैछ । व्यक्तिगत घटना दर्ता कार्य नेपाल सरकारको अनलाइन प्रणाली मार्फत् अगाडि बढेको छ ।राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग अन्तर्गत सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनाको स्थानीय स्तरको सेवा इकाई सञ्चालनको लागि २ जना एम.आइ.एस.अपरेटर र १ जना फिल्ड सहायक नियुक्त गरी कार्य सञ्चालन गरिएको छ ।

सरसफाइ र वातावरण व्यवस्थापनतर्फ नगरवासीलाई स्वच्छ खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउन नगरको वास प्लान निर्माणको लागि २८ जना गणक नियुक्ति गरी घरधुरी सर्वेक्षणको कार्यमा खटाइएको छ ।तानसेन खानेपानी उपभोक्ता समिति मार्फत्शीघ्र कालीगण्डकी आयोजना पूरा गर्न आवश्यक समन्वयात्मक सहयोग पुऱ्याइएको छ । विश्व बैंकको अनुदान सहित १४ करोड लागतमा ऊर्जा उत्पादन परियोजना सञ्चालन गर्न बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसंग सम्झौता गरी डेभ्लपर छनौट गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।सार्वजनिक सम्पदाहरूको सरसफाइमा विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरिएको छ । तानसेनको फोहर संकलनका लागि कम्प्याक्टर खरीद गरी प्रयोगमा ल्याइएको छ भने नगरपालिकाबाट खरीद भई विगत लामो समय देखि बिग्रिएर प्रयोग विहीन रहेको डोजर मर्मतको कार्य अगाडि बढाइएको छ । विपद् व्यवस्थापनतर्फ तानसेन नगरपालिकाको आयोजना, नेपाली सेना गोरखदल गणको संयोजन र तानसेन नगर युवा परिषद्को समन्वयमा ४ दिने सामुदायिक विपद् प्रतिकार्य तालिम सम्पन्न गरिएको छ ।

सुशासन् तथा संस्थागत विकास मार्फत् सेवा प्रवाहलाई प्रभावकारी बनाउन नगरपालिकाको एकीकृत नगर विकास योजना (Comprehensive Plan)को प्रारम्भिक मस्यौदा तयार भएको छ । नगरपालिकाको आर्थिक विकास रणनीति र मध्यमकालीन खर्च संरचना (२०७६/७७-२०७८/७९) कार्यान्वयनमा रहेको छ ।

जनताको घर मेयर कार्यक्रम सञ्चालन गरी जनताका समस्या र सवालहरूमा साक्षात्कार अभियान विपन्न बोटेमाझी बस्तीबाट आरम्भ गरिएको छ । विषयगत समितिहरूलाई क्रियाशील बनाइएको छ भने समितिहरूको संस्थागत विकासलाई अझ प्रभावकारी बनाउन सचिवालयको व्यवस्था गरिएको छ ।

सूचना सञ्चार प्रणाली सुदृढिकरण, सञ्चार क्षेत्र साझेदारी तथा आवश्यकता अनुसार पत्रकार साक्षात्कार कार्यक्रम, उपभोक्ता समितिका पदाधिकारीहरूको क्षमता विकास, मानव संसाधन विकास कार्यक्रमहरू सञ्चालन गरिएको छ । नगरपालिकामा सीसी टिभी जडान तथा प्रत्येक वडाहरूमा नागरिक वडापत्र राखिएको छ । नगर कार्यपालिकाको वोर्ड बैठकहरूको निर्णय सोही दिन वेवसाइट मार्फत् सार्वजनिक गर्ने र मासिकरूपमा खर्चसमेत सार्वजनिक गरिएको छ । योजना तथा जिन्सी शाखालाई सूचना प्रविधि मैत्री बनाउन सफ्टवेयर जडान गरिएको छ । नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयका कर्मचारीहरूको मासिक बैठकलाई नियमितता प्रदान गरिएको छ ।

सरोकारवालाहरूबाट सूचना अधिकारी मार्फत् माग गरिएका सूचनाहरू समयमै उपलब्ध गराइएको छ । तानसेन नगरपालिकाको वेवसाइट, मोवाइल एप, फेसबुक पेज, डिजिटल नोटिस बोर्ड मार्फत् नगरपालिकाका गतिविधिहरूको बारेमा आम नागरिकलाई

सुसूचित गरिएको छ । नगरका गतिविधि, इतिहास, कला, संस्कृति, पर्यटन र विकास अवधारणा लगायतका सामग्री समेटिने **हाम्रो तानसेन** त्रैमासिक बुलेटिनको प्रकाशन कार्य नियमित रहेको छ । समग्र तानसेनको इतिहास, कला र संस्कृतिको बृहत तानसेन ग्रन्थ प्रकाशन प्रक्रिया अगाडि बढाइएको छ । स्थानीय पत्रकारिता क्षेत्र सवलीकरण कार्यमा संस्थागत ढङ्ले विगतदेखि नै सहयोग पुऱ्याइँदै आएको छ । समानुपातिक विज्ञापन नीति कार्यान्वयनका लागि पहल गरिदैंछ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त सबै उजुरीहरू फछ्र्योट गरिएको छ ।

विपद् व्यवस्थापन, मदिरा निषेधित क्षेत्रमा सहयोग, बजार अनुगमन तथा अखाद्य वस्तुहरू नष्ट गर्ने कार्य, प्रतिवन्ध गरिएका प्लाष्टिक झोला बरामद, मापदण्ड विपरीत बनेका घरको घर निर्माण सामग्री जफत, दमकल परिचालन, कर सप्ताह अभियान जस्ता महत्वपूर्ण कार्यमा नगर प्रहरी परिचालन गरिएको छ । नगर प्रहरीको कार्यलाई व्यवस्थित बनाउन तानसेन नगरपालिकाको नगर प्रहरी ऐन जारी गरिएको छ ।

नगरपालिकाले अन्तर्राष्ट्रियरूपमा सम्बन्ध विस्तार गर्ने क्रममा सीटी नेट, एसिया प्यासिफिकको सदस्यता प्राप्त गरिसकेको छ । चीनको लसान नगरसँग भगिनी सम्बन्ध स्थापना गरिएको छ भने अन्तर्राष्ट्रिय पर्यटन संगठनको सदस्यता प्राप्त गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । अष्ट्रेलियन विज्ञ स्वयंसेवी र जापानी स्वयंसेवीको व्यवस्था गरी पर्यटन क्षेत्रलाई प्रभावकारी बनाउने प्रयास गरिएको छ । साथै पूर्वाधारमा सहयोग पुयाउन थप प्राविधिक स्वस्यंसेवीको व्यवस्था गरिएको छ ।

योजना संख्या अत्यधिक रहेकोले व्यवस्थापनमा कठिनाई, सबै वडाहरूमा वडा सचिव लगायत आवश्यक जनशक्ति पूर्ति नहुनु, आन्तरिक आयको मुख्य स्रोतका रूपमा रहेका नदीजन्य पदार्थ पटक पटक सूचना प्रकाशन गर्दा समेत ठेक्का प्रक्रियामा जान नसक्नु, पूर्वाधार योजना सञ्चालनमा वातावरणीय पक्षलाई महत्व दिन नसकिनु, अपेक्षाकृत आन्तरिक राजस्वको दायरा फराकिलो बनाउन र करदातामा स्वस्फूर्त कर तिर्ने वातावरण बनाउन नसकिनु, सडकको क्षेत्राधिकार निर्धारण र सडक गुरूयोजना निर्माण गर्न बाँकी रहनु जस्ता चुनौतीका बाबजुद सारमा आ.व.२०७६/०७७ को पहिलो ६ महिनामा गर्नुपर्ने विकास प्रयासमा नगरपालिका प्रतिवद्धताका साथ अगाडि बढिरहेको छ । बाँकी अवधिमा लक्ष्य अनुसारका कार्यक्रम तथा आयोजनाहरू सम्पन्न हुनेछन् भने थप सिकाइ र ऊर्जा समेत प्राप्त हुनेछ । हाम्रा विकास प्रयासमा जनप्रतिनिधि, कर्मचारीसँगै नगरवासी, सञ्चारकर्मी, बुद्धिजीवी, संघीय एवं प्रदेश सरकार र आम सरोकारवालाको सहयोग, सुझाव र पृष्ठपोषणको अपेक्षा रहेको छ ।

(बरिष्ठ अधिकृत तथा सूचना अधिकारी, तानसेन नगरपालिका)

**गजल**

## तानसेन



**– कृष्णकला भण्डारी कँडेल**

मनमोहक नगरीमा घुम्न आउनुहोला
श्रीनगरको गुराँससँग मीत लाउनुहोला

करूवाले तीनधाराको पानी पिएपछि
मगर दाइको भाका चोरी झ्याउरे गाउनुहोला

गन्धर्वको सारङ्गीले बाटो कुरेको छ
झलकमान सम्झिएर धुन बजाउनुहोला

सल्लाघारी सुसाउँदै चिसो हावा चल्दा
ढाका टोपी चट्ट पारी शिरमा छाउनुहोला

माथि हेरे झल्ल हिमाल तल माडी फाँट
तानसेन झैं स्वर्गभूमि कहाँ पाउनुहोला !

*(स्रर्जक)*

- बातावरणमैत्री नगर बनाउन सबै क्षेत्र जिम्मेवार बनौं।
- विकास निर्माणमा लागत सहभागिता जुटाऔं।
- प्लाष्टिकमुक्त नगर बनाउने हाम्रो पहललाई साकार पारौं।

अनुरोधक: तानसेन नगरपालिका, पाल्पा

# तस्बिरमा तानसेन



तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाहीसँग अस्ट्रेलियन स्वंयम्सेवक स्टेफेन क्लार्क लगायत



नगर उपप्रमुख लक्ष्मीदेवी पाठकसँग जापानी स्वयम्सेवक दाइसुके ओगुरा (रामबहादुर) लगायत






तानसेन नगरपालिकाको आयोजनमा सम्पन्न लैंङ्गिक हिंसा विरुद्ध १६ दिने अभियानका क्रममा आयोजित कार्यक्रमका सहभागीहरू




तानसेन - ८, दमकडामा पाल्पा महोत्सव सचिवालय शुभारम्भ गर्दै नगरप्रमुख अशोक कुमारी शाही



उकालेपिपल सामुदायिक वनमा ओखरका विरुवा रोप्दै नगरप्रमुख अशोककुमार शाही

# तस्बिरमा तानसेन



वर्दघाट नगरपालिकाका नगरप्रमुख धीरज बस्यालसँग तानसेनमा समसामयिक सवालमा छलफल गर्दै तानसेनका नगरप्रमुख अशोककुमार शाही, प्रवक्ता दामोदरप्रसाद घिमिरे, पूर्व खोला गाउँपालिका सिलुवाका वडा अध्यक्ष भोगबहादुर थापा र नवसंवाद साप्ताहिकका सम्पादक रेखीराम राना




तानसेन नगरपालिका नगर शिक्षा समितिको आयोजनामा सम्पन्न वतृत्वकला प्रतियोगितामा पुरस्कार प्रदान गर्दै उपप्रमुख लक्ष्मीदेवी पाठक



प्रदेश नं. ५ का पर्यटन मन्त्री लिला गिरीलाई हाम्रो तानसेन प्रदान गर्दै प्रधान सम्पादक




गोरखापत्र दैनिकका नि. प्रधान सम्पादक श्रीओम श्रेष्ठ रोदनलाई हाम्रो तानसेन प्रदान गर्दै प्रधान सम्पादक




फोहरबाट ऊर्जा विषयक अन्तर्क्रिया कार्यक्रमको झलक

# तस्बिरमा तानसेन



तानसेन नगरपालिका सार्वजनिक निजी साझेदारी कार्यक्रम बारे सरोकारवालाहरूसँगको अन्तर्क्रिया कार्यक्रममा बोल्दै नगरप्रमुख अशोककुमार शाही





तानसेन नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माण समितिद्वारा आयोजित स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी सरोकारवालाहरूसँग छलफल कार्यक्रम




तानसेन -४, विशालबजारमा सडक खाना महोत्सवको झलक तस्विर सौजन्यः मुक्तिप्रसाद न्यौपाने (पत्रकार)

# तस्बिरमा तानसेन





तानसेन नगरपालिका सरसफाइ समितिले टोल विकास संस्थालाई प्रोत्साहन स्वरूप नगद पुरस्कार प्रदान गर्दै



तानसेन तेर्सो सडकमा ढुंगा छाप्दै गर्दाको दृश्य



तानसेन-८ मा भूक्षय रोक्न टेवा पर्खाल निर्माण गरिदैं



किसानलाई घाँस र प्याजको वीउ वितरण गर्दै तानसेन नगरपालिकाका नगरप्रमुख



तानसेन-३, टक्सारमा योमरी महोत्सवमा नगरप्रमुख लगायत

# A Comparative Study of Local Governments Situated in Siddhartha Economic Corridor (SEC)



- Bishnu Paudel

## A. Background

Siddhartha highway connecting Sunauli to Pokhara is one of the oldest highways in the country. The length of this highway is about 183 kilometers. It reserves significance than other highways because Lumbini, the birthplace of Lord Buddha recognizing Nepal around the world and Pokhara one of the best touristic destinations are also situated along the highway. In addition, Sunauli border is considered the second largest tourists entering into the county via India after Tribhuvan International Airport, Kathmandu. Similarly, the number of international visitors is supposed to increase drastically after operation of the Gautam Buddha International Airport near future.



Siddhartha highway, started to build in late 60s and came to operation by early 70s. It had been playing vital role for socio-economic development especially in west and mid-west region until mid 90's. However the market coverage was slowly falling down after construction around other highways, sub-highways, link roads and bridges. Virtually, Siddhartha highway runs through Rupandehi, Palpa, Syangja and Kaski districts but Manang, Gorkha, Lamjung, Tanahun, and NawalParasi in the east, and Mustang, Myagdi, Baglung, Parvat, Gulmi, Arghakhanchi and Kapilvastu in the west are hinterland districts and some extend these districts are also beneficial catchments of the highway.

Kaligandaki corridor, one of the national pride projects aims to connect China to India stretching the Kaligandaki riverside. It would be another fast track road between India and China, if Siddhartha highway links the Kaligandaki corridor from the Ranighat or Chherlung points in Tansen. Considering the future perspectives the corridor, Tansen municipality is also allocating significant budget every year for the construction of link road. Now, the link road as of 11 KM from Batasedanda to Chherlung is under construction in highway standard and supposed to be finished before completion the Kaligandaki corridor.

While degrading of local economy in the catchment area of this highway, people are now rather disappointed and realizing of being isolated from the mainstream of national economy. As passing the years, it's not been more important, whereas, once upon a time, it was very vibrating means of economic development in entire western region. Therefore, the time has to come again for taking the highway as not only the means of physical infrastructure but also the ends for sustainable regional development through the transferring approaches of Siddhartha highway into Siddhartha Economic Corridor (SEC). An effort of single local government (LG) to make the economic corridor is not possible so the collective role of all local governments residing the corridor would be very vital. However, the supportive roles of concerned provincial governments and federal government are also necessary for policy and programming.

Recently, Tansen municipality organized a preliminary meeting at Tansen. Mayor, deputy mayor and chief administrative officer of all adjoining municipalities were gathered in the first meet. Vice chairpersons of Policy and Planning Commission of both provinces (Gandaki and 5 No. Province) highlighted the rational of SEC. Former vice chairperson of National Planning Commission Dr. Shankar Sharma also emphasized the importance of the proposed SEC for balanced economic development of entire nation. Representatives of UNDP and other international donor agencies focused on necessity of the collective leadership for the success of the SEC approaches. Finally, a forum titled "Mayor's Forum for Siddhartha Economic Corridor" has been formed under the collective leadership of all local governments, and Mayor of Tansen plays as Coordinator in secretariat which is going to be established in Tansen Municipality soon. The first meeting was successfully concluded with "Tansen Declaration" and at the same time, the venue of second meet of the forum at was also announced host by Waling municipality after 3 months.

This article is actually based on comparative study of all participating local governments of first meet of Mayor's Forum held in December 1 and 2, 2019 in Hotel Shrinagar, Tansen. The participants were Siddhartha Municipality, Omsatiya Rural Municipality, Tilottama Municipality, and Butwal Sub Metropolitan of Rupandehi district, Tinau Rural Municipality, Tansen Municipality, Bagnaskali Rural Municipality, Mathgadhi Rural Municipality and Rambha Rural Municipality from Palpa district, Galyang Municipality, Waling Municipality, Bhirkot Municipality, Putalibazar Municipality and Fedikhola Rural Municipality from Syangja district and Pokhara Metropolitan of Kaski district.

The objectives of this study are mainly;

1. To explore the basic information of all concerned local government in a comparative perspectives,
2. To analyze the strength, weaknesses, opportunities and threats of corridor,
3. To advocacy for conceptualization of Siddhartha Economic Corridor in province and federal level.

**B. Comparative Assessment**

A comparative study is a kind of research work and it is not easy to identify the scope of the study particularly in comparative study. Because, there is specific limitation of study however its sphere can be determined as per the availability of resources such as time, manpower, budget and environment. While assessing the comparative study, some specific parameters in which the actors are compared each other. Here, in this study, the participating municipalities were compared as following indicators.

**Demographic and Geographical**

The total population of all local governments in this corridor is 1071215 that covers only 4.13% of the total population of the country, however it could be increased by 17.32 % if the population of adjoining districts is incorporated. But this study is just concentrated in 15 local governments which are directly connecting to Siddhartha highway.

Regarding the population distribution, Pokhara is the most populace city as of 402955 and followed by Butwal, Tilottama and Siddhartha Nagar respectively however Fedikhola, Tinau, Rambha, Mathgadhi and Bhirkot are listed at the bottom where the population is 25, 000 in average. In terms of area, Pokhara covers 464 square kilometer as the largest municipality, where as Bhirkot is just 34 Sq KM. Likewise, in terms of population density, Siddhartha Nagar reserves the record of highest as of 1773 persons/Sq.KM and and the lowest goes to Tinau where only 96 person live in per square KM.

**Administrative and Finance**

Pokhara Metropolitan has allocated the budget NRs 7.54 billions in current FY (2076/2077 BS).

Butwal, Tilottama, Siddhartha Nagar and Tansen are also listed having 1 billions above budget and Fedikhola, Tinau and Bagnaskali are able to allocate only range of 300 to 400 millions.

After promulgation of new constitution in 2015, the state has been transferred into the federal democratic republic country. Local governments are more empowered rather than past in the internal resource mobilization perspectives but unfortunately, most of the LGs residing in SEC are still dependent to central and provincial governments. For example, Rambha, Mathagadhi and Bagnaskali have collected 2% of total budget as internal revenue but Pokhara, Tilottama and Butwal emerging as Touristic and Commercial cities collected more than 30% and gradually moving towards self-reliance. In recent years, property Tax, royalties from natural resources and mines are considered main sources of internal revenue for mostly LGs. In addition, Pokhara, Butwal and Tansen are collecting building permit, business tax and 10% house rent as a main taxes. Weekly market (Haat) tax in Omsatiya and rural access road utility fees in Fedi Khola are considered as the good example for expanding the new taxable area rather than increment of tax rate.

Balanced budgeting in logical way is a significant part of financial management, more over minimizing administrative cost and maximum utilization of development budget within given time frame are the progressive indicators in effective budgetary system. Putalibazar, Tansen and Mathgadhi seem in better position in terms of economizing the administrative cost less than 10% of total budget, where as Pokhara, Galyang and Butwal are making expenditures up to 30%, 19% and 18% respectively. In another part, small sized LGs such as Galyang, Rambha, Tinau, Waling, Bhirkot and Putalibazar achieved more than 90% financial progress in last fiscal year but bigger cities like Pokhara and Butwal need some more capacity for increment the capital expenditures. Siddhartha Nagar and Pokhara has allocated NRs 430 millions and NRs 330 millions respectively in a single project where as NRs 2.5 millions cost projects are the biggest ones for Mathagadhi and Omsatiya. .

**Environmental and Social**

Virtually, development is a never ending process, however its acceleration might be up or down as per the demand of society and the society can not be positively changed unless it doesn't move ahead for something new and better. There remain an unsolved debate in our society, whether development is a means or an ends, however it would be a wise answer that a development is both means and ends for the positive transformation from a person to entire global community. Unfortunately, we see several negative impacts which are caused by the improper mobilization of resources. The natural resources existing around us for balancing environment are now gradually exploited or over misused in the name development, which ultimately cause disaster.

Many natural and environmental disorders have been seen these days due to over exploitation of natural resources. Loss of human and wildlife, men-made personal and public properties, displacement of human settlement, destroy of wildlife's habitat are considered the major consequences of disaster. Here, all most all local governments mostly suffered by Landslide and Flood. In addition to the flood in Terai and land sliding in hill, wild fire, drought, lightening are also frequently happening disasters in this region. Likewise, poor management and rescue of concerned agencies and tendency of avoiding the law and order promoting to traffic congestion, sound and air pollution, road accident, slum are slowly grown up in big cities like Pokhara, Butwal, and Siddharthanagar. People living in old and weak building of narrow and dense street of Tansen, Sidharthnagar, and Butwal seem to be relatively more vulnerable by the earthquake any time.

We all human being are always in search of better opportunities for convenient lifestyle. Where opportunities, facilities and social securities are relatively more assured, people obviously intend to shift over there that is a natural phenomenon. Actually, migration has been an important process for evolution of society from very beginning and old as human civilization. In terms of migration pattern in local governments of the SEC, Pokhara, Butwal, Bhairahawa, Tilottama are in positive situation however the rest LGs of mid-hill of Palpa and Syangja have very crucial situation and the trend of migrating out towards the big cities is growing up day by day.

**Partnership and Cooperation**

In the recent years, the concept of Public Private Partnership (PPP) also has been slowly launched in municipalities. Basically, private sectors are attracted only where the project seems profitable along with assurance of investment security. Cities in SEC like Pokhara, Tansen, Butwal, Waling and Tilottama have already undertaken some projects under PPP model which are itself a best practice and most of them have partnership in Solid Waste Management sector. Beside, Auto village project in Butwal, shopping complex and passengers waiting shed project in Pokhara are successfully run projects under the PPP. Weekly Haatbazar in Tilottama and Ranimahal integrated development project, Shreenagar beatification, highway refreshment center in Tansen are expected to implement near future.

Now a days, most of the projects running in local governments are implemented under the user committee. Actually, project run by user committee is proven as one of the effective methods of public procurement because it's is rather convenient, more participative, people friendly and practicing the good governance. Since people are very close to local governments rather central and provincial, and even user should have to share the cost for project implementation mandatorily, this model is mostly applied and being popular. In addition, ensuring the maintenance of the project after completion, mobilization of local based resources, employment creation for local citizen are the salient features for sustainability of the user committee performing projects.

According to the records of last fiscal years, minimum 80% projects are implemented through user committees in each municipalities. As the principle of cost sharing, minimum 10% is in mostly municipalities however 15% in Butwal, Waling and Tinau, and Galyang has enforced 20% compulsorily. Besides, some examples such as, 70% of the total project cost is also shared by user committee in Butwal in some special projects and Tasnen, Galyang, Bhirkot, Putali Bazar and Pokhara has been promoting fifty fifty model for last few years

**Plan and Policy**

A systematic plan always guide the intuition moving towards right path that helps to achieve the goal in given time limit. While assessing this comparative study, participating LGs were also asked whether they have prepared plans like periodic plan, municipal profile, integrated urban development plan, solid waste management plan, revenue enhancement plans etc. or not. The newly formed most of rural municipalities are backward in making of plan and policies however Pokhara, Butwal, Siddharthnagar, Waling and Tansen are comparatively in good position even some plan policies are in need of updating in changing contexts there too.

**C. Conclusion and Recommendation**

A questionnaire set comprising some common agendas was asked to all the participating municipalities for data collection purposes. Since the time was very short, the possibilities of some more genuine issues yet to be incorporated. Moreover, this study might be a lightly studied report for some readers, but also aims to be an article for general understanding of SEC

in a comparative perspective and expecting a referential materials while making strategic plans, policies, and programs to all SEC concerned agencies along with local, provincial and federal governments.

At last, the following points are carried out as conclusions of possible impacts and appropriate recommendations for the solutions.

1. Economic corridor is a broader concept of Siddhartha highway, but the concept can't be materialized without existence of highway. This highway is not vibrant as it was past until late 90s, therefore all physical structures concerning highway should be upgraded. Some initiatives such as the deadly rock fall area near Siddhababa area should be addressed as soon possible. Tunnel in rock fall area, improvement accident prone sharp bents and widening the road could be the appropriate ways for shortening the length of highway by 20-30 Kilometers and save the time and safe journey. Bridges particularly at Ramdi, Jhumsa and other required places should have alternative.

2. The population distribution in the corridor is very imbalanced, because more than 70% of total population are concentrated in only in 4 municipalities of Kaski and Rupandehi districts. It is not positive indication in regional development. Therefore, some strategic actions for retention of out migration should be undertaken immediately. Maintaining the delivery of qualitative urban services and top priority for investment in physical infrastructures development projects are most necessary.

3. Squatter settlements, geographical remoteness and insufficiency in resource distribution are the main causes of enabling low density particularly in mid hill area, so the people living in these are suffering form poverty, unemployment and illiteracy. Though the government allocate the budget regularly, the effort of has been worthless due to uneven geographical difficulties. Land pooling, relocating the squatter houses into integrated housing and Integrated urban development policy(IUDP) and program are required for retaining the migration and optimum utilization of resources in the mid hill areas.

4. Most of the local governments seem weak in revenue generation aspects. Even the municipalities and rural municipalities are recognized as local governments but they are not able to apply the existing policies in full phase. Most of the municipalities collected revenue around 9% of total income in last FY. Rambha, Bagnaskali, Mathagadhi were 2% but Butwal, Pokhara, Tilottama are exceptional where internal revenue is more than 30%. So the principle as "No increment the tax rate but explore and identify the potential taxable sectors" should be implemented for sustainable municipal finance.

5. Agriculture is declared as the led economic sector in mid hill area but unfortunately the people who dependent in agriculture are rather poor than the other sectors. Low harvesting and food insufficiency are probable outputs of traditional agricultural system, so youth and new generation are distracted by agricultural occupation and the fertile land are eventually converted to barren land. So successful models of agricultural knowledge and techniques should be intervened such as high value vegetable farming, live stocks and fisheries can replace the traditional farming. Besides, farmers should be subsidized and facilities like soft loan, seed grants, and technology transfers insurance and so on. Agro based infrastructures such as irrigation cannel, agricultural link road, cold storage, haat bazar, market outlet and information system are the basic requirements of modern agriculture system, so such initiatives should

be taken by Local governments. Beside, a network between small municipalities for production and emerging cities like Pokhara, Butwal, Bhairhawa and Tilottama for consumption could be established for sustainable agriculture development.

6. Royalty from sales of mines and river based materials has been main source internal revenue of municipalities. It is obviously not bad if the material are excavated in a proper way but now a days most of the mines are over exploited for revenue increment purposes, which may causes many natural disasters like land sliding, deforestation, dryness of water spout, river encroachment etc. This is why, environment conservation policy and program should be formulated and strictly applied. Similarly, optimum utilization of renewal energy and application of 3R (Reduce, Reuse, Recycle) model for constructed materials are also better ideas of environment conservation sectors.

7. In SEC, trade and industries including big corporates houses are already established in larger cities and creating employment opportunities rather than small and newly formed LGs. The quality of residential facilities and other urban services are also better in these cities and the migration trend towards the emerged cities is growing up. So the gap is expanding between mid hill and emerged cities. So, the initiations like investment friendly policy making, promoting tax rebate scheme , building the basic physical infrastructure for industrialization should be taken immediately in the mid hill are for the reduction of gap. Agriculture, tourism, renewal energy, craft and cottage including urban facilities industries as the potentials investment sectors for private. So the local governments are recommended to launch Public Private Partnership (PPP) programs to capitalize the resources of private sectors through enabling the PPP friendly environments.

   Nepal is situated in a very strategic location in between of India and China. These two courtiers are known as the most emerging countries in the global economic context. Likewise Siddhartha Economic Corridor is also transmitted in strategically very important part of the country. Because It is probably the shortest and most prosperous economic corridor connecting India and China rather than other with in country.

The holiest place for Buddhist pilgrims, Lumbini and religiously very famous Hindus destinations Muktinathdham, Rishikeshdham and Ramdidham are unique spiritual assets of this corridor. Similarly, world wide renowned beautiful touristic destination Pokhara and enriched bio-diversified site Annapurna conservation area are also natural heritages. Orange of Syangja, Palpali Coffee, handloom fabric "Dhaka" and Karuwa (an artistic bronze made water jar) of Tansen, rural tourism Sirubari, Ghandruk, Baughguma, historical and culturally famous hill station Tansen are relatively very popular identity in Nepalese market. Emerging industrial area at Rupandehi and Kaski could be the engine of this corridor.

The corridor links the Tibet, China in north via Koro La pass and U.P., India in south through Sunauli border is supposed to be explore plenty of economic scope in near future. In this context, even all the local governments of SEC have unique identity with plenty of resources mentioned above, unfortunately they are not optimally mobilized now therefore economic growth level of this corridor is not satisfactory as expected. Since the Mayor's forum is already formed, now it's right time for common understandings and collective commitment among the concerned LGs, provincial, federal governments and other agencies for reviving SEC as a successful model for the economic development of entire nation.

(Planning and Administrative Officer, Tansen Municipality)

# तानसेनका युवाले सिके विपद् प्रतिकार्य सीप



- गुराँस आत्रेय

भनिन्छ-"विपद् बाजा बजाएर आउँदैन, एक्कासी आउँछ र ठूलो क्षति गराउँछ" । विज्ञानले विभिन्न क्षेत्रमा ठूलाठूला प्रगति हासिल गरेको छ, हामी घरमै बसेर संसारभरी सम्पर्कमा पुग्न सक्छौ तर सबै प्रगति गरेको विज्ञानले समेत विपद्को लामो समयअघि पूर्वानुमान गर्न सक्षम भएको छैन । एक्कासी आइपर्ने विपद्को लागि विश्वले गरेको अभ्यास, प्रतिकार्य गर्ने, सावधानीका उपायहरू अपनाउने र सकेसम्म कम क्षति पुग्नेगरी बस्ने र विपद् पछिको उद्धारको लागि तयारी अवस्थामा रहने हो । यसै मर्मलाई आत्मसात् गर्दै तानसेन नगर युवा परिषद्को समन्वय तथा तानसेन नगरपालिकाको आयोजनामा युवाहरूलाई आवश्यक ज्ञानसीप प्रदान गरिएको छ ।



समुदायमा कहिले सुखका घटना हुन्छन् त कहिले दुःखका । जस्तोसुकै घटना भए पनि समाजमा रहेका बलिया, छिटा, छरिता र तुलनात्मकरूपमा नयाँ प्रविधिसंग परिचित युवाहरू अग्रपंक्तिमा हुन्छन् । जसले गर्दा भोलिको समाज निर्माता मात्र नभएर वर्तमानका हर्ताकर्ता युवालाई मानिन्छ । छिटो नतिजा खोज्ने स्वभावका कारण युवायुवतीलाई धेरैले हुन त हो तर केटाकेटी हो भर छैन भन्ने आरोप लगाउछन् । नयाँ प्रविधि र समाजसँग परिचित युवायुवतीहरू भने युवापुस्ताको प्रतिनिधित्व बिना अग्रगमनको बाटो सम्भव नभएको स्वीकार्छन् । त्यसैले युवाहरूले सुखमा मात्र होइन दुःखमा अझै बढी समाजको नेतृत्व गर्नुपर्दछ । समाजमा अनायासै आउने विपद्मा युवादस्ताले प्रतिकार्य गर्नुपर्दछ । विपद् लाई व्यवस्थापन गर्न युवा आफैं तालिमप्राप्त र सक्षम हुनु पर्छ भन्ने भावनाकासाथ युवाहरूको संस्था तानसेन नगर युवा परिषद्को समन्वयमा विपद् प्रतिकार्य व्यवस्थापन तालिम संञ्चालन भएको छ । तानसेन युवा परिषद्का ३० जना सदस्यहरूले समाजमा आईपर्ने बिपदको व्यवस्थापन गर्नको लागि ज्ञान सीप हासिल गरेका छन् । तानसेन नगरपालिकाको आयोजनामा चार दिनसम्म चलेको विपद् व्यवस्थापन तालिममा युवा परिषद्का सदस्यहरूलाई गोरखनाथ गण तानसेन र नेपाली सेना विपद् व्यवस्थापन गण चितवनका प्रशिक्षकहरूले ब्यावहारिक तालिम प्रदान गरेका हुन् ।



तालिममा विपद्का बेला बाहिरी रेस्क्यु टिम नपुग्दासम्मको लागि स्थानीयस्तरमा स्थानीय सामग्रीको प्रयोग गरेर गर्न सकिने विपद् प्रतिकार्यको बारेमा सैद्धान्तिक र प्रयोगात्मक अभ्यास गराइएको थियो । तालिम समापनको अवसरमा आयोजित कार्यक्रममा तानसेन नगरपालिकाका मेयर अशोककुमार शाहीले तालिममा सिकेका कुरालाई समुदायमा अरूलाई पनि सिकाउन र व्यवहारमा उतार्न आग्रह गर्नुभयो । मेयर शाहीले समाजसेवीपन हट्दै गएको बेला युवा परिषद्का साथीहरूले समाजमा आउने विपद्लाई व्यवस्थापन गर्छौ भनी तालिममा सहभागी भएकोमा खुशी व्यक्त गर्नुभयो । कार्यक्रममा तानसेन नगरपालिकाका उपमेयर लक्ष्मीदेवी पाठक, गोरखदल गणका सेनानी रबिन राईले युवाहरूको क्रियाशीलताले समाज समुन्नत हुने भएकाले जस्तोसुकै विपद्मा युवाहरूले अबिचलित भएर सेवा गर्न आग्रह गर्नुभयो । कार्यक्रममा सहभागी भरत भट्टराई र रेनुका बस्यालले तालिम फलदायी भएको बताउनुभयो । मिति २०७६ माघ १७ देखि २० गते सम्म चलेको चार दिने तालिममा दुर्घटनामा परेका व्यक्तिको प्राथमिक उपचार, भूकम्प, आगलागी, बाढी, पहिरो जस्ता विपद्मा गरिने प्रतिकार्यहरूको जानकारी दिएको थियो । तानसेन सरकारले यसखालको तालिम आयोजना गरे लगत्तै अन्य स्थानीय तहले समेत तालिम आयोजना गरेको सुनियो । तालिममा प्राप्त ज्ञान सीप व्यवहारमा उतार्न सकेमा विपद्का बेला तालिमप्राप्त युवाशक्तिले समुदायमा पक्कै राहत दिलाउन सक्षम हुनेछ ।

*(अध्यक्ष, तानसेन नगर युवा परिषद)*

# पुरानै स्वरुपमा फर्काउन तानसेनको सडकमा ढुङ्गा बिछ्याइँदै



– मिलन विश्वकर्मा

काम गरे सानै कामबाट पनि नगर राम्रो देखिँदो रहेछ, नगरबासी खुसी हुँदा रहेछन् भन्ने उदाहरण तानसेनमा भेटिएको छ । पाल्पा जिल्लाको सदरमुकाम तानसेन बजार पुरानै स्वरूपमा सजिन थालेको छ । मुलुककै तेस्रो पुरानो नगरपालिकाको रूपमा परिचित तानसेन नगरपालिकाको मुख्य बजारलाई पुरानै स्वरूपमा सजाउन थालिएको हो । तानसेन बजार भित्रका विभिन्न सडकहरूमा ढुङ्गा छापेर यहाँ पर्यटकलाई आकर्षित गर्ने तानसेन नगरपालिकाको योजना छ ।

अहिले सडकमा ढुङ्गा छाप्ने कामलाई तीव्रता दिइएको छ । झण्डै एक दशक अघिसम्म तानसेनका अधिकांश सडकहरूमा ढुङ्गा नै बिछ्याइएको थियो । जुनबेला तानसेन पुरातात्विक सम्पदाको रूपमा परिचित थियो । ढुङ्गाले छापिएका सडक र पुरानाशैलीका घर, मठमन्दिरका कारण यहाँको ऐतिहासिक महत्व रहेको थियो । पछिल्लो समयमा आधुनिक विकासक्रमसँगै ढुङ्गा निकालेर कालोपत्रे सडकका रूपमा स्तरोन्नति गरियो । अहिले त्यही कालोपत्रे सडक भत्काएर धमाधम ढुङ्गा छाप्न थालिएको छ । जसले गर्दा तानसेन बजार पुरानो तानसेनकै रूपमा देखिन थालेको छ ।

आधुनिक विकाससँगै पक्की घर र पक्की सडकले तानसेनमा ऐतिहासिक सौन्दर्य गुमेको थियो । जसका कारण पनि यहाँ कम पर्यटक आउँथे ।

जुनबेला विकास गर्नेक्रममा हिलो हुने तानसेनका विभिन्न सडकमा ढुङ्गा बिछ्याइको तानसेन नगरपालिका-३ बसन्तपुरका ७६ वर्षीय आनन्द्रप्रसाद बुढाप्रिथिले सम्झनुभयो । 'म सानो छँदा खाल्डाखुल्डी भएर हिलो हुने सडकमा ठूला र पातला ढुङ्गा बिछ्याइएको थियो' उहाँले भन्नुभयो 'त्यतिबेला तानसेन बजारको सौन्दर्य बढेको थियो । त्यही ढुङ्गाले तानसेन शहरको फरक पहिचान थियो ।' घर समेत पुराना शैलीका थिए । त्यही हेर्नको लागि यहाँ विदेशी पर्यटक आउने गरेको उहाँले बताउनुभयो । पुराना संरचना भत्काइएपछि यहाँ आउने आन्तरिक तथा वाह्य पर्यटकको संख्या घटेको उहाँको बुझाइ छ । पछिल्लो समयमा तानसेन नगरपालिकाले ढुङ्गा बिछ्याउने काम गरेकोप्रति उहाँले खुसी व्यक्त गर्नुभयो ।

ढुङ्गा छापिएको सडकले तानसेनमा पर्यटकको आकर्षण बढ्ने कुरामा जनप्रतिनिधि र स्थानीय नागरिकको विश्वास रहेको पाइयो । तानसेन बजारभित्रका सबै सडकमा ढुङ्गा बिछ्याउन सके यसको महत्व अझै बढ्ने आनन्दप्रसाद बताउँनु हुन्छ । यद्यपि ठूलाठूला सवारी साधन चलाउन र सडकमा सामान फिंजार्न दिन नहुने बुढाप्रिथि बताउनुहुन्छ । 'ढुङ्गा बिछ्याइएका सडकमा पैदल हिड्ने व्यवस्था मिलाउन सके यहाँको बजार अझै फस्टाउँछ' उहाँले थप्नुभयो -यहाँ आएका पर्यटकलाई घोडामा चढाएर बजार घुम्ने व्यवस्था मिलाउन सके आर्थिक उन्नतिमा थप टेवा पुग्छ ।'




मुख्य बजारको रूपमा रहेको मखनटोलको तेर्सो सडक साँघुरो हुँदा यहाँको व्यापार समेत राम्रोसँग चलेको थिएन । कालोपत्रे सडक भत्काएर ढुङ्गा बिछ्याउँदा सडक फराकिलो भएको छ । सडक फराकिलो हुँदा पर्यटकलाई आवतजावतमा समेत सहज हुने स्थानीय व्यापारी रफी मियाँले बताउनुभयो । 'पहिले साँघुरो सडक थियो । त्यसैको छेउछाउमा भएका पसलले सडक झन् साँघुरा भएका थिए' उहाँले भन्नुभयो -'अहिले ढुङ्गा बिछ्याएर बनाइएको सडकले उपभोक्ता तथा पर्यटकलाई समेत आवतजावतमा सहज भएको छ ।' बजारको स्वरूप नै फेरिएको उहाँले बताउनुभयो ।

यसरी सडकमा छापिएको ढुङ्गाले यहाँ पर्यटकीय सौन्दर्य बढेको मियाँले बताउनुभयो । 'पुरानो शैलीमा ढुङ्गा छापिएको सडकमा आन्तरिक तथा वाह्य पर्यटकको समेत आकर्षण बढ्छ' उहाँले थप्नुभयो- 'विगतको तुलनामा यहाँको व्यापारमा समेत वृद्धि हुने आशा छ ।' जसलेगर्दा यहाँका व्यापारी अन्यत्र विस्थापित हुनुपर्ने छैन ।

वन्दीपुरको झलक यहीँ देखिने भएकोले पर्यटकको संख्यामा समेत वृद्धि हुने अर्का स्थानीय नारायण खड्काले बताउनुभयो । ढुङ्गा छापिएको सडकमा सवारी सञ्चालनमा रोक लगाएर पैदल हिड्ने व्यवस्था मिलाउन सके अझै बढी पर्यटक आकर्षित हुने उहाँले

बताउनुभयो । सडकमा मापदण्ड अन्तर्गतका ढुङ्गा बिछ्याउन सके टिकाउ हुने उहाँको भनाइ छ । सडकमा बिछ्याइएको ढुङ्गा पानी बग्ने तरिकाले लेबल मिलाएर बिछ्याउन खड्काले सुझाव समेत दिनुभयो ।

पहिलेकै अवस्थाको स्वरूपमा तानसेनलाई देखाउन सके पर्यटकको संख्या बढ्ने तानसेन नगरपालिका नेतृत्वको आँकलन छ । त्यहीअनुसार तानसेनको मुख्य बजारको सडकमा ढुङ्गा छाप्ने काम थालिएको तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले बताउनुभयो ।

'केही वर्ष पहिलेसम्म प्रायः सबै सडकहरूमा ढुङ्गा थियो। त्यतिबेला ढुङ्गाको महत्व बुझिएन । आधुनिकताको नाममा पिच गर्ने रहर चल्यो । पिच गरियो । हुनत् त्यतिबेला पनि बहस चलेको थियो पिच राम्रो कि ढुङ्गा राम्रो भनेर' उहाँले भन्नुभयो- 'पिच भन्दा पनि ढुङ्गा राम्रो हुन्छ भनेर नै सबैको सुझाव सल्लाह अनुसार सडकमा पुनः ढुङ्गा बिछ्याउन थालिएको हो ।'

"तानसेन पर्यटकीय नगर भनेका छौं । यहाँ पर्यटकलाई देखाउने भनेको परम्परागत सीप, कला, शैली हो ।" प्रमुख शाहीले बताउनुभयो । तानसेनको मुख्य शहरलाई ऐतिहासिक शहरको रूपमा स्थापित गर्ने र बाहिरी शहरलाई आधुनिक शहरको रूपमा विकास गर्ने योजना नगरपालिकाको रहेको शाहीले स्पष्ट पार्नुभयो ।

'वाह्य पर्यटक पिच सडक हेर्न आउँदैनन् । किनकि यहाँभन्दा आकर्षक पिच सडक उनीहरूकै देशमा छन् ।' उहाँले भन्नुभयो- ' पर्यटक यहाँ पुराना शैलीका संरचना हेर्न आउने हुन् । त्यसैले हाम्रा पुर्खाले प्रयोग गरेका संरचनालाई पुनर्निमाण गर्न सके आन्तरिक तथा वाह्य पर्यटकको संख्यामा वृद्धि हुन्छ । जसले गर्दा पर्यटकीय शहरको रूपमा तानसेनको विकास हुन्छ ।'

सडकमा ढुङ्गा बिछ्याउन थालेपछि यहाँका नागरिकबाट सकारात्मक प्रतिक्रिया आएको उहाँले बताउनुभयो । तानसेनवासीको माग अनुसार नै सडकमा ढुङ्गा बिछ्याइएको नगरप्रमुखले बताउनुभयो । केही ठाउँमा बिछ्याइएको ढुङ्गाले यहाँको सौन्दर्य बढेको नगर प्रमुख शाहीको ठहर छ । उहाँका अनुसार सबैको सकारात्मक प्रतिक्रिया आएको छ । जसलेगर्दा काम गर्ने हौसला मिलेको छ ।

सडकलाई गुणस्तरीय बनाउन, हेर्दा राम्रो देखिने, लेबल मिलेको बनाउने कुरामा नगरपालिका सचेत रहेको शाहीले दावी गर्नुभयो । यहाँका जनताको माग अनुसार आगामी आर्थिक वर्षमा समेत सडकमा ढुङ्गा बिछ्याउने कामलाई विस्तार गरिने शाहीको भनाइ छ ।

सडकमा ढुङ्गा छाप्दा सुरूमा खर्च बढी देखिएपनि कालान्तरमा सडक सफा देखिने, सरसफाइमा खर्च कम हुने, दीगो हुने, मर्मतमा समेत खर्च कम हुने र मानव स्वास्थ्यमा सकारात्मक फाइदा पुर्‍याउने प्रमुख शाहीले स्पष्ट पार्नुभयो ।

सडक छेउमा रहेका फुटपाथ पसल हटाउन नगरप्रमुख शाहीले सरोकारवालासँग आग्रह गर्नु भएको छ । पर्यटकीय हिसाबले तानसेनको विकास गर्ने सबैको दायित्व भएको शाहीले बताउनुभयो । तानसेन बजारलाई सौन्दर्ययुक्त बनाउने काममा नगरपालिकालाई साथ दिन सबै स्थानीयसँग नगर प्रमुख शाहीले अपिल समेत गर्नुभयो ।

'सबै पक्षको आत्मानुशासन् भयो भने नै लक्ष्य अनुसार तानसेनको विकास हुन्छ' उहाँले भन्नुभयो 'फुटपाथका पसल हटाउने विषयमा सरोकारवाला निकायसँग पहिलो चरणमा छलफल गर्छौं। त्यसपछि नियमअनुसार हटाउन बाध्य हुनेछौं ।' तानसेन बजारको सौन्दर्यलाई कुरूप बनाउने काममा नगरपालिकाले साथ नदिने प्रमुख शाहीले बताउनुभयो ।

तानसेनस्थित भगवती मन्दिरदेखि मखनटोल हुँदै सिल्खानटोलमा रहेको एनआइसी एसिया बैंक अगाडिसम्म पहिलो चरणमा ढुङ्गा छाप्ने काम हुने छ । कालोपत्रे सडक भत्काएर ढुङ्गा सोलिंग सहित प्लाष्टरगरी त्यसमाथि मार्वलजस्तै ढुङ्गा बिछ्याइने छ । जुन ढुङ्गालाई 'फ्लाग स्टोन' भनिन्छ । यो ढुङ्गा सिन्धुली जिल्लाबाट खरीद गरी ल्याइएको हो । तोकिएको सडकमा ढुङ्गा छाप्ने काम छिट्टै सकिने तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज बेल्बासेले बताउनुभयो । 'पछिल्लो समयमा सडकमा ढुङ्गा बिछ्याउने काम सन्तोषजनक भइरहेको छ' उहाँले भन्नुभयो-"फागुन मसान्तसम्म काम सम्पन्न नभए केही महिना म्याद थप हुनसक्छ ।" तर काम सम्पन्न हुनेमा उहाँ विश्वस्त हुनुहुन्छ । बेमौसमी वर्षाका कारण काममा ढिलाइ भएको उहाँले स्पष्ट पार्नुभयो ।

ढुङ्गा छाप्ने कामका लागि सिएम शिवालय जेभि बानेश्वरले १ करोड ८३ लाख ११ हजार ४ सय ५५ रूपैयाँमा ठेक्का लिएको छ । ठेक्कामा भएको सम्झौता अनुसार सडकमा ५ सय ८९ घन मिटर ढुङ्गा सोलिंग, ९२ घनमिटर पिसिसि र ३ हजार ८ सय ८० वर्ग मिटर सडकमा ढुङ्गा छाप्ने काम गर्नुपर्ने प्रमुख प्रशासकीय अधिकृत बेल्बासेले बताउनुभयो । तानसेन नगरपालिका नेतृत्वले विगतमा अघि सारेका कतिपय कामको आलोचना गर्ने गरेका नागरिकले समेत तानसेनका सडकमा ढुंगा छाप्ने कार्यलाई भने राम्रो भनेर प्रतिक्रिया जनाएको पाइयो । पैदल सडकको रूपमा पुरानो तानसेनका मुख्य सडकलाई पर्यटकीय गन्तव्य बनाउन अन्यत्र पनि ढुंगा छाप्नेकार्यलाई निरन्तरता दिनुपर्ने कुरामा आम नगरबासीले चासो देखाएका छन् ।

*(कोषाध्यक्ष, नेपाल पत्रकार महासंघ पाल्पा)*

# भियना बसेर मेरो आफ्नो तानसेनलाई सम्झदा




– मदन देउराली

तानसेनमा जन्मेहुर्केको मैले विकसित देश र हाम्रो जस्तो अल्प विकसित देशहरू विकासको गतिमा कति फरक हुने रहेछन् भन्ने यथार्थ यसपाली ३ महिना युरोपको भूपरिवेष्ठित देशहरू मध्ये एउटा सानो देश अष्ट्रिया तथा अन्य कतिपय युरोपका देशहरू घुम्ने सिलसिलामा देखें । कान्छो छोरा अष्ट्रियाको राजधानी भियनामा नै पढी त्यहीं नै काम गर्ने भएकोले धेरै पहिलेदेखि आमाबुबालाई विदेश घुमाउने उनको चाहना तथा दशैं तिहार चाड छोरासँगै नमनाएको पनि धेरै वर्ष भैसकेकोले यसपाली दशैं तिहार पनि छोरासँग उतै मनाउने तथा विदेश पनि घुम्ने विचार अनुसार तीन महिनाको भिसामा हामी बुढाबुढी र नातिनी (जेठा छोराको छोरी) गरी तीनजना भदौ महिनामा अष्ट्रियाको राजधानी भियना पुगेका थियौं । त्यहाँ पुगेर विकसित देशहरूमा जताततै तीब्र विकास भएको तथा परिवर्तन देखेर हामी पाल्पाली छक्क पऱ्यौं । हाम्रो देश कहिले यो स्थितिमा पुग्ला ? कल्पना नै गर्न नसकिने थियो । अझ भियना बस्दै गर्दा म आफनो ठाउँ तानसेनलाई अष्ट्रियासँग तुलना गर्न पो लागेको रहेछु । अष्ट्रियाको राजधानी भियना अति सुन्दर सहर ! सन् २०१९ मा विश्वको उत्कृष्ट सहर मध्ये पहिलो नम्बरमा पर्न सकेको सहर । के तुलना हुन सक्थ्यो र ! तैपनि कता कता आफनो जन्मभूमिप्रति मायाँ लागेर आउने रहेछ । अनि यस्तो भएको भए, उस्तो भएको भए, भन्ने मनमा कुरा खेल्ने रहेछ । हुनत हाम्रो देशको राजधानी काठमाडौं जस्तो ठाउँले त चोला फेर्न सकेको छैन भने तानसेन जस्तो एउटा सानो सहरमा के को भियनाको जस्तो विकास खोजेर पाइएला र ? तैपनि हामी कहाँ भएका कतिपय ठाउँहरूमा मेहनत गरे समुन्नत बनाउन त सकिन्छ नि भन्ने जस्तो लाग्यो ।

देश विकासको प्रमुख तत्व त सिस्टम रहेछ जस्तो लाग्यो । सबै क्षेत्रमा सिष्टम भएमा सबै कुरा सम्भव हुने रहेछ भन्ने यथार्थ युरोपमा देखियो । चाहे त्यो संरक्षणमा होस्, यातायातमा होस्, सरसफाइमा होस्, आचरणमा होस्, पर्यटनमा होस् जताततै सिष्टममा चलिरहेको रहेछ । हामी तानसेन दरबार देखेर मख्ख छौं यो भन्दा ठूला ठूला राम्रा दरबारहरू अष्ट्रियाको जुन प्रदेशहरूमा गए पनि रहेछन् । ठूलो क्षेत्रफलमा फैलिएको तिन चार सय वर्ष पुराना कलात्मक दरबारहरू पनि रंग रोगन गरी नयाँ जस्तो चिटिक्क पारेर भर्खर बनाइएका जस्ता दरबार भित्र पुराना सामग्रीहरूको म्यूजियम त्यो पनि ठूला ठूला सिसा भित्र सजिएको, सफा बाटो, विभिन्न जातजातका रंगीविरंगी फूलहरूको बगैंचा, आकर्षक पानीका फोहरा, मिलाएर काटिएका ठूला ठूला रूखका हाँगाहरू, मजाले काटेर विभिन्न आकार दिएका धूपीसल्लाका विरूवाहरू हेर्दै आनन्द लाग्ने । अझ रातीको बेला जताततैबाट विजुली बत्तीको झिलमिलले ती ठाउँहरू नै हेर्न लायक हुने रहेछन् । हामी कहाँ भएको एउटा दरबार पनि राम्रोसँग सिंगार्न सकिएको छैन । दरबार छ, म्यूजियम छ, आँगन छ, बगैंचा छ भन्ने मात्र हो खै त सिंगारिएको ? आँगन अझै लथालिंग छ, प्रवेशद्वार अधुरो छ, कहिले पूरा हुने हो । सकिन्छ भने दरबार क्षेत्र पूरै ढुँगा छापिए, मिलन बगैंचामा राखिएको जनरल प्रताप शमसेरको सालिक भएकोमा पानीको फोहरा बनाउने, म्युजियम भित्र प्रशस्तमात्रामा हेर्ने सामग्रीहरू सुरक्षित तवरले राखिदिने, आकर्षक द्वार बनाउने, राती आकर्षक देखिने गरी विजुली बत्तीले सिंगार्ने गरी बनाइएमा कमसेकम पर्यटकहरूलाई एकदिन भएपनि बसौं बसौं जस्तो लाग्थ्यो होला । होइन त मेयर साहेव ? भियनामा सरसफाइमा हेर्ने हो भने धूलो, फोहर भनेको कहीं देखिदैंन जहाँ गए पनि सफा देखिन्छ तैपनि धरैजसो दुकानहरू घर भित्र मात्र हुन्छ बाहिर राखिएको हुँदैन हामी कहाँ एक त सडक त्यति सफा हुँदैन त्यसमा पनि दुकानहरू बाहिर देखिने गरी राख्ने हुँदा धूलै धूलो हुन्छ तैपनि वाध्य छौं हामी किन्नै पर्ने । अझ यातायातको





कुरा गर्ने हो भने हाम्रा यातायातका साधनहरू यात्रु कुरेर बस्नु पर्ने अनि 'बुटवल बुटवल' भन्दै बोलाउनुपर्ने, अलिकति भिड भयो भने कोचाकोच गरेर चढ्ने । आफ्नो समय पूरा भएर पनि यात्रु नआउदासम्म कुरेर बस्ने । ओहो कति फरक छ यहाँ र युरोपमा । त्यहाँ यस्ता यातायातका साधनहरू सबै सरकारी संयन्त्र भित्र पर्ने रहेछ । विहान ५ बजे देखि शुरू भएर राती ११ बजेसम्म चल्ने रहेछ । आफनो लेनमा राखिएको लिकमा ट्राम, सिंगल बस, दुइवटा डव्वा जोडिएको बस, जमिन मुनि चार तल्लासम्म सुरूङ्गमा फैलिएको मेट्रो रेल, ठूला ठूला प्लेटफार्म, अझ प्लेटफार्ममा नै दुकानहरू, चारवटा सम्म मेट्रो गुड्न सक्ने लीकहरू देख्दा ओहो कसरी बनाउन सक्यो होला यत्रो सुरूङ्ग ! भन्ने लाग्यो । मानौं, सडक तल चारैतिर मेट्रोको सञ्जाल छ, सुरूङ्गै सुरूङ्ग छन् । जता जान पनि मेट्रोको सुविधा, मेट्रो चढ्न बजारका ठाउँ ठाउँमा भ¥याङ, एलिभेटर, लिफट राखिएका छन् । जहाँबाट चढे पनि आफनो गन्तव्यमा पुग्न सकिने । प्रत्येक साधनहरू आफनो समयमा हिड्नै पर्ने, पुग्नै पर्ने समय संकेतपाटीले देखाउने रहेछ । त्यही संकेतअनुसार साधन आफनो ठाउँमा आइसकेको हुन्छ आफनो गन्तव्यमा हिडिहाल्छ । यहाँ जस्तो बोलाई राख्नु पर्दैन न त कुरिराख्नु पर्ने । बर्षको एकपटक शुल्क तिरेर यातायात कार्ड बनाएपछि जति पटक जुन यातायातका साधनमा पनि यात्रा गर्न पाइने । त्यसैले यस्ता साधनहरूमा न त कण्डक्टर पैसा उठाउँदै हिड्छ न त खलाँसी । यातायात कार्ड नभएकाहरूले यात्रा गर्नु पर्दा प्लेटफर्ममा भएका कम्प्युटर सिस्टमको बक्समा आफू जाने गन्तव्य छान्ने र लाग्ने शुल्क त्यही बक्समा छिराउने । टिकट लिन जाने न काउण्टरको झंझट न कर्मचारीको । न त भीडभाड । कति आनन्द । यो पो हो त सिस्टम । हामीकहाँ देश भरी एउटा सुरूङ्ग बनाउन सकिएको छैन । हाम्रो सोचाइमा शायद सुरूङ्ग बनाउन अति नै गाह्रो जस्तो लाग्छ । तर त्यस्तै गाह्रो भएको भए त्यहाँ कसरी त्यत्रो बन्यो होला ! अचम्म लाग्छ । सिद्धबाबामा सुरूङ्ग बनाउने योजना छ, कहिले शुरू हुन्छ ? कहिले सकिन्छ ? त्यसक्षेत्रमा हुने दुर्घटनाबाट नागरिक चिन्तित छन् । हामी कहाँ पनि यातायात कार्ड भएको भए कति सजिलो हुन्थ्यो होला । कहिले हाम्रो देशमा नागरिकले सकुशल यात्रा गर्न पाउने होलान ?

अझ रमाइलो त यस्ता विदेशमा साधनहरू बस, ट्राम, मेट्रो कुनै कुनैमा त महिलाहरू ड्राइभिंग सिटमा बसेर मजाले चलाइरहेका हुन्छन् । महिलाहरूको भूमिका पनि अहम रहेको भनेर स्पष्ट भयो । हाम्रा महिलाहरू भर्खर भर्खर साना साना साधनहरू चलाइरहेका छन, ठूला ठूला साधन हाँक्ने कहिले हो ? आउला कुनै दिन भन्नु पर्ला । हाइवेको छ लेन आठलेनको सडकसँग जोडिएर कुनै घरहरू हुँदैन अझ गाउँबस्ती हाइवेका नजिक छन् भने ती गाउँबस्तीमा ध्वनि प्रदूषण नहोस् भनेर पर्खाल लगाएको हुन्छ । कति सचेत रहेछ सरकार आफ्ना नागरिकप्रति । हाम्रो यहाँ यसो जंगल देखियो भने गाडी रोकेर ल ल पिसाब गर्न जानुस् भन्दै चिच्याउन थाल्छन् सवारीसाधनका सहयोगी कर्मचारी । त्यहाँ त ठाउँ ठाउँमा सफा शौचालय हुने रहेछ । नजिकै नाश्ताको लागि क्याफे अनि गाडीहरू त्यहीं मात्र रोकिने रहेछ । जहाँ पायो त्यहाँ नरोकिने । सफा सडक, कहीं कतै खाल्टाखुल्टी छैन । घचाकघुचुक हुने कुरै छैन । सफा चिल्लो सडकमा गाडी हिडिरहेको नै थाहा नपाइने तब पो सडक । हामी कहाँ त गाडी हिड्न पाएको छैन गन्तव्यमा नपुग्दासम्म खाल्टाखुल्टी, घचाकघुचुक, कहीं कतै गाडी ठोकिने हो कि, गाडी बिग्रने हो कि ? त्रासमात्र । कहिले सुधार हुने हो यो परिपाटी ? यस्ता यातायातका साधनहरूमा जेष्ठ नागरिक, विरामीहरूलाई आफू बसेको ठाउँबाट उठेर उनीहरूलाई बस्न दिने सम्मान पनि त्यतिकै देखें । हाम्रोमा त देखे पनि नदेखे जस्तै बसिरहने कतिपटक आफैले देखेको छु, भोगेको छु । पर्यटनको क्षेत्रमा गरेको विकासले नै त होला नि युरोपको जुनसुकै देशमा र अष्ट्रियाको नौवटै प्रदेशहरूमा घुम्दा जहाँ गए पनि पर्यटकहरूको घुँइचो देख्दा अचम्म लाग्यो । जतागए पनि टन्नै पर्यटक तब पो पर्यटनको कुरा । पर्यटनको लागि आवश्यक पूर्वाधारहरू टन्नै । जतागए पनि हेर्ने ठाउँहरू हेरेर नसकिने । हामी हिमालको देश, डाँडाकाँडाको देश भन्दै त्यसै मख्ख छौं । प्रकृतिले वरदान दिएर के गर्नु ? हामीले सदुपयोग गर्न जानेनौं । त्यहाँ पनि हिमाल छन्, हिउँ छन्, डाँडाकाँडा छन् । जहाँ पनि हेर्न सकिने, जान सकिने गरी बाटो बनाइएका छन् । ठाउँठाउँमा भ्यूटावरहरू बनाइएका छन् । टाढा हेर्न दुरविन राखिएका हुन्छन् । त्यहाँबाट देखिने हिमाल पहाडहरूको नाम र वर्णन सबैले थाहा पाउन् भनेर ठूला ठूला सिसाका फ्रेम भित्र जर्मन र अंग्रेजी भाषामा लेखिएका हुन्छन् । तानसेनको श्रीनगरमा पनि भ्यूटावर बनाइएको छ त्यहाँबाट वरपरका दृश्यहरू हेर्न सकिन्छ त्यहाँबाट लामो हिमश्रृंखला देखिन्छ तर ती देखिने हिमालका नामहरू शायद तानसेनका बासिन्दाहरू कसैले भन्न सक्दैन होला भने बाहिरबाट आउनेले झन् के थाहा पाउने ? त्यसैले त्यहाँबाट देखिने सबै ठाउँहरूको परिचय दिन सकिने व्यबस्था भएको भए कति राम्रो हुन्थ्यो होला । कतिपय पर्यटकहरू बाटोको सुविधा भए पनि ट्रेकिंग, हाइकिंग गर्न रूचाउँछन् । त्यहाँ हिमाली पहाडसम्म जान सजिलो रेलमार्ग भएर पनि कतिपय पर्यटकहरू ट्रेकिंगमा लठ्ठी टेक्दै हिडिरहेको देख्दा हाम्रोमा पनि त्यस्तो व्यबस्था भए कतिपय पर्यटकहरूले ट्रेकिंगको मजा लिंदै हिड्थे होला भन्ने लाग्यो । अझ आजकल रानीमहल जानेहरू कतिपय गाडीबाट यात्रा गर्छन् तर कतिपय पर्यटकहरू ट्रेकिंगको बाटो भए त्यतैबाट जाने थिए किन कि त्यो बाटो पहिला त्यसरी नै ट्रेकिंग गए जस्तै हिड्ने गरिन्थ्यो । यस्ता अरू ठाउँहरू पनि होलान् जहाँ ट्रेकिंगको सुविधा भएमा एउटा उपलब्धि हुन्थ्यो कि ? जहाँ गए पनि पर्यटकहरूको सुविधाको लागि साना साना क्याफे पनि ठाउँ ठाउँमा हुने रहेछ जस्ले गर्दा खान पिउन समस्या नपर्ने रहेछ । हाम्रोमा त सायदै यस्तो सुविधा होला । हाम्रोमा एकएक छिनमा गइरहने बत्ती देख्दा वाक्क लाग्छ । कहिलेकाहीं यसो कम्प्यूटरमा बसेर केही काम गर्दै रह्यो लाइन झयाप्प ! अनि सबै बन्द ग¥यो हिड्यो । हामी तीन

महिना भियना बस्दा कुनै दिन पनि एक सेकेण्ड लाइन गएको थाहा भएन । बत्ती त त्यहाँ जाने कुरै भएन किनकि त्यहाँ सबै साधनहरू विद्युत्बाट सञ्चालित छन् । त्यहाँ न त ग्यास कहाँ पाइन्छ भन्दै खोज्दै हिड्नु पर्ने न त धारामा पानी आएन भनेर खानेपानी कार्यालय धाउनु पर्ने । प्रत्येक घर अगाडिबाट बत्तीको लाइन, ग्यासको पाइप र पानीको पाइप गइरहेको हुन्छ जहाँ चौविसै घण्टा यी सबै उपलब्ध हुने रहेछ । हाम्रोमा कहिले हुने हो यस्ता सुविधा ? **समुद्ध नेपाल, सुखी नेपाली** नारा साकार पार्न सके हुन्थ्यो कि ?

यहाँ त हाम्रोमा धारा नआएको आज एक हप्ता भयो भनेको कति पटक सुनेको छु । अझ लाइन गएको त कुरै नगरौं । के तुलना गर्नु ? त्यहाँ ठाउँठाउँमा पर्यटन सूचना केन्द्रहरू रहेछन् । जहाँ सम्बन्धित ठाउँहरूका बारेमा सबै जानकारी भएका ब्रोसर, लिफलेटहरू पाइन्छन् । त्यसको अलावा आवश्यक परे त्यहाँ भएका कर्मचारीहरूले सो ठाउँहरूबारे सबै बताइदिन्छन् । तानसेनमा पनि तानसेनबारे जानकारी गराउने सूचना केन्द्र सञ्चालन गर्नुपर्‍यो अनि ब्रोसर, अनि लिफलेट मार्फत् यहाँ आएका पर्यटकहरूलाई कहाँ जाने, के हेर्ने, कहाँ बस्ने, के खाने सूचना दिनुपर्‍यो । उद्योगी व्यवसायीहरूले पनि पाहुनामैत्री व्यवहार गर्नुपर्‍यो । हाम्रा होटलहरूले समेत आफना ग्राहकहरूलाई तानसेनबारे पूरा जानकारी गराउन सक्नुपर्दछ तबन पर्यटन पर्यटन भन्न सुहाउँछ ।

हामी गयौं अष्ट्रियाका त्यस्ता चटटानहरू भएका ठाउँमा, जहाँ रक क्लाइम्विग भइरहेको थियो । मौसम राम्रो थियो । कति नजिकै पाराग्लाइडिङ्गबाट उडिरहेका थिए । अझ कतै चट्टानको एउटा भागमा चट्टानबाट बाहिर निस्कने गरी लामा लामा बलिया फलामका खाँबाहरू राखेर सुरक्षित वुर्जा जस्तो बनाइएको थियो । त्यहाँबाट टाढाटाढाका गाउँठाउँका दृश्य हेर्न सकिन्थ्यो । त्यहाँबाट तल हेर्‍यो भने गहिरो छाँगो जस्तो देखिन्थ्यो । जसलाई स्काई वाक भनेर नाम दिइएको थियो । पर्यटकहरूको घुँइचो उस्तै । हाम्रोमा पनि त्यस्ता चट्टान, पहाडहरू अनि डाँडाकाँडा कति छन् कति । खै त केही बनाएको हामीले ? अनि के हेर्न यहाँ आएर ? त्यहाँ त जुन शहरमा गए पनि ठूला ठूला अत्यन्त कलात्मक चर्चहरू । भित्र भित्तामा, सिलिंगमा अत्यन्त सुन्दर चित्रहरू कसरी कोरे होलान् जस्तो लाग्ने । हाम्रोमा भएका मन्दिरहरू पनि राम्रोसँग बनाइएको हुँदैन, जेततेन काम चलाइएका हुन्छन् । यस्ता थुप्रै थुप्रै कुराहरू भियनामा बस्दा मनमा उठे तर मलाई थाहा थियो यो सबै मेरो मनको कल्पना मात्र हो जुन पूरा हुन समय लाग्छ । तीन महिनाको बसाइपछि आफनै देश आफनै ठाउँ फर्केर आयौं । मलाई यहीं मजा लाग्यो विदेशमा जेसुकै भए पनि नभए पनि । किनकि मलाई मेरै ठाउँ प्यारो थियो । तानसेन पनि भियना जस्तै पर्यटकीय सहर बनाउन प्रयास गर्न सके हुन्थ्यो मेयर साहेव ! के यो सोच साकार पार्न सबै लागेमा सम्भव नहोला र ? आँटौं न हामीले । अस्तु ।

*(अध्यक्ष, देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान)*

**गजल**

## पाल्पा



**- महेन्द्र पन्थी**

भन्छन् सबै पहाडकी रानी हो तानसेन पाल्पा
भाषा, कला, साहित्यको खानी हो तानसेन पाल्पा ।

मणि मुकुन्द र उजीरसिंहले शिर उँचो राख्ने
वीरहरूको पौरखको लगानी हो पाल्पा ।

श्रीनगर माडीफाँट कौडे लेक हेर्दा लाग्छ
श्रृष्टिकै सौन्दर्यको जवानी हो पाल्पा ।

रानीघाट तटमा बसी सर्जक गीत रच्छन्
स्वप्निल प्रेमको निसानी हो पाल्पा ।

न त अति गर्मी हुन्छ न त अति जाडो
सदावहार वसन्तको राजधानी हो पाल्पा ।

*(सर्जक)*

## तानसेन नगरपालिकाको अनुरोध

- ❑ सफा टोल सफा सहर, हामी सबै तानसेन बासीको रहर
- ❑ सार्वजनिक सम्पत्ति सडक, चोक,गल्ली हामी सबैको हो, सधैं सफा राखौं
- ❑ घर घरमै फोहरलाई कुहिने र नकुहिने गरी छुट्याएर उचित व्यवस्थापन गरौं
- ❑ प्लाष्टिक झोलाको बिकल्पको रूपमा जुट, कपडा वा धेरै पटक प्रयोग हुने झोलाको प्रयोग गरौं
- ❑ सफा तानसेनको लागि आफ्नो क्षेत्रबाट सफा अभियान सञ्चालन गरौं

# सिद्धार्थ आर्थिक करिडोरको समग्र विकास लक्षित स्थानीय तहका प्रमुखहरुको प्रथम भेला तानसेनमा



- मधुसुदन घर्ती

सिद्धार्थ लोकमार्गमा अवस्थित स्थानीय तहहरूको समग्र विकास तथा नागरिकको समुन्नतिका लागि साझा प्रयास सिद्धार्थ आर्थिक करिडोरका लागि स्थानीय तहका प्रमुखहरूको मञ्च गठनका निम्ति प्रथम भेला २०७६ मंसिर १५ र १६ गते तानसेनमा सम्पन्न भएको छ । तानसेनमा आयोजित उक्त कार्यक्रमको अध्यक्षता तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले गर्नु भएको थियो । तानसेन नगरपालिकाका शाखा अधिकृत मधसुदनु घर्तीको सञ्चालनमा भएको कार्यक्रममा स्वागत उपप्रमुख लक्ष्मीदेवी पाठकले गर्नु भएको थियो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा शंकर शर्माले सिद्धार्थ आर्थिक करिडोर यस क्षेत्रको आर्थिक समुन्नतिको बलियो आधार बन्न सक्ने हुनाले समन्वयात्मक रूपमा साझा प्रयासको महत्वबारे प्रकाश पार्दै कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । गण्डकी प्रदेशका प्रादेशिक नीति तथा योजना आयोगका उपाध्यक्ष डा गिरिधारी शर्मा पौडेलले आर्थिक करिडोरका विभिन्न मोडेल तथा चुनौतीबारे प्रकाश पार्दै कार्यपत्र प्रस्तुत गर्नु भयो । त्यसैगरी

**सिद्धार्थ आर्थिक करिडोरका लागि स्थानीय तहहरुको सञ्जाल**

**तानसेन घोषणा पत्र २०७६**

हामी, सिद्धार्थ आर्थिक करिडोर (बेलहियादेखि पोखरा जोड्ने सिद्धार्थ लोकमार्ग सेरोफेरो)मा अवस्थित १६ स्थानीय सरकारहरु, यस क्षेत्रका नागरिकको समुन्नती तथा यसक्षेत्रको समग्र विकासका लागि आर्थिक विकासलाई प्रमुख मुद्दा बनाएर एकआपसमा समन्वय गरी सहकार्यका लागि नयाँ सोच, शैली र दायरामा अगाडि बढ्न सकिन्छ भन्ने कुरामा सहमत भयौं । हाम्रो संयुक्त प्रयासले ल्याउने परिवर्तन हाम्रो आर्थिक तथा सामाजिक परिवेश अनुसार दीगो र जिम्मेवार समेत हुने कुरामा हामीले विश्वास गरेका छौं ।

हामीले यस करिडोरका अवसर र चुनौती तथा नागरिकप्रतिको हाम्रो जिम्मेवारीलाई मिलान गरी आर्थिक विकासका अवसरहरुको उच्चतम सदुपयोग गर्न प्रतिवद्ध छौं । यस करिडोरमा रहेका हामी स्थानीय सरकारहरुले साँचो समन्वय र सहकार्यमा प्रतिफलको बाडफाँड पारदर्शीरुपमा स्थानीय नागरिकसम्म पुऱ्याउने प्रतिवद्धता जाहेर गर्दै नेपालको संविधानले परिकल्पना गरेको संघीय स्वरुप र विकासको मर्मलाई आत्मसात गर्दै सिद्धार्थ आर्थिक करिडोरको विकासका लागि तपसिलका बुँदा समेटेर तानसेन घोषणापत्र जारी गर्दछौं ।

१) सिद्धार्थ लोकमार्ग स्तरोन्नतिको (राम्दीको पुल नयाँ निमार्ण वा पुनर्निर्माण साथै सडक फराकिलो बनाउने) कार्य तत्काल अगाडि बढाउन माग गर्दै उक्त कार्यबाट यस क्षेत्रमा पर्ने सकारात्मक प्रभाव अभिवृद्धिमा जोडदिदै नकारात्मक असर न्यूनीकरण र प्रभावितहरुका लागि वैकल्पिक अवसर सिर्जना तथा व्यवस्थापनमा हामी एकतावद्ध भएर लाग्ने छौं ।

२) सिद्धार्थ लोकमार्गसँग जोडिएका र सेरोफेरोका पालिकाहरुको आर्थिक विकास मार्फत् समृद्धिका लागि अवसरहरु पहिचान गरी द्विपक्षीय तथा वहुपक्षीय सम्वादको माध्यमवाट निष्कर्षमा पुग्ने छौं र साझा सवालमा समन्वय र सहकार्यलाई जोड दिने छौं ।

३) स्थानीय अवसरहरुको पहिचान,उपयोग र त्यसको व्यवसायीकरण तथा दीगोपनाको लागि समन्वय समितिको निर्माण, विज्ञ समूह तथा सचिवालयको गठन गरी सञ्जालका निर्णय कार्यान्वयनमा लैजाने प्रतिवद्धता व्यक्त गर्दछौं ।

४) विकास साझेदारहरुसँग स्थानीय, प्रदेश र संघीय सरकारको विकास अवधारणाको मर्म आत्मसात गर्दै यस क्षेत्रको विकासका लागि सार्वजनिक निजी साझेदारी तथा वहुआयामिक ढंगले समन्वय र सहकार्यमा जोड दिने छौं ।

५) स्थानीय सरकारको सवलीकरण, शक्ति सन्तुलन तथा समुन्नतिका लागि प्रदेश र संघीय सरकारसँग समन्वय, पैरवी गर्न एकतावद्ध भएर अगाडि बढ्ने छौं ।

६) यस क्षेत्रको विकासका लागि अर्न्तपालिकास्तरमा कृषि, पशु, पर्यटन एवम् स्थानीय साधन, स्रोत र कच्चापदार्थमा आधारित तथा घरेलु उद्योगहरुको सम्भाव्यता खोजी र उद्योग सञ्चालन, विकास योजनाहरुको छनौट, परियोजनाको विस्तृत योजना तयार लगायतका साझा हितका सवालमा राष्ट्रिय योजना आयोग, प्रदेश योजना आयोग लगायत सरोकारवाला निकाय, पक्षसँग समन्वय, सहकार्य गरी यसक्षेत्रको समग्र पूर्वाधार विकासको योजनामा एकरुपता ल्याउने कुरामा जोड दिइने छ ।

७) यस क्षेत्रको सन्तुलित तथा दीगो विकासका लागि तथा युवा स्वरोजगार सिर्जनाका लागि निजी क्षेत्रलाई विकासका सवालमा साझेदार वनाउन आवश्यक नीति निर्माण गरिने छ ।

८) दिगो विकास लक्ष प्राप्तिको लागि समावेशी तथा दीगो आर्थिक विकासलाई सहयोग पुग्ने गरी रोजगारीको सिर्जना साथै युवाहरुलाई उत्पादनशील रोजगारी तथा सम्मानका काम गर्ने अवसरहरुको सिर्जना गर्न प्रतिवद्ध छौं ।

९) नेपालको कालापानी, लिम्पियाधुरा र लिपुलेक लगायतका क्षेत्रमा सीमा अतिक्रमण भएकोमा हाम्रो ध्यानाकर्षण भएको छ । तत्काल अतिक्रमित नेपाली भूमि फिर्ता गराउन सम्वन्धित निकायसँग जोडदार माग गर्दछौं ।

१०) सिद्धार्थ करिडोर अर्थात सिद्धार्थ लोकमार्ग सेरोफेरोका स्थानीय तहहरुको साझा वैठक आयोजना र सञ्जाल निर्माणका लागि कार्यक्रम आयोजना गर्ने तानसेन नगरपालिका तथा प्रत्यक्ष अप्रत्यक्षरुपमा सहयोग गर्ने विभिन्न संघसंस्था लगायत नगरवासी सवैलाई सञ्जाल धन्यवाद ज्ञापन गर्दछ ।

२०७६ मंसिर १६, तानसेन, पाल्पा

आज मिति २०७६ साल मंसिर १६ गतेका दिन तानसेन नगरपालिकाका प्रमुख श्री अशोक कुमार शाहीको अध्यक्षतामा तानसेन पाल्पामा सम्पन्न स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष र सरोकारवालाहरु सहभागी रहेको भेलाबाट निम्नानुसारका निर्णय गरियो :

निर्णय नं. १

स्थानीय तहहरुको सहभागिता रहेको यो भेलाले सिद्धार्थ करिडोर क्षेत्रमा रहेका स्थानीय तहहरु (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका) संलग्न रहेको सिद्धार्थ आर्थिक करिडोरका लागि सञ्जाल गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

यस सञ्जालको संयोजक तानसेन नगरपालिकाका प्रमुख श्री अशोक कुमार शाहीले गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

सिद्धार्थ आर्थिक करिडोरका लागि सञ्जालको बैठक हरेक तीन महिनामा गर्ने र सोको अध्यक्षता आयोजक स्थानीय तहले गर्नेछ ।

निर्णय नं. ४

सञ्जालका नियमित कार्यहरु सञ्चालन गर्नका लागि एक सचिवालय रहनेछ । अर्को व्यवस्था नभएसम्मका लागि सचिवालयको स्थापना र सञ्चालनको लागि आर्थिक तथा व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी तानसेन नगरपालिकाको हुनेछ ।

निर्णय नं. ५

यस करिडोरमा पर्ने कास्की, स्याङ्जा, पाल्पा र रुपन्देही जिल्लाको संघीय र प्रदेश सांसदहरु, दुबै प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्षहरु समेत रहेको एक सल्लाहकार समिति गठन गरिने छ ।

निर्णय नं. ६

सञ्जाललाई प्रभावकारी ढङ्गले सञ्चालन गर्नको लागि यस क्षेत्रका विज्ञहरु रहेको एक विज्ञ समिति गठन गरिने छ ।

निर्णय नं. ७

आजको यस भेलाबाट देहाय बमोजिमको तानसेन घोषणा पत्र, २०७६ जारी गर्ने निर्णय गरियो ।

प्रदेश ५ का प्रादेशिक नीति तथा योजना आयोगका उपाध्यक्ष प्रा. डा.ईश्वर गौतमले सिद्धार्थ आर्थिक करिडोरले समेट्ने क्षेत्र र सम्भावनाका बारेमा प्रष्ट पार्दै कार्यपत्र प्रस्तुत गर्नु भयो । तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाहीले सिद्धार्थ आर्थिक करिडोरको अवधारणापत्र र यसबारे तानसेनको सोचमा आधारित कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उपस्थित पाहना तथा स्थानीय तहका प्रतिनिधिहरूले आआफ्ना स्थानीय तहका राम्रा अभ्यास र सिद्धार्थ आर्थिक करिडोरबारे धारणा संक्षेपमा पालैपालो प्रस्तुत गर्नु भएको थियो । प्रस्तुत कार्यपत्रउपर विभिन्न व्यक्तित्वहरूबाट टिप्पणी गरिएको थियो भने सुझावसमेत राखिएको थियो ।

**२०७६ मंसिर १५ र १६ गते कार्यक्रममा सहभागीहरू**

तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाही र उपप्रमुख लक्ष्मीदेवी पाठक, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष एवम् ईपिआई नेपाल (Economic Policy Incubator (EPI) Nepal) का टिम लिडर डा. शंकर शर्मा, प्रदेश नं. ५का प्रदेश सभाका सदस्य डा. पुरनमान बज्राचार्य र वीरबहादुर राना, पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरूङ्, गण्डकी प्रदेशका मुख्य सचिव हरिप्रसाद बस्याल, गण्डकी प्रदेशका योजना आयोगका उपाध्यक्ष डा. गिरिधारीलाल शर्मा पौडेल, प्रदेश नं. ५ का मुख्य सचिव तोयनारायण ज्ञवाली, प्रदेश नीति तथा योजना आयोग प्रदेश नं. ५ का उपाध्यक्ष प्रा.डा.ईश्वर गौतम, बुटवल उपमहानगरपालिकाका उपप्रमुख गोमादेवी आचार्य, सिद्धार्थ नगरपालिकाका उपप्रमुख उमा काफ्ले, तिलोत्तमा नगरपालिकाका प्रमुख बासुदेव घिमिरे र तिलोत्तमा नगरपालिकाका उपप्रमुख जागेश्वरी देवी चौधरीको कार्यक्रममा उपस्थिति रहेको थियो । त्यसैगरी उक्त कार्यक्रममा गल्याङ्ग नगरपालिकाका प्रमुख भुपराज अधिकारी र उपप्रमुख देवीसरा थापा, वालिङ्ग नगरपालिकाका प्रमुख दिलिपप्रताप खाँण र उप प्रमुख कल्पना तिवारी, भीरकोट.नगरपालिकाका प्रमुख भुपराज अधिकारी र उपप्रमुख सीमा के.सी.कर्माचार्य, पुतलीबजार नगरपालिकाका प्रमुख सीमाकुमारी क्षेत्री र उपप्रमुख महेश पुरी, फेदीखोला नगरपालिकाका प्रमुख घनश्याम सुवेदी र उपप्रमुख देवी थापा, ओमसतिया गाउँपालिकाका अध्यक्ष हिराकेवट राहुल र उपाध्यक्ष सुन्दरमतीकुमारी हरिजन, तिनाउ गाउँपालिकाका अध्यक्ष ओमबहादुर घर्ती मगर र उपाध्यक्ष दमयन्ती थापा, बगनासकाली गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बस्याल र उपाध्यक्ष सरस्वती चिदी, माथागढी गाउँपालिकाका अध्यक्ष सन्तोषकुमार थापा र उपाध्यक्ष निर्मलादेवी भट्टराई, रम्भा गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारी र उपाध्यक्ष राधाकुमारी श्रेष्ठ, कालीगण्डकी गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापा र उपाध्यक्ष सावित्रा कोइराला, पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल र पाल्पा जिल्ला समन्वय अधिकारी लेखनाथ ज्ञवाली सहभागी हुनु भएको थियो । कार्यक्रममा युएनडिपीका क्षेत्रीय कार्यक्रम प्रवन्धक सुदीप अर्याल, द एसिया फाउण्डेसनका प्रतिनिधि परशुराम उपाध्याय, गोरखदल गणका गणपति (प्रमुख सेनानी) सुरज थापा, प्रहरी उपरीक्षक दिपेन्द्र जी.सी, सशस्त्र प्रहरी वल (गुल्म) प्रहरी नायव उपरीक्षक रवि के.सी, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय पाल्पा प्रमुख अनुसन्धान अधिकृत सन्तोष बस्नेत सहभागी हुनु भएको थियो । कार्यक्रममा तानसेन नगरपालिकाका प्रवक्ता दामोदरप्रसाद घिमिरे र पालिकाका प्रमुख प्रशासकीय अधिकृतहरू तानसेन नगरपालिका डिल्लीराज बेल्बासे, पोखरा महानगरपालिकाका गंगालाल सुवेदी, बुटवल उपमहानगरपालिकाका चक्रपाणि शर्मा, सिद्धार्थनगर नगरपालिकाका तुल्सीराम मरासिनी, तिलोत्तमा नगरपालिकाका माधवप्रसाद शर्मा, गल्याङ्ग नगरपालिकाका ईश्वरीप्रसाद पाण्डे, वालिङ्ग नगरपालिकाका गुरूदत्त सुवेदी, भीरकोट नगरपालिकाका धर्मराज ढुङ्गाना, पुतलीबजार नगरपालिकाका रूद्रबहादुर मल्ल, ओमसतिया गाउँपालिकाका टेकराज आचार्य, तिनाउ गाउँपालिकाका ज्ञानुप्रसाद पनेरू, बगनासकाली गाउँपालिकाका सुन्दरप्रसाद श्रेष्ठ, माथागढी गाउँपालिकाका दीपककुमार नेपाली, रम्भा गाउँपालिकाका कृष्णप्रसाद ढकाल, फेदीखोला गाउँपालिकाका नन्दलाल शर्मा र कालीगण्डकी गाउँपालिकाका गणेशप्रसाद खनाल समेत कार्यक्रममा सहभागी हुनुहुन्थ्यो । त्यसैगरी पाल्पाका क्रियाशील राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, तानसेन नगरपालिकाका वडाअध्यक्ष, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्याल, तानसेन नगरपालिकाका प्रेस सल्लाहकार गोविन्द भट्टराईसहित पत्रकारहरू, संघसंस्था, नागरिक समाज तथा विभिन्न क्षेत्रका प्रवुद्ध व्यक्तित्वहरू लगायत उपस्थित सिद्धार्थ आर्थिक करिडोरका लागि स्थानीय तहका प्रमुखहरूको मञ्च गठनका लागि भएको तानसेन सम्मेलले १० बुँदे घोषणापत्र जारी गर्नुका साथै महत्वपूर्ण निर्णय समेत गरेको छ ।

(शाखा अधिकृत, तानसेन नगरपालिका राजश्व शाखा)


## सूचना

हाम्रो तानसेन बुलेटिनको नवौं अंकको लागि सामग्री २०७६ चैत्र मसान्तसम्ममा पठाई सक्नुहुन सरोकारवालाहरु सबैमा सादर अनुरोध छ ।

– प्रधान सम्पादक

Email: hamrotansenbu@gmail . com

# नागरिक चाहनाअनुसार
# तानसेन नगरपालिकाले छिंडीबाट बाटो बिस्तार गर्‍यो



– भरतप्रसाद आचार्य

स्थानीय टोलबासी तथा सेरोफेरोका नागरिकको चाहना तथा सुविधालाई ख्याल गर्दै तानसेन नगरपालिकाले आ.व. ०७६।०७७ मा तानसेन शीत्तलपाटी नजिकको छिंडीबाट सडक विस्तार कार्य अगाडि बढाएको छ । पूर्णलाल श्रेष्ठको नाति प्रेमलाल श्रेष्ठको छोरा सुवोधलाल श्रेष्ठको नाममा रहेको हाल वडा नं. २ मा पर्ने कित्ता नं. ८६ को घर समेत रहेको जग्गा स्थानीय उपभोक्ता र तानसेन नगरपालिकाको संयुक्त प्रयासबाट खरीद प्रक्रिया पूरा गरेपछि आवश्यकताअनुसार छिंडीको बाटो फराक गराइएको छ ।



वढ्दो शहरीकरण, सवारी साधनको बढ्दो चाप, दैवी प्रकोप, एम्बुलेन्सको लागि आवतजावत, स्थानीय जनसमुदायको आवागमन र विद्यार्थीको चापलाई समेत ध्यानमा राखी तानसेन नगरपालिकाको मिति २०७५ माघ ८ गतेको कार्यपालिकाको वैठकले छिंडीको बाटो बिस्तार गर्ने निर्णय गरेको थियो । यसबारेमा स्थानीय नागरिकले नगरप्रमुख र अन्य जनप्रतिनिधिसँग पटकपटक समस्या अवगत गराएका थिए । कार्यपालिकाको निर्णय पश्चात् जग्गा प्राप्ति ऐन २०३४ को दफा ९ को उपदफा (१) वमोजिम स्थानीय प्रशासनको अगुवाइमा उक्त जग्गा प्राप्त भएपछि योजना कार्यान्वयन भएको हो ।

तानसेन नगरपालिका र स्थानीय समुदायको समेत रू. १ करोड १० लाख लागतमा घरजग्गा खरीद गरिएको हो । बाटो खोल्ने कार्यमा स्थानीयवासीको समेत महत्वपूर्ण योगदान रहेको छ ।

नागरिकको आवश्यकता अनुसारको सानो काम नहुँदा परेको समस्यालाई परिस्थिति बुझी समाधान गर्न तथा अपेक्षित उपलब्धि हासिल गर्न आवश्यकता ठहर गरी पुरानो गल्ली (पुरानो छिंडी) विस्तार गर्न असनटोल, पुरानो पानीटंकी, गैरागाउँ, मिसन् अस्पताल क्षेत्रबाट आर्थिक संकलन जुटेको वडा नं. ३ निवासी खडानन्द पाण्डेले बताउनुभयो ।

छिंडीको वाटो फराकिलो र निर्माण कार्य सम्पन्न भएपछि असनटोल भित्रका बस्तीमा सहजै रूपमा सवारी साधन चलाउन सकिने भएकोले विद्यालयका विद्यार्थी आवतजावत गर्न, आपतकालीन स्थितिलाई सहज बनाउन, फोहरमैला व्यवस्थापन गर्न समेत सहयोग पुग्ने स्थानीय उपभोक्ता ओम मलेगोले बताउनुभयो ।




वि.सं २०१५ साल भन्दा अगाडि निर्माण भएको छिंडी साँघुरो भएकोले यसलाई विस्तार गरी समय सापेक्ष बनाउन आवश्यक रहेकोले सरोकारवाला सवै लागिपरेको ता.न.पा. वडा नं. २ का वडा सदस्य गोपालप्रसाद श्रेष्ठले बताउनुभयो ।ओमप्रसाद मलेगो, युसुफदिन मियाँ, हरिप्रसाद घिमिरे, रामबहादुर थापा, शान्तीमाया, लक्ष्मी रानाभाट, गुरूप्रसाद गैरे, विष्णु गाहा, रामप्रसाद शर्मा, माधव तिमिल्सिना लगायत स्थानीय बासिन्दाहरू आर्थिक संकलन र उक्त सडक निर्माणका लागि खट्नुभएको थियो ।

तानसेनको छिंडी अव छिंडीको स्थितिमा नभई समयअनुसारको सडकमा परिवर्तन भएको छ । छिंडीको बाटो विस्तारका क्रममा जनस्तरवाट विभिन्न क्रिया प्रतिक्रिया आइरहेको छ । ठूलो हिस्साबाट सकारात्मक भनाईका साथै समयको आवश्यकता भन्ने धारणा राखेको पाईन्छ भने केहीबाट विभिन्न टिकाटिप्पणीहरू समेत भएको पाइयो । बहुसंख्यक नगरबासीको सुविधाको ख्याल गर्दै सरोकारवाला स्थानीय बासिन्दाको माग अनुसार उक्त बाटो बिस्तार गरिएको नगरप्रमुख अशोककुमार शाहीले बताउनु भएको छ । विकास निर्माणका काममा नागरिकको साथ र सहयोग भएमा योजना कार्यान्वयन सफल हुन्छ भन्ने उदाहरण समेत बनेको छ छिंडीको सडक ।

*(शाखा अधिकृत, तानसेन नगरपालिका सामाजिक विकास शाखा )*

# पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोषका सल्लाहकार कसजू अब सम्झनामा



– गोविन्द भट्टराई

उहाँलाई यतिबेला हामीले तानसेन नगरपालिकाको सहयोगबाट स्थापित पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोषको सल्लाहकारको रूपमा स्मरण गर्दैछौं यद्यपि उहाँलाई अग्रज पाल्पाली पत्रकार तथा वरिष्ठ बाल साहित्यकारको रूपमा आम पाल्पालीले चिन्दछन् । देशव्यापी रूपमा विकास पत्रकारिताको विकासमा उहाँको योगदान अर्को पहिचान हो । शुरूमा किसानका पत्रकार पनि भनिन्थ्यो विनयकुमार कसजूलाई । कारण-किसानका कर्मले मिडियामा सम्मानजनक स्थान पाउँदो रहेछ भन्दै तथ्यसहित भित्ते पत्रिका र गाउँले देउराली साप्ताहिकमार्फत् उदाहरण प्रस्तुत गर्ने उहाँ नै हुनुहुन्थ्यो । विकास पत्रकारिताका अगुवा विनयकुमार कसजूलाई विभिन्न कोणबाट हामीले स्मरण गर्न सक्दछौं । नागरिकलाई सबल बनाउन सूचना सहयोगी बन्न सक्छ भन्ने कसजूले सूचना आयोगको पहिलो प्रमुख सूचना आयुक्तको रूपमा काम गर्नु भयो । तानसेन भगवतीटोलमा अर्थात् मोफसलमा जन्मेका विनयकुमार कसजूले नेपाल मै विकास पत्रकारिताका अगुवा र बरिष्ठ बाल साहित्यकारको पहिचान बनाउन सफल हुनु भयो । देशव्यापी रूपमा विनयकुमार कसजूका असल कर्महरूको स्मरण गरिएको छ । बि.सं. २००४ असार २० मा जन्मेका कसजूको २०७६ मंसिर १० गते निधन भयो ।

कसजूले तत्कालीन पञ्चायती ब्यवस्था विरूद्ध शालीनढंगले सत्य समाचार साप्ताहिक मार्फत् विविध सवालमा साँचो कुरा (सम्पादकीय) लेख्ने तथा जनजिब्रोको शब्दलाई टिपेर अब्बल लघुकथा समेत पस्कनुहुन्थ्यो । **पञ्चतन्त्र, थोपाथोपा, लिस्नो** लगायतका लघुकथा अनि दर्जनौं बाल कथाका पुस्तकका स्रष्टा कसजूले बालवाङ्मयको

पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोषद्वारा
**कसजूको स्मृतिमा तानसेनमा आयोजित शोकसभा**



क्षेत्रमा समेत उल्लेख्य गुन लगाउनु भएको छ । सत्य समाचार साप्ताहिक, गाउँले देउराली साप्ताहिक लगायत पाल्पाबाट प्रकाशित त्यसबेलाका अन्य पत्रिका, साहित्य र अन्य विधाका (**पाल्पा एज यु लाइक इट** नामक पाल्पाको पर्यटनविकासलाई टेवा पुऱ्याउने) पुस्तकले कसजूको योगदानलाई चिरस्थायी बनाएका छन् । ठाडोगल्लीको कुमार प्रेस, पछि भगवतीटोलस्थित कुँडुलेघर परिसरमा रहेको कसजू निवासमा नेपाली राजनीतिका अगुवा नेता र तत्कालीन सरकारका मन्त्रीहरू समेत उहाँलाई भेट्न पुग्थे । औपचारिक कार्यक्रमहरूमा उहाँलाई कमै देखिन्थ्यो । मिलेसम्म गाउँबस्ती घुम्न मन पर्थ्यो कसजूलाई ।

उहाँका योगदान हामी आम पाल्पालीले सम्झनु आवश्यक छ । विनयकुमार कसजू असल कर्मका कारण आफैमा एक पूर्ण संस्थाको रूपमा स्थापित हुनु भयो । विकास पत्रकारिता र बाल साहित्यमा विशिष्ट स्थान ओगटन् सफल कसजूले विविध विषयमा कलम चलाउनुभएको थियो । कुनैबेला रूरू गाउँ पञ्चायत, रिडीको प्रधानपञ्चको रूपमा उहाँले जनसेवा समेत गर्नुभएको थियो । त्यसबेला उमेरले कान्छा प्रधानपञ्च विनयकुमारको रूप र ब्यक्तित्वसँग राजा महेन्द्र रिडीमा पुग्दा प्रभावित हुनुभएको थियो । पाल्पाको राजनीतिमा मार्क्सवादी धार नजिक रहेका कसजूसँग जोडिएका अनेक प्रसङ्ग छन् । सरल, मिजासिलो स्वभाव, झट्ट नरिसाउने र सोचेर बोल्ने कसजूका असल र अनुकरणयोग्य कर्म धेरै छन् ।

विगतमा तानसेन (पछिल्लो समय काठमाडौं) निवासी कसजूले निरङ्कुश पञ्चायती ब्यवस्थाविरूद्ध पत्रकारिता मार्फत् आवाज उठाउँदा २ पटक जेल पर्नुभएको थियो । २०४० देखि २०५०

सम्म पाल्पाबाट प्रकाशित सत्य समाचार साप्ताहिकको सम्पादकको रूपमा कसजूले साँचो कुरा स्तम्भ अन्तर्गत लेखेका सम्पादकीयले धेरैको मष्तिष्कमा अमिट छाप छाडेका थिए । छोटा र सरल शब्द तथा बाक्यमा लेख्ने कसजू विकास पत्रकारिताका अगुवा हुनुहुन्थ्यो । बि.सं. २०५० पुसबाट परीक्षण र २०५१ बैशाखबाट नियमित प्रकाशन शुरू दक्षिण एसियाको पहिलो विकास पत्रिका गाउँले देउराली साप्ताहिकको संस्थापक सम्पादक कसजूले पाल्पाका अन्य पत्रिका प्रकाशनमा सहयोग गर्नुका साथै बुधवार साप्ताहिक, हिमाल खवर पत्रिका लगायत राजधानीबाट प्रकाशित पत्रपत्रिकामासमेत स्तम्भ

कसजू दम्पतीसँग लेखक



लेख्नुभएको थियो । नेपाल पत्रकार महासंघ पाल्पाको २०४९ मा स्थापना र पछिका दिनमा कसजूको पनि योगदान रहेको स्मरण गर्नुपर्दछ ।

पञ्चतन्त्र लघुकथा, पाल्पा एज यु लाइक इट, थोपाथोपा, लिस्नो जस्ता चर्चित पुस्तकका लेखक कसजू पछिल्लो समय बाल साहित्यमा क्रियाशील हुनुहुन्थ्यो । दर्जनौं बालसाहित्यका पुस्तक लेखेका कसजूले बालकथा लेखनबारे तालिम दिनु हुन्थ्यो । समुदायमा सूचना प्रवाहका क्रममा अडियो टावरको उपयोग, तानसेन पाल्पामा स्थानीय टिभी रत्न केबुल सञ्चालन, सामुदायिक रेडियो मदनपोखरा स्थापना तथा सञ्चालन र गाउँले देउराली साप्ताहिकको प्रकाशन आरम्भमा उहाँको योगदान स्मरण लायक छन् । पाल्पाबाट विकास तथा सामुदायिक पत्रकारिताको उदय र विकासमा भारतदत्त कोइराला, हेमबहादुर बिष्ट लगायतको समेत योगदान रहेको छ ।

गाउँले देउराली साप्ताहिकमा २०५३ चैत्र १५ सम्म कसजू सम्पादक रहनुभयो भने त्यसपछि मेघराज शर्माले सम्पादकको जिम्मेवारी निर्वाह गर्नुभएको थियो । २०७१ माघ १० देखि गोविन्द भट्टराई र २०७५ फागुन १५ पछि सोमनाथ अर्यालले प्रधान सम्पादकको जिम्मेवारी वहन गर्नुभयो । सम्पादकको जिम्मेवारी हाल धातानन्द शर्माले सम्हाल्नु भएको छ । वरिष्ठ पत्रकार मेघराज शर्मा र कसजूले सत्य समाचार साप्ताहिकमा संगसंगै काम गर्नु भएको थियो । कसजूले पत्रकारिता मार्फत् ग्रामीण विकासका लागि लगाउनु भएको गुन अमूल्य छ । गाउँमा पाइला पाइलामा समाचार छ भनेर कृषि र पशुपालन पेशामा लागेकाहरूको मनोबल उकास्ने गरी उहाँले विकास पत्रकारिताको उपयोग गर्न सिकाउनु भएको कुरा उहाँसँग तालिम लिने जोकोहीलाई स्मरण हुनुपर्छ ।

सूचना आयोगको संस्थापक प्रमुख आयुक्त भएपछि ग्रामीण विकास पाल्पाको अध्यक्ष पदबाट उहाँले २०६५ जेठ ५ बाट राजीनामा दिनुभएको थियो । विगतमा प्रेस काउन्सिल नेपाल, मानव अधिकार आयोगको सल्लाहकारको रूपमा समेत उहाँले सेवा गर्नुभएको थियो । राष्ट्रिय समाचार समितिको बोर्ड सदस्यको रूपमा उहाँले काम गर्नुभएको थियो । विगतमा शिक्षण र मानव अधिकार क्षेत्रमा लाग्नुभएकी उहाँको जीवनसाथी गंगा कसजू पनि बाल साहित्यमा क्रियाशील हुनुहुन्छ । छोराहरू अभिनव, दिपंकर, सरोवरले साइबर संसार साइट सञ्चालन गर्नुभएको थियो ।

कसजूले छोटो र सटीक सम्पादकीय लेखन, लघुकथा लेखक र बाल साहित्यकारको रूपमा पहिचान बनाउन सफल हुनुभयो । उहाँले दक्षिण एसियाको पहिलो विकास पत्रिका गाउँले देउराली साप्ताहिकको संस्थापक सम्पादकको रूपमा करीव २ वर्ष काम गरेपनि गाउँको गतिविधि, किसानका कर्मले पनि पत्रपत्रिकामा स्थान पाउन सक्छ भन्ने तथ्य स्थापित गराउनु भएकाले अहिले पनि पाल्पा सेरोफेरोमा किसानका पत्रकार भनेर श्रद्धाले नाम लिने गरिन्छ । उहाँको अगुवाइमा ग्रामीण विकास पाल्पाले देशब्यापी रूपमा आधारभूत पत्रकारिता तालिम सञ्चालन गरेको थियो । तानसेन पाल्पाको पर्यटन विकासका लागि कसजूले लेख तथा पुस्तक लेख्नुका साथै विभिन्न कार्यक्रममा सल्लाह सुझाव दिएको तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले बताउनुभयो । पत्रकारिता मार्फत् तानसेनलाई राष्ट्रियस्तरमा चिनाउन विकास

तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाहीसँग पत्रकारहरू विनयकुमार कसजू, मेघराज शर्मा, गोविन्द भट्टराई, झपेन्द्र गहिरे, भगवान भण्डारी, बासुदेव ढकाल, समाजसेवी भूयुमान लिगल, पर्यटनविद् मनमोहन श्रेष्ठ श्रीनगरमा (पुरानो फोटो)



पत्रकारिता शुरू गर्ने कसजूले तानसेन नगरपालिकाले राष्ट्रियस्तर को पुरस्कार स्थापना गर्दा सहर्ष सल्लाहकारमा रहेर सघाएको शाहीले सम्झनु भयो । किसान मजदुर र सर्वसाधारणका कर्मलाई पत्रकारितामा स्थान दिलाउन लाग्नु भएका स्वर्गीय कसजूप्रति हाम्रो श्रद्धासुमन !

*(सदस्य सचिव, पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष)*

# पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोषको प्रथम साधारणसभा

**पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष २०७५** को प्रथम साधारणसभा २०७६ माघ १८ गते तानसेनमा विभिन्न निर्णय गर्दै सम्पन्न भएको छ । कोषका संयोजक वरिष्ठ पत्रकार शम्भु श्रेष्ठको अध्यक्षता, सहसंयोजक तथा प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठको स्वागतमा सम्पन्न सभामा प्रमुख अतिथि तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाही हुनुहुन्थ्यो । प्रमुख अतिथि शाहीले बहुआयामिक ब्यक्तित्व पुष्पलालको योगदानको कदर गर्ने उद्देश्यले तानसेन नगरपालिकाले पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कारका लागि कोष स्थापनामा सहयोग गरेको बताउनुभयो । उहाँले पुष्पलाल, वीपी जस्ता राजनेताहरूको सम्मान सबैको कर्तव्य हो भन्नुभयो ।



कोषको उद्देश्यमाथि अध्यक्ष श्रेष्ठले प्रकाश पार्दै पुष्पलालले किन पार्टी स्थापना गर्नुभयो त्यसको समीक्षा हुनु जरूरी छ भन्नुभयो । अध्यक्ष श्रेष्ठले उक्त अवसरमा पुष्पलालबारे अध्ययन अनुसन्धान गरिनुपर्ने कुरामा जोड दिनुभयो । लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि राजनीतिक दलमात्र नभएर मिडियाको पनि भूमिका रहेको श्रेष्ठले बताउनुभयो । पुरस्कारका लागि सिफारिस भएका हिरण्यलाल श्रेष्ठ (मकवानपुर), भैरव रिसाल (काठमाडौं) र अर्जुन ज्ञवाली (रूपन्देही) समेत ३ व्यक्तित्व मध्येबाट कोषले पुष्पलालका समकालीन तथा वरिष्ठ पत्रकार हिरण्यलाल श्रेष्ठलाई पहिलो पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ । पत्रकारिताका माध्यमबाट पुष्पलालका विचारलाई स्थापित गराउन हिरण्यलाल श्रेष्ठले महत्वपूर्ण योगदान पुऱ्याउनु भएको थियो । विशेष समारोह आयोजना गरी २०७७ असार १४ गते रू १ लाख ११ हजार १ सय ११ रूपैयाँ राशिको पुरस्कार र सम्मानपत्र प्रदान गरिने तथा उक्त अवसरमा उपलब्ध हुनसक्ने पुष्पलालका समकालीन ब्यक्तित्वहरूलाई समेत सम्मान गरिने कोषले निर्णय गरेको छ । निर्णयबारे टिप्पणी गर्दै व्यक्तित्व सिफारिस उपसमितिका संयोजक दिल साहनीले हिरण्यलाल श्रेष्ठको कदर पुष्पलालकै कदर सरह हो भन्दै तानसेन नगरपालिकाले राम्रो कामको शुरूवात गरेको बताउनुभयो । वरिष्ठ पत्रकार मेघराज शर्माले यस प्रकारको पुरस्कार स्थापना गरेर तानसेन नगरपालिकाले प्रशंसनीय काम गरेको छ भन्नुभयो । सभामा कोषका सदस्य सचिव गोविन्द भट्टराईले प्रस्तुत गर्नु भएको कोषको प्रतिवेदन छलफल पश्चात् पारित गरिएको थियो भने अन्य विभिन्न विषयमा सदस्यहरूले छलफल गर्नु भएको थियो । केही महत्वपूर्ण प्रस्तावसमेत साधारणसभाले पारित गरेको छ ।

## पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष-२०७५ को प्रथम साधारणसभा २०७६ माघ १८ मा सदस्य सचिवबाट प्रस्तुत सांगठनिक प्रतिवेदन

नेपालको लोकतान्त्रिक आन्दोलनका अगुवा तथा कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठको स्मृतिमा पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कारकालागि तानसेन नगरकार्यपालिकाको गठन आदेश २०७५ बाट **पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष २०७५** सञ्चालक समिति गठन भएको तथ्य गरिमामय सभामा उपस्थित महानुभावहरूलाई अवगत भएकै विषय हो । नेपालको पत्रकारिता क्षेत्रमा आजीवन समर्पित भएर पत्रकारिताको माध्यमबाट राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता र लोकतन्त्रको संस्थागत विकासको निम्ति पत्रकारिता तथा लेखन क्षेत्रबाट उल्लेखनीय योगदान पुऱ्याएका एकजना वरिष्ठ पत्रकारलाई हरेकवर्ष पुष्पलालको जन्म जयन्तीको अवसरमा असार १४ गते उक्त पुरस्कार प्रदान गरिने सोचसहित समिति क्रियाशील रहेको छ । कोषमा पत्रकारिता र लेखनसँग जोडिएका विभिन्न क्षेत्रमा स्थापित पत्रकार तथा लेखकहरूको समावेशी सहभागिता रहेको पाइन्छ । राष्ट्रिय स्तरको समिति हुनाले नगरकार्यपालिकाले पाल्पा बाहिरबाट पनि समितिमा निश्चित ब्यक्तित्वहरूको सहभागिता गराएको पाइन्छ । कोषको वर्तमान स्वरूप २०७५ माघ ८ गते तय भएकोले सोही आधारमा यो बार्षिक साधारणसभा आयोजना गरिएको हो ।

**कोषको मुख्य उद्देश्य निम्न अनुसार छ-**

(क) लोकतन्त्रका मूर्धन्य व्यक्तित्व पुष्पलालको योगदानलाई चिरस्मरणीय बनाउने ।
(ख) मर्यादित र पेशागत पत्रकारिताको विकास गर्न नेपाली पत्रकारहरुलाई प्रोत्साहित गर्नु ।
(ग) राष्ट्रियता, लोकतन्त्र, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सामाजिक न्यायका लागि पैरवी गर्ने ।

**कोषको अवस्था**

तानसेन नगरपालिका पाल्पाद्वारा स्थापित **पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष २०७५** मा २०७४ देखि हालसम्म नगरपालिकाले अक्षयकोषको रुपमा रहने गरी पहिलोपटक एकमुष्ठ १० लाख र दोस्रो पटक ५ लाख समेत ३ वर्षको रु १५ लाख निकासा गरिसकिएको छ। उक्त रकम नेपाल बैक लि. तानसेनमा समितिको नाममा मुद्दती खातामा जम्मा गरिएको जानकारी गराउन चाहन्छु। मुद्दती खाताबाट प्राप्त ब्याज जम्मा हुनेगरी कोषको नाममा उक्त बैंकमा रहेको चल्ती खाता समेत खोलिएको छ । पुरस्कार कोषको रकम बृद्धि गर्ने उद्देश्यले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट समेत सहयोग माग गर्ने मिति २०७६ भाद्र ६ को बैठकको निर्णय अनुसार सञ्चार मन्त्रीसमक्ष भेट गरिएको थियो । उहाँले यस पटक तत्कालका लागि सहयोग गर्न नसकिए पनि पछि यथासम्भव सहयोग गर्ने कुरा गर्दै भेट गर्न आग्रह गर्नु भएको थियो ।

**कोषको वैधानिकता**

मिति २०७५ माघ ८ गते गठित यस समितिलाई तानसेन नगरपालिकामा (२०७६ असार ३१ गते द.नं. ००१) दर्ता गर्नुका साथै प्रदेश नं ५, आन्तरिक मामिला तथा कानून मन्त्रालयमा समेत (२०७६ असोज १३, द.नं. ००३/०७६/०७७) दर्ता गरिएको छ ।

**कोषका महत्वपूर्ण बैठक र उल्लेखनीय निर्णय**

कोषको पहिलो बैठक २०७५ चैत्र २२ गते संयोजक शम्भु श्रेष्ठको अध्यक्षतामा बसेको थियो । कोषको बैठक ६-६ महिनामा बस्ने वैधानिक व्यवस्था हुनाले तत्काल कामका लागि बैठकले आवश्यक कायार्थ शम्भु श्रेष्ठ संयोजक, मेघराज शर्मा, गोपाल बस्याल, सन्तोष खनाल र गोविन्द भट्टराई रहेको कार्यसम्पादन समिति गठन गरेको थियो । संस्थाको विधान, नियमावली। कार्यविधि मस्यौदाका लागि सदस्य राजेशकुमार अर्याल संयोजक, सदस्यहरु झपेन्द्र गहिरे, प्रेस संगठनको प्रतिनिधि, गणेश ज्ञवाली, सुशीला श्रेष्ठ रहेको उपसमिति गठन गरेको थियो । उपसमितिहरुले आफ्नो काम सम्पादन गरेका छन् ।

कोषको दोस्रो बैठक २०७६ असार १८ गते र तेस्रो बैठक २०७६ असार १९ गते सम्पन्न भयो । ती बैठकमा कोषको विधान, कार्यविधि पारित गरिनुका साथै कोष दर्ता गर्ने, बैंक खाता खोल्ने, कोषको छाप, लोगो तयार गर्ने लगायतका निर्णय गरेको थियो । निर्णय अनुसार काम सम्पादन गरिएको जानकारी गराउन चाहन्छु । समितिको चौथौ बैठक २०७६ भाद्र ६ गते बसेर विभिन्न निर्णय गरेको थियो । सोही बैठकले पहिलो पटक पुरस्कार प्रदान गर्नका लागि कोषका सदस्य दिल साहनी संयोजक, सदस्यहरु मेघराज शर्मा र सुशीला श्रेष्ठ रहेको व्यक्तित्व सिफारिस उपसमिति गठन गरेको थियो । उपसमितिले तोकिएकै मितिमा प्रतिवेदन बुझाएको छ ।

**सल्लाहकारको निधन**

यसबीचमा समितिका सल्लाहकार तथा सूचना आयोगका संस्थापक प्रमुख आयुक्त विनयकुमार कसजूको २०७६ मंसिर १० गते निधन भएको खवरले हामी दुखित छौं । कोषलाई अपूरणीय क्षति पुगेको छ । कसजूको स्मृतिमा तानसेन नगरपालिकाको मिनिहलमा समितिले मंसिर १८ गते कोषका जेष्ठ सदस्य मेघराज शर्माको अध्यक्षता, संरक्षक तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाही लगायत विभिन्न क्षेत्रका व्यक्तित्वको सहभागितामा शोक सभा आयोजना गरेको थियो । यसैगरी १३ औं पुण्य तिथिमा काठमाडौंमा आयोजित श्रद्धाञ्जली सभामा समितिका संयोजक र सदस्य सचिव सहभागी भएर दिवंगत आत्माप्रति श्रद्धाञ्जली तथा शोकाकुल परिवारमा समवेदना प्रकट गर्नुका साथै तानसेनमा पारित शोक प्रस्ताव समेत प्रस्तुत गरिएको थियो ।

अन्त्यमा, यस कोषको मर्म आत्मसात् गर्दै पुरस्कारलाई ओजिलो तथा गरिमामय बनाउनका लागि कोषमा रहनु भएका सबैको सहयोगको खाँचो छ भन्ने मर्म आत्मसात् गर्दै सक्रिय सहयोगका लागि सबैसँग आग्रह गर्दछु । साथै नेपाली नागरिकको हितका लागि आजीवन संघर्षरत लोकतन्त्रका मूर्धन्य व्यक्तित्व पुष्पलालको योगदानलाई चिरस्मरणीय बनाउने तथा मर्यादित र पेशागत पत्रकारिताको विकास गर्न नेपाली पत्रकारहरुलाई प्रोत्साहित गर्ने र राष्ट्रियता, लोकतन्त्र, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सामाजिक न्यायका लागि पैरवी गर्न बल पुऱ्याउने मूल उद्देश्यले पुरस्कार स्थापनाका लागि सहयोग गर्ने नगरप्रमुख लगायत तानसेन नगरकार्यपालिका परिवार र प्रत्यक्ष अप्रत्यक्ष रूपमा यस कोषलाई सहयोग गर्ने सबैलाई एकमुष्ट धन्यवाद ज्ञापन गर्दछु ।

गोविन्द भट्टराई, सदस्य सचिव

# तानसेन नगर कार्यपालिकाको आर्थिक वर्ष २०७६/०७७ को माघ मसान्त सम्म भएको आम्दानी खर्च विवरण

तानसेन नगरपालिका नगरकार्यपालिकाको आव २०७६।०७७ माघ मसान्त सम्मको आमदानी खर्च विवरण ।

| आय शिर्षक | प्रस्तावित आमदानी | हाल सम्मको आमदानी | बाकी | ब्याय शिर्षक | बिनियोजन | यो महिना सम्मको खर्च | बाकि रकम |
|---|---|---|---|---|---|---|---|
| गत वर्षको अल्या | ५०,०००,००० | ११४,२३८,४१८।० | (६४,२३८,४१८) | प्रशासनिक खर्च | ९५,०००,००० | ४०,०५६,०९२ | ५४,९४३,९०८ |
| राजश्व आमदानी | ६९,७१७,००० | ३१,०७०,८७९।० | ३८,६४६,१२१ | प्रर्बद्यनात्मक कार्यक्रम | ९३,०५०,००० | १६,५५८,५४४ | ७६,४९१,४५६ |
| समानिकरण आमदानी | १५७,८००,००० | ७८,९००,०००।० | ७८,९००,००० | वडास्तरीय खर्च | ४९,०००,००० | ५,९१३,३५३ | ४३,०८६,६४७ |
| सर्शत आमदानी | ३१४,८००,०००।० | २१०,७७६,२५०।० | १०४,०२३,७५० | ६०।४० कार्यक्रम | ३६,७००,००० | ( | ३६,७००,००० |
| अन्य अनुदान रिण | ७९,५८४,००० | | ७९,५८४,००० | नगर गौरव आयोजना | ७०,०००,००० | २३,९०० | ६९,९७६,१०० |
| सामाजिक सुरक्षा कार्यक्रम | १००,०००,००० | ४५,८०३,८००।० | ५४,१९६,२०० | भारतिय दुतावास शित भण्डार | ३४,०००,००० | ( | ३४,०००,००० |
| राजश्व वाडफाड संघ | १०७,७००,००० | ३२,२२९,७६९।३ | ७५,४७०,२३१ | अन्तराष्ट्रिय समवन्ध साभ्फेदारी | ४,०००,००० | ३०२,५०० | ३,६९७,५०० |
| राजश्व वाडफाड प्रदेश | १२,६४३,००० | | १२,६४३,००० | बित्तिय व्यवस्था | ४,०००,००० | ४,०००,००० | ( |
| एल जि सि डि पि कार्यक्रम | ३७५,००० | | ३७५,००० | नगरस्तरीय कार्यक्रम | ५९,७००,००० | २,५३३,६२३ | ५७,१६६,३७७ |
| सित भण्डार भारतिय दुतावास | ३०,०००,००० | | ३०,०००,००० | विशेष कोष मार्फत संचालन हुने कार्याक्रम | ९,५००,००० | ५४२,१९६ | ८,९५७,८०४ |
| जनसहभागीता | १६,७००,००० | | १६,७००,००० | २०७५।०७६ बाट जिम्मेवारी सरेका योजनाहरु | १६,५९०,००० | ८,०५३,६५७ | ८,५३६,३४३ |
| शर्शत अनुदान आय प्रदेश सरकार | १०,०००,००० | ५,५००,०००।० | ४,५००,००० | सार्वजनिक निजि साझेदारिमा गरिने कार्यक्रमहरु | २,०००,००० | १६,३६८ | १,९८३,६३२ |
| वित्तिय समानिकरण प्रदेश | ४,७४६,००० | २,३७३,०००।० | २,३७३,००० | प्रधानमन्त्री स्वरोजगार कार्यक्रम | ५,०००,००० | ( | ५,०००,००० |
| समपुरक अनुदान प्रदेश | २०,०००,००० | १०,०००,०००।० | १०,०००,००० | सडक वोर्ड | ९,५००,००० | ( | ९,५००,००० |
| प्रदेश सरकार विशेष अनुदान | | ५,०००,०००।० | | डि एफ आइ डि सडक बोर्ड | १६,१५०,००० | ( | १६,१५०,००० |
| सडक बोर्ड कार्यक्रम | ७,०००,००० | ३,००१,३४४ | ३,९९८,६५६ | एल जि सि डि पि कार्यक्रम | ३७५,००० | ( | ३७५,००० |
| सडक बोर्ड डिएफ आइ डि परियोजना | ११,३००,००० | | ११,३००,००० | एस डि जि लोकेलाइजेशन यु एन डि पि | १५,०००,००० | ( | १५,०००,००० |
| बिधुत रोयल्टि ने वि प्रा बाट | ५,५००,००० | | ५,५००,००० | समपुरक प्रदेश | ४०,०००,००० | ( | ४०,०००,००० |
| घर जग्गा रजिष्ट्रेशन | ११,५००,००० | १,९६९,३८९।० | ९,५३०,६११ | समपुरक संघ | ३०,०००,००० | ( | ३०,०००,००० |
| नेपाल पर्यटन बोर्ड | ५,०००,००० | | ५,०००,००० | सर्शत अनुदान प्रदेश | १०,०००,००० | ( | १०,०००,००० |
| प्रधानमन्त्रि स्वरोजगार कार्यक्रम | ५,०००,०००।० | | ५,०००,००० | नेपाल पर्यटन बोर्ड | ५,०००,००० | ( | ५,०००,००० |
| अधोगिक ग्राम | ( | ९,२००,००० | (९,२००,०००) | सामाजिक सुरक्षा अनुदान | १००,०००,००० | ४५,८०३,८०० | ५४,१९६,२०० |
| सांशद विकाश कोष स्थानीय पूर्वाधार सा.वि. | २९,३६०,०००।० | २९,३६०,०००।० | - | सांशद विकाश कोष स्थानीय पूर्वाधार सा.वि. | २९,३६०,००० | १,६२५,००० | २७,७३५,००० |
| | | | | संघिय सरकार बाट हस्तान्तरित कार्यक्रम | ३१४,८००,००० | १७८,०३२,६०० | १३६,७६७,४०० |
| जम्मा | १,०४८,७२५,०००।० | ५५०,०६२,८४९।४ | ४९८,६६२,१५१ | जम्मा | १,०४८,७२५,००० | ३०३,४६१,६३२ | ७४५,२६३,३६८ |

कोशल राज घिमिरे
अधिकृत स्तर छैठौं तह

२०७६/११/८

निमित्त प्रमुख प्रशासकीय अधिकृत

(स्रोतः लेखा शाखा, तानसेन नगरपालिका)

# पत्रपत्रिकामा तानसेन

गोरखापत्र www.gorkhapatraonline.com
२०७६ साल माघ २८ गते मङ्गलबार 2020 February 11 Tuesday | १३

## गोरेटो बाटोलाई मोटर गुड्नेमा विस्तार

■ तानसेन समाचारदाता

पाल्पा, माघ २७ गते । तानसेन नगरपालिकाले मान्छे हिँड्ने गोरेटो बाटोलाई चारपाङ्ग्रे गुड्न सक्ने गरी सडकको विस्तार गरेको छ । पुरानो सहरका रूपमा रहेको तानसेनका भित्री सडकमा चारपाङ्ग्रे सवारीसाधन निर्बाध रूपमा सञ्चालन गर्न गोरेटो बाटोलाई चौडा गरिएको नगरपालिकाले जनाएको छ ।

तानसेनकोशीतलपाटीदेखिमिसन अस्पतालसम्मको मान्छे हिँड्ने गोरेटोलाई सवारीसाधन गुड्न मिल्ने गरी विस्तार गरिएको छ । नगरपालिकाले यो सडकमा पर्ने केही व्यक्तिको जग्गाको मुआब्जा दिएर शीतलपाटीदेखि मिसन अस्पताल जाने सडक विस्तार गरेको जनाएको छ ।

नगरमा बढ्दो ट्राफिक जाम कम गर्न र तानसेनको मुख्य बजारदेखि सीधै मिसन अस्पताल पुग्ने गरी बाटो चौडा गर्ने काम थालिएको नगरप्रमुख अशोककुमार शाहीले बताउनुभयो । सडक विस्तारले ट्राफिक जाम कम हुने र मिसन अस्पतालमा पुग्ने नारायणस्थान-मिसन बाटोको वैकल्पिक मार्गसमेत तयार हुने उहाँले बताउनुभयो ।



तानसेनमा सडक विस्तार गरिँदै । तस्बिर : रेखिराम राना

सडक विस्तारले तानसेन-२, असनटोल छेडीदेखि महेन्द्रबोधी मावि हुँदै मिसनमा पुग्न सकिनेछ । नगरपालिकाले छेडीमा रहेका केही घरधनीलाई एक करोड पाँच लाख रुपियाँ मुआब्जा दिएको छ । यसका साथै केही जग्गाधनीले सडकका लागि निःशुल्क जग्गा दिएका छन् भने सडक विस्तार गर्न व्यक्तिले सडकछेउका पेटीसमेत भत्काउन दिएका छन् ।

सडक चौडा भएपछि शीतलपाटी छेडीदेखि मिसन पुग्न तीन मिटरको एकतर्फी सवारी सञ्चालन हुने सडक तयार भएको तानसेन नगरपालिकाका सूचना अधिकारी दुर्गाबहादुर थापाले जानकारी दिनुभयो । तानसेन नेपालकै पुरानो नगरपालिका हो । बढ्दो सहरीकरणले मान्छे हिँड्ने गोरेटोमा समेत सडक विस्तार गर्नुपर्ने देखिएकाले सबैको सहयोगमा यो सडक विस्तारको काम भएको उहाँले बताउनुभयो ।

सडक बनेपछि शीतलपाटी, असनटोल, गैरागाउँलगायतका टोलका नागरिकले सहजरूपमा अस्पतालसम्म पुग्न एम्बुलेन्स प्रयोग गर्न पाउने भएका छन् । यसअघि यस क्षेत्रका कोही बिरामी भए घरबाट बिरामीलाई बोकेर शीतलपाटी वा नारायणस्थान ल्याउनुपर्ने बाध्यता थियो । अबदेखि उक्त बाध्यता हटेको यस क्षेत्रका स्थानीय बासिन्दा मकबल अलीले बताउनुभयो ।

यसैबीच तानसेन नगरपालिकाले बाँसटारी-झडेवा सडकखण्डको तानसेन-७, सालघारी क्षेत्रमा सडक विस्तारको काम सुरु भएको छ । सङ्घीय सांसद सोमप्रसाद पाण्डेयले पूर्वाधार विकास कोषबाट सडक चौडाका लागि यो चालू आवमा विनियोजन गर्नुभएको दस लाख रुपियाँबाट सालघारी क्षेत्रको डेढ किलोमिटर सडक चौडा गर्न सुरु गरिएको हो । बाटो घुम्ती र साँघुरो भएका कारण दुर्घटनाको सम्भावना रहेकाले बाटो चौडा गर्न बजेट विनियोजन गरेर काम थालिएको सांसद पाण्डेयले जानकारी दिनुभयो ।

# पत्रपत्रिकामा तानसेन

नव जनचेतना दैनिक, २०७६ मंसिर १७

### १० बुँदे घोषणा पत्र जारी गर्दै सकियो स्थानीय तहहरुको बैंठक

## आर्थिक विकासमा सहकार्य गरी अगाडि बढ्ने प्रतिवद्धता

कृष्ण पोखरेल

पाल्पा, मंसिर १६/पन्ध्र स्थानीय तहहरुको बैंठक १० बुँदे घोषणा पत्र जारी गर्दै सकिएको छ ।

आइतबारदेखि तानसेनमा सञ्चालित सिद्धार्थ आर्थिक करिडोरका लागि स्थानीय तहहरुको पहिलो बैठक १० बुँदे घोषणा पत्र जारी गर्दै सकिएको हो । बैंठकले आर्थिक विकासलाई प्रमुख मुद्दा बनाएर एक आपसमा सहकार्यका गरी काम गर्ने प्रतिवद्धता जनाएको छ । कार्यशालाले सिद्धार्थ लोकमार्ग स्तरोन्नतिको (राम्दीको पुल नयाँ निमार्ण वा पुनर्निर्माण साथै सडक फराकिलो बनाउने) कार्य तत्काल अगाडि बढाउन केन्द्रीय सरकारसँग जोडदार माग गर्ने निर्यण गरेको छ । सिद्धार्थ लोकमार्गसँग जोडिएका र सेरोफेरोका पालिकाहरुको आर्थिक विकास मार्फत् समृद्धिका लागि अवसरहरु पहिचान गरी द्विपक्षीय तथा बहुपक्षीय संवादको माध्यमबाट निष्कर्षमा पुगी साझा सवालमा समन्वय र सहकार्यलाई जोड दिने भएको छ । कार्यशालाले स्थानीय अवसरहरुको पहिचान, उपयोग र त्यसको व्यवसायिकरण तथा दीगोपनाका लागि समन्वय समितिको निर्माण, विज्ञ समूह तथा सचिवालयको गठन गरी निर्णय कार्यान्वयनमा लैजाने प्रतिवद्धता जनाएको छ । संयुक्त भेलाले विकास साझेदारहरुसँग स्थानीय, प्रदेश र संघीय सरकारको विकास अवधारणाको मर्म आत्मसात गर्दै यस क्षेत्रको विकासका लागि सार्वजनिक निजी साझेदारी तथा बहुआयामिक ढङ्गले समन्वय र सहकार्यमा जोड दिने प्रतिवद्धता जनाएको छ । स्थानीय सरकारको सबलिकरण, शक्ति सन्तुलन तथा समुन्नतिका लागि प्रदेश र संघीय सरकारसँग समन्वय, पैरवी गर्न एकतावद्ध भएर अगाडि बढ्ने निर्यण गरेको छ । कार्यशालाले करिडोर क्षेत्रको विकासका लागि अन्तरपालिकास्तरमा कृषि, पशु, पर्यटन एवम स्थानीय साधन, स्रोत र कच्चापदार्थमा आधारित तथा घरेलु उद्योगहरुको सम्भाव्यता खोजी र उद्योग सञ्चालन, विकास योजनाहरुको छनोट, परियोजनाको विस्तृत योजना तयार गरी प्रदेश र केन्द्र सरकारमा पेश गर्ने निर्णय गरेको छ । करिडोर क्षेत्रको सन्तुलित तथा दीगो विकासका लागि तथा युवा स्वरोजगार सिर्जनाका लागि निजी क्षेत्रलाई सहभागी गराउने निर्णय गरेको छ । कार्यशालाले युवाहरुलाई उत्पादनशील रोजगारी तथा सम्मानजनक काम गर्ने अवसरहरुको सिर्जना गर्ने निर्णय गरेको छ । पहाडी क्षेत्रबाट अनियन्त्रित रुपमा बढ्दै गएको बसाई सराईलाई व्यस्थित बनाउने जसको कारण तराईका सबै खेतीयोग्य जमिन सकिदै गएको, चुरे क्षेत्र र तराई बन रित्तिदै गएकाले, उपयुक्त विकास निर्माण नहुँदा जनताले फाइदा पाउन नसकेकाले सिद्धार्थ लोकमार्ग क्षेत्रका स्थानीयतहको संयुक्त कार्यशाला आयोजना गरिएको तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले बताए । कार्यशालामा गण्डकी प्रदेशका योजना आयोगका उपाध्यक्ष डा. गिरीधारी शर्मा पौडेल, प्रदेश ५ का उपाध्यक्ष प्रा.डा. ईश्वर गौतम, योजना आयोगका उपाध्यक्ष डा.शकर शर्मा, सडक डिभिजन कार्यालय पाल्पाका प्रमुख केदारप्रसाद नेपाल लगायतले सिद्धार्थ आर्थिक करिडोरका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । तिनै जना विज्ञहरुले पहिलो रुपमा राजमार्ग सुधार हुनुपर्ने, कृषि उत्पादन र पर्यटनमा आधारित रहेर योजना बनाउन आग्रह गरेका छन् ।




कार्यशाला रुपन्देहीको सिद्धार्थ नगरपालिका, तिलोत्तमा नगरपालिका, बुटवल उपमहानगरपालिका, पाल्पाको तिनाउ गाउँपालिका, तानसेन नगरपालिका, बगनासकाली गाउँपालिका, रम्भा गाउँपालिका, माथागढी गाउँपालिका, स्याङ्जाको कालीगण्डकी गाउँपालिका, गल्याङ नगरपालिका, भिरकोट नगरपालिका फेदीखोला गाउँपालिका वालिङ नगरपालिका पुतलीबजार नगरपालिका र पोखरा महानागरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको सहभागिता रहेको थियो । तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीको अध्यक्षता, उप प्रमुख लक्ष्मीदेवी पाठकको स्वागत र राजश्व अधिकृत मधुसुदन घर्तीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

गाउँले देउराली साप्ताहिक, २०७६ पुस ११

## उत्कृष्ठ ५ उद्यमी छानिए

पाल्पा, तानसेन नगरपालिकासितको सहकार्यमा दायित्व संस्थाले संचालन गरेको ग्रामीण उद्यम द्रुतीकरण कार्यक्रम अर्न्तगत तानसेन नगरपालिका स्तरीय उद्यम प्रतियोगिता अर्न्तगत उत्कृष्ट ५ उद्यमीको छनौट गरी एक कार्यक्रमका बीच सम्मान गरिएको छ ।

तानसेनका ५ उद्यमी मध्ये तानसेन बसन्तपुरकी होम स्टे ब्यवसायी मधुमाया बस्याल, बौघापोखराथोकका बाख्रापालक किसान मिनबहादुर आले, मदनपोखराका मौरीपालक किसान खेमराज न्यौपाने, अर्गलीका तरकारी खेती गर्दै आएका किसान निर्मल राना, अर्गलीकी गाईपालक पवित्रा गैरे रहेका छन् । कार्यक्रममा उत्कृष्ट ५ उद्यमीहरुलाई ५० हजारका दरले उद्यम प्रवर्धनका लागि पुरस्कार स्वरुप रकम प्रदान गरिएको थियो । प्रतियोगिताका लागि तानसेन नगरपालिका भित्रका २ सय ५१ बढी उद्यमीहरुले सहभागिताका लागि फारम भरेका थिए ।

# पत्रपत्रिकामा तानसेन

## समृद्धि र सीमा रक्षाका लागि
# सिद्धार्थ आर्थिक करिडोर


गोविन्द भट्टराई

**नेपालका** प्रधानमन्त्री केपी ओली आफ्नो स्वास्थ्य भन्दा सीमा रक्षा र नागरिक हितका सवालमा सचेत देखिएको सन्दर्भ मिडियामा आइरहदा सिद्धार्थ आर्थिक करिडोर सेरोफेरोका स्थानीय सरकार एकैथलोमा जुटेर राष्ट्र र नागरिक हितका लागि महत्वपूर्ण निर्णय गरेका छन् । तानसेन नगरपालिकाको आयोजनामा भएको भेलापछि गठित सञ्जालको बैठकले ४ जिल्लाका १५ स्थानीय तह रहेको मञ्च गठन गर्दै नागरिकको समुन्नती र समग्र विकासका लागि सिद्धार्थ आर्थिक करिडोर घोषणा गरी आर्थिक विकासलाई प्रमुख मुद्दा बनाएर अगाडि बढ्ने निर्णय गरेको छ ।

नेपालको कालापानी, लिम्पियाधुरा र लिपुलेक लगायतका क्षेत्रमा सीमा अतिक्रमण भएकोमा आफ्नो ध्यानाकर्षण भएको भन्दै बेलहियादेखि पोखरासम्मका १६ स्थानीय तहका प्रमुख उपप्रमुखहरुले एकैथलोबाट तत्काल अतिक्रमित भूमि फिर्ता गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । २०७६ मंसिर १५ र १६ गते तानसेनमा जुटेका सिद्धार्थ आर्थिक करिडोर (बेलहियादेखि पोखरा जोड्ने सिद्धार्थ लोकमार्ग सेरोफेरो)मा अवस्थित स्थानीय सरकारले संयुक्त रुपमा जारी गरेको १० बुँदे तानसेन घोषणा पत्र २०७६ को बुँदा नं ९ मा भनिएको छ -" नेपालको कालापानी, लिम्पियाधुरा र लिपुलेक लगायतका क्षेत्रमा सीमा अतिक्रमण भएकोमा हाम्रो ध्यानाकर्षण भएको छ । तत्काल अतिक्रमित नेपाली भूमि फिर्ता गराउन सम्वन्धित निकायसँग जोडदार माग गर्दछौं ।" राष्ट्रियताको मुद्दासँगै उनीहरुले यसक्षेत्रको समग्र विकासको लागि समेत घोषणापत्रमा विभिन्न सवाल समेटेका छन् ।

यस क्षेत्रका स्थानीय सरकारहरु, यस क्षेत्रका नागरिकको समुन्नती तथा यसक्षेत्रको समग्र विकासका लागि आर्थिक विकासलाई प्रमुख मुद्दा बनाएर एकआपसमा समन्वय गरी सहकार्यका लागि नयाँ सोच, शैली र दायरामा अगाडि बढ्न सकिन्छ भन्ने कुरामा सहमत भएका छन् । उनीहरुले संयुक्त प्रयासले ल्याउने परिवर्तन आर्थिक तथा सामाजिक परिवेश अनुसार दीगो र जिम्मेवार समेत हुने कुरामा विश्वास गरेका छन् ।

सोच ल्याउने स्थानीय तह तथा कार्यक्रम आयोजक तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीका शव्दमा -" यस करिडोरका अवसर र चुनौती तथा नागरिकप्रतिको हाम्रो जिम्मेवारीलाई मनन गरी आर्थिक विकासका अवसरहरुको उच्चतम सदुपयोग गर्न प्रतिवद्ध छौं । यस करिडोरमा रहेका हामी स्थानीय सरकारहरुले साँचो समन्वय र सहकार्यमा प्रतिफलको बाडफाँड पारदर्शीरुपमा स्थानीय नागरिकसम्म पुऱ्याउने प्रतिवद्धता जाहेर गर्दै नेपालको संविधानले परिकल्पना गरेको संघीय स्वरुप र विकासको मर्मलाई आत्मसात गर्दै सिद्धार्थ आर्थिक करिडोरको विकासका लागि सहकार्य, समन्वय गरेर अगाडि बढ्ने साझा संकल्प समेत गरेका छौं ।"

वालिङ नगरपालिकाका नगरप्रमुख दिलीपप्रताप खाँणले भने झै २०७४ मा निर्वाचित स्थानीय तहका जनप्रतिनिधिहरुको २ वर्ष बितिसकेको छ । अब नागरिक हितका लागि निर्मम ढंगले निर्णय कार्यान्वयनमा नलागे २ वर्षपछि पश्चाताप शिवाय बाँकी रहने छैन । तानसेन घोषणापत्रमा जोड दिदै १५ स्थानीय सरकारले उदघोष गरेका छन्-" सिद्धार्थ लोकमार्ग स्तरोन्नति पश्चात् यसक्षेत्रमा पर्ने सकारात्मक प्रभाव अभिबृद्धिमा जोडदिदै नकारात्मक असर न्यूनीकरण र प्रभावितहरुका लागि वैकल्पिक अवसर सिर्जना तथा व्यवस्थापनमा हामी एकतावद्ध भएर लाग्ने छौं । सिद्धार्थ लोकमार्गसँग जोडिएका र सेरोफेरोका पालिकाहरुको आर्थिक विकास मार्फत् समृद्धिका लागि अवसरहरु पहिचान गरी द्विपक्षीय तथा वहुपक्षीय सम्वादको माध्यमबाट निष्कर्षमा पुग्ने छौं र साझा सवालमा समन्वय र सहकार्यलाई जोड दिने छौं ।" तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाहीको संयोजकत्वमा गठित सञ्जालमा रूपन्देही, पाल्पा, स्याङ्जा र कास्कीका ९ नगरपालिका र ६ गाउँपालिका सदस्य रहेका छन् । यस क्षेत्रका सांसदहरू र प्रदेशसभा सदस्यहरू सम्मिलित सल्लाहकार समिति र विज्ञ समेटेर विज्ञ समूह गठन गर्ने सञ्जालले निर्णय गरेको छ ।

यस क्षेत्रको विकासका लागि स्थानीय अवसरहरुको पहिचान,उपयोग र त्यसको व्यवसायीकरण तथा दीगोपनाको लागि समन्वय समितिको निर्माण, विज्ञ समूह तथा सचिवालयको गठन गरी सञ्जालका निर्णय कार्यान्वयनमा लैजाने प्रतिवद्धता घोषणापत्रमा ब्यक्त गरिएको छ । साथै विकास साझेदारहरुसँग स्थानीय, प्रदेश र संघीय सरकारको विकास अवधारणाको मर्म आत्मसात गर्दै यस क्षेत्रको विकासका लागि सार्वजनिक निजी साझेदारी तथा वहुआयामिक ढंगले समन्वय र सहकार्यमा जोड दिने कुरा घोषणापत्रमा उल्लेख छ ।

सञ्जालको घोषणापत्रमा स्थानीय सरकारको सबलीकरण, शक्ति सन्तुलन तथा समुन्नतिका लागि प्रदेश र संघीय सरकारसँग समन्वय, पैरवी गर्न एकतावद्ध भएर अगाडि बढ्ने कुरा छ । यस क्षेत्रको विकासका लागि अर्न्तपालिकास्तरमा कृषि, पशु, पर्यटन एवम् स्थानीय साधन, स्रोत र कच्चापदार्थमा आधारित तथा घरेलु उद्योगहरुको सम्भाव्यता खोजी र उद्योग सञ्चालन, विकास योजनाहरुको छनौट, परियोजनाको बिस्तृत योजना तयार लगायतका साझा हितका सवालमा राष्ट्रिय योजना आयोग, प्रदेश योजना आयोग लगायत सरोकारवाला निकाय, पक्षसँग समन्वय, सहकार्य गरी यसक्षेत्रको समग्र पूर्वाधार विकासको योजनामा एकरुपता ल्याउने कुरामा समेत उनीहरुले जोड दिने बताएका छन् । सन्तुलित तथा दीगो विकासका लागि तथा युवा स्वरोजगार सिर्जनाका लागि निजी क्षेत्रलाई विकासका सवालमा साझेदार बनाउन आवश्यक नीति निर्माण गरिने कुरामा उनीहरु एकमत भएका छन् ।

२०७६ मंसिर १६, तानसेनमा सम्पन्न भेलाले सिद्धार्थ आर्थिक करिडोरको समग्र विकासका लागि सञ्जाल निर्माण गर्दै आलोपालो बैठक, सचिवालय र विज्ञ समूह गठनको निर्णय समेत गरेको छ । कार्यक्रममा प्रदेश ४ र ५ का योजना आयोगका उपाध्यक्ष डा गिरीधारी शर्मा र डा. ईश्वर गौतम तथा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. शंकर शर्मा, स्थानीय तहका प्रमुख, उपप्रमुख र प्रतिनिधिहरु र नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्याल लगायतले प्रस्तुत गरेको अवधारणापत्र, सुझाव र अनुभव आदानप्रदानले सहभागीहरुको ध्यानाकर्षण गराएको थियो । सञ्जालको निर्णय कायान्वयन भएमा यसक्षेत्रबाट तराईतर्फ भएको बसाइसराइ र अन्य सवाल समेत सम्बोधन हुने पक्का छ । विभिन्न विचारधारामा बाँधिएका भएपनि यस क्षेत्रका स्थानीय तहका जनप्रतिनिधि सिद्धार्थ लोकमार्गको सरोफेरोमा विकासका लागि एकतावद्ध भएर लाग्ने सवालमा एकमत देखिएका छन जुन संघीय नेपालको लागि सुखद पक्ष हो । ●

● समावेशी मासिक ■ पुस, २०७६

करुवा अर्ध साप्ताहिक, २०७६ माघ २

## तानसेनको बुलेटिन सार्वजनिक




पाल्पा (करुवा)। तानसेन नगरपालिकाले हाम्रो तानसेन त्रैमासिक बुलेटिन पत्रकारहरु र पूर्वजनप्रतिनिधिका बिचमा सार्वजनिक गरेको छ । सार्वजनिक गरिएको अंकमा तानसेनको समसामयिक विषय वस्तुमा छलफल गरिएको थियो । कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै तानसेन नगरपालिकाका नगरप्रमुख अशोक कुमार शाहीले तानसेन नगरपालिकाका गतिविधि प्रकाशन गर्न र गरेका कामको समीक्षा गर्न हाम्रो तानसेन बुलेटिन प्रभावकारी माध्यम भएको बताए । फरक प्रसंगमा नगरप्रमुख शाहीले अबको अंकमा सिद्धार्थ आर्थिक करिडोरका विषयमा प्रकाशन गर्न आग्रह गरे । कार्यक्रमा तानसेन नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रेशम न्यौपाने, सामाजिक विकास शाखा अधिकृत भरत आचार्य, पत्रकार महासंघका जिल्ला अध्यक्ष राजेशकुमार अर्याल, पत्रकारहरु माधव अर्याल, रेखीराम राना, लगायतले सुझाव दिए । कार्यक्रमको सहजिकरण तानसेन बुलेटिनका प्रधान सम्पादक एवं प्रेस सल्लाकार गोविन्द भट्टराईले गरेका थिए ।

जनआस्था साप्ताहिक, २०७६ माघ २९

## हिरण्यको सम्मानमा पाल्पा हर्षित



गोविन्द भट्टराई

मोफसलमा कारवाही भोगेका र बहिष्कृत कतिपय अनुहारलाई सम्मान गर्ने, चोख्याउने काठमाडौंले सिद्धहस्त पत्रकार हिरण्यलाल श्रेष्ठलाई स्थानीय सरकार तानसेनको सहयोगमा स्थापित पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष सञ्चालक समितिले सम्झेको छ । तत्कालीन पञ्चायती व्यवस्थालाई व्यंग्य गर्दै सम्पादकीय लेखेबापत जेल सजायँ भोगेका हिरण्यलाललाई पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार प्रदान गर्ने निर्णय ०७६ माघ १८ गते तानसेनमा सम्पन्न कोषको प्रथम साधारणसभाले गरेको हो ।

कोषका संयोजक पाल्पामा जन्मे/हुर्केका अचेल राजधानी निवासी वरिष्ठ पत्रकार शम्भु श्रेष्ठको सभापतित्व तथा संरक्षक एवं तानसेन नगर प्रमुख अशोककुमार शाहीको प्रमुख आतिथ्यता र कोषका सहसंयोजक तथा प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठको विशेष आतिथ्यतामा भएको साधारणसभाले गरेको उक्त निर्णयप्रति सकारात्मक टिप्पणी व्यक्त भएका छन् । हिरण्यलाललाई नचिन्ने अर्थात् उनको कर्मलाई नजान्नेहरूले किन पाल्पाली पत्रकारलाई छाडेर नौ डाँडापारिका हिरण्यलाललाई सम्झियो पनि भनेका छन् । एकाधले त पुष्पलाल अर्थात् नेताको चाकडी गरेकाले पुरस्कार पाउने, तानसेनको विकासबारे लेख्नेले किन नपाउने ? बीपीको नामको पुरस्कार वीपीको भजन गाउनेले पाउने त होला नि भन्दै दुखेको पोखेको पनि पाइयो । पुष्पलालका समकालीन तथा पत्रकारितामार्फत उहाँको विचारलाई स्थापित गर्न लागिपरेका हिरण्य लेखकको रूपमा समेत स्थापित व्यक्तित्व हुन् भन्नुहुन्छ पुरस्कार सिफ़ारिस समितिका संयोजक वरिष्ठ पत्रकार दिल साहनी ।

चाकडी गर्नेले पुरस्कार पाउनुपर्छ भन्ने प्रवृत्तिले जरो गाडेको मुलुकमा दिल साहनी, अर्का वरिष्ठ पत्रकार मेघराज शर्मा र पत्रकार सुशीला श्रेष्ठले सिफारिस गरेका अनि मूल समितिबाट छनोटमा परेका हिरण्यलालको व्यक्तित्वउपरसमेत आशंका गरिनु अन्यथा नठानिएला । कोषका सदस्य सचिव गोविन्द भट्टराईको सञ्चालन तथा सदस्य एवं नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्यालको माइन्युट लेखनमा सभा चलेको थियो । दिल साहनीले क्रमशः हिरण्यलाल श्रेष्ठ, भैरव रिसाल र अर्जुन ज्ञवाली (रूपन्देही) को नाम सिफारिस गर्नुको औचित्यबारे प्रकाश पार्नुभएको थियो । सभामा संयोजक, सहसंयोजक, सिफारिस समितिका सदस्य वरिष्ठ पत्रकार मेघराज शर्मा तथा अन्य सदस्यले सिफारिस व्यक्तित्वबारे आ-आफ्नो राय प्रकट गर्नुभएको थियो । हिरण्यलाल श्रेष्ठलाई पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०७६ प्रदान गर्नुपर्ने सर्वसम्मत निर्णय भएको थियो ।

आमपाल्पालीले धेरै समयपछि वरिष्ठ पत्रकार शम्भु श्रेष्ठ र किशोर श्रेष्ठलाई एकै थलोमा जुटाउने कामसमेत कोषले गरेकोमा खुशी प्रकट गरेका थिए । एक जना वरिष्ठ पत्रकारलाई हरेक वर्ष पुष्पलाल जयन्तीको अवसरमा असार १४ गते उक्त पुरस्कार प्रदान गरिने योजना छ । डेलीडायरी, रातो युगधारा र जनजागृति साप्तहिकका प्रधानसम्पादक, विभिन्न पुस्तकका लेखक हिरण्यलाल श्रेष्ठलाई दिइने पुरस्कारको राशि १ लाख ११ हजार १ सय ११ रुपैयाँ छ ।


*(लेखक पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष-२०७५ का सदस्य-सचिव हुन्)*

गाउँले देउराली साप्ताहिक, २०७६ मंसिर २०

# तानसेनमा सिद्धार्थ आर्थिक करिडोर सम्मेलन सम्पन्न

पाल्पा, १० बुँदे तानसेन घोषणापत्र जारी गर्दै सिद्धार्थ लोकमार्ग भेगका स्थानीय तहहरुको 'सिद्धार्थ आर्थिक करिडोर सम्मेलन' मंसिर १६ गते तानसेनमा सम्पन्न भएको छ ।

घोषणापत्रमा सिद्धार्थ लोकमार्ग स्तरोन्नतिको (राम्दीको पुल नयाँ निमार्ण वा पुनर्निर्माण साथै सडक फराकिलो बनाउने) कार्य तत्काल अगाडि बढाउन माग गर्दै उक्त कार्यबाट यसक्षेत्रमा पर्ने सकारात्मक प्रभाव अभिबृद्धिमा जोडदिदै नकारात्मक असर न्यूनीकरण र प्रभावितहरुका लागि वैकल्पिक अवसर सिर्जना तथा व्यवस्थापनमा एकतावद्ध भएर लाग्ने, सिद्धार्थ लोकमार्गसँग जोडिएका र सेरोफेरोका पालिकाहरुको आर्थिक विकास मार्फत् समृद्धिका लागि अवसरहरु पहिचान गरी द्विपक्षीय तथा वहुपक्षीय



आर्थिक करिडोर सम्मेलनका सहभागीहरु

सम्वादको माध्यमबाट निष्कर्षमा पुग्ने र साझा सवालमा समन्वय र सहकार्यलाई जोड दिने, स्थानीय अवसरहरुको पहिचान, उपयोग र त्यसको व्यवसायीकरण तथा दीगोपनाको लागि समन्वय समितिको निर्माण, विज्ञ समूह तथा सचिवालयको गठन गरी सञ्जालका निर्णय कार्यान्वयनमा लैजाने प्रतिवद्धता ब्यक्त गरिएको छ । घोषणापत्रमा विकास साझेदारहरुसँग स्थानीय, प्रदेश र संघीय सरकारको विकास अवधारणाको मर्म आत्मसात गर्दै यस क्षेत्रको विकासका लागि सार्वजनिक निजी साझेदारी तथा वहुआयामिक ढंगले समन्वय र सहकार्यमा जोड दिने, स्थानीय सरकारको सबलीकरण, शक्ति सन्तुलन तथा समुन्नतिका लागि प्रदेश र संघीय सरकारसँग समन्वय र पैरवी गर्न एकतावद्ध भएर अगाडि बढ्ने, यस क्षेत्रको विकासका लागि अर्न्तपालिकास्तरमा कृषि, पशु, पर्यटन एवम् स्थानीय साधन, स्रोत र कच्चापदार्थमा आधारित तथा घरेलु उद्योगहरुको सम्भाव्यता खोजी र उद्योग सञ्चालन, विकास योजनाहरुको छनौट, परियोजनाको बिस्तृत योजना तयार लगायतका साझा हितका सवालमा राष्ट्रिय योजना आयोग, प्रदेश योजना आयोग लगायत सरोकारवाला निकाय, पक्षसँग समन्वय, सहकार्य गरी यसक्षेत्रको समग्र पूर्वाधार विकासको योजनामा एकरुपता ल्याउने कुरामा जोड दिइने घोषणापत्रमा उल्लेख छ । त्यस्तै यस क्षेत्रको सन्तुलित तथा दीगो विकासका लागि तथा युवा स्वरोजगार सिर्जनाका लागि निजी क्षेत्रलाई विकासका सवालमा साझेदार बनाउन आवश्यक नीति निर्माण गरिने, दिगो विकास लक्ष प्राप्तिको लागि समावेशी तथा दीगो आर्थिक विकासलाई सहयोग पुग्ने गरी रोजगारीको सिर्जना साथै युवाहरुलाई उत्पादनशील रोजगारी तथा सम्मानका काम गर्ने अवसरहरुको सिर्जना गर्न प्रतिवद्ध रहने घोषणापत्रमा उल्लेख छ ।

कार्यक्रम अर्न्तगत पहिलो दिन मंसिर १५ गते १६ वटा स्थानीय तहका प्रमुख उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत सहित बिशिष्ट अतिथिहरुले टक्सार, भगवतीटोल, शित्तलपाटी, नारायणस्थान, टुँडिखेल लगायतका स्थानमा स्थानीय समुदाय तथा उद्यमीहरुसित भेटघाट सहित अन्तर्क्रिया गरेका थिए ।

दोश्रो दिन भएको कार्यक्रममा तानसेन नगरपालिकाको तर्फबाट नगरप्रमुख अशोककुमार शाहीले अध्यक्षको आसनबाट बोल्दै यस क्षेत्रका नागरिकको समुन्नती तथा यसक्षेत्रको समग्र विकासका लागि आर्थिक विकासलाई प्रमुख मुद्दा बनाएर एकआपसमा समन्वय गरी सहकार्यका लागि नयाँ सोच, शैली र दायरामा अगाडि बढ्ने बताउनु भयो । उहाँले यो संयुक्त प्रयासले ल्याउने परिवर्तन हाम्रो आर्थिक तथा सामाजिक परिवेश अनुसार दीगो र जिम्मेवार समेत हुने कुरामा सबैको बिश्वास रहेको शाहीले बताउनु भयो ।

प्रदेश नं. ५ का योजना आयोगका उपाध्यक्ष प्रा. डा. इश्वर गौतमले आवधिक योजनामा सिद्धार्थ राजमार्ग आसपासका योजनाहरु, योजना पूर्व उपाध्यक्ष डा. शंकर शर्माले सिद्धार्थ आर्थिक करिडोरको महत्वबारे जानकारी गराउनु भयो । कार्यक्रममा गण्डकी प्रदेशका येजना आयोगका उपाध्यक्ष डा. गिरधारी शर्मा पौडेल र सडक डिभिजन कार्यालय पाल्पाका प्रमुख केदारप्रसाद नेपालले सिद्धार्थ राजमार्गको हालको अवस्था र भावी योजना बारे बिस्तृत कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सम्मेलनले आर्थिक करिडोरका लागि सञ्जाल गठन गर्ने, हरेक ३ महिनामा सञ्जालको बैठक बस्ने, हालको जिम्मेवारी तानसेन नगरपालिकाले लिने, दुबै प्रदेशका संघीय सांसद, प्रदेश सांसदहरुको सल्लाहकार समिति गठन गर्ने, विज्ञ समिति गठन गर्ने, तानसेन घोषणापत्र २०७६ घोषणा गर्ने निर्णय गरेको छ । सञ्जालको आगामी बैठक वालिङ नगरपालिकामा बस्ने सम्मेलनले निर्णय गरेको छ ।

कार्यक्रममा करिडोरभित्रका स्थानीय तहहरुको तुलनात्मक बिश्लेषण तानसेनका नगरपालिकाका योजना अधिकृत बिष्णु पौडेल र करिडोर भित्रका स्थानीय तहहरुको मुद्धाका पहिचान र चुनौती एवम् आगामी योजनाबारे अर्थविद् प्रा. किशोर महर्जनले सहजीकरण गर्नुभएको थियो । तानसेन नगरपालिकाका उपप्रमुख लक्ष्मी पाठकको स्वागत र मधुसुधन घर्तीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो । सञ्जालले तानसेन नगरबासी सबैलाई धन्यवाद ज्ञापन गरेको छ । तानसेन नगरपालिकाको आयोजनामा भएको कार्यक्रममा करिडोर अर्न्तगतका १६ स्थानीय सरकारहरुको सहभागिता रहेको थियो ।

# पत्रपत्रिकामा तानसेन

**नव संवाद साप्ताहिक, २०७६ माघ १२**

## तानसेनमा स्थानीय पाठ्यक्रम लागू हुने

**नवसंवाद संवाददाता**

पाल्पा/तानसेनभित्रका शैक्षिक संस्थामा स्थानीय पाठ्यक्रम लागू गर्न सरोकारवाला निकायसँग छलफल गरिएको छ । आगामी शैक्षिक सत्रदेखि स्थानीय पाठ्यक्रम लागू गर्ने उद्देश्यले तानसेनभित्रका विभिन्न विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षा सम्बद्ध सरोकारवाला निकाय, जनप्रतिनिधिसँग स्थानीय पाठ्यक्रम निर्माण समितिले छलफल र सुझाव संकलन गरेको हो ।




पाठ्यक्रम निर्माण समितिले आयोजना गरेको कार्यक्रममा सहभागीहरू । तस्बिर : नवसंवाद ।

छलफलमा अधिकांश सरोकारवाला निकायका प्रमुख एवं प्रतिनिधिहरूले २० प्रतिशत स्थानीय पाठ्यक्रम लागू गर्न सकिने सुझाव दिनुभएको छ । हाल विद्यालयमा स्थानीय पाठ्यक्रमको सट्टामा पठनपाठन भईरहेको अंग्रेजी र कम्प्युटर विषयलाई पूर्ण रुपमा हटाउन नहुने सहभागीहरूले नगरपालिकालाई सुझाव दिएका छन् ।

कार्यक्रममा तानसेन वडा नं. १ र ३ को तर्फबाट सुझाव राख्नुहुँदै शिक्षक महासंघका पूर्व अध्यक्ष विष्णु पोखरेलले अभिभावकको माग र समयको आवश्यकता अनुसार हाल पठनपाठन गरिएको अंग्रेजी भाषा र कम्प्युटर विज्ञानलाई यथावत राख्नुपर्ने बताउनुभयो । उहाँले १-५ मा अंग्रेजी र ६-८ मा कम्प्युटर विषय नहटाई २० प्रतिशत कला, सम्पदा, संस्कृति पर्यटनका विषय समेटेर पाठ्यक्रम बनाउन सकिने धारणा राख्नुभयो । यस्तै तानसेन वडा नं. ७ को तर्फबाट सुझाव पेश गर्नुहुँदै सरस्वती माविका प्रधानाध्यापक शंकर पौडेलले कम पूर्णाङ्कको स्थानीय पाठ्यक्रम बनाउनुपर्ने बताउनुभयो । उहाँले विद्यालय र स्थानका आधारमा पाठ्यक्रम स्वच्छिक रुपमा कार्यान्वयन गर्न सकिने बताउनुभयो । यस्तै वडा नं. ५ को तर्फबाट लक्ष्मी माविका प्रधानाध्यापक युवराज पंगेनीले स्थानीय पाठ्यक्रममा ५० प्रतिशत स्थानीय पर्यटन, स्थानीय कला संस्कृतिलाई समेट्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा वडा नं. ६ को तर्फबाट सेन माविका प्रधानाध्यापक कृष्ण मल्लले सुझाव राख्नुभयो । मल्लले स्थानीय पाठ्यक्रम बनाउँदा हाम्रो मौलिक स्थानीय कुरा बेच्छौं भन्दा आफैं नबिक्ने अवस्था आउन दिन नहुने बताउनुभयो । तानसेन वडा नं. ४ को तर्फबाट सुझाव राख्नुहुँदै मोहनकन्या माविका प्रधानाध्यापक चोलप्रसाद ज्ञवालीले स्थानीय पाठ्यक्रममा पर्यटक, कला संस्कृति विषयलाई समेट्नुपर्ने बताउनुभयो । यस्तै संस्थागत विद्यालयहरुको तर्फबाट गंगा खत्रीले संस्थागत विद्यालयहरूले हाल स्थानीय पाठ्यक्रम अन्तर्गत पठाईरहेको कम्प्युटर विषय समयसापेक्ष रहेको उल्लेख गर्नुभयो । खत्रीले २० प्रतिशत स्थानीय पाठ्यक्रममा स्थानीय भेषभूषा, कला संस्कृति लगायतका विषय समेट्न सकिने बताउनुभयो ।

कार्यक्रममा तानसेन नगरपालिकाका उपप्रमुख लक्ष्मीदेवी पाठकले आगामी शैक्षिक सत्रदेखि तानसेन नगरभित्रका सबै विद्यालयमा स्थानीय पाठ्यक्रम लागू गर्ने तयारी गरेको बताउनुभयो । उहाँले सबै सरोकारवाला निकायको सहयोग र सहकार्यमा स्थानीय पाठ्यक्रम एकीकृत रुपमा लागू गर्ने बताउनुभयो । जनप्रिय मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दयाराम पाण्डेले स्थानीय पाठ्यक्रम लागू गर्न ढिलाई भएको भन्दै सबैलाई समेटेर छिट्टै लागू गर्नुपर्ने बताउनुभयो । जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक गणेश ज्ञवालीले स्थानीय विषयबस्तु समेट्दा विश्वव्यापी विषयबस्तुलाई गौण मान्न नहुने बताउनुभयो । पत्रकार एवं दिव्यज्योति मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रेखीराम रानाले सबै सरोकारवाला निकायले सहकार्य र अपनत्व लिन सक्ने गरी २० प्रतिशत स्थानीय पाठ्यक्रम लागू गर्न सुझाव दिनुभयो । कार्यक्रम पाठ्यक्रम निर्माण समितिका सदस्य तीर्थ गौतमको स्वागत, पाठ्यक्रम निर्माण समितिका संयोजक एवं तानसेन वडा नं. १० का अध्यक्ष लोचनप्रसाद तिमिल्सिनाको अध्यक्षता र शिक्षा शाखा प्रमुख रेशमलाल न्यौपानेको संचालनमा सम्पन्न भएको थियो । कार्यक्रममा शिक्षा शाखा प्रमुख न्यौपानेले स्थानीय पाठ्यक्रममा समेट्न सकिने विषय, सुझाव र कार्यान्वयनका सन्दर्भमा धारणा राख्नुभएको थियो । पाठ्यक्रम निर्माण समितिका संयोजक तिमिल्सिनाले यसअघि विभिन्न वडा तहमा समेत पाठ्यक्रम निर्माणका सन्दर्भमा छलफल भएको र पाठ्यक्रम निर्माण पछि पाठ्यपुस्तक समेत निर्माण गरिने जानकारी दिनुभयो ।

करुवा अर्ध साप्ताहिक, २०७६ माघ २०

# पुष्पलाल स्मृति पुरस्कार श्रेष्ठलाई



पाल्पा (करुवा) ।पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार वरिष्ठ पत्रकार हिरण्यलाल श्रेष्ठलाई प्रदान गरिने भएको छ । पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष तानसेन पाल्पाको प्रथम साधारण सभाले २०७६ सालको पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार श्रेष्ठलाई प्रदान गर्ने निर्णय गरेको हो । लोकतान्त्रिक आन्दोलनका अगुवा नेपाल कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलालको विचार र योगदानलाई पत्रकारिता र लेखनको माध्यमबाट जनमानसमा पुऱ्याउनु भएको योगदान स्वरुप वरिष्ठ पत्रकार श्रेष्ठलाई पुरस्कार प्रदान गर्ने निर्णय भएको कोषका संयोजक शम्भु श्रेष्ठले बताए । तानसेन नगरपालिकाले स्थापना गरेको यस पुरस्कारको राशी एक लाख ११ हजार १ सय ११ रूपैंया रहेको छ । वरिष्ठ पत्रकार दिल साहनी संयोजकत्वमा गठित सिफारिश समितिले पुष्पलालका समकालीन, राष्ट्रियता र देशभक्तिका मुद्दामा खरो लेखन गर्ने श्रेष्ठलाई पुरस्कार प्रदान गर्दा पुरस्कारको गरिमा बढ्ने रायसहित सिफारिश गरेको थियो । पुरस्कार पुष्पलालको जन्मदिनको अवसर पारेर २०७७ सालको असार १४ गते एक कार्यक्रमका विच प्रदान गरिनेछ । कोषको प्रथम साधारणसभा उद्घाटन गर्दै तानसेन नगरपालिकाका प्रमुख अशोक कुमार शाहीले लोकतान्त्रिक आन्दोलनका अगुवा, नेपाली समाजको वस्तुनिष्ठ विश्लेषक पुष्पलालको योगदान लाई चिरस्थायी बनाउन पुरस्कार स्थापना गरिएको बताए । पुरस्कार 'नगरपालिकाले स्थापना गरेको भए पनि कोषलाई स्वायत्त संस्थाका रूपमा अगाडि बढाउन स्वतन्त्र रहेको समेत नगर प्रमुख शाहीले बताए । साधारणसभाले कोषका सदस्य सचिव गोविन्दप्रसाद भट्टराईद्वारा प्रस्तुत सांगठनिक प्रतिवेदन पारित गरेको छ । सभामा प्रेस काउन्सिलका नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठले स्थानीय तहहरूमा पुष्पलाललाई सम्झने र राष्ट्रिय स्तरमै पत्रकारिता पुरस्कार स्थापना गर्ने तानसेन नगरपालिकाको काम नेपालमै उदाहरणीय भएको बताए । वरिष्ठ पत्रकार दिल साहनीले इतिहास निर्माणमा महत्त्वपूर्ण योगदान दिएका व्यक्तिप्रति सम्मान र कदर गर्ने तानसेन को यो तरिका प्रशंसनीय रहेको बताए ।

# 'सिद्धार्थ करिडोर क्षेत्रको आर्थिक विकास प्रमुख मुद्दा'

दैनिक लुम्बिनी, २०७६ मंसिर १७




कृष्ण पोखरेल

*पाल्पा*

तानसेनमा भएको सिद्धार्थ आर्थिक करिडोरका लागि १५ वटा स्थानीय तहहरूको पहिलो बैठकले आर्थिक विकासलाई प्रमुख मुद्दा बनाएर एकआपसमा समन्वय गरी सहकार्यका गरी काम गर्ने निर्णय गरेको छ । तानसेनमा भएको पहिलो कार्यशालाले १० बुँदे घोषणापत्र जारी गरेको छ ।

कार्यशालाले सिद्धार्थ लोकमार्ग स्तरोन्नतिको (राम्दीको पुल नयाँ निर्माण वा पुनर्निर्माण साथै सडक फराकिलो बनाउने) कार्य तत्काल अगाडि बढाउन माग सबै पक्षले केन्द्रीय सरकारसंग जोडदार माग गर्ने निर्णय गरेको छ । सिद्धार्थ लोकमार्गसँग जोडिएका र सेरोफेरोका पालिकाहरूको आर्थिक विकासमार्फत् समृद्धिका लागि अवसरहरू पहिचान गरी द्विपक्षीय तथा बहुपक्षीय सम्वादको माध्यमबाट निष्कर्षमा पुगी साझा सवालमा समन्वय र सहकार्यलाई जोड दिने भएको छ ।

कार्यशालाले स्थानीय अवसरहरूको पहिचान, उपयोग र त्यसको व्यवसायीकरण तथा दीगोपनाको लागि समन्वय समितिको निर्माण, विज्ञ समूह तथा सचिवालयको गठन गरी निर्णय कार्यान्वयनमा लैजाने प्रतिबद्धता जनाएको छ । संयुक्त भेलाले विकास साझेदारहरूसँग स्थानीय, प्रदेश र संघीय सरकारको विकास अवधारणाको मर्म आत्मसात गर्दै यस क्षेत्रको विकासका लागि सार्वजनिक निजी साझेदारी तथा बहुआयामिक ढंगले समन्वय र सहकार्यमा जोड दिने प्रतिबद्धता जनाएको छ । स्थानीय सरकारको सबलीकरण, शक्ति सन्तुलन तथा समुन्नतिका लागि प्रदेश र संघीय सरकारसँग समन्वय, पैरवी गर्न एकतावद्ध भएर अगाडि बढ्ने निर्णय गरेको छ ।

कार्यशालाले करिडोर क्षेत्रको विकासका लागि अन्तरपालिकास्तरमा कृषि, पशु, पर्यटन एवम् स्थानीय साधन, स्रोत र कच्चापदार्थमा आधारित तथा घरेलु उद्योगहरूको सम्भाव्यता खोजी र उद्योग सञ्चालन, विकास योजनाहरूको छनौट, परियोजनाको विस्तृत योजना तयार गरी प्रदेश र केन्द्र सरकारमा पेश गर्ने निर्णय गरेको छ । करिडोर क्षेत्रको सन्तुलित तथा दीगो विकासका लागि तथा युवा स्वरोजगार सिर्जनाका लागि निजी क्षेत्रलाई सहभागी गराउने निर्णय गरेको छ । युवाहरूलाई उत्पादनशील रोजगारी तथा सम्मानका काम गर्ने अवसरहरूको सिर्जना गर्ने निर्यण गरेको छ ।

पहाडी क्षेत्रबाट अनियन्त्रित रूपमा बढ्दै गएको बसाई सराईलाई व्यवस्थित बनाउने जसको कारण तराईको सबै खेतीयोग्य जमिन सकिदै गएको, चुरे क्षेत्र र तराई वन रित्तिदै गएकोले; उपयुक्त विकास निर्माण नहुँदा जनताले फाउदा पाउन नसकेकोले सिद्धार्थ लोकमार्ग क्षेत्रका स्थानीयतहको संयुक्त कार्यशाला आयोजना गरिएको तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले बताए ।

कार्यशालामा गण्डकी प्रदेशका योजना आयोगका उपाध्यक्ष डा. गिरीधारी शर्मा पौडेल, ५ नं प्रदेशका योजना आयोगका उपाध्यक्ष प्रा. डा. ईश्वर गौतम, योजना आयोगका उपाध्यक्ष डा. शकर शर्मा, सडक डीभिजन कार्यालय पाल्पाका प्रमुख केदारप्रसाद नेपाललगायतले सिद्धार्थ आर्थिक करिडोरका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । तिनै जना विज्ञहरूले पहिलो रूपमा राजमार्ग सुधार हुनुपर्ने , कृषि उत्पादन र पर्यटनमा आधारित रहेर योजना बनाउन आग्रह गरेका छन् ।


कार्यशाला रूपन्देहीको सिद्धार्थ नगरपालिका, तिलोत्तमा नगरपालिका, बुटवल उपमहानगरपालिका, पाल्पाको तिनाउ गाउँपालिका, तानसेन नगरपालिका, बगनासकाली गाउँपालिका, रम्भा गाउँपालिका, माथागढी गाउँपालिका, स्याङ्जाको कालीगण्डकी गाउँपालिका, गल्याङ नगरपालिका, भिरकोट नगरपालिका फेदीखोला गाउँपालिका, वालिङ नगरपालिका, पुतलीबजार नगरपालिका र पोखरा महानगरपालिकालगायतको सहभागिता रहेको थियो । तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीको अध्यक्षतामा भएको कार्यक्रममा उप-प्रमुख लक्ष्मीदेवी पाठकको स्वागत र राजश्व अधिकृत मधुसुदन घर्तीको सञ्चालनमा कार्यक्रम चलेको थियो ।

नव संवाद साप्ताहिक, २०७६ माघ २६

# तानसेनको नगर परिषद् सुरु

**नवसंवाद संवाददाता**

पाल्पा/तानसेन नगरपालिकाको छैठौं नगरपरिषद् सुरु भएको छ । हिउदे अधिवेशनको रुपमा हेरिएको छैठौं नगरपरिषद्मा सार्वजनिक महत्त्वका ५ विधेयक तथा कार्यविधि संसोधन प्रस्ताव पेश गरिएको छ । छैठौं अधिवेशनमा विनियोजन विधेयक २०७६ को पहिलो संशोधन, सार्वजनिक निजी साझेदारी ऐन २०७५ को पहिलो संसोधन २०७६, शिक्षा विधेयक २०७६, न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने ( कार्यविधि सम्वन्धी) ऐन पहिलो संसोधन विधेयक २०७६, नगर प्रहरी विधेयक २०७६, स्थानीय बजार व्यवस्थापन तथा अनुगमन विधेयक २०७६ प्रस्तुत गरिएको छ । अधिवेशनमा पाँचौ नगरसभाबाट पारित भएका नीती तथा कार्यक्रमको ६ महिनाको अवधिमा भएका गतिविधिको समिक्षा गर्दै पारित भएको छ । सभामा मगर संस्कृति संग्रहालय निर्माणको लागि संकल्प प्रस्ताप,



न्यायिक समितिले सम्पादन गरेका क्रियाकलाप, खर्चको मापदण्ड सम्वन्धी निर्देशिका २०७४ को दोस्रो संसोधन २०७६, प्रस्ताव पेश तथा योजना संसोधन प्रस्ताव पेश गरिएको छ । चालु आर्थिक वर्षमा पुजीगत तर्फ ४४ करोड ८४ लाख ३९ हजार ६ सय रुपियाँ विनियोजन भएको ६ महिनाको अवधिमा १ करोड ६१ लाख ९९ हजार ६ सय ७९ रुपैया मात्र खर्च भई ३.६१ प्रतिशत मात्र वित्तिय प्रगती देखिएको र चालु तर्फ ५७ करोड ९ लाख ३५ हजार ४ सय बजेट विनियोजन भएकोमा पुश मसान्त सम्म २५ करोड ८७ लाख ३० हजार ५ सय खर्च भई ४५.३१ प्रतिशत प्रगति देखिएको छ । कार्यालयको आर्थिक बर्ष २०७४ ०७५मा २ करोड ७५ लाख १० हजार २ सय २९ रुपैया बेरुजु भएकोमा ७७ लाख १४ हजार ८ सय ९६ रुपैया सम्परीक्षण गरी १ करोड ९७ लाख ९५ हजार बेरुजु देखिएको छ । आ.व. ०७५ ०७६मा प्रारम्भिक प्रतिवेदनमा १७ करोड ४३ लाख ३ हजार ५ सय ९३ बेरुजु देखिएकोमा १७ करोड ४३ लाख ३ हजार ५ सय ९३ रुपैया फर्छ्यौटको लागी पक्रिया अगाडी बढाएको कार्यालयले जनाएको छ । नगरसभामा नगर उपप्रमुख लक्ष्मीदेवी पाठकले विनियोजन विधेयक २०७६ पहिलो संसोधन पेश गर्नुभएको थियो । नगर प्रवक्ता दामोदर घिमिरेले अर्धवार्षिक नीति तथा कार्यक्रमको प्रतिवेदन पेश गरेका थिए । नगर प्रमुख अशोक कुमार शाहीको सभापतित्वमा भएको नगरसभाको सञ्चालन सामाजिक विकास अधिकृत भरत आचार्यले गनुभएको थियो । सभा निरन्तर चलिरहेको छ ।

गाउँले देउराली साप्ताहिक, २०७६ मसिर ६

## जनताको गुनासो सुन्न मेयर बोटेगाउँमा

पाल्पा, तानसेनका नगरप्रमुख अशोककुमार शाही गुनासो सुन्न जनता र मतदाताको घरघरमा पुग्नुभएको छ । गुनासो सुन्नका लागि उहाँ पहिलो पटक तानसेनको दुर्गम र अल्पसंख्यक समुदाय बसोबास रहेको क्षेत्र तानसेन-१३, बोटेगाउँमा पुगेर त्यहाँका अल्पसंख्यक, बोटे, विपन्न, महिला र युवाको गुनासो उहाँले सुन्नुभएको छ ।




गुनासो सुन्न गएको नगरपालिकाको टोली

छेर्लुङ्मा स्थानीय बासिन्दा मनिकला बोटेले आफ्नो नागरिकता नहुँदा एकल र जेष्ठ नागरिक भत्ता नपाएको गुनासो गर्नुभयो । चार वर्ष मलेसिया बसेर नेपाल फर्किएर गाउँमै फर्निचर उद्योग सञ्चालन गर्दै आएका बलबहादुर विकले थ्रि-फेज लाईन नहुँदा फर्निचर उद्योग नै बन्द गरी विदेशिनु पर्ने बाध्यता भएको गुनासो गर्नुभयो । चार वर्ष कोरिया बसेर स्वदेश फर्कनुभएका गणेश भट्टराईले व्यावसायिक कृषिको लागि मोटर बाटो, विद्युत लाईन र सहुलियत दरमा ऋणको व्यवस्था गर्न प्रमुख शाहीसँग अनुरोध गर्नुभयो । राधादेवी प्राविकी प्रधानाध्यापक सावित्रा भट्टराईले भवन निर्माण गरिदिन आग्र गर्नुभयो । बोटे गाउँ हुँदै कालीगण्डकी किंनारसम्म बाटो, सिंचाईको व्यवस्था, बाँदर नियन्त्रण, सामुदायिक भवन नभएकाले भवनको व्यवस्था गरिदिन त्यहाँका स्थानीय बासिन्दाले आग्रह गरेका छन् ।

उक्त कार्यक्रममा तानसेनका नगरप्रमुख अशोककुमार शाहीले चुनावको समयमा गरेको प्रतिवद्धता अनुसार क्रमश विकास निर्माणको काम भईरहेको बताउनुभयो । अहिले पनि नगरका नागरिकलाई सेवासुबिधा पुग्ने गरेर नगरपालिकाले विकासको काम गरिरहेको शाहीले बताउनुभयो । उहाँले स्वदेशमै रोजगारी दिन ग्रामीण आर्थिक विकास संघ रेडा, युनडिपी नेपाल बैंक जस्ता संस्थासँग सहकार्य गरी बिना धितो सहुलियत दरमा ऋण प्रवाह गर्दै आएको बताउनुभयो । आर्थिक अवस्था कमजोर भएका बोटे, माझी तथा दलित परिवारको नागरिकताका लागि घर-घरमै पुगेर मुचुल्का उठाउन र तानसेनसम्म आउन जानको लागि नि:शुल्क रुपमा सवारी साधनको व्यवस्था मिलाउने नगर प्रमुख शाहीले बताउनुभयो । जनप्रतिनिधिसँगै जनताको घरमा पुग्नुभएका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज वेल्वासेले नगरपालिकाले नगरका १४ वटै वडामा पुगेर विकास निर्माण तथा जनताका आवाजलाई सुन्ने र सम्बोधन गर्ने बताउनुभयो । नगरकार्यपालिका सदस्य दिपक विश्वकर्माले निर्वाचन भएपछि अर्को निर्वाचनमा मात्र नेताहरू गाउँ पुग्ने चलनचल्तीलाई नगरपालिकाका जनप्रतिनिधिले तोडेको बताउनुभयो । वडा अध्यक्ष टुकप्रसाद भट्टराईले नगरपालिकाले वडा १३ लाई प्राथमिकता राखेर काम गर्दै आएको बताउनुभयो । रेडाका प्रमुख कार्यकारी अधिकृत लीलाबहादुर कार्कीले कृषि तथा पशुपालनमा युवाको आवश्यकता अनुसार सहयोग गर्ने उल्लेख गर्नुभयो । -कृष्ण पोखरेलबाट

पाल्पा समाचारपत्र साप्ताहिक, २०७६ मसिर १६

## महिला हिंसा बिरुद्धको अभियान जिल्लाभर चल्दै





पाल्पा/"समानताको पुस्ता बलात्कार विरुद्ध एक्यवद्धता" भन्ने नाराका साथ लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान सोमबारबाट तानसेन सहित जिल्लाका सबै स्थानीय तहहरुमा सुरु भएको छ।

तानसेन नगरपालिकाको आयोजना र जिल्ला प्रहरी कार्यालय पाल्पा, नेपाल परिवार नियोजन संघ पाल्पा, अन्तरपार्टी महिला संजाल, विभिन्न विद्यालयका शिक्षक शिक्षिका विद्यार्थीहरू, पत्रकार महिला अधिकार कर्मी सामाजिक अभियन्ता लगायत विभिन्न संघ संस्थाहरु समन्वय र सहकार्यमा प्रभात फेरी गरि सभा सम्पन्न भएको थियो । कार्यक्रम तानसेन नगरपालिकाकी उपप्रमुख लक्ष्मीदेवी पाठकले अझै पनि नेपालका महिलाहरू आर्थिक, सामाजिक, राजनीतिक तथा घरेलु हिंसाको पिडित रहेकोले गाउँ गाउँमा यस्ता कार्यको विरोध गर्ने तथा सचेतना वढाउनु पर्ने बताइन् । अभियान अर्न्तगत विद्यालय शिक्षा, बिद्यालय तहमा अन्तर्क्रिया, रेडियोवाट परिसम्वाद संचालन गर्ने, अपाङगता परिचय पत्र वितरण गर्ने जस्ता कार्यक्रम गर्ने निर्णय भएको छ । कार्यक्रम नगर उपप्रमुख लक्ष्मीदेवी पाठकको अध्यक्षतामा सम्पन्न भएको थियो ।

नव संवाद साप्ताहिक, २०७६ माघ १९

# तानसेनका पर्यटकीय स्थलमा नीजि क्षेत्रले लगानी गर्ने



**नवसंवाद संवाददाता**

पाल्पा/तानसेनमा पर्यटक आकर्षित गर्ने मुख्य पाँच आयोजनामा नीजि क्षेत्र लगानी गर्न इच्छुक देखिएका छन् । तानसेन नगरपालिकाले सार्वजनिक नीजि साझेदारी (सानिसा) कार्यक्रम अन्तर्गत अघि सारेका आठ आयोजनाहरूमध्ये पाँच आयोजनामा नीजि क्षेत्र लगानी गर्न इच्छुक देखिएका हुन् । नगरपालिकाले पर्यटन क्षेत्रमा लगानी बढाउन सानिसा (सार्वजनिक नीजि साझेदारी) अबधारणा अघि सार्दै आठ वटा योजनामा दुई महिनाअघि आशयपत्र माग गरेको थियो । उक्त मागका आधारमा रानीमहल सञ्चालन तथा व्यवस्थापन गर्न दुई वटा नीजि संस्थाको आशयपत्र पेश भएको छ ।

रानीमहल केन्द्र सरकारले दुई वर्ष अघि १० वर्षका लागि तानसेन नगरपालिकालाई व्यवस्थापन गर्न जिम्मेवारी दिएको थियो । यस्तै श्रीनगर सौन्दर्यकरण, सञ्चालन तथा व्यवस्थापन गर्न छ वटा र वातावरणमैत्री बसपार्क निर्माणमा गर्न तीन वटा संस्था इच्छुक देखिएको तानसेन नगरपालिकाका सूचना अधिकारी दुर्गाबहादुर थापाले जानकारी दिनुभयो । सिद्धार्थ राजमार्ग भएर हिड्ने पर्यटकलाई मध्यनजर गर्दै अघि सारिएको हाइवे रिफ्रेसमेन्ट निर्माण तथा सञ्चालन गर्न दुई र फोहोर मैला व्यवस्थापन गर्न तीन वटा नीजि संस्थाको आशयपत्र पेश भएको थापाले बताउनुभयो । नगरपालिकाले अघि सारेको बुद्धमूर्ति ( बीग बुद्ध), कोकलदेवी क्षेत्र विकास र नगर यातायात सेवा सञ्चालन योजनामा भने कुनै पनि व्यवसायीले आशयपत्र पेश गरेका छैनन् । तानसेन नगरपालिकाले तय गरेका वभिन्न आठ वटा चरण पार गरेपछि नीजि क्षेत्रसँग पर्यटन क्षेत्रमा लगानीका लागि सम्झौंता हुने नगरपालिकाका प्रमुख अशोककुमार शाहीले बताउनुभयो ।

छनौटमा परेका व्यवसायीलाई विज्ञको टोलीले अभिमुखीकरण गर्ने, परियोजनाको निर्माण अबधि, नाफा तथा जोखिमको बाँडफाँड गर्ने र प्राविधिक तथा आर्थिक प्रस्ताव समेत माग गर्ने तयारी भईरहेको नगरप्रमुख शाहीले बताउनुभयो । नगरपालिकाले सानिसा गर्न लागेको सबै योजना पर्यटन विकाससँग सम्बन्धित रहेको नगरपालिकाको भनाई छ । रानीमहल, श्रीनगरडाँडा, हाइवे रिफ्रेसमेन्ट पर्यटनसँग सम्बन्धित योजना हुन् भने व्यवस्थित बसपार्क निर्माण र फोहोर मैला व्यवस्थापनले समेत पर्यटक आकर्षित गर्न सहयोग पुऱ्याउने योजना भएको नगरपालिकाका प्रवक्ता दामोदरप्रसाद घिमिरेले जानकारी दिनुभयो । यी पाँच योजनामा कति लगानी हुन्छ भन्ने निक्यौंल भने छनौटमा परेका व्यवसायीले आर्थिक र प्राविधिक प्रस्ताव पेश गरेपछि थाहा हुनेछ । यद्यपी यी योजनामा करोडौं लगानी हुने अपेक्षा गरिएको छ ।

नगरपालिकाले सम्झौंता अनुसार रेखदेख र सम्झौता कार्यान्वयनको अनुगमन गर्नेछ भने सम्बन्धित व्यवसायी सम्झौता अनुसार निश्चित अबधिभित्रमा निर्माण र व्यवसाय सञ्चालन गर्न पाउनेछन् । यो कार्यक्रम चलेपछि नगरपालिकालाई पनि आयोजनाको सञ्चालन गर्नुपर्ने आर्थिक भार कम हुनेछ भने नीजि क्षेत्रको पर्यटन विकासमा अपनत्व कायम हुनेछ । नगरपालिकाले जिम्मेवारी पाएका व्यवसायीसँग आयोजना स्थलमा आवश्यक पूर्वाधार सडक, खानेपानी, विद्युत् र सुरक्षाको उचित प्रवन्ध गर्न साझेदारी गर्न सक्नेछ । नीजि क्षेत्रसँग सहकार्य नगरी पर्यटन क्षेत्रमा विकास सम्भव छैन त्यसैले नगरपालिकाले सानिसा कार्यक्रम अघि सारेको नगरपालिकाले जनाएको छ ।

नव जनचेतना दैनिक, २०७६ पुस १५

# तानसेनको वडा ५ मा मेलमिलाप केन्द्रको उद्घाटन



पाल्पा, पुस १४/तानसेन नगरपालिका वडा नम्वर ५ कैलासनगरमा सामुदायिक मेलमिलाप केन्द्रको उद्घाटन गरिएको छ । समाजमा हुने गरेका सामान्य फौजदारी बाहेक देवानी प्रकृतीका विवादलाई स्थानीयस्तरमा नै मेलमिलाप गराउँने उद्देश्यले सामुदायिक मेलमिलाप केन्द्र स्थापना गरिएको हो ।

केन्द्रको एक कार्यक्रमका बीच सोमबार उद्घाटन गरिएको छ । नगरमै पहिलो मेलमिलाप कक्षाको उद्घाटन गरिएको हो । केन्द्रको तानसेन नगरपालिका उपमेयर तथा न्यायिक समितिका संयोजक लक्ष्मीदेवी पाठकले उद्घाटन गरेकी हुन् । केन्द्रको उद्घाटन गर्दै न्यायिक समिति संयोजक पाठकले स्थानीयस्तरमा हुने गरेका सामान्य विवादको दुबै पक्षलाई हित हुने किसिमले केन्द्रबाट तालिम प्राप्त मेलमिलापकर्ताहरुले प्रभावकारी काम गर्न आग्रह गरिन् । प्राय जसो समाजमा हुने घरायसी विवाद, हिंसा लगायतका घटनाहरु घट्ने भएकाले मेलमिलापकर्ताहरु विवादलाई जरैदेखि उखाल्नको निम्ती सदैब तत्पर भएर लाग्नुपर्ने उनले बताईन । संयोजक पाठकले वडामा मिल्न नसकेका घटनाहरुलाई नगरपालिकाको न्यायिक समितिबाट टुङ्गो लगाइने बताईन । कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत डिल्लीराज बेल्बासे, वडा अध्यक्ष रामबहादुर रावत, न्यायिक समिति सदस्य तथा कार्यपालिका सदस्य शसी श्रेष्ठ लगायतले आ-आफ्ना धारणा राखेका थिए । सामुदायिक मेलमिलाप सेवा केन्द्रका संयोजक रमेश बोहोराको स्वागत, मेलमिलापकर्ता अर्जुन पाण्डेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पाल्पा समाचारपत्र साप्ताहिक, २०७६ माघ २२

# तानसेनका युवालाई बिपद् ब्यवस्थापन तालिम




पाल्पा/तानसेन नगरपालिकाको आयोजनामा युथ काउसिन्ल आवद्ध तानसेनका युवाहरुलाई विपद व्यवस्थापन तालिम संचालन गरिएको छ ।

तालिममा गोरखनाथ गण र नेपाली सेना विपद व्यवस्थापन गण चितवनका प्रशिक्षकहरुले सहजीकरण गरेका थिए । तालिममा विपदका बेला बाहिरी रेस्कु टिम नपुग्दा सम्मको लागी स्थानीय स्तरमा स्थानीय सामाग्रीको प्रयोग गरेर गर्न सकिने विपत प्रतिकार्यको बारेमा शैद्धान्तिक र प्रयोगात्मक अभ्यास गराईएको थियो । तालिम समापन गर्दै तानसेन नगरपालिकाका मेयर अशोक कुमार शाहिले तालिममा सिकेका कुरालाई समुदायमा अरुलाई पनि सिकाउन र व्यवहारमा उतार्न आग्रह गरे । कार्यक्रममा तानसेन नगरपालिकाका उपमेयर लक्ष्मी पाठक, प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज बेल्वासे, गोरखदल गणका सेनानी रबिन राई, तानसेन युवा परिषदका अध्यक्ष गुरास आत्रेयले युवाहरुको क्रियाशिलताले समाज व्यवस्थापन हुने भएकाले जस्तोसुकै विपदमा युवाहरुले अबिचलित भएर सेवा गर्न आग्रह गरे ।

तालिममा दुघटनामा परेका व्यक्तिको प्राथमिक उपचार, भुकम्प, आगलागी, वाढी, पहिरो जस्ता विपदमा गरिने प्रतिकार्यहरुको जानकारी दिएको थियो । कार्यक्रम का.पा. सदस्य भिम कुमालको अध्यक्षता र सरसफाई अधिकृत शंकर भण्डारीको सञ्चालनमा चलेको थियो ।

# प्रचारप्रसारसहित तानसेनमा सुरु भयो भ्रमण वर्षको रौनक

**मेचीकाली दैनिक, २०७६ पुस १७**



**नेत्र गैरे**

पाल्पा, पुस १६ (मेसस) । तानसेन नगरपालिकाले भ्रमण वर्ष २०२० को सुभारम्भ गरेको छ । तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले नेपालको राष्ट्रिय झण्डा झण्डोत्तोलन गर्दै भ्रमण वर्षको शुभारम्भ गरे । भ्रमण वर्ष सफल बनाउन तानसेन नगरपालिकाले विभिन्न कार्यक्रमको आयोजना गर्ने नगरप्रमुख शाहीले बताए । कार्यक्रमको उद्घाटन गर्दै नगर प्रमुख अशोककुमार शाहीले ऐतिहासिक महत्व बोकेको तानसेन र समग्र पाल्पालाई संसारसामु चिनाउन र आन्तरिक र बाह्य पाहुनालाई भित्र्याउन भ्रमण वर्षको सुरुवात गरेको बताए । रानीमहलको फोटो नेपालका सबै स्थानमा राख्ने, पोखराको फेवाताल, सुनौलीलगायतका ठाउँहरुमा तानसेन झल्कने डिस्प्ले वोर्ड राखिने उनले बताए ।

उनले पाल्पामा अवस्थित ऐतिहासिक मठ, मन्दिर, गढी किल्ला, तालहरु आकर्षणका केन्द्रको रुपमा रहेको बताए । तानसेनलाई पश्चिम नेपाल कै एक पुरानो ऐतिहासिक शहरको रुपमा परिचित रहेको पाइन्छ । यस ऐतिहासिक शहरलाई आन्तरिक र बाह्य पर्यटनको आकर्षणको केन्द्र बनाउन वार्षिक कार्यक्रम बनाई नगरपालिकाले विविध कार्यक्रम अगाडि सारेको उनले बताए । नगरपालिकाको आ.व. २०७६/०७७ को कार्यक्रममा श्रीनगरमा १०५ फिट उचाइको विग बुद्ध निर्माण, परिलेक वन परिसर निर्माण तथा मर्मत, टक्सारलाई ऐतिहासिक शहरको रुपमा विकास गर्ने योजना बनाएको नगर प्रमुख शाहीको भनाइ छ । भ्रमण वर्ष २०२० लाई मध्यनजर गर्दै नेवारी खाजा महोत्सव, माउण्टेन साइकिलिङ, अन्य पर्यटकीय नगरीसँग मितेरी साइनो कार्यक्रम, पर्वतीय पर्यटन अध्ययन तथा अनुसन्धान, भाररीय पर्यटकलाई लक्षित गरेर विशेष कार्यक्रमलगायतका २४ वटा कार्यक्रम सञ्चालनमा ल्याइएको टुरिजम एक्सन कमिटि तानसेनले जनाएको छ । प्राकृतिक सुन्दरताले भरिपूर्ण पाल्पा धार्मिक, सांस्कृतिक, ऐतिहासिक तबरबाट नै सुन्दर र मनमोहक छ, तथापि यस जिल्लामा रहेका पर्यटन आर्कषणका केन्द्रका रुपमा परिचित प्रेमको प्रतिक रानीमहल, ऐतिहासिक अमर नारायण मन्दिर, रणउजीरेश्वरी भगवती मन्दिर, भैरवस्थान, बोटानिकल गार्डेनको रुपमा जलेश्वर क्षेत्र पर्यटकीय गन्तव्यको रुपमा रहेका छन् ।

यस्तै रम्भादेवी मन्दिर, दर्लममहाकाली, उत्तरबाहिनी काली, शिवासन धाम, रामनदी धाम र सुनगुफा, ऐतिहासिक मुलढोका र खड्ग स्तम्भ, पाल्पा दरबार यहाँको अर्को महत्वपुर्ण पर्यटकीय गन्तव्य हो । परम्परागत कला र कौशल प्रयोग गरी निर्माण गरिएको मूल ढोकाप्रति तानसेन घुम्न आउने पर्यटक आकर्षित हुने गरेका छन् । पाल्पाली करुवा, पाल्पाली ढाका ,पश्चिम पाल्पाको बल्ढेङगढी, पाल्पाकै अग्लो लेक कौडे लेक ,सत्यवती ताल, जन्तीलुङ डाँडा पाल्पाका पर्यटकिय गहना हुन् ।

पछिल्लो समय पर्यटकहरुका लागि प्रेमसँग जोडेर भारतको आग्राको ताजमहलसँग तुलना गरी "नेपालको ताजमहल" समेत भनेर चिनिने यो दरबार पाल्पाकै आर्कषणको केन्द्र बन्न पुगेको छ ।

प्रदेश ५ कै प्रमुख पर्यटकीय गन्तव्यको रुपमा पाल्पा रहेको छ । यहाँका ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वको विषयले आन्तरिक तथा बाह्य पर्यटकको मन जितेको छ । भ्रमण वर्षको अवसरमा तानसेन नगरपालिका परिसर हुदै बसपार्क सम्म सरसफाई कार्यक्रमको पनि आयोजना गरिएको थियो । त्यसैगरी बसपार्कमा तानसेन झल्कने स्वागतम् डिस्प्ले वोर्डको पनि उद्घाटन गरिएको छ । कार्यक्रमका तानसेन नगरपालिकाका उपप्रमुख लक्ष्मी पाठक, वडा अध्यक्षहरु, कर्मचारीहरु र पत्रकारहरुको सहभागिता रहेको थियो ।

नव संवाद साप्ताहिक, २०७६ मंसिर १५

# आर्थिक विकास गर्न सिद्धार्थ आर्थिक कोरिडोर बन्दै

नवसंवाद संवाददाता



पाल्पा/सिद्धार्थ राजमार्गसँग जोडिएका स्थानीय तहहरूको विकासका लागि सिद्धार्थ आर्थिक कोरिडोरको अबधारणा अगाडि सारिएको छ । तानसेन नगरपालिकाको पहलमा सिद्धार्थ राजमार्गसँग जोडिएका ५ नं. प्रदेश र गण्डरी प्रदेशका स्थानीय तहहरूको छलफल आइतबार तानसेनमा हुँदैछ । यस क्षेत्रमा पर्ने १५ वटा स्थानीय तहहरूले आफ्ना नागरिक्लाई फाइदा पुग्ने गरेर सिद्धार्थ आर्थिक कोरिडोर विकास कार्यक्रम अगाडि बढाउने जनाएका छन् । रुपन्देहीको भैरहवा सुनौली भन्सार नाकाबाट पोखरासम्म सिद्धार्थ राजमार्गले छोएका स्थानीय तहहरूको आवधिक दीर्घकालिन योजना बनाउन आइतवार र सोमवार तानसेनमा भेलाको आयोजना गरिएको तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले बताउनुभयो । तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले प्रेस बिज्ञप्ति बाचन गर्दै यो सम्मेलनले नगरपालिका र गाउँपालिकाहरु बीच अनुभवको आदानप्रदा र अनुकरण हुने बताउनुभयो ।

प्रमुख शाहीले योजनाहरुको पहिचान र कार्यान्वयन गर्ने, सिद्धार्थ राजमार्गलाई आधार मानेर यस क्षेत्रमा संचालन गर्न सकिने कृषि,पर्यटन, उद्योग, सूचना प्रविधिको पहिचान र यसको प्रचार प्रसार गर्न सहयोग पुग्ने बताउनुभयो ।

यस क्षेत्रका नगरपालिका र गाउँपालिकाहरूबीच समन्वयमा गर्न सकिने परियोजनाहरूको पहिचान र छनौट हुने, समन्वय र सहकार्यका लागि कार्यदलको गठन तथा समन्वय व्यक्ति छनौट हुने, विज्ञ समूह गठन गरिने कार्यक्रम रहेको तानसेन नगरपालिकाका प्रवक्ता दामोदर घिमिरेले बताउनुभयो । भेलामा गण्डकी प्रदेश र ५ नं. प्रदेशका प्रादेशिक नीति योजनाबारे अवधारणापत्र प्रस्तुत हुनेछ । त्यस्तै योजना आयोगका पूर्व उपाध्यक्ष डा. शंकर शर्माले करिडोरको महत्त्वबारे प्रकाश पार्ने कार्यक्रम रहेको छ । त्यस्तै सडक बिभागबाट समेत अवधारणापत्र प्रस्तुत गर्ने कार्यक्रम रहेको छ । कार्यक्रममा दातृ संस्थाहरुको समेत सहभागिता रहनेछ । सम्मेलनमा सिद्धार्थ राजमार्ग आसपासका १७ वटा स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत सहित सरोकारवालाहरूको सहभागिता रहने तानसेन नगरपालिकाका प्रेस सल्लाहकार गोविन्द भट्टराईले बताउनुभयो । कार्यक्रममा तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज बेल्वासेले कार्यक्रमले तानसेनको समग्र बिकासका लागि टेवा पुऱ्याउने बताउनुभयो ।

मंगलबार १७ मंसिर ०७६
www.nayapatrikadaily.com नयाँ पत्रिका

# सिद्धार्थ आर्थिक करिडोर विकासका लागि पहल

नारायण न्यौपाने/नयाँ पत्रिका
पाल्पा, १६ मंसिर

विकास निर्माणका योजनामा साझेदारी गर्ने स्थानीय सरकारले प्रतिबद्धता गरेका छन् । सोमबार तानसेनमा सम्पन्न स्थानीय सरकारको सम्मेलनले स्थानीय, प्रदेश र संघीय सरकारसँग साझेदारी गर्ने प्रतिबद्धता जनाएको हो ।

रुपन्देहीको बेलहियादेखि पोखरासम्म सिद्धार्थ लोकमार्गले छोएका १६ स्थानीय तहको 'सिद्धार्थ आर्थिक करिडोर' सम्मेलन आयोजना गरिएको हो । तानसेन नगरपालिकाको संयोजनमा आयोजित सम्मेलनमा यस क्षेत्रका नागरिकको समुन्नति तथा समग्र विकासका लागि आर्थिक विकासलाई प्रमुख मुद्दा बनाएर एक-आपसमा समन्वय गर्नेबारे छलफल भएको छ । नयाँ सोच, शैली र दायरामा अगाडि बढ्न सहज हुने प्रयासस्वरूप सम्मेलन गरिएको तानसेन नगरपालिकाका मेयर अशोककुमार शाहीले बताए ।

सिद्धार्थ आर्थिक करिडोरको विकासका लागि १० बुँदे घोषणापत्रसमेत जारी गरिएको छ । घोषणापत्रमा सिद्धार्थ लोकमार्ग स्तरोन्नतिका लागि राम्दीको पुल नयाँ निर्माण वा पुनर्निर्माण, सडक फराकिलो बनाउने कार्य तत्काल अगाडि बढाउन माग गर्ने उल्लेख छ । सिद्धार्थ लोकमार्गसँग जोडिएका र सेरोफेरोका स्थानीय तहको आर्थिक विकासमार्फत समृद्धिका लागि अवसरहरू पहिचान गरी द्विपक्षीय तथा बहुपक्षीय संवादका माध्यमबाट निष्कर्षमा पुग्ने र साझा सवालमा समन्वय र सहकार्यलाई जोड दिने सहमति भएको छ ।



## विभिन्न कार्यपत्र प्रस्तुत

सम्मेलनमा तानसेन नगरपालिकाका मेयर अशोककुमार शाहीले अवधारणापत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा गण्डकी प्रदेश योजना आयोगका उपाध्यक्ष डा. गिरधारी शर्मा पौडेलले सिद्धार्थ आर्थिक करिडोर विकासका लागि सहकार्य विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

त्यस्तै, प्रदेश ५ का योजना आयोगका उपाध्यक्ष प्रा.डा. ईश्वर गौतमले आवधिक योजनामा सिद्धार्थ राजमार्गआसपासका योजनाहरू, योजना आयोगका पूर्वउपाध्यक्ष डा. शंकर शर्माले सिद्धार्थ आर्थिक करिडोरको महत्त्व सडक डिभिजन कार्यालय पाल्पाका प्रमुख केदारप्रसाद नेपालले सिद्धार्थ राजमार्गको हालको अवस्था र भावी योजनाबारे कार्यपत्र प्रस्तुत गरेका थिए

यस्तै, स्थानीय अवसरको पहिचान, उपयोग र त्यसको व्यवसायीकरण तथा दिगोपनाका लागि समन्वय समिति निर्माण, विज्ञ समूह तथा सचिवालयको गठन गरी सञ्जालका निर्णय कार्यान्वयनमा लैजाने प्रतिबद्धता जनाएको छ । घोषणापत्रमा विकास साझेदारहरूसँग स्थानीय, प्रदेश र संघीय सरकारको विकास अवधारणाको मर्म आत्मसात् गर्दै यस क्षेत्रको विकासका लागि सार्वजनिक-निजी साझेदारी तथा बहुआयामिक ढंगले समन्वय र सहकार्यमा जोड दिने उल्लेख छ ।

स्थानीय सरकारको सबलीकरण, शक्ति सन्तुलन तथा समुन्नतिका लागि प्रदेश र संघीय सरकारसँग समन्वय, पैरवी गर्न एकताबद्ध भएर अगाडि बढ्ने, स्थानीय सरकारस्तरमा कृषि, पशु पर्यटन एवं स्थानीय साधन, स्रोत र कच्चा पदार्थमा आधारित तथा घरेलु उद्योगको सम्भाव्यता खोज र उद्योग सञ्चालनमा एकताबद्ध भएर लाग्ने घोषणा गरिएको छ । त्यस्तै, विकास योजनाको छनोट, परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयारलगायतका साझा हितका सवालमा राष्ट्रिय योजना आयोग, प्रदेश योजना आयोगलगायत सरोकारवाला निकाय, पक्षसँग समन्वय, सहकार्य गरी पूर्वाधार विकासको योजनाम एकरूपता ल्याउने कुरामा जोड दिइने घोषणापत्रमा उल्लेख छ ।

सम्मेलनले लिम्पियाधुरा, कालापानी र लिपुलेकलगायतका क्षेत्रमा सीमा अतिक्रमणका विषयमा पनि छलफल भएको छ

# तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्बन्धित केही प्रेस विज्ञप्ति

दर्ता नं. ०१/२०७५, तानसेन

## पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष

तानसेन–६, पाल्पा
स्था. २०७५

च.नं.
पत्र संख्या :

प्रेस विज्ञप्ति

तानसेन नगरपालिकाले नेपालको लोकतान्त्रिक आन्दोलनका शिखर व्यक्तित्व पुष्पलालको स्मृतिमा स्थापना गरेको पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोषको प्रथम साधारण सभा संयोजक शम्भु श्रेष्ठको सभापतित्व, कोषका संरक्षक एवम् तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीको प्रमुख आतिथ्यता र सहसंयोजक तथा प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठको विशेष आतिथ्यतामा मिति २०७६।१०।१८ गतेका दिन पाल्पाको प्राचीन नगरी तानसेनमा सम्पन्न भएको छ।

साधारण सभाले कोषलाई स्वतन्त्र र स्वायत्त संस्थाको रूपमा विकसित गर्दै नेपाली समाजको रूपान्तरण र विकासमा पत्रकारिताका माध्यमबाट योगदान गर्ने व्यक्तिहरुको सूची बनाई सम्मानित गर्दै जाने नीति अघि सारेको छ । सभाले नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलालको स्मृतिमा तानसेन नगरपालिकाद्वारा स्थापित *पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०७६* वरिष्ठ पत्रकार हिरण्यलाल श्रेष्ठलाई प्रदानगर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरेको छ।

वरिष्ठ पत्रकार दिल साहनीको संयोजकत्वमा गठित सिफारिस समितिले पुष्पलालका समकालीन, राष्ट्रियता र देशभक्तिका मुद्दामा सदैव दृढ रहनुभएका डेली डायरी साप्ताहिक, रातो युगधारा साप्ताहिक र जन जागृति साप्तहिकका प्रधान सम्पादक, विभिन्न पुस्तकका लेखक हिरण्यलाल श्रेष्ठलाई पुरस्कार प्रदान गर्दा कोषको गरिमा र ओज बढ्ने रायसहित सिफारिस गरेको थियो । जनजागृतिमा लेखेको सम्पादकीयले तत्कालीन व्यवस्थालाई आघात पुगेको निहुँमा हिरण्यलाललाई ३ वर्ष कैद सजाय भएको थियो । राष्ट्रियता, स्वाधीनता र राष्ट्रिय अखण्डताका पक्षमा दृढताका साथ उभिनुभएका, पुष्पलालको विचार र योगदानलाई पत्रकारिताका माध्यमबाट जनजनमा पुऱ्याउन सशक्त भूमिका निर्वाह गर्नुभएका श्रेष्ठ नेपाली पत्रकारितामा सिद्धहस्त व्यक्ति हुनुहुन्छ। पुरस्कारको राशी १ लाख ११हजार १ सय ११ रूपैयाँ रहेको छ।

पुष्पलालको जन्मदिनको अवसर पारेर २०७७ सालको असार १४ गते तानसेनमा विशेष कार्यक्रमको आयोजना गरी पुरस्कार प्रदान गर्ने निर्णय भएकाले सम्पूर्ण पत्रकारहरूलाई जानकारीका लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ। पुरस्कृत व्यक्तित्व श्रेष्ठलाई हार्दिक बधाई। तानसेन नगरपालिकालाई धन्यवाद।

गोविन्द भट्टराई
सदस्य सचिव

२०७६ माघ २१

---

तानसेन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

☎ ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९

प्रेस विज्ञप्ति

मिति २०७६ माघ २६

पत्र संख्या :
चलानी नं. :

तानसेन नगरपालिकाको छैठौं नगरसभाको पहिलो बैठक मिति २०७६ माघ २२ गते र दोस्रो बैठक मिति २०७६ माघ २६ गते सम्पन्न भएको छ। छैठौं नगर सभाको पहिलो बैठकमा तानसेन नगरपालिकाको चालू आ.व.२०७६/७७ को अर्धवार्षिक समीक्षा एवम् चालू आर्थिक वर्षको संसोधित नीति तथा कार्यकमहरु सभाबाट प्राप्त सूझावहरु समेत समावेश गर्ने गरी सर्वसम्मतीबाट पारित भएको छ । छैठौं नगर सभाको पहिलो बैठकमा पेश गरिएका देहायका विधेयकहरु सभाबाट पारित गरिएको छ-

क. बिनियोजन ऐनको पहिलो संसोधन विधेयक २०७६ (सर्बसम्मतीबाट पारित)
ख. तानसेन नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७५ को पहिलो संसोधन विधेयक २०७६ (सर्बसम्मतीबाट पारित)
ग. तानसेन नगरपालिकाको नगर शिक्षा बिधेयक २०७६ (संसोधनसहित बहुमतबाट पारित)
घ. तानसेन नगरपालिकाको न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनु पर्ने (कार्यविधि सम्बन्धी) ऐन २०७४ को पहिलो संसोधन बिधेयक २०७६ (सर्बसम्मतीबाट पारित)
ङ. तानसेन नगर प्रहरी व्यवस्थापन विधेयक २०७६ (सर्बसम्मतीबाट पारित)
च. स्थानीय वजार व्यवस्थापन तथा अनुगमन विधेयक २०७६ (सर्बसम्मतीबाट पारित)

यसैगरी छैठौं नगर सभाले तानसेन नगरपालिकाको कार्यकम सञ्चालन खर्च मापदण्ड सम्बन्धी निर्देशिका २०७४ को दोश्रो संसोधनका लागि पेश भएको विधेयक कार्यसूचीबाट हटाइ दफावार छलफलका लागि विधायन समितिमा पठाउने निर्णय गरेको छ । छैठौं नगरसभामा मगर सांस्कृतिक संग्राहलय निर्माणका लागि पेश भएको संकल्प प्रस्तावउपर छलफल भयो । सभाले तानसेन नगपालिका भित्रका मेलमिलाप सम्बन्धी आधारभूत तालिम प्राप्त गरेका १४ वटा वडाका ७९ जना मेलमिलापकर्ताहरुको सूचीलाई स्वीकृत गर्ने निर्णय गरेको छ।

छैठौं नगरसभाले तानसेन नगरपालिका वडा नं. १३ र १४ बाट प्रस्ताव पेश भइ आएका निम्नलिखित योजनाहरुमा आवश्यक बजेट तथा नीतिगत व्यवस्थाका लागि संघीय तथा प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरेको छ :

क. हृषिकेश मन्दिर परिसरको जग्गा अधिग्रहण ख. अर्गली रिंगरोड कालोपत्रे ग. अर्गली दरबार अधिग्रहण
घ. रानीमहल परिसरको जग्गा अधिग्रहण

सभाले अन्य विभिन्न सान्दर्भिक सवालहरुमा निर्णय लिएको छ यसैगरी यूनिभर्शल मेडिकल कलेज, भैरहवामा स्वास्थ्य उपचार गराइरहनू भएका वडा नं. ४ का वडा अध्यक्ष तथा नगरसभासद् श्री राजेन्द्रमुनी शाक्यको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ। नगर सभाको बैठकलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु हुने संघीय सरकार, प्रदेश सरकार, यस क्षेत्रबाट निवार्चित संघ तथा प्रदेशका सम्पर्ण माननीय सासंदहरु, संयूक्त राष्ट्र संघीय विकास कार्यकम नेपाल, नेपाल पर्यटन बोर्ड, नेपालस्थित भारतीय दूताबास, JICA, Australian Volunteer Program, The Asia Foundation, हेफर इन्टरनेशनल नेपाललगायत विभिन्न अन्तर्राष्ट्रिय निकायहरु, राजनैतिक दलहरु, जिल्ला समन्वय समिति पाल्पा, सम्पुर्ण राष्ट्र सेवक कर्मचारी, सूरक्षाकर्मी, वित्तिय संस्थाहरु, पाल्पा उद्योग वाणिज्य संघ, पाल्पा ब्यापार संघ, Economic Policy Incubator(EPI) Nepal, नेपाल पत्रकार महासंघ पाल्पा लगायत सम्पुर्ण संचारकर्मीहरु, तानसेनमा कार्यरत गैरसरकारी संस्थाहरु, टोल विकास संस्थाहरु, तानसेन गुठी, पाल्पाली संगम, पाल्पाली समाज पोखरा, स्थानीय सेवाप्रदायक संस्था (REDA), नागरिक समाज, तानसेन नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरु एवम् समस्त तानसेन नगरपालिकाका सम्पूर्ण नगरबासीमा सभाले धन्यबाद ज्ञापन गर्ने निर्णय गरेको छ।

अशोककुमार शाही
नगरप्रमुख

नगर प्रमुख

Website : www.tansenmun.gov.np

---

## तानसेन नगरपालिका

तानसेन, पाल्पा
५ नम्बर प्रदेश, नेपाल

☎ ०७५-५२०१०५, ५२०८९३
५२०१२५, ५२०५०५
Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :

प्रेस नोट

मिति २०७६ माघ २२

- तानसेन नगरपालिकाको छैठौं नगरसभा नगरप्रमुख अशोककुमार शाहीको सभापतित्वमा मिति २०७६ माघ २२ गते बुधबार दिनको १.१५ बजे तानसेन नगरपालिकाको सभाहलमा शुरु भइ अपरान्ह ४.०५ बजे पुनः मिति २०७६ माघ २६ गते ११.०० बजे बैठक बस्नेगरी स्थगन भएको छ।
- सभाले सभाध्यक्षको अनुमतिमा विधायक तथा नगरकार्यपालिकाका प्रवक्ता दामोदरप्रसाद घिमिरेले निर्णयार्थ प्रस्तुत गर्नु भएको तानसेन नगरपालिकाको आ.ब. २०७६/७७ को समीक्षा एवम् चालू आ.व.को संसोधित नीति तथा कार्यक्रम सभासद्हरुबाट प्राप्त सुझावहरु समेत समावेश गर्ने गरी सर्वसम्मतीबाट पारित गरेको छ। सभासद्हरु नेत्रलाल गैरे, विनिता लुइँटेल, बिष्णुबहादुर कार्की, प्रशान्त मल्ल र प्रेम मल्लले सुझाव तथा टिप्पणी प्रस्तुत गर्नु भएको थियो।
- सभाले तानसेन नगरपालिकाको कार्यक्रम सञ्चालनको लागि खर्चको मापदण्ड सम्बन्धी निर्देशिका २०७४ को दोश्रो संसोधनका लागि पेश भएको संशोधन विधेयकलाई कार्यसुचीबाट हटाई दफावार छलफलका लागि विधायन समितिमा पठाउने निर्णय गरेको छ।
- छैठौं नगरसभामा विधायकहरु लक्ष्मी पाठकले विनियोजन विधेयक, रामबहादुर रावलले सार्वजनिक निजी साझेदारी विधेयक, लोचनप्रसाद तिमिल्सिनाले नगर शिक्षा ऐन, शशी श्रेष्ठले न्यायिक कार्यविधि, मैयादेवी घिमिरेले नगर प्रहरी गठन, सञ्चालन तथा ब्यवस्थापन गर्न बनेको नगर प्रहरी विधेयक र दीपक विश्वकर्माले स्थानीय बजार व्यवस्थापन तथा अनुगमन विधेयक नगरसभामा प्रस्तुत गर्नु भएको छ।
- सभाध्यक्षको अनुमति लिएर विधायकहरु सुरेश कोइराला र प्रेम मल्लले सार्वजनिक महत्वका सवालमा आफ्नो धारणा प्रस्तुत गर्नु भएको थियो। न्यायिक समिति संयोजक तथा उपप्रमुख लक्ष्मीदेवी पाठकले समितिको कार्यबारे सभालाई जानकारी गराउनु भएको थियो।
- सभामा सभासद् शान्ति झेंडी थापाले वडा नं ५ मा मगर सांस्कृतिक संग्रहालय स्थापनाका लागि संकल्प प्रस्ताव प्रस्तुत गर्नु भयो।
- सभाका सभासद् तथा वडाअध्यक्षहरु कमल राना, राजेन्द्रमुनी शाक्य, लोचनप्रसाद तिमिल्सिना, रामप्रसाद घिमिरे, रामबहादुर रावल, दामोदर घिमिरे र महेशलाल शाक्यले योजना संशोधन प्रस्ताव प्रस्तुत गर्नु भयो।
  सभामा प्रस्तुत विधेयक तथा प्रस्तावहरुउपर दफावर छलफल, विचार मन्थन तथा अध्ययनका लागि समय दिदै २०७६ माघ २६ गते ११.०० बजे पुनः छैठौं नगरसभा सुचारु गर्नेगरी बैठक स्थगन गरिएको छ।

गोविन्द भट्टराई
प्रेस सल्लाहकार

गोविन्द भट्टराई
प्रेस सल्लाहकार

---

## तानसेन नगरपालिका


तानसेन, पाल्पा
५ नम्बर प्रदेश, नेपाल

☎ ०७५-५२०१०५, ५२०८९३
५२०१२५, ५२०५०५
Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :

हार्दिक समवेदना

मिति ..............................



जिल्ला समन्वय समिति पाल्पाका प्रमुख *दयाराज बस्याल*को उपचारकाक्रममा मिति २०७६ मंसिर ५ गते अप्रत्यासित रुपमा भएको असामयिक निधनको खवरले हामी स्तव्ध भएका छौं । २००९ सालमा साविक यम्घा, थामडाँडा, हाल बगनासकाली गा.पा. पाल्पामा जन्मिनुभएका बस्यालले जीवनका उर्वर समय पाल्पाली जनताको हकहित र अधिकारको निम्ति वाम तथा लोकतान्त्रिक अभियानमा समर्पित गर्नुभएको थियो । बस्याल सरल, मिलनसार र जनमैत्री स्वभावका ब्यक्तित्व हुनुहुन्थ्यो । पाल्पाको शैक्षिक आन्दोलन, विकास निर्माण र सामाजिक अभियानमा उहाँ जुट्नु भएको थियो । निरङकुशता विरुद्धको संघर्ष र लोकतन्त्र प्राप्तीको लागि समेत उहाँको योगदान स्मरणयोग्य रहेको छ । जनतालाई अधिकार सम्पन्न गराउन विगतमा सम्पन्न हरेक आन्दोलन र क्रान्तिमा सक्रियतापूर्वक लाग्नु भएका बस्यालको निधनले पाल्पा विकासको अभियानलाई अपुरणीय क्षती पुगेको महसुस भएको छ । शोकको यस घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकूल परिवारजनमा हार्दिक समवेदना ब्यक्त गर्दछौं।

श्री अशोककुमार शाही
नगरप्रमुख एवम्
तानसेन नगरपालिका परिवार

२०७६ मंसिर ६

# तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्बन्धित केही प्रेस विज्ञप्ति

## तानसेन नगरपालिका

तानसेन, पाल्पा
५ नम्बर प्रदेश, नेपाल
☎ ०७५-५२०१७४, ५२०८४३
५२०१२५, ५२०५०५
Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :

मिति ..............................

### हार्दिक समवेदना



पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोषका सल्लाहकार तथा तानसेन नगरपालिकाका शुभचिन्तक, सत्य समाचार साप्ताहिकका सम्पादक, गाउँले देउराली साप्ताहिकका संस्थापक सम्पादक, सूचना आयोगका पूर्व प्रमुख आयुक्त बहुप्रतिभाका धनी विनयकुमार कसजूको ७२ वर्षको उमेरमा २०७६ मंसिर १० गतेका दिन उपचारका क्रममा निधन भएको खवरले हामी दुःखी भएका छौं ।

बि.सं. २००४ असार २० गते तानसेन भगवतीटोलमा जन्मनु भएका विनयकुमार कसजूले पत्रकारिता र साहित्य मार्फत् पञ्चायती व्यवस्थाको ज्यादती विरुद्ध नागरिकलाई सचेत तुल्याउनुका साथै विकास पत्रकारिता मार्फत् ग्रामीण जीवनलाई गरिमामय र स्वावलम्वी बनाउन खेल्नु भएको भूमिका प्रशंसायोग्य रहेको छ । तानसेन पाल्पाको पर्यटकीय विकासका लागि **Palpa As You Like It** पुस्तक र विभिन्न लेखहरु लेखेर तथा बाल साहित्यको क्षेत्रमा दर्जनौं पुस्तक लेखेर कसजूले नेपाली वाङ्मयलाई सघाउनु भएको थियो । सरल भाषा शैलीमा जनजिब्रोका शब्दहरु उनेर साहित्य र पत्रकारिताका माध्यमबाट परिवर्तनका लागि नागरिकलाई उत्प्रेरित गर्ने कसजूले पाल्पा मात्र नभएर समग्र नेपालकै विकासका लागि महत्वपूर्ण योगदान दिनु भएको हाम्रो ठहर छ । कसजूको निधनले मूलतः विकास पत्रकारिता र बाल साहित्यको क्षेत्रमा अपुरणीय क्षती पुगेको महसुस गरेका छौं ।

शोकको यस घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकमा रहनुभएका परिवार तथा आफन्तजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

नगर प्रमुख
श्री अशोककुमार शाही
नगरप्रमुख एवम्

२०७६ मंसिर ११
तानसेन नगरपालिका परिवार

## तानसेन नगरपालिका

तानसेन, पाल्पा
५ नम्बर प्रदेश, नेपाल
☎ ०७५-५२०१७४, ५२०८४३
५२०१२५, ५२०५०५
Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :

मिति ..............................

### हार्दिक समवेदना



नेपाली काँग्रेस पाल्पाका पूर्व सभापति तथा पूर्व सांसद गम्भीरजंग कार्कीको ७६ वर्षको उमेरमा २०७६ माघ १२ गतेका दिन भएको असामयिक निधनको खवरले हामीलाई दुःख लागेको छ । प्रजातन्त्रका लागि उहाँको योगदान स्मरण गर्दै पाल्पाको सामाजिक, राजनैतिक क्षेत्रमा उहाँले पुऱ्याउनुभएको योगदानको उच्च मुल्याङ्कन गर्दै पाल्पा जिल्ला रम्भा गाउँपालिका ताहुँ निवासी कार्कीको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं साथै शोकको यस घडीमा शोकमा रहनुभएका परिवार तथा आफन्तजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

श्री अशोककुमार शाही
नगरप्रमुख एवम्

२०७६ माघ १५
नगर प्रमुख
तानसेन नगरपालिका परिवार

## तानसेन नगरपालिका

तानसेन, पाल्पा
५ नम्बर प्रदेश, नेपाल
☎ ०७५-५२०१७४, ५२०८४३
५२०१२५, ५२०५०५
Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :

मिति ..............................

### हार्दिक समवेदना



तानसेन नगरपालिका वडा नं २, असनटोल निवासी, मिति १९८९ मंसिर १२ गतेका दिन जन्मनु भएका, तानसेन भजन संरक्षण समितिका अध्यक्ष एवम् कुशल तबलावादक ब्रम्हशेखर बज्राचार्यको मिति २०७६ माघ २० गतेका दिन उपचारक्रममा असामयिक निधन भएको खवरले हामीलाई दुःख लागेको छ ।

तानसेन पाल्पामा जन्मेर तानसेनको कला, संस्कृतिको संरक्षण र विकासका लागि जीवनपर्यन्त क्रियाशील गीत, संगीत र नाट्य विधामा दक्ष उहाँको निधनबाट तानसेन पाल्पाको कला, संस्कृतिको क्षेत्रमा अपुरणीय क्षती पुगेको हामीले महसुस गरेका छौं । सामाजिक काममा समेत उत्तिकै अग्रसर, सबैका प्रिय अभिभावक बज्राचार्यको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकमा रहनुभएका उहाँका सुपुत्रहरु मोहनशेखर र विनोदशेखर बज्राचार्य लगायत सम्पूर्ण परिवार तथा आफन्तजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

श्री अशोककुमार शाही नगर प्रमुख
नगरप्रमुख एवम्

२०७६ माघ २३
तानसेन नगरपालिका परिवार

## तानसेन नगरपालिकाद्वारा प्रकाशित हाम्रो तानसेन प्राप्ती पत्र

तानसेन नगरपालिकाबाट प्रकाशन गरिएको त्रैमासिक बुलेटीन वर्ष २ अंक २
पूर्णअंक ६ हाम्रो तानसेन पुस्तीका थान १ बुझिलियौ ।
जिल्ला समन्वय समितिको कार्यालय रोल्पा

तानसेन नगरपालिकाबाट प्रकाशन गरिएको त्रैमासिक बुलेटीन वर्ष २ अंक २
पूर्णअंक ६ हाम्रो तानसेन पुस्तीका थान १ बुझिलियौ ।
जिल्ला समन्वय समितिको कार्यालय पूर्वि रुकुम

तानसेन नगरपालिकाबाट प्रकाशन गरिएको त्रैमासिक बुलेटीन वर्ष २ अंक २
पूर्णअंक ६ हाम्रो तानसेन पुस्तीका थान १ बुझिलियौ ।
जिल्ला समन्वय समितिको कार्यालय दाङ

तानसेन नगरपालिकाबाट प्रकाशन गरिएको त्रैमासिक बुलेटीन वर्ष २ अंक २
पूर्णअंक ६ हाम्रो तानसेन पुस्तीका थान १ बुझिलियौ ।
जिल्ला समन्वय समितिको कार्यालय नवल परमासी(पश्चिम)

तानसेन नगरपालिकाबाट प्रकाशन गरिएको त्रैमासिक बुलेटीन वर्ष २ अंक २
पूर्णअंक ६ हाम्रो तानसेन पुस्तीका थान १ बुझिलियौ ।
जिल्ला समन्वय समितिको कार्यालय रुपन्देही

तानसेन नगरपालिकाबाट प्रकाशन गरिएको त्रैमासिक बुलेटीन वर्ष २ अंक २
पूर्णअंक ६ हाम्रो तानसेन पुस्तीका थान १ बुझिलियौ ।
जिल्ला समन्वय समितिको कार्यालय कपिल वस्तु

त्रैमासिक बुलेटिन वर्ष २ अंक २
पूर्णाङ्क ६ हाम्रो तानसेन पुस्तिका
बुझिलियौं ।

जिल्ला समन्वय अधिकारी

# तस्बिरमा तानसेन



तानसेन नगरपालिकाका पूर्व जनप्रतिनिधिसँग छलफल पश्चात नगरप्रमुख अशोककुमार शाही



पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष २०७५का पदाधिकारीसँग तानसेन नगर पालिकाका नगरप्रमुख अशोककुमार शाही र प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज बेल्बासे



तानसेन-१० मा जेष्ठ नागरिक सम्मान पछि सामूहिक तस्विर खिचाउँदै सहभागीहरू



तानसेन नगरपालिका स्तरीय वास योजना निर्माणकालागि तालिममा सहभागी गणकहरू

पाल्पा जिल्ला हुलाक दर्ता नं.: १/२०७६-७७

# "सफा सुन्दर तानसेन शहर; हामी सबैंको रहर !"



प्रदेश नं. ५ सरकार, तानसेन नगरपालिका, पाल्पाली ढाका संघको साझा प्रयास तथा युकेएड सीप परियोजनाको सहयोगमा पाल्पाली ढाका प्रवर्द्धनका लागि तानसेनमा आयोजित कार्यक्रम पश्चात् प्रदेश नं. ५ का मुख्यमन्त्री शंकर पोखरेलसँग सामूहिक तस्विर खिचाउँदै कार्यक्रमका सहभागीहरू






पाल्पाली ढाका प्रवर्द्धनका लागि तानसेनमा आयोजित कार्यक्रमका सिलसिलामा प्रदेश नं. ५ का मुख्यमन्त्री शंकर पोखरेल र प्रदेश सभासदहरू समेतको समुपस्थितिमा पाल्पाली ढाका संघकी अध्यक्ष पूर्णमाया महर्जन, नगरप्रमुख अशोककुमार शाही, युकेएड सीप परियोजनाका टिमलिडर बलजीत बोहरा सहमति पत्रमा हस्ताक्षर गर्दै

तस्विर सौजन्यः सागरमान महर्जन